# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली निबन्धको सर्वेक्षणात्मक अध्ययन** (२०३६-२०६५) रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

## १.३ विषयपरिचय

साहित्यका चार विधा (नाटक, आख्यान, कविता र निबन्ध) मध्ये निबन्ध सबैभन्दा पछि विकसित भएको साहित्यिक विधा हो । निबन्धमा समाजमा विद्यमान धार्मिक, सांस्कृतिक, राजनैतिक, प्रशासनिक, शैक्षिक क्षेत्रका विविध सन्दर्भलाई गद्य भाषामा व्यक्त गरिन्छ । यसमा स्रष्टाले विषयप्रति स्वतन्त्र विचार वा भाव व्यक्त गर्न सक्ने भएकाले यो निकै लोकप्रिय पनि बन्दै आएको छ ।

नेपाली साहित्यमा निबन्धलेखनको थालनी उन्नाइसौँ शताब्दीको पूर्वार्द्धमा रचित **दिव्योपदेश**बाट भएको मानिन्छ । त्यसपछिका विभिन्न गद्यरचनामा निबन्धात्मक गुणको न्यून प्रयोग भए तापनि **जङ्गबहादुरको बेलायत यात्रा** (१९१० तिर) ले यात्रानिबन्ध लेखनको समेत थालनी गरेको छ । नेपाली साहित्यको माध्यमिक कालपछि पत्रपत्रिकाको प्रकाशन आरम्भ भयो र शम्भुप्रसाद ढुङ्ग्याल, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिले गद्यरचनाहरू प्रकाशन गराउन थाले । यसले निबन्धलेखनको विकासमा सहयोग पुऱ्यायो ।

वि. सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशन भएपछि निबन्धसृजना परम्परा सुदृढ बनेको पाइन्छ । यस पत्रिकामा प्रकाशित 'बर्दहामा शिकार', 'आषाढको पन्ध्र', 'पण्डितजीको चिठी', 'कलङ्गा दुर्ग', 'सिमलासम्म' आदि निबन्धले निबन्धको विकासमा सहयोग पुऱ्याएका छन् । यसै समयका बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, सिलवाल पण्डित, वासुदेव शर्मा लुइटेल, केशवराज पिँडाली, कृष्णप्रसाद चापागाईं आदिले निबन्धलाई अगि बढाएका छन् ।

२००७ सालपछिको अवधिमा निबन्धकारहरूले स्वतन्त्र रूपमा आफ्ना अभिव्यक्तिहरू प्रस्तुत गर्न थाले । यसपछिको समयमा पत्रपत्रिकाको प्रकाशनमा विस्तार भयो । **प्रभात, प्रगति, नौलो पाइलो** आदिजस्ता पत्रपत्रिकामा विभिन्न निबन्धकारहरूका फुटकर निबन्धहरू प्रकाशित भए । यस समयका लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, केशवराज पिँडाली, मदनमणि दीक्षित, श्यामप्रसाद शर्मा, कृष्णप्रसाद चापागाईं, रामकृष्ण शर्मा, कमल दीक्षित आदि निबन्धकारहरूले निबन्धलाई अग्रगति दिन महत्त्वपूर्ण योगदान गरेका छन् ।

२०१७ सालपछिको अवधिमा नेपाली निबन्धले थप उचाइ प्राप्त गऱ्यो । यस अवधिमा निबन्धमा शङ्कर लामिछानेले नवीन शिल्प-शैलीको प्रयोग, केशवराज पिँडाली र भैरव अर्यालले

हास्यव्यङ्ग्य र तारानाथ शर्माले यात्रानिबन्धहरूको सृजनाका साथै विभिन्न निबन्धकारहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञान र प्रविधिका उन्नतिलाई समेत अभिव्यक्त गरी निबन्धलाई गुणात्मक उर्वरता प्रदान गरेका छन् । यस अवधिमा भएका विभिन्न साहित्यिक कार्यक्रमहरूले पनि निबन्धको विकासमा सहयोग पुऱ्याएका छन् ।

२०३६ सालपछि नेपाली निबन्धले थप गतिशीलता प्राप्त गरेको छ । धेरै निबन्धकारहरूको सक्रिय संलग्नताले यसको व्याप्ति उन्नत देखिन्छ । यस अवधिमा विषयवस्तुका अनेक पक्ष र शैलीशिल्पका विविध ढाँचामा निबन्धहरूको सृजना भएको देखिन्छ । विशेष गरेर राजनीति क्षेत्रका विकृति र विसङ्गतिलाई प्रायः यस अवधिका निबन्धकारले व्यङ्ग्य गरेका छन् । प्रस्तुत शोधपत्रमा २०३६ पछिको निबन्धपरम्परालाई अध्ययनको विषय बनाइएको छ ।

## १.४ समस्याकथन

नेपाली निबन्ध लेखनको थालनी नेपाली साहित्यको प्राथमिक कालबाट नै भएको हो । तीन शताब्दी लामो परम्परा रहेको यस विधाले विविध आरोह-अवरोह पार गरी वर्तमानसम्म आइपुगेको छ । निबन्ध शास्त्रीय रूढ नियममा आबद्ध नहुने स्वतन्त्र विधा भएकाले यसका माध्यमबाट लेखकहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विद्यमान विविध पक्षलाई विषयका रूपमा प्रस्तुत गर्दै आएको पाइन्छ । नेपाली निबन्ध विषय, प्रस्तुति र शैलीशिल्पका दृष्टिले समृद्ध बन्दै आइरहेको अवस्थामा २०३६ पछिका अवधिमा क्रियाशील निबन्धकार र तिनका निबन्धकृतिको अध्ययन-विश्लेषणमा खासै चासो राखेको पाइँदैन । त्यसैले प्रस्तुत शोधकार्य २०३६ पछिको नेपाली निबन्धपरम्पराको सर्वेक्षणात्मक अध्ययनमा केन्द्रित रहेको छ र यसमा निम्नानुसारका प्राज्ञिक समस्याहरूको समाधान पहिल्याउने प्रयास गरिएको छ :

(क) नेपाली निबन्धको विकासप्रक्रिया के कसरी अगाडि बढेको छ ?

(ख) २०३६ पछिका निबन्धकार कोको हुन् र तिनका केकति निबन्धसङ्ग्रह रहेका छन् ?

(ग) २०३६ पछिका निबन्धगत प्रवृत्तिहरू केकस्ता रहेका छन् ?

## १.५ शोधकार्यका उद्देश्यहरू

उपर्युक्त शोधसमस्याहरूको समाधानका लागि प्रस्तुत शोधपत्र निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) नेपाली निबन्धको विकासक्रमको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गर्नु,

(ख) २०३६ पछिका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण गर्नु,

(ग) २०३६ पछिका निबन्धहरूको प्रवृत्ति केलाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

२०३६ पछिको नेपाली निबन्धले लगभग तीसबर्से यात्रा पार गरिसकेको छ । यस अवधिलाई समकालीन साहित्य सृजनाको अवधि पनि मानिन्छ । नेपाली निबन्धको इतिहासको चर्चा गर्ने क्रममा विभिन्न समालोचकहरूले आ-आफ्नै मत प्रकट गरेका छन् । निबन्धको सैद्धान्तिक स्वरूप, तत्त्व र विशेषताका साथै नेपाली निबन्धको विकासक्रमलाई समेटेर पुस्तकाकार कृतिका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखहरूका माध्यमबाट आ आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत शोधपत्रको तयारीका क्रममा यसभन्दा अगाडि

निबन्धसम्बन्धी अध्ययन-अनुसन्धानका क्षेत्रमा जेजति सामग्रीहरू प्राप्त भएका छन्, तिनलाई कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

गोपीकृष्ण शर्माले **नेपाली निबन्ध परिचय** (२०४०) पुस्तकमा निबन्धको परिचय, परिभाषा, तत्त्व, प्रकार र विकासक्रमको चर्चा गर्ने क्रममा २०३६ पछिका निबन्धका प्रवृत्तिहरू र केही निबन्धकारका बारेमा सामान्य चर्चा उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (२०४३) पुस्तकमा निबन्धको परिचय, स्वरूप, प्रवृत्ति, तत्त्व, प्रकार, प्रस्तुतिका साथै नेपाली निबन्धको विकासक्रमको चर्चा गर्ने क्रममा २०३६ पछिको नेपाली निबन्धको पनि चर्चा गरेका छन् । यस क्रममा उनले २०३६ पछिको अवधिमा निबन्धका क्षेत्रमा क्रियाशील निबन्धकारको परिचय, तिनका निबन्धहरू र प्रवृत्तिको पनि सङ्क्षिप्त चर्चा गरेका छन् ।

गोपीकृष्ण शर्माले **नेपाली निबन्ध भाग २** (२०५५) मा नेपाली निबन्धको विकासक्रमको चर्चा गरेका छन् । यसमा उनले २०३६ पछिको अवधिमा निबन्धलेखनमा सक्रिय निबन्धकारहरूको उल्लेख गर्दै केही निबन्धकारहरूको परिचय र तिनका फुटकर निबन्धहरूसमेतको उल्लेख गरेका छन् ।

रमेश भट्टराईले **मधुपर्क** (वर्ष ३१, अङ्क ४, २०५५) पत्रिकाको 'समसामयिक नेपाली निबन्ध : परम्परा र प्रवृत्तिको सङ्क्षिप्त रेखाङ्क' लेखमा २०३६ पछिको अवधिमा निबन्धसृजना गर्ने निबन्धकारहरूका प्रवृत्तिको सङ्क्षिप्त चर्चा गरेका छन् ।

रामनाथ ओझाले **अवलोकन** (वर्ष ३, अङ्क १, २०५९) पत्रिकामा प्रकाशित 'समकालीन नेपाली निबन्धका प्रवृत्तिहरू' लेखमा २०४६ पछिको अवधिमा निबन्धका क्षेत्रमा देखापरेका प्रवृत्तिहरूको सङ्क्षिप्त चर्चा गरेका छन् ।

ताराकान्त पाण्डेयले **प्रलेस** (वर्ष ७, पूर्णाङ्क १३, २०५९) पत्रिकामा प्रकाशित 'समकालीन प्रगतिवादी निबन्धलेखन र त्यसका प्रवृत्तिहरू' शीर्षकको लेखमा २०३६ पछिको अवधिमा प्रगतिवादी निबन्धलेखनमा सक्रिय निबन्धकार र उनीहरूका निबन्धसङ्ग्रहको नाम उल्लेख गरेका छन् । यसका साथै २०३६ पछिका प्रगतिवादी निबन्धका समग्र प्रवृत्तिको पनि उल्लेख गरेका छन् ।

रविलाल अधिकारीले **गरिमा** (वर्ष ७, अङ्क ४, २०५९) पत्रिकामा प्रकाशित 'समकालीन प्रगतिशील निबन्धलेखन र तिनका प्रवृत्तिहरू' शीर्षकको लेखमा २०३६ पछिको अवधिमा देखापरेका प्रगतिशील निबन्धकारहरूको सर्वेक्षण गर्दै तिनका सङ्क्षिप्त प्रवृत्तिहरूको उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले **गरिमा** (वर्ष २, अङ्क १, २०४०) पत्रिकामा प्रकाशित 'नेपाली निबन्ध : सङ्क्षिप्त अध्ययन' लेखमा नेपाली निबन्धको विकासक्रमबारे उल्लेख गर्दै २०३६ पछिको अवधिमा निबन्धलेखनमा सक्रिय निबन्धकारहरूको परिचय र प्रवृत्तिको चर्चा गरेका छन् ।

राजेन्द्र सुवेदीले **मिर्मिरे** (वर्ष १, अङ्क १, २०६४) पत्रिकामा प्रकाशित 'नेपाली निबन्धको समसामयिक स्वरूप' लेखमा २०३६ पछिको निबन्धको चर्चा गरेका छन् । यस लेखमा उनले समसामयिक निबन्धको विवेचनाका निम्ति तथा तत्त्वगत आधारहरूको निर्माण गर्नुपर्ने अवस्था भएको कुरा उल्लेख गरेका छन् । उनले यस लेखमा समसामयिक चरणमा निबन्ध लेख्ने निबन्धकारहरूको सङ्क्षिप्त सर्वेक्षण पनि गरेका छन् ।

नेत्र एटमले **मिर्मिरे** (वर्ष ३६, अङ्क ११, २०६४) पत्रिकाको 'नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण' लेखमा २०३६ पछिको निबन्धको चर्चा गरेका छन् । उनले यस लेखमा निबन्धलाई

काव्यिक, तार्किक, नाटकीय र आख्यानात्मक भनी वर्गीकरण गर्दै नेपाली निबन्धकारका कृति र प्रवृत्तिको सङ्क्षिप्त उल्लेख गरेका छन् ।

यसरी २०३६ पछिका निबन्धकार र तिनका निबन्धगत प्रवृत्तिका बारेमा सङ्क्षिप्त टीकाटिप्पणी हुँदै आए तापनि यसको विस्तृत र व्यापक अध्ययन-अनुसन्धान भएको नदेखिएकाले यस शोधपत्रमा २०३६ पछिको नेपलाी निबन्धपरम्परा र त्यसका प्रवृत्तिहरूको विस्तृत अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

नेपाली निबन्ध साहित्यका क्षेत्रमा २०३६ पछिका निबन्धकार र तिनका निबन्धकृतिका बारेमा यसअघि शोधमूलक अध्ययन हुन नसकेकामा यस शोधकार्यले त्यो अभावको पूर्ति गरेकाले यसको औचित्य रहेको छ । यस शोधकार्यले ओझेलमा परेका नेपाली निबन्ध साहित्यका स्रष्टा र तिनका सङ्ग्रहको तथ्यपरक जानकारी गराएको छ । त्यसैले यस शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य २०३६ पछिको नेपाली निबन्धपरम्पराको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा २०३६ देखि २०६५ साल चैत्रसम्म प्रकाशित निबन्धसङ्ग्रहलाई मात्र समावेश गरिएको छ । यसमा २०३६ देखि २०६५ सालसम्म निबन्धसङ्ग्रह प्रकाशित गराउने निबन्धकारहरूको सङ्क्षिप्त परिचय र तिनको मुख्य प्रवृत्तिको मात्र चर्चा गरिएको छ । यसमा निबन्धसङ्ग्रहको नाम तथा कृतिसूची प्राप्त भएर पनि शोधकर्ताले निरन्तर प्रयास गर्दा पनि कतिपय कृति उपलब्ध नभएका कारण केही कृति छुटेका छन् । यही नै यस शोधकार्यको सीमा हो ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यको तयारीका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । स्थलगत अध्ययन, टेलिफोन वार्ता र छलबाट पनि कतिपय सामग्रीहरू सङ्कलन गरिएका छन् । यसमा २०३६ पछिका निबन्धकार र तिनका कृतिको सर्वेक्षण गर्दा वर्णनात्मक पद्धतिको प्रयोग गरिएको छ । यस शोधकार्यमा सर्वेक्षण कार्य ऐतिहासिक अनुसन्धान पद्धतिमा आधारित छ भने निबन्धकारहरूको परिचय र मुख्य प्रवृत्तिको विवेचनामा चाहिँ प्रायः जीवनीपरक तथा प्रभावपरक समालोचना पद्धतिको अवलम्बनबाट गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नानुसारका पाँच परिच्छेदमा विभाजन गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद | : शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | : निबन्धको सङ्क्षिप्त परिचय र नेपाली निबन्धको विकासक्रम |
| तेस्रो परिच्छेद | : २०३६ देखि २०४५ सम्मका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण |
| चौथो परिच्छेद | : २०४६ देखि २०६५ सम्मका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण |
| पाँचौ परिच्छेद | : २०३६ पछिका निबन्धगत प्रवृत्ति |
| छैटौँ परिच्छेद | : उपसंहार |

## दोस्रो परिच्छेद

# निबन्धको सङ्क्षिप्त परिचय र नेपाली निबन्धको विकासक्रम

### २.१ निबन्धको सङ्क्षिप्त परिचय

लिखित साहित्यका मूल चार विधा (नाटक, आख्यान, कविता र निबन्ध) मध्ये निबन्ध एउटा विधा हो । साहित्यका यी विधामध्ये निबन्ध सबैभन्दा पछि विकसित भएको विधा हो । निबन्ध आत्मप्रकाशनको साहित्यिक माध्यम हो । निबन्धमा भावकप्रति चिन्तन प्रस्ताव गरिन्छ र त्यसका लागि सहमतिको आग्रह गरिन्छ ।

'निबन्ध' शब्दको निर्माण संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर भएको हो जसको अर्थ बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु भन्ने हुन्छ ।[१] निबन्धको अर्थ कुनै विषयबारे आफू रङ्गिएर वा तटस्थ रहेरर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति हो ।[२] निबन्ध भनेको मनमा भएका कुराहरूलाई लिखित रूपमा व्यक्त गर्दा बन्ने रूप हो । कुनै पनि विषयप्रतिका मनका उन्मुक्त भाव वा विचारलाई लिपिबद्ध गर्दा निबन्धको रूप बन्दछ ।

निबन्ध विधाको जन्म सोह्रौँ शताब्दीमा फ्रान्सबाट भएको हो । सोह्रौँ शताब्दीका फ्रान्सेली स्रष्टा मोन्तेनले सर्वप्रथम आत्मपरक रचनाको सृजना गरे । उनले सृजना गरेका आत्मपरक रचनालाई 'एसाइज' (Essais) नाम दिए । त्यही 'एसाइज' लाई अङग्रेजीमा एस्से (Essay) र नेपाली र हिन्दीजस्ता आधुनिक आर्यभाषाहरूमा 'निबन्ध' भनियो ।

पाश्चात्य साहित्यमा निजात्मक अभिव्यक्ति दिने गद्य विधाको पहिचान सोह्रौँ शताब्दीमा भएको हो । सोह्रौँ शताब्दीपछि सचेत रूपमा निबन्धलेखन आरम्भ भएको थियो । सर्वप्रथम निबन्ध लेख्ने स्रष्टा मोन्तेनले 'मेरा निबन्धको विषय म नै हुँ' भनेर निबन्धको परिचय दिएका छन् ।[३] मोन्तेनको यस भनाइले निबन्धमा आत्मप्रतिपादनलाई सङ्केत गरेको पाइन्छ । मोन्तेनपछि पाश्चात्य साहित्यमा देखापरेका अर्का निबन्धकार बेकन हुन् । अङ्ग्रेजी साहित्यका स्रष्टा बेकनले निबन्धलाई 'छरिएको चिन्तन' भनेर चिनाएका छन् । चिन्तनमूलक निबन्ध लेख्ने बेकनको यस कथनलाई हेर्दा उनले निबन्धमा विषयप्रतिपादनतर्फ सङ्केत गरेको पाइन्छ । यसरी निबन्ध आरम्भिक चरणदेखि नै आत्मपरक र वस्तुपरक रूपमा अगाडि बढेको पाइन्छ ।

निबन्ध गद्यमा लेखिन्छ । निबन्धको आयतन छोटो, छरितो हुन्छ । निबन्ध स्रष्टाको विशेष मनोदशामा लेखिने हुनाले यसको कलेवर लघु हुन्छ ।[४] निबन्धले लघु आयतनभित्र विराट् विषयवस्तुलाई प्रस्तुत गर्दछ । निबन्ध गद्यमा लेखिएको लघु आकारको साहित्यिक विधा हो । यसमा स्रष्टाका आन्तरिक आवेग, अनुभूति र मानसिकताको प्रभाव रहन्छ ।

निबन्ध एउटा स्वतन्त्र विधा हुँदाहुँदै पनि यसमा कविता, नाटक, आख्यानजस्ता अन्य विधाका गुणसमेत समाहित हुँदै आएको पाइन्छ । यसरी अन्य विधाका गुणको अन्तर्मिश्रण भए पनि आकार, प्रस्तुति र प्रबन्धनबाट निबन्ध विधाको पहिचान गर्न सकिन्छ ।

---

[१] ईश्वर बराल, (सम्पा.), **नेपाली साहित्यकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ३८२ ।

[२] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, चौ. सं., (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६३), पृ. ६ ।

[३] ईश्वर बराल, (सम्पा.), **सयपत्री**, पाँ. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. २४ ।

[४] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध भाग- २,** (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. ३ ।

निबन्ध आत्मप्रतिपादन गर्ने एक प्रकारको साहित्यिक विधा हो । यसमा स्रष्टाको व्यक्तित्व प्रकाशमान हुन्छ । निबन्ध जुनसुकै विषयमा पनि लेख्न सकिन्छ । जुनसुकै विषयमा स्वतन्त्र ढङ्गले सोच्ने र आफ्ना भाव वा विचारलाई अभिव्यक्त गर्ने प्रक्रियाबाटै निबन्धको सृजना हुन्छ । निबन्धमा स्रष्टा कुनै विषयको सेरोफेरोमा घुम्दै आफ्ना मनका कुरा खोल्छ, गफ गर्छ, तर्क राख्छ, सहमति जुटाउन खोज्छ र आत्मसन्तुष्टि लिन्छ । यही आत्मसन्तुष्टिका सीमाभित्र निबन्धको आयतन विस्तारित हुन्छ । छोटो आयतन, सङ्क्षिप्ततामा पूर्णतासहित पाठकलाई आफ्ना विचार, तर्क वा भावनामा सहमति जनाउन आग्रह गर्ने विधाविशेष नै निबन्ध हो ।

## २.२ नेपाली निबन्धको विकासक्रम

नेपाली निबन्धको प्रारम्भ नेपाली गद्यलेखनबाट भएको मानिन्छ । यद्यपि नेपाली गद्यलेखनको इतिहास निकै लामो छ तापनि नेपाली निबन्धलेखनको थालनी चाहिँ आत्मपरक गद्यलेखनबाट भएको थियो । नेपाली भाषामा आत्मपरक गद्यलेखनको आरम्भ उन्नाइसौँ शताब्दीको पूर्वार्द्धदेखि भएको हो । निबन्ध साहित्यको गद्यमा लेखिने विधाविशेष भएकाले यसका लागि भाषाको गद्य रूपको पर्याप्त विकास हुन आवश्यक हुन्छ । उन्नाइसौँ शताब्दीअघि नेपाली भाषामा लेखिएका ताम्रपत्र, शिलालेख, वंशावली आदिले नेपाली भाषाको गद्य रूपको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । नेपाली गद्यका इतिहासमा हालसम्मको खोजबाट प्राप्त आधिकारिक नमुना वि. सं. १३१२ मा कपिएको मानिने जुम्लाको रेलिङ्गुम्बाको अभिलेख हो ।[५] यस्ता अभिलेखहरूमा नेपाली भाषाको प्राचीन गद्यको नमुना पाइन्छ । नेपाली गद्यभाषाको विकासमा सहयोग पुऱ्याउने यस्ता अन्य नमुनाहरूमा आदित्यमल्लको ताम्रपत्र, पुण्यमल्लको ताम्रपत्र, **गगनीराजको यात्रा**, **खण्डखाद्य**, **ज्वरोत्पत्तिचिकित्सा**, **औषधिरसायन** आदि पर्दछन् ।

यस्ता गद्य रचनामा निबन्धात्मक गुण नपाइए पनि निबन्धलेखनका लागि आवश्यक गद्य भाषाको विकासका दृष्टिले उपर्युक्त कृतिहरू महत्त्वपूर्ण मानिन्छन् । भाषा विकासको यसै पृष्ठभूमिमा निबन्धलेखनको पृष्ठभूमि निर्माण हुँदै आएको पाइन्छ । निबन्धमा यात्रासाहित्य, साहित्येतर लेख पनि अटाउन सकिने हुनाले यस्ता प्राचीन नमुनाहरूलाई नेपाली निबन्धको पृष्ठभूमिका लिन सकिन्छ । यसै पृष्ठभूमिबाट अगाडि बढ्दै आएको नेपाली निबन्धलाई विभिन्न विद्वान्ले अध्ययनको सहजताका लागि निम्नानुसारको विभिन्न चरणमा विभाजन गरेको पाइन्छ ।

(क) प्राथमिक काल (वि. सं. १८३१ देखि १९५७ सम्म)
(ख) माध्यमिक काल (वि. सं. १९५८ देखि १९९३ सम्म)
(ग) आधुनिक काल (१९९३ देखि हालसम्म) ।

### २.२.१ प्राथमिक काल (वि. सं. १८३१ देखि १९५७ सम्म)

नेपाली निबन्धको प्राथमिक काल वि. सं. १८३१ देखि १९५७ सम्म विस्तार भएको छ । यस कालको आरम्भ पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट भएको हो । यस कृतिमा पृथ्वीनारायण शाहले राज्य एकीकरण, विस्तार र राज्य सञ्चालनका लागि दिएका नीति र उपदेशलाई गद्यमा लिपिबद्ध गरिएको छ । यसपछि उपर्युक्त अवधिमा लेखिएका **हितोपदेश मित्रलाभ**, **हास्यकदम्ब**, **त्रिरत्नसौन्दर्यगाथा**, **मुद्राराक्षस**, **जङ्गबहादुरको बेलायतयात्रा**, **लक्ष्मी-धर्म संवाद** आदिजस्ता गद्यरचना देखापरेका छन् तापनि तिनमा निबन्धात्मक गुण त्यति देखिँदैन ।

[५] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते. सं., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ४९ ।

यति हुँदाहुँदै पनि **जङ्गबहादुरको बेलायत यात्रा**मा चाहिँ यात्राका विभिन्न पक्ष वा घटनालाई संस्मरणका रूपमा अभिव्यक्त गरिएकाले यस कृतिलाई यात्रा निबन्धका रूपमा लिन सकिन्छ । नेपाली निबन्ध साहित्यमा यात्रासाहित्यको आरम्भ यसै कृतिबाट भएको मानिन्छ । यस अवधिमा रचिएका अन्य कृतिहरूमा चाहिँ कथात्मक गुणको प्रधानता पाइन्छ र यिनको मूलतः नीति, उपदेश दिनुका साथै मनोरञ्जन प्रदान गर्ने उद्देश्यले तिनको सृजना भएको पाइन्छ । यस अवधिमा देखापरेका अधिकांश कृतिहरू अनुवादका रूपमा आएका छन् । यस समयका गद्य रचनामा भाषाको अपरिष्कृत रूप, कथात्मक गुण पाइए तापनि **दिव्योपदेश** र **जङ्गबहादुरको बेलायतयात्रा** जस्ता कृतिमा भने निबन्धात्मक गुण पाइन्छ । त्यसकारण नेपाली निबन्धको सृजना र विकासका दृष्टिले यस चरणमा खासै उपलब्धि भएको देखिँदैन ।

## २.२.२ माध्यमिक काल (वि. सं. १९५८ देखि १९९३ सम्म)

नेपाली निबन्धको माध्यमिक कालको थालनी **गोरखापत्र**को प्रकाशन (१९५८) देखि भएको हो । सरकारी मुखपत्रका रूपमा प्रकाशित **गोरखापत्र**ले आरम्भिक चरणमा साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको छ र एडिटरको राय, देश समाचार, देशान्तर समाचारजस्ता नियमित स्तम्भमार्फत नेपाली निबन्धको विकासमा सहयोग पुऱ्याएको छ ।

नेपाली निबन्ध साहित्यको माध्यमिक काल पत्रपत्रिकाको प्रकाशनको बाहुल्य, जनचेतनाको विस्तार एवम् विकास, लेखरचना प्रकाशित गराउने लहरजस्ता कारणले प्राथमिक कालभन्दा भिन्न रहेको छ । यस अवधिमा नेपालभित्र तथा बाहिरबाट प्रकाशित हुने **गोरखापत्र**, **माधवी**, **चन्द्र**, **गोर्खाली**, **चन्द्रिका**, **गोर्खा संसार**, **नेपाली साहित्य सम्मेलन** आदि पत्रिकाले नेपाली निबन्धको विकासमा ठूलो सहयोग पुऱ्याएका छन् ।

**माधवी** पत्रिकाले 'कवितारीति'जस्ता गद्यलेखहरू प्रकाशित गरेर निबन्धरचनाको आधारभूमि तयार पारेको पाइन्छ । खरसाङबाट प्रकाशित **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्ग्यालका 'महेन्द्र मल्ली', 'प्रेम', 'समयको मूल्य', 'प्रभात', 'नकारको महिमा' निबन्ध प्रकाशित छन् । यीमध्ये 'महेन्द्रमल्ली' पहिलो आत्मपरक नेपाली निबन्ध हो । यसमा मुद्राको आत्मकथालाई प्रस्तुत गरिएको छ । बनारसबाट प्रकाशित हुने **गोर्खाली** पत्रिकामा सूर्यविक्रम ज्ञवालीको 'सोक्रेटसको बहस' निबन्ध प्रकाशित भएको छ ।[६] यसरी यस समयावधिमा नेपालबाहिरबाट प्रकाशित हुने उपर्युक्त नेपाली पत्रिकाले निबन्धको स्वरूप निर्माणमा सहयोग पुऱ्याएको पाइन्छ ।

माध्यमिक कालका निबन्धमा सम्बद्ध विषयलाई वर्णनात्मक तथा विवरणात्मक शैलीमा प्रस्तुत गर्ने प्रवृत्ति ज्यादा देखिन्छ । यस अवधिका निबन्धहरू ज्यादाजसो वर्णन, विवरणमा केन्द्रित रहेका छन् । यस अवधिका उपर्युक्त विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरूले पनि विधागत स्वरूप खासै प्राप्त गर्न सकेको पाइँदैन । विधागत सचेतताबिना रचना गरिएका यस कालका निबन्धमा भावात्मक गहिराइको कमी र अनुभूतिमा शिथिलता देखिन्छ । विषयवस्तुलाई सरल गद्यमा उतार्ने र चिन्तनको प्रस्तुति गर्ने यस कालका निबन्धले आधुनिक निबन्धको पूर्वाधार तयार पार्नुमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस चरणका निबन्ध पनि प्राथमिक कालमा झैँ नीति तथा उपदेश प्रसारण गर्ने उद्देश्यबाट पूरै मुक्त हुन सकेको देखिँदैन ।

## २.२.३ आधुनिक काल (१९९३ देखि हालसम्म) ।

---

[६] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३५ ।

नेपाली निबन्धको आधुनिक काल **शारदा** पत्रिकाको प्रकाशन (१९९१) पछि भएको हो । नेपाली निबन्धको आधुनिक कालपछि यसले आठ दशकको यात्रा गरिसकेको छ । यस समयमा पत्रपत्रिकाको प्रकाशनमा तीव्रता, शिक्षाप्रतिको जनचासो, सामाजिक जागरण र चेतनाको विस्तार भएको पाइन्छ । समाज सचेत बन्दै गएका कारण यस समयावधिमा राजनैतिक सङ्कुचन र विस्तारका घटना-शृङ्खला पनि विस्तारित हुँदै आए । राजनैतिक परिवर्तनसँगै समाजका मूल्य, मान्यता तथा नीतिहरूमा पनि परिवर्तन देखापर्न थाल्यो । यसले साहित्यलाई स्वभावतः प्रभाव पार्न थाल्यो । समाज विकासका क्रममा देखिएका उपर्युक्त गतिविधिका कारण साहित्यमा पनि नयाँनयाँ प्रवृत्तिको विकास हुँदै आएको पाइन्छ ।

नेपाली निबन्धको आधुनिक काललाई विभिन्न समयमा भएका राजनैतिक परिवर्तनले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभाव पारेका छन् । त्यसैले यहाँ आधुनिक नेपाली निबन्धको विकासक्रमलाई नेपालको राजनीतिमा देखापरेका परिवर्तनका पृष्ठभूमिमा विभिन्न चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

## (१) **पहिलो चरण (वि. सं. १९९३ देखि २००७ सम्म)**

आधुनिक नेपाली निबन्धको पहिलो चरण वि. सं. १९९३ देखि २००७ सालसम्म विस्तार भएको छ । आधुनिक नेपाली निबन्धको यो पहिलो चरणको आरम्भ लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' बाट भएको हो । कतिपय समालोचकहरूले यसअघि नै प्रकाशित भएको बालकृष्ण समको 'बर्दहामा शिकार'लाई पहिलो आधुनिक निबन्ध मान्ने गरेको पाइन्छ । बालकृष्ण समले रचना गरेको यस निबन्धमा जुद्ध समसेरले गरेको शिकारविषयक यात्राको वर्णन गरेका छन् र यसमा कथातत्त्वको प्रधानता पाइन्छ । यसमा विषयवस्तुको निबन्धनभन्दा कथात्मक तत्त्व प्रबल देखिन्छ । त्यसैले यस रचनालाई निबन्धभन्दा कथा मानिएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाले विधागत सचेततासहित 'आषाढको पन्ध्र' निबन्धको सृजना गरेका छन् । उनको यस निबन्धबाट नै नेपाली निबन्धमा आधुनिक प्रवृत्तिहरू देखा परेकाले आधुनिक नेपाली निबन्धको थालनी यही रचनाबाट भएको हो ।[७] आधुनिक नेपाली निबन्धको पहिलो चरणमा लक्ष्मीप्रसाद देवकोटाले आफ्ना निबन्धमार्फत स्वच्छन्दतावादी प्रवृत्तिलाई भित्र्याएका छन् । यस चरणमा बालकृष्ण समले वैचारिक र हृदयचन्द्रसिंह प्रधानले आत्मकथनात्मक प्रवृत्तिको प्रवेश नेपाली निबन्ध साहित्यमा गराएका छन् । यसरी लक्ष्मीप्रसाद देवकोटाका निजात्मक सौन्दर्यचेतना, नवीन शिल्प र विधागत सचेततासहित आधुनिक काल आरम्भ गर्ने निबन्धकार मानिन्छन् ।

आधुनिक नेपाली निबन्धको यस चरणमा हास्यव्यङ्ग्यात्मक, यात्रापरिचयात्मक गुण भएका निबन्धको रचना भएको पाइन्छ । यसै चरणमा भूतको भिनाजु उपनामबाट वासुदेव शर्मा लुइटेलले **हास्यव्यङ्ग्य** निबन्धसङ्ग्रह नै प्रकाशित गरेका छन् । यस चरणमा सागरमणि आदिको 'कलङ्गा दुर्ग'ले परिचयात्मक टिप्पणी गरेको छ भने भवानी भिक्षुको 'शिमलासम्म' निबन्धमा यात्राविषयले प्रवेश पाएको छ ।

आधुनिक नेपाली निबन्धको यस चरणमा केही निबन्धकारहरूले सङ्ग्रहसमेत प्रकाशित गरेका छन् । यसै चरणमा अङ्ग्रेजी साहित्यको अध्ययन गरेका लक्ष्मीप्रसाद देवकोटाले पाश्चात्य साहित्यका स्रष्टाहरूका कतिपय उत्कृष्ट रचनालाई नेपालीमा अनुवाद गरेर प्रकाशित गरेका छन् । यसरी अनुवाद गरेर नेपाली निबन्ध साहित्यमा पहिलो सङ्ग्रह प्रकाशित गर्ने हालसम्मकै

---

[७] ऐजन, पृ. ३८ ।

जेठा निबन्धकार देवकोटा नै हुन् । उनले यस अवधिमा आफ्ना निबन्धरचनालाई समेत सङ्ग्रहका रूपमा प्रकाशित गरेका छन् । यसरी यस चरणमा सङ्ग्रह प्रकाशित गर्ने निबन्धकारहरू र तिनका निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

| | |
|---|---|
| (१) लक्ष्मीप्रसाद देवकोटा | -**प्रसिद्ध प्रबन्धसङ्ग्रह** (१९९८) |
| | -**लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) |
| (२) भेषराज शर्मा | -**के कस्तो** (२००३) |
| (३) हृदयचन्द्रसिंह प्रधान | - **भूस्वर्ग** (२००३) |
| | -**तीस रुपियाँको नोट** (२००४) |
| (४) वासुदेव शर्मा लुइटेल | -**भूत छैन** (२००६) |

आधुनिक नेपाली निबन्धको पहिलो चरणमा विधागत सचेतताका साथ निबन्ध लेखिएको पाइन्छ । यो माध्यमिक कालीन प्रवृत्तिलाई विस्थापित गर्दै नयाँ विचार, विधागत सचेतता, विचार र भावको सन्तुलित पोखाइ, निजात्मक प्रस्तुतिका साथै निबन्धलेखनको क्षेत्र विस्तार भएको समयावधि हो ।[८] यस अवधिमा बालकृष्ण सम, बाबुराम आचार्य, बोधविक्रम अधिकारी, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, भेषराज शर्मा, रुद्रराज पाण्डेय, बदरीनाथ भट्टराई, भीमनिधि तिवारी, यदुनाथ खनाल, खड्गमान मल्ल, हृदयचन्द्रसिंह प्रधान, बालचन्द्र शर्मा आदि थुप्रै स्रष्टाले निबन्ध सृजनामा आफूलाई सक्रिय बनाएको पाइन्छ ।

## (२) दोस्रो चरण (वि. सं. २००७ देखि २०१६) सम्म

आधुनिक नेपाली निबन्धको दोस्रो चरण वि. सं. २००७ देखि २०१६ सम्म विस्तारित भएको छ । यस चरणको प्रारम्भ २००७ सालको राजनैतिक परिवर्तनसँगै भएको मानिन्छ । २००७ सालमा प्रजातन्त्रको प्राप्तिपछि देशले एक सय चारबर्से निरङ्कुश राणाशासनबाट मुक्ति पायो । यससँगै स्रष्टाका अभिव्यक्ति पनि क्रमशः मुक्त हुँदै गए । यसपछि नेपाली निबन्धकारहरूले उन्मुक्त रूपमा सामाजिक, राजनैतिक, सांस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका विकृतिप्रति व्यङ्ग्य गर्दै निबन्धरचना गर्न थालेको पाइन्छ । स्वतन्त्रताप्राप्तिपछिको प्रजातान्त्रिक वातावरणमा मुलुकभित्रै प्रशस्त पत्र-पत्रिका प्रकाशित हुन थाले । यस समयमा **प्रभात** (२००७), **प्रगति** (२०१०), **नौलो पाइलो** (२०१३) जस्ता पत्रिका प्रकाशित भए । यसै अवधिमा इन्द्र राईको ‘चाखलाग्दो कसरी हुनु (२०१६), शिवकुमार राईको ‘बालुकाका कण’ (२००७), मदनमणि दीक्षितको ‘१९९३ आषाढमा’ (२००९), ईश्वरबल्लभको ‘म तीनफेर हाँसे’ (२०१४) जस्ता निबन्ध प्रकाशित भएका छन् । यस अवधिमा लेखन, प्रकाशन तथा वाक् स्वतन्त्रताका कारण नेपालभित्र र नेपालबाहिर पनि निबन्धसृजनाको सिलसिला विस्तारित हुँदै आएको पाइन्छ ।[९] यसरी उपर्युक्त पत्रपत्रिकाका माध्यमबाट थुप्रै निबन्धकार जन्मिएका छन् ।

आधुनिक नेपाली निबन्धको यस चरणमा पनि थुप्रै निबन्धकारहरूले आफ्ना रचनालाई सङ्ग्रहका रूपमा प्रकाशित गरेका छन् । यस चरणमा आफ्ना निबन्धलाई सङ्ग्रहका रूपमा प्रकाशित गर्ने निबन्धकारहरू यसप्रकार छन् :

| | |
|---|---|
| (१) कृष्णप्रसाद चापागाई : | **रसभरी चमचम** (२००८) |
| (२) हृदयचन्द्रसिंह प्रधान | -**जुँगा** (२००९) |

[८] ऐजन, पृ. ३९ ।

[९] ऐजन, पृ. ४२ ।

| | |
|---|---|
| | **-कुरा साँचो हो** (२०११) |
| (३) रुद्रराज पाण्डेय | **-नेपाल आदाज सङ्घ** (२००९) |
| (४) लीलाध्वज थापा | **-दाह्री** (२००९) |
| (५) मुरलीधर | **- सेतेथापा एण्ड लवर पाण्डे र पुङमाङ पुरोहित** (२०१०) |
| (६) श्यामप्रसाद शर्मा | **-लेखक कसरी बन्ने** (२०१०) |
| | **-तँ तिमी तपाईं हजुर** (२०१४) |
| (७) कमल दीक्षित | **-यस्तो पनि** (२०१४) |
| (८) केशवराज पिँडाली | **-खै-खै** (२०१६) |

आधुनिक नेपाली निबन्धको यस चरणमा निबन्धकारहरूले समाजमा देखापरेका विकृति र विसङ्गतिपूर्ण अवस्थालाई यथार्थवादी ढङ्गले अभिव्यक्त गरेका छन् । यस अवधिमा हास्यव्यङ्ग्य र यात्राका अनुभूतिलाई पनि निबन्धमा प्रवेश गराएको छ । यस अवधिमा आफूलाई निबन्धकारका रूपमा क्रियाशील तुल्याउने निबन्धकारहरू रत्नध्वज जोशी, गङ्गाविक्रम सिजापति, चूडानाथ भट्टराय, बालचन्द्र शर्मा, वासुदेव लुइटेल, माधव घिमिरे, रामकृष्ण शर्मा, सत्यमोहन जोशी, ईश्वर बराल, डिल्लीराम तिम्सिना, धर्मराज थापा, डी. पी. अधिकारी, जनकलाल शर्मा, धरणीधर दाहाल, गोविन्दप्रसाद लोहनी, भरतराज पन्त, विपिनदेव ढुङ्गेल, नारायणबहादुर सिंह आदि हुन् । तर यिनीहरूले यस अवधिमा आफ्ना सङ्ग्रहहरू प्रस्तुत गरेको चाहिँ देखिँदैन ।

## (३) तेस्रो चरण (वि. सं. २०१७ देखि २०३५)

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको समयावधि वि. सं. २०१७ देखि २०३५ सम्म मान्न सकिन्छ । नेपालको राजनीतिका क्षेत्रमा देखापरेका परिवर्तनसँगै समाजका मूल्य र मान्यतामा पनि परिवर्तनहरू देखा पर्दै गए जसका कारण सृजनाजगत् पनि प्रभावित बन्न पुग्यो । २०१७ सालमा राजा महेन्द्रका अग्रसरतामा भएको राजनैतिक परिवर्तनले जनताका विचार, भावना र स्वतन्त्रतालाई कुण्ठित बनायो । जनताका मौलिक अधिकार सङ्कुचित भए जसको परिणामस्वरूप साहित्य पनि प्रतीकात्मक, बिम्बात्मक र अन्तर्मुखी बन्दै भयो । यस परिवर्तित अवधिमा वाक्-प्रकाशन स्वतन्त्रतामा लगाइएको बन्देजका कारण लेखकहरूले आफ्ना साहित्यिक सृजनालाई बढी व्यङ्ग्यात्मकता, प्रतीकात्मकता, बिम्बात्मकतातर्फ मोड्न थाले र साहित्य दुरुह बन्दै गयो ।[१०] यस किसिमको राजनैतिक वातावरणले साहित्यमा पारेको प्रभावका कारण निबन्ध विधामा चेतनप्रवाह पद्धतिको प्रयोग हुन थाल्यो भने विषयवस्तुका दृष्टिले चाहिँ ज्ञानविज्ञानका विविध विषयवस्तुको उपयोग गरियो । यसरी राजनीतिमा देखापरेको परिवर्तनले निबन्धसृजनामा पनि नयाँ मोड आरम्भ भयो ।

२०१७ सालको राजनैतिक परिवर्तनले निबन्धक्षेत्रमा भित्र्याएका प्रवृत्तिहरू २०३६ सालको जनमत सङ्ग्रहको घोषणासम्म नै कायम रहेका छन् । यस अवधिमा निबन्धकारहरूले आफ्ना रचना दैनिक, साप्ताहिक, मासिक, द्वैमासिक आदि साहित्यिक तथा समाचारप्रधान विभिन्न पत्रपत्रिकामा प्रकाशित गराएका छन् । यस अवधिमा पनि थुप्रै लेखकहरूले आफ्ना निबन्धरचनालाई सङ्ग्रहका रूपमा प्रकाशित गर्ने प्रयास गरेका छन् जस्तै :

(१) रामकृष्ण शर्मा : **-प्यारो सपना र अन्य लेखहरू** (२०१७)

---

[१०] पारसमणि भण्डारी र यादवप्रकाश लामिछाने र अन्य, (सम्पा.), **नेपाली गद्य र नाटक**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार : २०६४), पृ. ५०८ ।

| | |
|---|---|
| (२) कमल दीक्षित | -**कालो अक्षर** (२०१७) |
| | -**कागतीको सिरप** (२०२६) |
| | -**पर्खंदै बित्ला कि !** (२०२६) |
| | -**भन्ने कुरा** (२०३१) |
| (३) तारानाथ शर्मा | -**नमस्ते** (२०१८) |
| | -**जमर्काहरू** (२०२६) |
| | -**बेलायततिर बरालिँदा** (२०२६) |
| (४) डिल्लीराम तिम्सिना | -**प्रबन्धलता** (२०१९) |
| | -**बनारसको चिठी** (२०२५) |
| (५) भैरव अर्याल | -**काउकुती** (२०१९) |
| | -**जयभुँडी** (२०२०) |
| | -**गलबन्दी** (२०२६) |
| | -**इतिश्री** (२०२८) |
| (६) रामलाल अधिकारी | -**भोकाएको कुकुरले के भन्छ ?** (२०१९) |
| | - **रवि सप्तमी** (२०५०) |
| | - **अलौटा र ठेट्ना** (२०३३) |
| (७) श्रीधर खनाल | -**नमरी संसार देखिन्न** (२०२०) |
| | -**उल्ली बिल्ली** (२०३०) |
| (८) वासुदेव शर्मा | - **चिठी चपेटा** (२०२२) |
| (९) माधवलाल कर्माचार्य | -**हाईस्कुल निबन्धसङ्ग्रह** (२०२२) |
| (१०) विष्णु नवीन | -**श्रीमतीसित एक दिन** (२०२२) |
| | - **छातीमा नअँटेका कुरा** (२०२९) |
| (११) रामकुमार पाँडे | -**ख्यालख्याल** (२०२३) |
| | -**सन्चै छ ?** (२०२५) |
| | - **मोज गर्नोस्** (२०२७) |
| | - **बाह्र मज्जा** (२०३०) |
| | -**बाबुको बिहे** (२०३३) |
| (१२) भीमप्रसाद लामिछाने | - **घुएँत्रो** (२०२४) |
| (१३) शङ्कर लामिछाने | -**एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४) |
| | -**गोधूलि संसार** (२०२८) |
| | -**बिम्बप्रतिबिम्ब** (२०२८) |
| | -**शङ्कर लामिछानेका दृष्टिमा शङ्कर लामिछाने** (२०३३) |
| (१४) घटोत्कच शर्मा | -**दमाहा** (२०२४) |
| (१५) कुमारबहादुर जोशी | -**सञ्चयन** (२०२५) |
| (१६) कृष्णचन्द्रसिंह प्रधान | -**सालिक** (२०२६) |
| (१७) श्याम गोतामे | -**जदौ** (२०२६) |
| | -**मपाईं** (२०२७) |
| | -**कायेन वाचा** (२०३५) |
| (१८) ओमकुमार झा | -**जय फेसन जय मदिरा** (२०२६) |

(१९) गोपालराज पन्त  -**सेतो शालिग्राम** (२०२६)
-**कर्के आँखा** (२०२८)
(२०) नगेन्द्र शर्मा  -**नगेन्द्रका निबन्ध** (२०२६)
(२१) बालकृष्ण पोखरेल  -**निबन्धैनिबन्ध** (२०२७)
(२२) कुलमणि देवकोटा  -**गाईजात्रा** (२०२९)
(२३) चूडामणि रेग्मी  -**साधना** (२०३०)
(२४) हरिभक्त न्यौपाने  -**प्रबन्धकुञ्ज** (२०३०)
(२५) विपिनदेव ढुङ्गेल  -**भीरको चिन्डो** (२०३१)
(२६) कृष्णप्रसाद ज्ञवाली  -**पीपलको छहारी** (२०३२)
(२७) हरि बन्दी  -**आ-आफ्नो महाभारत** (२०३४)
(२८) खेमराज केशवशरण  -**सत्यदर्शन** (२०३४)
-**अन्तर्जगत्** (२०३५)
(२९) सूर्यबहादुर पिवा  -**मास्टरसाहेब** (२०३५)
(३०) लोकेन्द्रबहादुर चन्द  -**बाह्रौं खेलाडी** (२०३५)

यस समयका उपर्युक्त निबन्धकारहरूले विविध शैली र प्रवृत्तिका निबन्धको रचना गरेका छन् । चेतनप्रवाह पद्धति, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विविध ज्ञान र विज्ञानका सूचना, समाजमा देखापर्दै आएका विकृति र विसङ्गतिप्रतिका टिप्पणी, ग्रहीय र अन्तरग्रहीय यात्रा र तिनका सूचना एवम् स्वैरकल्पनात्मक प्रस्तुतिमा आधारित धेरै निजात्मक र थोरै परात्मक निबन्धहरूको सृजना नै यस समयावधिका निबन्धको मुख्य उपलब्धि हो ।

यस चरणमा वस्तुपरक र आत्मपरक निबन्धको प्रयोग गर्ने प्रवृत्ति रहेको देखिन्छ । यसका साथै हास्यव्यङ्ग्य, यात्रा, नियात्रा, संस्मरणका रूपमा निबन्ध विधाको विस्तार भएको पाइन्छ । यस अवधिका निबन्धमा समाजका धार्मिक, सांस्कृतिक, प्रशासनिक, राजनैतिक क्षेत्रमा देखापरेका विसङ्गतिका पक्षहरूप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । यस अवधिमा विभिन्न कार्यक्रम, गोष्ठी, सेमिनारहरूको आयोजना गरेर पनि निबन्धरचनालाई गति दिने काम भएको पाइन्छ ।

## (४) चौथो चरण (वि. सं. २०३६ देखि २०४६ सम्म)

आधुनिक नेपाली निबन्धको चौथो चरण २०३६ सालमा घोषणा भएको जनमत सङ्ग्रहसँगै भएको हो र यो अवधि २०४६ सम्म विस्तारित भएको मान्न सकिन्छ । यस अवधिमा विभिन्न समयमा भएका विद्यार्थी आन्दोलन र राजनैतिक चेतनाको विस्तारका कारण घोषणा भएको जनमत सङ्ग्रहपश्चात् समाजमा सापेक्ष रूपमा स्वतन्त्रताको अनुभव गर्न थालियो । यस अवधिमा सुधारिएको पञ्चायती व्यवस्था र परिवर्तित संविधान आयो जसले जनताका मौलिक हक, अधिकार, वाक् स्वतन्त्रता, प्रकाशन स्वतन्त्रताका साथै राजनैतिक स्वतन्त्रतालाई समेत सम्बोधन गर्ने प्रयास गऱ्यो । यसले समाजमा चेतनाको विस्तार भयो र स्रष्टाहरू पनि अन्तर्मुखी प्रवृत्तिबाट क्रमशः मुक्ति खोज्दै सम्प्रेष्य सृजनातर्फ लाग्दै आए । यस समयावधिमा निबन्धकारहरूले सत्ताको दुरुपयोग र विकृतिमाथि व्यङ्ग्य गरे, नारी अस्मिताको खोजीमा निबन्ध सृजना गर्न थालियो, श्रमको सम्मान गरिनुपर्ने र वैदेशिक अतिक्रमण रोकिनुपर्नेतर्फ सङ्केत गरेर निबन्ध सृजना गरिए । राजनैतिक रूपले केही खुला अनुभव भएको यस अवधिमा प्रकाशन गतिविधिको न्यूनता, निरङ्कुश मानसिकताका कारण थुप्रै स्रष्टाहरूले

निबन्धसृजनामा कठिनाइको अनुभव गरेका छन् । यस अवधिमा विभिन्न पत्रपत्रिकामा निबन्ध प्रकाशित गर्ने स्रष्टाहरू प्रशस्त रहेका छन् । यस अवधिमा सङ्ग्रहहरू लिएर देखापर्ने निबन्धकारहरू जनकलाल शर्मा, रामलाल अधिकारी, रामकुमार पाँडे, गोविन्दप्रसाद भट्टराई, कञ्चन पुडासैनी, खेमराज केशवशरण, कमल दीक्षित, देवीचन्द्र श्रेष्ठ, पुष्कर लोहनी, बद्री पोखरेल, रामकृष्ण शर्मा, मोहनराज शर्मा, घनश्याम राजकर्णिकार, विश्वशाक्य, उत्तम कुँवर, राजनारायण प्रधान, तारानाथ शर्मा, किशोर नेपाल, बालकृष्ण पोखरेल, विष्णु नवीन, नरेन्द्रराज पौडेल, राममणि रिसाल, चण्डी कार्की, नगेन्द्र शर्मा, मनुजबाबु मिश्र, श्रीकृष्ण गौतम, मुकुन्द आचार्य, शरद्चन्द्र शर्मा, कृष्णचन्द्रसिंह प्रधान, होम सुवेदी, चोलेश्वर शर्मा, कृष्णप्रसाद पराजुली, गङ्गाप्रसाद उप्रेती, मोहन सिटौला, मदनमणि दीक्षित, भूपहरि पौडेल, गणेशबहादुर प्रसाईं, भद्रकुमारी घले, विमल निभा, सुनील पौडेल, मातृकाप्रसाद कोइराला, रत्नाकर देवकोटा, निर्मोही व्यास, कृष्णप्रसाद भट्टराई, हरि बन्दी आदि हुन् ।

आधुनिक नेपाली निबन्धको यस चौथो चरणका निबन्धमा अभिव्यक्तिगत स्पष्टता पाइन्छ । विषयक्षेत्रका दृष्टिले यस समयका निबन्धले विस्तृत परिधि ओगटेका छन् । यस समयावधिमा नेपाली निबन्ध यात्रा, संस्मरण, पत्र, डायरी आदि स्वरूपमा समेत विकसित भएको पाइन्छ ।

## (५) **पाँचौं चरण** (**वि. सं. २०४६ देखि हालसम्म**)

आधुनिक नेपाली निबन्धको पाँचौं चरणको थालनी २०४६ पछि भएको मान्न सकिन्छ । आधुनिक नेपाली निबन्धको यस पाँचौं चरणको सुरुआत २०४६ सालको राजनैतिक परिवर्तनसँगै भएको हो । २०३६ सालमा जनमत सङ्ग्रहको घोषणाका कारण नेपाली राजनीतिले विकसित र विस्तारित हुने अवसर प्राप्त गऱ्यो । यस समयमा भएको सामाजिक चेतना र राजनैतिक जागरणको विस्तारका कारण २०४६ सालमा निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध जनआन्दोलन भई राजनैतिक परिवर्तन भयो । २०४६ सालमा प्रजातन्त्रको पुनः प्राप्तिसँगै साहित्य सृजनाले उन्मुक्त वातावरण पायो र अब निबन्धमा पनि नयाँनयाँ प्रवृत्ति देखा पर्न थाले । यस समयावधिमा कसैले राजनैतिक व्यवस्थाको समर्थनमा त कसैले परिवर्तित राजनीति विकृतिमुक्त रहन नसकेकोप्रति व्यङ्ग्य गर्दै निबन्धरचना गरेको पाइन्छ ।

२०४६ सालको राजनैतिक परिवर्तनले नारीशिक्षामा जोड दियो; समाजमा स्वतन्त्रता प्रदान गऱ्यो र जातीय जागरणका केही कामहरू हुन थाले तापनि सत्तामोह, भ्रष्टाचार, जातीय, वर्गीय, लैङ्गिक भेदभाव, दण्डहीनताजस्ता नकारात्मक प्रवृत्तिहरू पनि पैदा हुँदै गए । यसै समयावधिमा माओवादी जनयुद्धको थालनी भयो । त्यसको परिणामस्वरूप निबन्धमा युद्ध चेतनाको अभिव्यक्ति हुन थाल्यो । यस समयका निबन्धमा २०४६ पछिको राजनैतिक परिवर्तन र खुला वातावरणले भित्र्याएका विकृति र विसङ्गतिलाई निबन्धकारहरूले व्यङ्ग्य प्रहार गर्ने काम गरेका छन् । यस अवधिमा भएका हत्या, हिंसा, आतङ्कजस्ता पक्षलाई पनि निबन्धमा समेटिएको छ ।

२०४६ पछिको अस्थिर राजनैतिक परिवेश र त्यसबाट सृजना भएका सन्तुष्टि र असन्तुष्टिका विषयमा स्रष्टाले आफ्ना निबन्धमा अभिव्यक्ति दिएका छन् । २०४६ सालको परिवर्तनको गलत अभ्यासका कारण माओवादी जनयुद्ध आरम्भ भयो भन्ने धारणाहरू पनि छन् । जनयुद्धलाई नियन्त्रण गर्ने निहुँमा पुनः नेपालको राजनीतिलाई सङ्कुचित बन्दै गयो । यसबाट मुक्ति पाउन २०६२/२०६३ मा विशाल जनआन्दोलन भयो ।

विभिन्न समयमा भएका उपर्युक्त राजनीतिक घटनाक्रमले गर्दा साहित्य राजनीतिबाट चोखो रहेन । राजनैतिक परिवर्तनपछि देखापर्ने सामाजिक-सांस्कृतिक परिवर्तनसँगै निबन्धगत प्रवृत्तिहरूमा पनि परिवर्तन हुँदै आएको पाइन्छ । यस समयावधिमा गुणात्मक, मात्रात्मक र प्रवृत्तिगत विविधतासहित निबन्ध सृजना भएको देखिन्छ । यस समयावधिका निबन्धमा नाटकीय, कथात्मक एवम् कवितात्मक गुणको समेत सम्मिश्रण भएको पाइन्छ । दैनिकी, चिठी, संवाद, वार्ता र जीवनीलाई समेत निबन्धात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस समयावधिका स्रष्टाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयवस्तु मुलुकको सामाजिक अवस्था र राजनैतिक विकृतिका विविध पक्षलाई आफ्ना निबन्धमा समेट्ने प्रयास गरेका छन् । यस चरणमा निबन्धरचना गरी सङ्ग्रहका रूपमा प्रकाशित गर्ने निबन्धकारहरू मातृकाप्रसाद कोइराला, रत्नाकर देवकोटा, हरि बन्दी, निर्मोही व्यास, भीष्म उप्रेती, कृष्णप्रसाद काफ्ले, रामबाबु घिमिरे, रविकिरण निर्जीव, खगेन्द्र सङ्ग्रौला, चन्द्रमणि प्रसाईं, श्यामप्रसाद शर्मा, देवकुमारी थापा, मन्जुल, कृष्ण धरावासी, पारिजात, आनन्ददेव भट्ट, तेजप्रकाश श्रेष्ठ, राजेन्द्र सुवेदी, सुधा त्रिपाठी, रमेश विकल, ध्रुवचन्द्र गौतम, विष्णु प्रभात, गोविन्दराज भट्टराई, शारदा शर्मा आदि रहेका छन् ।

## २.३ निष्कर्ष

नेपाली साहित्यमा निबन्ध विधाले हालसम्ममा आफ्नो छुट्टै पहिचान र विधागत स्वरूप निर्माण गरिसकेको छ । आरम्भिक समयदेखि नै नीति, उपदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, सामाजिक तथा आर्थिक विषयवस्तुका विविध पक्षलाई समेट्दै नेपाली निबन्ध अगाडि बढेको पाइन्छ । समाजमा देखिने सामाजिक बेथितिहरू, राजनैतिक विसङ्गतिहरू, धार्मिक आडम्बरका कारण पैदा भएका कुरीतिहरू, आर्थिक असमानताका कारण उत्पन्न शोषक र शोषित वर्गबीचको द्वन्द्व, प्रशासनिक क्षेत्रमा देखापरेका दुषित क्रियाकलापहरू, विज्ञानले ल्याएका चमत्कारपूर्ण क्रियाकलापहरू, अस्थिर राजनैतिक वस्तुस्थितिका कारण परिवर्तित जीवन मूल्यहरू, सामाजिक, राजनैतिक, शैक्षिक क्षेत्रमा महिला सहभागिताका पक्षहरू, जातीय र भाषिक जागरणका पक्षहरू आदिलाई आधुनिक नेपाली निबन्धले विषयका रूपमा ग्रहण गरेको पाइन्छ । नियात्रा, संस्मरण, पत्रसाहित्य आदि यस अवधिका निबन्धभित्र समेटिएका छन् । सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, राजनैतिक, जातीय जागरणका सन्दर्भहरूले पनि नेपाली निबन्धभित्र प्रवेश पाएका छन् । यसरी वि. सं. १९९३ देखि हालसम्म आइपुग्दा नेपाली निबन्ध साहित्य निकै समृद्ध भइसकेको देखिन्छ ।

# तेस्रो परिच्छेद

## २०३६ देखि २०४६ सम्मका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण

आधुनिक नेपाली निबन्ध साहित्यको संवर्धनमा प्रशस्त निबन्धकारहरूको सक्रियता रहेको छ । नेपाली निबन्धको चौथो चरणको थालनी २०३६ सालपछि भएको हो । २०३६ सालपछि जनमत सङ्ग्रहको घोषणा, आम निर्वाचन र सुधारिएको पञ्चायती व्यवस्थाको स्थापना भयो । यसपछि सापेक्ष रूपमा लेखन र प्रकाशन स्वतन्त्रताको अनुभूति विस्तारित हुँदै गयो । यसबाट यस अवधिका स्रष्टाहरूको मनोबलमा समेत वृद्धि हुँदै गएका परिप्रेक्ष्यमा तत्कालीन परिवेश, राजनीति र शासन-प्रशासनमा देखापरेका विकृति, समाजमा विद्यमान अन्याय, अत्याचारजस्ता विषयलाई प्रस्तुत गर्दै निबन्ध रचना हुन थाले । २०३६ सालको जनमतसङ्ग्रहको घोषणासँगै पञ्चायतइतर राजनैतिक नेता र कार्यकर्ताहरू नेपालभित्रै सक्रिय भए जसको परिणामस्वरूप राजनैतिक जागरण र जनचेतनामा विस्तार हुँदै गयो र २०४६ सालमा जनआन्दोलन भयो । यसले नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो । यसपछिका वर्षहरूमा नेपाली समाजले स्वतन्त्रताको अनुभव गर्न थाल्यो भने मुलुकमा देखापरेका सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक पक्षका विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्दै निबन्धरचना हुन थालेको पाइन्छ ।

२०३६ सालपछिका वर्षहरूमा राजनैतिक परिवर्तनसँगै विज्ञान र प्रविधिका नयाँनयाँ प्रयोगसँग पनि नेपाली समाज परिचित बन्दै गयो । यसकारण यस अवधिका निबन्धकारहरूले अन्तर्राष्ट्रिय क्षेत्रका विविध घटनालाई विषयवस्तुका रूपमा समेटेर पनि निबन्ध लेख्न थालेको पाइन्छ । यस परिच्छेदमा २०३६ देखि २०४६ सम्म सक्रिय तिनै निबन्धकारहरूको सङ्क्षिप्त परिचय र तिनका मुख्य प्रवृत्तिको विवेचना गरिएको छ । यसरी परिचय प्रस्तुत गर्ने क्रमको निर्धारण चाहिँ प्रत्येक निबन्धकारको २०३६ पछाडि प्रकाशित पहिलो निबन्धसङ्ग्रहलाई आधार बनाई गरिएको छ ।

२०३६ देखि २०४६ सम्म निबन्ध रचना गर्ने निबन्धकार र तिनका निबन्धकृतिको सर्वेक्षणात्मक अध्ययन यस प्रकार प्रस्तुत गरिएको छ :

### (१) जनकलाल शर्मा

नेपाली निबन्ध साहित्यमा जनकलाल शर्माका नामबाट परिचित जनकलाल ढकालको जन्म वि. सं. १९८३ साल वैशाख १७ गते इलाममा भएको हो ।[११] जनकलाल शर्माले बनारस गई अध्ययन गर्ने क्रममा संस्कृतमा मध्यमा गरी साहित्यरत्नसम्मको उपाधि प्राप्त गरेका थिए ।[१२] जनकलाल शर्मा शिक्षक, प्रसार अफिसर तथा पुरातत्त्व विभागमा कार्यरत रही अन्त्यमा त्यही संस्थामा निर्देशक समेत बनेको देखिन्छ । उनी पुरातत्त्व विभागमा कार्यरत भएकाले उनले सांस्कृतिक महत्त्वका र पुरातात्त्विक महत्त्वका वस्तुको अध्ययन गर्ने मौका प्राप्त गरे । उनले पुरातात्त्विक महत्त्वका सामग्रीको अध्ययन-अन्वेषण गर्ने क्रममा थुप्रै लेख-रचनाहरू तयार पारेको पाइन्छ ।

---

[११] जयदेव भट्टराई, **साहित्यकार परिचय र अभिव्यक्ति**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४), पृ. १५७ ।

[१२] घटराज भट्टराई, **नेपाली लेखक कोश**, (काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान : २०५६), पृ. २५८ ।

जनकलाल शर्माको साहित्यिक यात्रा भने २००८/०९ सालतिर **झङ्कार** पत्रिकामा गीत प्रकाशित गरेर भएको हो । पुरातात्त्विक सामग्रीको अध्ययन-अन्वेषण गरी लेखरचना तयार पार्ने क्रममा निबन्ध क्षेत्रमा उनको उपस्थिति २०१४ सालमा प्रकाशित **ललितकला र साहित्य** निबन्धसङ्ग्रहबाट भएको देखिन्छ । यसपछि उनका **नेपाली निबन्धावली** (२०१९), **महाकवि देवकोटा एक व्यक्तित्व दुई रचना** (२०३२) र **कौतुकमय डोल्पो** (२०३१) निबन्धसङ्ग्रह प्रकाशित छन् । जनकलाल शर्मा २०३६ सालअघि नै निबन्धकारका रूपमा स्थापित स्रष्टा हुन् । उनका २०३६ साल पछाडि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(क) **भूमिकै भूमिका** (२०३६)

(ख) **जनकलाल शर्माका संस्मरण** (२०६०)

जनकलाल शर्मा नेपाली निबन्धलाई सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले योगदान दिने निबन्धकार हुन् । नेपालका दुर्गम, सुगम, गाउँ र सहरहरू तथा नेपाली जातिका वर्ण, धर्म, संस्कृति आदि पक्षको विश्लेषण उनका निबन्धमा रोमाञ्चकारी ढङ्गले गरिएको हुन्छ । उनका निबन्धमा संस्कृति र पुरातात्त्विक महत्त्वका वस्तुको विश्लेषण गरिएको हुन्छ । उनका ज्यादाजसो निबन्ध वस्तुपरक किसिमका छन् । उनका निबन्धमा अनुसन्धानात्मक र सांस्कृतिक सामग्रीको प्रस्तुति पाइन्छ । उनको मूल प्रवृत्ति वस्तुपरक भए पनि कतिपय निबन्धमा आत्मपरक चेतना पनि पाइन्छ ।[१३] जनकलाल शर्मा २०३६ साल अगाडि नै स्थापित निबन्धकार हुन् र उपर्युक्त सङ्ग्रह एवम् पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धमार्फत उनले २०३६ पछिको नेपाली निबन्ध परम्परालाई पनि गतिशील तुल्याएका छन् ।

## (२) रामलाल अधिकारी

रामलाल अधिकारी मेची अञ्चलको इलाममा वि. सं. १९९८ र पुष १६ गते जन्मिएका हुन् । उनले दार्जिलिङमा अध्ययन गरेका भए पनि स्नातकोत्तर तह भने त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा गरेका थिए । उनले जीविकोपार्जनको क्षेत्र दार्जिलिङलाई बनाए र त्यहींको सरकारी कलेजमा प्राध्यापकीय पेसामा संलग्न भए । उनले कलिलै उमेरदेखि कथा, कविता, एकाङ्की, निबन्ध र समीक्षा क्षेत्रमा कलम चलाएको पाइन्छ । उनको सार्वजनिक साहित्य यात्राको थालनी २०१६ सालतिर **दीपक** पत्रिकामा प्रकाशित 'लेडेनला रोडनिरै' कविताबाट भएको हो ।[१४] उनले फुटकर रूपमा लेखरचना लेख्दै आएको भए पनि २०१९ सालमा प्रकाशित 'भोकाएको कुकुरले के भन्छ' उनको पहिलो निबन्धसङ्ग्रह हो । यसपछि उनका **रविसप्तमी** (२०३०) र **अलौटा र ठेट्ना** (२०३३) निबन्धसङ्ग्रह पनि २०३६ सालपूर्व नै प्रकाशित भएका छन् । उनी २०३६ साल पछाडि पनि निबन्धलेखनमा निरन्तर सक्रिय स्रष्टा हुन् । उनका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(क) **जिजीविषा** (२०३६)

(ख) **निसंस्मरण** (२०५०)

रामलाल अधिकारी २०३६ पूर्व नै निबन्धलेखनमा साधनारत व्यक्तित्व हुन् । उनका निबन्धरचना सरल संरचनामा निर्माण भएका हुन्छन् । उनका निबन्धले भाषा र भावको सहजताभित्र जीवनका विसङ्गतिलाई प्रस्तुत गरेका छन् । उनका निबन्धले जीवनका विसङ्गति

---

[१३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६५ ।

[१४] घटराज भट्टराई, पूर्ववत्, पृ. ५५५ ।

र भारतीय नेपाली परिवेशमा पाइने सङ्गतिहीन अवस्थाप्रति व्यङ्ग्य गर्दै सुधारको सन्देश दिएका छन् ।[१५] उनका निबन्धमा भारतीय नेपाली सामाजिक परिवेशका विभिन्न परिस्थितिको प्रस्तुति पाइन्छ । उनका निबन्धमा नेपालको जनजीवनभन्दा भारतीय परिवेशभित्रको नेपाली जीवन व्यक्त भएको हुन्छ । उनका निबन्धमा आंशिक रूपमा प्रबन्धात्मक गुण पनि पाइन्छ । उनका निबन्धको प्रस्तुति ठट्यौलो पाराको र सरल हुन्छ । २०३६ सालपछि नेपालबाहिरबाट निबन्ध साहित्यको संवर्द्धन गर्नमा उनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## (३) रामकुमार पाँडे

नेपाली निबन्ध साहित्यका क्षेत्रमा रा. कु. पा., टपरटुँइयाँ, औतारी, धातुखानजी, घन्टाउके आदि उपनामबाट देखापर्ने रामकुमार पाँडेको जन्म वि. सं. २००३ साल असार २५ गते ललितपुरको जाउलाखेलमा भएको हो । उनी भूगोल तथा सामाजिक शिक्षा विषयमा स्नातकोत्तर गरी त्रि. वि. अन्तर्गत प्राध्यापन पेसामा संलग्न छन् ।[१६] उनले विश्वविद्यालयमा पठनपाठन गर्ने क्रममा समाजलाई नजिकबाट बुझ्ने र विश्लेषण गर्ने अवसर प्राप्त गरे । यसले उनको सृजनशील व्यक्तित्वलाई थप उर्जा प्रदान गऱ्यो । उनको पहिलो प्रकाशित रचना ‘म अग्लो भएँ’ २०१८ सालमा प्रकाशित भएको थियो । उनी हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा स्थापित स्रष्टा हुन् । उनका **ख्यालख्याल** (२०२३), **बाबुको बिहे** (२०२३), **मोज गर्नोस्** (२०२७), **बाह्रमज्जा** (२०३०),**सन्चै छ** (२०३५), **खप्पर** (२०३६) जस्ता आधादर्जन सङ्ग्रह २०३६ सालपूर्व नै प्रकाशित भएका छन् । निबन्धलेखन कार्यमा निरन्तर संलग्न पाँडेका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रह चाहिँ यसप्रकार छन् :

(१) **सिङ न पुच्छर** (२०३६)
(२) **रसरङ्ग** (२०४२)
(३) **ताल बेताल** (२०४९)
(४) **हास्यव्यङ्ग्य** (२०५०)
(५) **व्यङ्ग्यको बम** (२०५२)
(६) **छेडपेच** (२०५२)
(७) **छिल्लगी** (२०५२)
(८) **ठट्टारमाइलो** (२०५२)
(९) **रङ्गव्यय** (२०५२)
(१०) **गधा मोल्ने काम** (२०५२)
(११) **राम रमिता** (२०५२)
(१२) **श्री पाँडेको सरकार** (२०६४)

रामकुमार पाँडेको मूल प्रवृत्ति हास्यव्यङ्ग्य निबन्धसृजना हो । उनले आफ्ना निबन्धमा सामाजिक, राजनीतिक तथा व्यक्तिगत विषयवस्तुको चयन गरेका छन् । उनका निबन्धमा विषयवस्तु हलुका हुन्छ भने प्रस्तुति ओजनदार हुन्छ । उनका निबन्धको मूल प्रवृत्ति हास्यात्मक, व्यङ्ग्यात्मक र स्वैरकल्पनात्मक प्रयोग हो ।[१७] उनले कतिपय निबन्धमा पत्रात्मक शैली पनि अँगालेका छन् । उनका निबन्धमा आख्यान तत्त्वको उपयोग भएको पाइन्छ । उनले आत्मपरक, वस्तुपरक दुवै प्रवृत्तिका निबन्ध रचना गरेका छन् । हास्यव्यङ्ग्य निबन्ध क्षेत्रमा उनको योगदान महत्त्वपूर्ण छ । सङ्ख्यात्मक दृष्टिले उनका करिब डेढ दर्जन निबन्धसङ्ग्रह प्रकाशित भएबाट उनी निबन्धसृजनामा निरन्तर सक्रिय लेखक हुन् भन्ने तथ्य पुष्टि हुन्छ ।

---

[१५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६६ ।

[१६] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४०१ ।

[१७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८२ ।

## (४) कञ्चन पुडासैनी

कञ्चन पुडासैनी १९९३ साल फागुनमा जन्मिएका हुन् । उनले प्रवेशिकासम्मको औपचारिक अध्ययन गरेका छन् र संस्कृत र अङ्ग्रेजीको स्वाध्ययन समेत गरेका छन् ।[१८] उनी काठमाडौँ नगर पञ्चायतका कर्मचारीसमेत रहेका थिए । उनी सरल र भावुक प्रकृतिका छन् । उनी कविताका क्षेत्रमा २०२८ सालतिर नै सङ्ग्रह लिएर देखापरेका व्यक्तित्व हुन् भने २०३७ सालमा **स्मृतिको यात्रा मनको डोब** निबन्धसङ्ग्रह प्रकाशित गरी उनले आफूलाई निबन्धकारका रूपमा पनि चिनाएका छन् ।

कञ्चन पुडासैनी काव्यतर्फ मदन पुरस्कारले समेत सम्मानित भएका छन् । उनले आफ्नो साहित्यिक यात्रामा नै सृजना गरेका संस्मरणात्मक निबन्धहरूको सँगालोका रूपमा **स्मृतिको यात्रा मनको डोब** प्रकाशन भएको देखिन्छ । उनले आफ्ना निबन्धमा वैयक्तिक र निजात्मक भावनालाई व्यक्त गरेका छन् ।[१९] उनका निबन्धमा उनको कवि व्यक्तित्वको प्रभाव पाइन्छ । उनका निबन्ध निजात्मक छन् र ती राष्ट्रिय भावनाले ओतप्रोत देखिन्छन् । यति हुँदाहुँदै पनि उनको स्रष्टा निबन्धसाहित्यमा भन्दा कविता/काव्यमा सबल देखिन्छ ।

## (५) कमल दीक्षित

नेपाली निबन्ध साहित्यका क्षेत्रमा कमल दीक्षित, क. दी., लोटस, जेम उपनामबाट समेत देखापर्ने कमलमणि दीक्षितको जन्म वि. सं. १९८६ साल भदौ महिनामा काठमाडौँमा भएको हो ।[२०] कमल दीक्षितले काठमाडौँ र बनारसका विद्यालय तथा महाविद्यालयमा अध्ययन गरी स्नातक तहसम्मको अध्ययन पूरा गरेका छन् । कमल दीक्षितको साहित्यिक यात्रा २००० सालको **उदय** पत्रिकामा 'पुतली' शीर्षकको कविता प्रकाशित गरेर सुरु भएको हो ।[२१] कमल दीक्षित नेपाली भाषा तथा साहित्यको अध्ययन-अन्वेषणमा रुचि राख्ने व्यक्तित्व हुन् । उनले मदन पुरस्कार गुठीजस्तो भाषा तथा साहित्य फाँटका प्रमुख संस्थाको सञ्चालकको भूमिकासमेत निर्वाह गर्दै आएका छन् । उनी नेपाली भाषा तथा साहित्यको अध्ययन-अन्वेषणमा लागेका व्यक्तित्व हुन् । उनले अध्ययन-अन्वेषणका क्रममा सृजना गरेका अनेक लेख, निबन्ध पनि प्रकाशित भएका छन् । यस्ता निबन्धहरूको सङ्ग्रहका रूपमा **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), **पर्खँदै बित्ला कि ?** (२०२६), **कागतीको सिरप** (२०२६), **भन्ने कुरा** (२०३१) २०३६ अगाडि नै प्रकाशित भएका छन् । कमल दीक्षित भाषासाहित्यका क्षेत्रमा निरन्तर साधनारत व्यक्तित्व हुन् । उनका २०३६ पछि प्रकाशित निबन्धकृति यसप्रकार छन् :

(१) **उखान मिलेन** (२०३७)
(२) **बुकी सुन** (२०३७)
(३) **नुनको खोजीमा** (२०४२)
(४) **बाघपञ्जा** (२०४३)
(५) **सग्लो अक्षर** (२०४७)
(६) **अथ र इति** (२०५१)
(७) **भवदीय फलानो** (२०५२)
(८) **जोगी तरकारी** (२०५५)
(९) **महादेश चिन** (२०५५)
(१०) **कमण्डलु जल** (२०५६)
(११) **भानु विवरण** (२०५६)
(१२) **साइबर भानु** (२०५७)
(१३) **गुरु दक्षिणा** (२०६२)

---

[१८] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४० ।

[१९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४५ ।

[२०] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४४ ।

[२१] ऐजन ।

कमल दीक्षितले नेपाली भाषा र साहित्यका सामग्री प्रकाशमा ल्याउने उद्देश्यले लेखेका थुप्रै लेख तथा निबन्धमा प्राथमिक तथा माध्यमिक कालीन भाषा तथा साहित्यको ग्रन्थप्राप्तिको सूचना र तिनका विशेषताको परिचय पाइन्छ । उनका यस्ता कतिपय निबन्ध प्रबन्धमूलकसमेत बन्न पुगेका छन् । उनका निबन्धमा भाषिक सरलता पाइन्छ । उनका निबन्धले वस्तुको परिचयलाई वर्णनात्मक प्रस्तुतिद्वारा प्रकट गर्दछन् । उनका निबन्धबाट भाषा तथा साहित्यका थुप्रै घटना, तथ्य, वास्तविकताको सूचना प्राप्त गर्न सकिन्छ । यसकारण अनुसन्धानमूलक निबन्ध लेखनमा उनको विशेष स्थान छ । कमल दीक्षितको निबन्धलेखनको मूल वैशिष्ट्य भनेको विषयलाई वस्तुपरक ढङ्गले प्रस्तुत गर्नु हो । उनको मूल प्रवृत्ति वस्तुपरक भए पनि कतिपय निबन्धहरू आत्मपरक प्रवृत्तिका पनि रहेका छन् । यिनले विषयको खोजपूर्ण प्रस्तुतिमा आत्मपरक जलप लगाएर चुट्किला निबन्ध लेखेका छन् ।[२२] उनका आरम्भिक निबन्ध बढी खोज, अनुसन्धानमूलक रहेका छन् भने पछिल्ला समयका निबन्धमा समसामयिक प्रवृत्तिलाई निजात्मक रङ्ग भरेर प्रस्तुत गरेका छन् ।

## (६) देवीचन्द्र श्रेष्ठ

देवीचन्द्र श्रेष्ठको जन्म वि. सं. १९९५ सालमा काठमाडौँमा भएको हो । उनी व्यवस्थापनमा स्नातकोत्तर र कानुनमा स्नातक गरी बैङ्किङ क्षेत्रमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१७ सालको 'मुहान' साप्ताहिक पत्रिकामा 'रगतको चुस्कीमा नुवाकोट धामी' शीर्षकको नियात्रा प्रकाशित भएपछि भएको हो । उनले रचना गरेका निबन्धहरूको पहिलो सङ्ग्रह **काठमाडौँ बाहिर** २०२८ सालमा प्रकाशित भएको हो ।[२३] उनले यसपछि रचना गरेका निबन्धलाई पनि सङ्ग्रहका रूपमा प्रस्तुत गरेका छन् । उनका निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **हुम्ला बोल्छ मानसरोबरमा** (२०३७)

(२) **घामपानीको छापबिदो** (२०४५)

देवीचन्द्र श्रेष्ठ नियात्राको रचना गर्ने निबन्धकार हुन् । उनका यात्रानिबन्धमा उनले नेपाली जीवनस्तर तथा जीवनशैलीका बारेमा वर्णन गरेका छन् । उनका निबन्धमा नेपालभित्रका प्रवृत्ति, जीवन र परिस्थितिलाई जीवन्त रूपमा व्यक्त गरिएको पाइन्छ । उनका निबन्धमा निजात्मक गुणको प्रबलता पाइन्छ ।[२४] उनका निबन्धमा हिमाली क्षेत्रको यथार्थ स्वरूप प्रस्तुत भएको पाइन्छ । उनका निबन्धमा नेपालका दुर्गम स्थानका प्रसङ्गलाई यथार्थ रूपमा चित्रण गरिएको पाइन्छ ।

## (७) पुष्कर लोहनी

पुष्कर लोहनीको जन्म १९८८ सालमा काठमाडौँको ज्ञानेश्वरमा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् । उनी लेखन र प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१७ सालको **इन्दु** पत्रिकामा

---

[२२] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध भाग-२**, (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. ७५ ।

[२३] जयदेव भट्टराई, पूर्ववत्, पृ. २१० ।

[२४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १५५-१५६ ।

'परिस्थिति' शीर्षकको कविता प्रकाशित गरेर भएको हो ।[२५] पुष्कर लोहनी कविता, कथा, निबन्ध र समालोचनाका क्षेत्रमा समेत कलम चलाउने स्रष्टा हुन् । उनले कथा र कविताको सृजनाकै क्रममा फुटकर निबन्ध पनि लेखेर प्रकाशित गराएका छन् । उनले यसरी रचना गरेका निबन्धहरूको सङ्ग्रह **चहकदार माइन्टोल र पिलपिले लालटिन** हो । उनको यो सङ्ग्रह २०३७ सालमा प्रकाशित भएको थियो ।

पुष्कर लोहनी निबन्ध विधामा यौनमूलक धारणा प्रवेश गराउने प्रतिभा हुन् । उनका रचनामा यौनसम्बन्धी नवीन चिन्तनको निजात्मक अभिव्यक्ति पाइन्छ । उनका निबन्धमा आत्मकथात्मक भाव छरिएको हुन्छ । उनको मूल वैशिष्ट्य भनेको निबन्धरचनामा यौनभावको प्रस्तुति गर्नु हो । उनले आफ्ना कतिपय निबन्धमा व्यक्तिगत आक्षेप र गालीसमेत गरेको पाइन्छ ।[२६] नेपाली निबन्ध साहित्यमा थोरै लेखेर पनि समसामयिक विषयवस्तुलाई प्रस्तुत गर्न उनी सक्षम देखिन्छन् ।

## (८) खेमराज केशवशरण

खेमराज केशवशरणको जन्म वि. सं. १९९४ मा मोरङको लेटाङमा भएको हो । उनी संस्कृतमा व्याकरणतीर्थ र साहित्याचार्य गरी त्रि. वि. अन्तर्गतका विभिन्न क्याम्पसमा प्राध्यापन कार्यमा संलग्न भएका व्यक्तित्व हुन् । उनले पत्रपत्रिका, रेडियो आदिका माध्यमबाट धार्मिक जागरण र आध्यात्मिक चेतना जगाउने प्रयास गर्दै आएका छन् । उनले रचना गरेका कविता, नाटक, कथा, लेख, निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् ।[२७] उनले रचना गरेका निबन्धहरू सङ्ग्रहका रूपमा पनि प्रकाशित छन् । उनका वि. सं. २०३६ भन्दा अगाडि प्रकाशित सङ्ग्रह **सत्यदर्शन** (२०३४) र **अन्तर्जगत्** (२०३५) हुन् भने २०३६ भन्दा पछाडि प्रकाशित सङ्ग्रहहरू यसप्रकार छन् :

(१) **आफैँतिर नियाल्दा** (२०३७)

(२) **दैवी सम्पत्ति एक परिशीलन** (?)

खेमराज केशवशरणका रचनामा ईश्वर चिन्तन र ईश्वरीय भाव प्रशस्त मात्रामा पाइन्छ । यिनका निबन्धमा पूर्वीय परम्पराका धार्मिक धारणा र मूल्यहरू प्रस्तुत भएका छन् । यिनका निबन्धमा पूर्वीय अध्यात्मवादी चिन्तनको प्रस्तुति पाइन्छ । यिनका निबन्धमा पाइने विशेषता भनेको आध्यात्मिक संसारमा रमाउनेहरूलाई आनन्द प्रदान गर्नु र भौतिक संसार सर्वस्व ठान्नेहरूमा आध्यात्मिक प्रेम जगाउनु हो ।[२८] यिनका निबन्ध ईश्वरभक्तिमा आकर्षित भएकाले समकालीन प्रवृत्तिको कमी देखिन्छ ।

## (९) गोविन्दप्रसाद भट्टराई

गोविन्दप्रसाद भट्टराईको जन्म वि. सं. १९६७ मा सिन्धुली जिल्लाको झाँगाझोलीमा भएको हो । यिनले बनारसबाट संस्कृत साहित्यमा आचार्यसम्मको अध्ययन पूरा गरेका छन् । गोविन्दप्रसाद भट्टराई संस्कृतप्रधान पाठशाला र वाल्मीकि महाविद्यालयमा प्राध्यापन गरेका

---

[२५] जयदेव भट्टराई, पूर्ववत्, पृ. २६५ ।

[२६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १५४ ।

[२७] घटराज भट्टराई, पूर्ववत्, पृ. १६९ ।

[२८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६० ।

व्यक्तित्व हुन् ।[२९] यिनले कवितालेखन पनि गरेका छन् । यस क्रममा उनले निबन्ध पनि लेखेका छन् । यिनले लेखेका निबन्धहरूको सङ्ग्रह **नेपाल र नेपाली** हो । यिनको यो निबन्धसङ्ग्रह वि. सं. २०३७ सालमा प्रकाशित भएको थियो । यिनले आफ्नो साहित्ययात्रामा महाकाव्य, उपन्यास, जीवनी र अनुवाद गरेर कृतिहरू लेखेका छन् ।

गोविन्दप्रसाद भट्टराई पूर्वीय काव्यलक्षणलाई समेटेर महाकाव्य साधना गर्ने व्यक्तित्व हुन् । पूर्वीय साहित्य सिद्धान्तको अध्ययन तथा अन्वेषण गर्ने भएकाले यिनका निबन्धमा सांस्कृतिक, धार्मिक खोज र त्यसको विश्लेषण गरेको पाइन्छ । यिनले आफ्ना निबन्धमा अनुसन्धानका क्रममा प्राप्त जाति, भाषा र साहित्यका विशेषतालाई समेत प्रस्तुत गरेका छन् ।[३०] समकालीन युगका विषय र विशेषताको प्रस्तुतिमा यिनका निबन्ध कमजोर देखिन्छन् तापनि अनुसन्धानात्मक चेतनाका दृष्टिले यिनका निबन्ध महत्त्वपूर्ण नै देखिन्छन् ।

## (१०) पूर्णप्रकाश नेपाल 'यात्री'

पूर्णप्रकाश नेपाल 'यात्री' को जन्म वि. सं. १९९१ सालमा भोजपुरमा भएको हो । उनी संस्कृतमा स्नातकोत्तर तह पूरा गरी प्राध्यापन कार्यमा संलग्न भएका व्यक्तित्व हुन् । उनले विभिन्न पत्रपत्रिकामा आफ्ना लेख, निबन्ध, कविता, कथा, समालोचना प्रस्तुत गरेका छन् ।[३१] उनको पहिलो प्रकाशित निबन्धसङ्ग्रह **वर्णाश्रम व्यवस्था किन** (२००८) सालमा प्रकाशित भएको हो भने दोस्रो **सेतीको नालीबेली** (२०३३) हो । उनका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **काशीपुरी परिप्रदर्शन** (२०३७)
(२) **राराको सौराइ** (२०५६)
(३) **नियात्राको नौलो सुसेली** (२०५९)

पूर्णप्रकाश नेपाल 'यात्री' निबन्धमा यात्रालाई अभिव्यक्ति दिने स्रष्टा हुन् । उनका निबन्धमा नेपाली भूगोल र सामाजिक विषयवस्तु पाइन्छ ।[३२] उनले यात्राका क्रममा आफूले जाने-बुझेका र भोगेका कुरालाई सरस ढङ्गमा सहज रूपमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा आख्यान तत्त्वको प्रधानता पाइन्छ ।

## (११) रामकृष्ण शर्मा

रामकृष्ण शर्माको जन्म वि. सं. १९७८ सालमा बर्माको मच्चिनामा भएको हो । उनी दोस्रो विश्वयुद्धपछि कालिम्पोङमा बसाइँ सरेको पाइन्छ । उनले कलकत्ता र गुहाटी विश्वविद्यालयबाट कला र कानुनमा स्नातक तहको अध्ययन पूरा गरेको पाइन्छ । उनी पश्चिम बङ्गालको उच्च न्यायालयमा न्यायाधीशसमेत बनेका व्यक्तित्व हुन् । उनी न्यायसेवामा संलग्न रहे पनि साहित्यसिर्जना र समीक्षा क्षेत्रका प्रखर व्यक्तित्व हुन् । उनको पहिलो रचना वि. सं. १९९७ सालको **खोजी** पत्रिकामा प्रकाशित 'मेरो जीवन' शीर्षकको कविता हो । उनको सृजनात्मक व्यक्तित्व लेख, निबन्ध, कविता, समालोचना, कथा आदि विधामा छरिएको भए पनि

---

[२९] घटराज भट्टराई, पूर्ववत्, पृ. २०२ ।

[३०] ऐजन, पृ. २०३ ।

[३१] जयदेव भट्टराई, पूर्ववत्, २६८ ।

[३२] नेत्र एटम, 'समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण', **मिमिरे**, (वर्ष ३६, अङ्क ११, २०६४), पृ. १२४ ।

समीक्षक व्यक्तित्व निकै उर्वर देखिन्छ ।[३३] उनी निबन्ध साहित्यमा १९९९ सालको **शारदा** पत्रिकामा प्रकाशित 'अङ्ग्रेजी साहित्यको प्रभाव' शीर्षकको प्रबन्धबाट देखापरेका हुन् । उनको पहिलो निबन्धसङ्ग्रह 'प्यारो सपना' र अन्य लेखहरू २०१७ सालमा प्रकाशित भएको हो । यसपछि २०३५ सालमा उनको 'अष्टावक्र' लेखहरूको सङ्ग्रह प्रकाशित भएको पाइन्छ । २०३६ पछाडिको समयमा उनको एक मात्र निबन्धसङ्ग्रह प्रकाशित भएको थियो । २०३८ सालमा प्रकाशित **एक बिसाउनी** उनको समसामयिक चरणमा प्रकाशित निबन्धसङ्ग्रह हो । स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व प्रखर भएका रामकृष्ण शर्माको २०४३ सालमा देहावसान भएको थियो ।[३४]

रामकृष्ण शर्माका निबन्धमा चिन्तनको समष्टि रूप पाइन्छ । उनका निबन्धमा जीवनी, समीक्षा र निजात्मक अभिव्यञ्जना पाइन्छ । उनका निबन्ध तार्किक रहेका छन् । उनका कतिपय निबन्धमा व्यङ्ग्यचेतना सलबलाएको पनि देखिन्छ । उनी कानुन सेवामा संलग्न रहेकाले उनका निबन्ध तार्किक रहेका छन् । उनका निबन्धमा कवि व्यक्तित्वको निजात्मक राग र कानुनविद् व्यक्तित्वको तार्किक अभिव्यक्तिको सङ्गम पाइन्छ ।[३५] २०३६ पछिको भन्दा अगाडिको समयमा उनको साहित्यिक र समीक्षक व्यक्तित्व प्रखर र उर्वर रहेको थियो ।

## (१२) मोहनराज शर्मा

मोहनराज शर्माको जन्म वि. सं. १९९७ सालमा काठमाडौँको धर्मस्थलीमा भएको हो । उनले बनारसको हिन्दू विश्वविद्यालयबाट इतिहास र त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् ।[३६] मोहनराज शर्माको साहित्यिक यात्रा २०१६ मा प्रकाशित निबन्धबाट भएको हो । उनको पहिलो रचना 'बिलू' शीर्षकको निबन्ध हो । उनको साहित्य र भाषाविज्ञानका क्षेत्रमा समेत आफ्नो पहिचान बनाएका छन् । उनले पहिलो निबन्धसङ्ग्रह **च्याँख्लेधर्ना** (२०२४) मा प्रकाशित भएको थियो ।[३७] उनको साहित्य यात्रा आरम्भ २०३६ अगाडि नै थालेको भए पनि २०३६ पछिको साहित्यलेखन अत्यन्त उर्वर र उत्कृष्ट रहेको पाइन्छ । उनका २०३६ पछाडि प्रकाशित निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **इन्टरभ्यु स्पेसलिस्ट मिस्टर झप्पुसिं डबल एम्. ए.** (२०३८)

(२) **पुछारको पातो** (२०४०)

मोहनराज शर्माका निबन्धमा व्यङ्ग्य दृष्टि पाइन्छ । उनका निबन्ध निजात्मक प्रकृतिका छन् । उनका निबन्धमा पौराणिक युगदेखि समकालीन अवस्थासम्मका विसङ्गतिलाई खोतलिएको पाइन्छ । उनका निबन्धमा बिम्ब र स्वैरकल्पनालाई कतै प्रत्यक्ष र कतै अप्रत्यक्ष रूपमा प्रयोग गरिएको पाइन्छ । उनले आफ्ना निबन्धमा आफूले अनुभव गरेका सामाजिक विसङ्गतिलाई तीव्र रूपमा प्रस्तुत गरेका छन् । उनको निबन्धलेखनको मूल विशेषता भनेको हास्यव्यङ्ग्यको प्रधानता हो ।[३८] समसामयिक विषयवस्तुलाई स्वैरकल्पनाका माध्यमबाट प्रस्तुत गर्नु पनि उनको निबन्धगत प्रवृत्ति हो । उनका निबन्धमा भाषाको स्पष्टता र झर्रोपन पाइन्छ ।

## (१३) घनश्याम राजकर्णिकार

---

[३३] जयदेव भट्टराई, पूर्ववत्, ४०२

[३४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ९६ ।

[३५] ऐजन, पृ. ९७ ।

[३६] घटराज भट्टराई, पूर्ववत्, पृ. ५०१ ।

[३७] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३७२ ।

[३८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६३ ।

घनश्याम राजकर्णिकारको जन्म वि. सं. १९९८ सालमा काठमाडौँको कमल पोखरीमा भएको हो । उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेका हुन् भने खाद्यपदार्थसम्बन्धी उद्योग व्यवस्थापनमा उच्च तालिम पनि प्राप्त गरेका छन् । राजकर्णिकारको साहित्यिक यात्रा २०२०/०२२ तिर **गोरखापत्र**मा प्रकाशित 'मिलनको तारा' शीर्षकको एकाङ्कीबाट भएको हो ।[३९] घनश्याम राजकर्णिकार २०३० पछिको दशकमा साहित्यिक सृजनामा दतचित्त भई लागिपरेका व्यक्तित्व हुन् । उनका सम्पूर्ण निबन्धसङ्ग्रह २०३६ पछाडि प्रकाशित भएका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **विदेशको यात्रा : स्वदेशको सम्झना** (२०३८)
(२) **केही चिन्तन : केही मन्थन** (२०३९)
(३) **बुद्धको सम्झना कल्याणको कामना** (२०३९)
(४) **देशप्रदेशको भ्रमण : केही संस्मरण** (२०४३)

घनश्याम राजकर्णिकार मूलतः निबन्ध लेख्ने स्रष्टा हुन् । उनका निबन्ध मुख्य गरी यात्रासँग सम्बन्धित छन् । उनका यात्रा निबन्धमा उनले एसिया र युरोपका विभिन्न मुलुकको भ्रमणलाई प्रस्तुत गरेका छन् । उनका निबन्धमा आर्थिक चिन्तनका पक्षलाई समेत समेटेको पाइन्छ । उनका यात्रानिबन्ध पाठकलाई समेत यात्रा गराउन सक्षम देखिन्छन् । यसरी उनी सफल यात्रा निबन्धकारका रूपमा देखिन्छन् । उनले आफ्ना निबन्धमा यात्रा विषयलाई प्रस्तुत गर्दा तत्तत् स्थानको इतिहास, संस्कृति र वातावरणलाई सरल रूपमा प्रस्तुत गरेका छन् ।[४०] यही नै उनको निबन्धरचनाको विशेषता हो । सरल र सरस भाषाशैलीका कारण उनका निबन्ध लोकप्रिय पनि रहेका छन् ।

## (१४) विश्व शाक्य

नेपाली साहित्यमा विश्व शाक्य नामबाट परिचित विश्वरत्न शाक्यको जन्म वि. सं. २००६ सालमा कास्कीको पोखरामा भएको हो । उनी स्नातक तहको अध्ययन पूरा गरी निजी व्यवसायमा लागेका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२७ सालतिर कविता विधाबाट भएको हो ।[४१] उनले नेपाली साहित्यमा कविता, निबन्ध आदिको रचना गरेका छन् । उनले रचना गरेका निबन्धहरूको सङ्ग्रह समेत प्रकाशित भएको पाइन्छ । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **कृष्णउवाच** (२०३८)
(२) **कस्तो गधा रहेछ (२०५१)**
(३) **श्रीपशुमहापुराण** (२०५७)
(४) **ठेट्नैठेट्ना (२०६१)**

विश्व शाक्यले मूल रूपमा हास्यव्यङ्ग्यात्मक गुण भएका निबन्धको रचना गरेका छन् । उनले आफ्ना निबन्धमा सामाजिक तथा धार्मिक आडम्बरप्रति आक्रोश व्यक्त गरेका छन् । उनले आफ्ना निबन्धमा दलहरूका बीचमा देखिने आरोप-प्रत्यारोप र खिँचातानी गर्ने प्रवृत्तिलाई पनि प्रस्तुत गरेका छन् । उनका निबन्धमा ग्रामीण र सहरिया दुवै परिवेशलाई प्रस्तुत गरेको

[३९] जयदेव भट्टराई, पूर्ववत्, पृ. १३७ ।
[४०] घटराज भट्टराई, पूर्ववत्, पृ. २१० ।
[४१] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४६९ ।

पाइन्छ । उनका निबन्धमा संवादात्मक अभिव्यक्ति पाइन्छ ।[४२] उनका निबन्धमा देखिने यिनै प्रवृत्तिले गर्दा उनी यस पुस्ताका सफल निबन्धकार मानिन्छन् ।

## (१५) बद्री पोखरेल

बद्री पोखरेलको जन्म वि. सं. २०१३ सालमा काठमाडौँको सुन्दरीजल, नयाँपाटीमा भएको हो । उनले अर्थशास्त्रमा स्नातकोत्तर गरी सर्वदर्शनमा आचार्य र नेपालको राजस्व प्रशासनमा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् ।[४३] उनी नेपाल सरकारको प्रशासन सेवामा कार्यरत छन् । उनका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनका फुटकर रचनाका अतिरिक्त पुस्तकाकार कृति पनि प्रकाशित भएको पाइन्छ । उनको निबन्ध विधामा प्रकाशित कृति **दश पोकाभित्रका पन्ध्र अँजुली** हो । उनको यो कृति २०३८ सालमा प्रकाशित भएको हो । उनको सृजना निबन्धबाहेक उपन्यास र कवितामा पनि छरिन पुगेको छ । बद्री पोखरेलले आर्थिक विषयवस्तुमा आधारित अनेक वस्तुपरक निबन्ध पनि लेखेका छन् ।

## (१६) उत्तम कुँवर

उत्तर कुँवरको जन्म वि. सं. १९९५ मा काठमाडौँको क्षेत्रपाटीमा भएको हो । उनको वास्तविक नाम हरिबहादुर कुँवर हो । उनले आई. एस्सी. सम्मको अध्ययन गरेका छन् । उनले पत्रकारिता पेसाका माध्यमबाट साहित्य र समाजको सेवा गरेको पाइन्छ । उनले २०१८ देखि २०३९ सम्म **रूपरेखा** पत्रिकाको सम्पादक भएर अनवरत सेवा गरेका थिए । उनको लेखन सम्पादकीय लेख्ने, प्रकाशकीय रचना तयार गर्ने जस्ता विषयमा अझ विस्तारित भएको पाइन्छ ।[४४] यस्ता लेखनबाट निबन्ध तथा गद्य रचनामा थप बल पुगेको पाइन्छ । उनले नेपाली साहित्यमा निबन्धका अतिरिक्त जीवनी, कथाका साथै अनुवाद गर्ने कामसमेत गरेको पाइन्छ । उनले विभिन्न स्रष्टासँग लिएको अन्तर्वार्ताको सङ्ग्रह **स्रष्टा र साहित्य** कृतिलाई मदन पुरस्कार समेत प्रदान गरिएको पाइन्छ ।

उनले २०३९ सालमा **अनुभव र अनुभूति** शीर्षकको निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । उत्तम कुँवरका यस सङ्ग्रहका निबन्धहरू सम्पादकीय लेख, प्रकाशकीय रचना तयार गर्ने क्रममा तयार भएका हुन् ।[४५] उनका निबन्धको विषयवस्तु झिनो किसिमको हुन्छ । उनका निबन्धमा परिस्थितिका विविध विसङ्गतिलाई सजीवताका साथ प्रस्तुत गरिएको छ । उनी निबन्धमा निजात्मक मूल्यलाई सफलताका साथ प्रतिपादन गर्ने स्रष्टा हुन् ।[४६] उनले नेपाली साहित्य र पत्रकारिताका क्षेत्रमा गरेको योगदानको सम्झना गर्दै उत्तम शान्ति पुरस्कारको समेत स्थापना गरिएको छ । उनको साहित्ययात्रा २०३६ पूर्वका वर्षहरूमा बढी उर्वर रहेको देखिन्छ ।

## (१७) राजनारायण प्रधान

---

[४२] योगेन्द्र दाहाल, **नेपाली हास्यव्यङ्ग्य** निबन्ध, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर, २०६५), पृ. २१ ।

[४३] जयदेव भट्टराई, पूर्ववत्, पृ.४०८ ।

[४४] ऐजन, पृ. २९ ।

[४५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६१ ।

[४६] ऐजन, पृ. १६१ ।

राजनारायण प्रधानको जन्म वि. सं. १९९२ सालमा भारतको कलकत्तामा भएको थियो । उनले वाणिज्यशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी दार्जिलिङको सेन्ट जोसेफ कलेजमा प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् ।[४७] राजनारायण प्रधानले नेपाली साहित्यमा निकै मात्रामा जीवनी, समालोचना र बालसाहित्यको सिर्जना गरेका छन् । उनले साहित्यका विभिन्न विधाको सिर्जना गर्ने क्रममा निबन्ध पनि लेखेका छन् । उनले फुटकर रूपमा लेखेका निबन्धहरूको पहिलो सङ्ग्रह **ठट्टैठट्टा** (२०२५) सालतिर प्रकाशित भएको छ । यसपछि उनले लेखेका निबन्धहरूको सङ्ग्रह **नेपाली निबन्ध** २०३९ सालमा प्रकाशित भएको पाइन्छ ।

राजनारायण प्रधानका निबन्ध तार्किक र बौद्धिक छन् । उनले आफ्ना निबन्धमा दार्जिलिङको अव्यवस्थित बजार, सार्वजनिक शौचालय, शिक्षा र स्वास्थ्यका क्षेत्रमा ध्यान पुग्न नसकेको, मादक पदार्थको सेवनबाट उत्पन्न विसङ्गति, उपभोग्य सामग्रीको कृत्रिम अभाव आदिजस्ता विषयलाई लिएर निबन्ध लेखेका छन् ।[४८] उनले आफ्ना निबन्धमा अन्यायका विरोधमा निस्कने जुलुसलाई पनि समेटेका छन् । नेपालबाहिरको नेपाली जनजीवनको दुःखद् अवस्थाको चित्रण उनका निबन्धमा पाइन्छ । उनका निबन्ध समसामयिक विषयभन्दा दार्जिलिङको चित्रणमा केन्द्रित देखिन्छन् ।

## (१८) किशोर नेपाल

किशोर नेपालको जन्म वि. सं. २००९ सालमा नुवाकोटको झिल्टुङमा भएको हो । उनले स्नातक तहको अध्ययन पूरा गरी पत्रकारिताको उच्च अध्ययन पनि गरेका छन् । उनी पत्रकारिता सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२४ सालतिर **लुम्बिनी सन्देश** पत्रिकामा प्रकाशित 'गौतमबुद्ध' शीर्षकको कविताबाट भएको हो ।[४९] उनले नेपाली साहित्यका कथा, निबन्ध र उपन्यास विधामा कलम चलाएका छन् । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने कामसमेत गरेको पाइन्छ । उनी समसामयिक टिप्पणीका लागि पनि ख्यातिप्राप्त व्यक्तित्व हुन् । उनले फुटकर रूपमा २०३६ पूर्व नै निबन्धरचना गरेका भए पनि उनको निबन्धकृति भने २०३६ पछाडि मात्र सङ्ग्रह प्रकाशन भएको पाइन्छ । उनका २०३६ पछाडि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **चिन्तनका क्षणहरू** (२०३९)

(२) **एक्काइसौँ शताब्दीका निबन्ध** (२०५४)

किशोर नेपाल समसामयिक पुस्ताका निजात्मक निबन्धरचना गर्ने स्रष्टा हुन् । यिनका निबन्धमा जीवनको निस्सारतालाई अस्तित्ववादी ढङ्गले पहिल्याएको पाइन्छ । यिनले आफ्ना निबन्धमा जीवनका सकारात्मक र नकारात्मक दुवै पक्षलाई केलाएका छन् ।[५०] यिनका निबन्ध समसामयिक सन्दर्भलाई स्पर्श गरेर लेखिएका छन् र यसरी निबन्ध सिर्जना गर्ने क्रममा अतीतको संवेदनशील पक्षबारे समेत चर्चा गरिएको हुन्छ । पत्रकारिताको टिप्पणीमूलक शैलीले उनका निबन्ध थप आकर्षित भएको पाइन्छ । यिनले निबन्धमा वर्तमान परिवेश र त्यसका विसङ्गतिलाई नङ्ग्याउने प्रयत्न गरेका छन् । उनले बौद्धिक प्रकृतिका निबन्ध सिर्जना गरेका

---

[४७] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३९३ ।

[४८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २०४ ।

[४९] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५५ ।

[५०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८६ ।

छन् । उनका निबन्धको शिल्पविन्यासमा चेतनप्रवाह पद्धतिको प्रयोग पाइन्छ ।[५१] यिनै विषय र विशेषताले गर्दा उनी समसामयिक पुस्ताका सबल निबन्ध स्रष्टा बन्न पुगेका हुन् ।

## (१९) बालकृष्ण पोखरेल

बालकृष्ण पोखरेलको जन्म वि. सं. १९९० सालमा मकवानपुरको चिसापानी गढीमा भएको हो । उनले रूपावासी, वत्सल, इसावापुर, लक्ष्मीविलास पाध्या, केकेमनुक्ख्यो पोखरेल, गढतिरे साहिलो, हिमालपाने बराल आदि उपनामबाट साहित्य सृजना गरेको पाइन्छ । उनले कलकत्ता विश्वविद्यालयबाट भाषाशास्त्रमा र त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी विभिन्न कलेजमा नेपाली विषयको प्राध्यापन कार्यमा संलग्न हुँदै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्राज्ञसमेत भइसकेका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २००८ को युगवाणी पत्रिकामा प्रकाशित 'झ्याउरे नै किन ?' शीर्षकको लेखबाट भएको हो ।[५२] आफ्ना निबन्धलाई २०२९ सालमा **उकुसमुकुस** शीर्षकको सङ्ग्रहका रूपमा प्रकाशित गरेका छन् । यसपछि उनको '**कलेजस्तरका निबन्धैनिबन्ध** २०२८ सालमा प्रकाशित भएको पाइन्छ । उनी २०३६ सालपूर्वदेखि नै निबन्धसृजनामा सक्रिय व्यक्तित्व हुन् । उनका २०३६ पछि प्रकाशित निबन्धकृति यसप्रकार छन् :

(१) **तेस्रो एकमुखे रूद्राक्षको खोजी** (२०४०)

(२) **नेपाली निर्वचन** (२०४६)

बालकृष्ण पोखरेल बहुमुखी स्रष्टा हुन् । उनका निबन्ध चाहिँ कतै आत्मपरक र कतै वस्तुपरक मूल्यमा देखापरेका छन् । उनका निबन्ध संस्मरणात्मक किसिमका पनि देखिन्छन् ।[५३] उनका निबन्धमा आख्यानात्मक गुण पाइन्छ । यिनका निबन्धमा झर्रो नेपाली भाषाको प्रयोग तथा विषयवस्तुको सरल प्रस्तुति पाइन्छ ।[५४] यिनका निबन्धमा वर्तमान स्वार्थी समाजको चित्रण गरिएको हुन्छ । यिनले आफ्ना निबन्धमा समाजमा युगौँदेखि गढेका कुसंस्कारलाई निराकरण गर्नुपर्ने कुरा व्यक्त गरेका छन् । उनी नेपाली भाषाका उच्च अध्येता हुन् र निबन्ध साहित्यमा पनि उनको विशेष योगदान छ । २०३६ पूर्व नै उनको साहित्यसिर्जना विशेष उर्वर देखिन्छ ।

## (२०) विष्णु नवीन

विष्णु नवीनको जन्म १९९५ सालमा मेची अञ्चलको इलाममा भएको हो । उनको वास्तविक नाम विष्णुबहादुर बुढाथोकी हो ।[५५] उनले इलाममा नै अध्ययन गरेका थिए । उनी लेखन, पत्रकारिता र शिक्षणका साथै अञ्चल पञ्चायतका कार्यालयीय सचिव पदमा समेत पुगेका थिए । उनको साहित्यिक यात्रा २०२० पछिका वर्षहरूमा विस्तारित भएको पाइन्छ । यिनले कथा, कविता, मुक्तक र निबन्धको रचना गरेका छन् । यिनले रचना गरेका निबन्धहरूको पहिलोसङ्ग्रह **श्रीमतीसित एक दिन** २०२२ सालमा प्रकाशित भएको हो । यसपछि उनको **छातीमा नअटाएका कुरा** निबन्धसङ्ग्रह २०२९ सालमा प्रकाशित भएको छ । उनी २०३६ पूर्व नै लेखनमा स्थापित स्रष्टा हुन् । उनको मृत्यु २०४० सालमा भएको हो । २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् ।

---

[५१] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १५४ ।

[५२] जयदेव भट्टराई, पूर्ववत्, पृ. २९९ ।

[५३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १३१ ।

[५४] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ६७ ।

[५५] घटराज भट्टराई, पूर्ववत् पृ. ६१५ ।

(१) **आफ्नो कथा** (२०४०)

विष्णु नवीनका निबन्धमा प्रशस्त व्यङ्ग्य पाइन्छ । उनका निबन्धमा सामाजिक विसङ्गतिप्रतिको टिप्पणी र यौनविकृतिलाई समेटेर व्यङ्ग्य गरिएको हुन्छ । उनले निबन्धमा आफ्नो जीवनमा देखापरेको वितृष्णा र विसङ्गति सफल व्यङ्ग्य गरेका छन् । उनी सबल हास्यव्यङ्ग्य निबन्धकार हुन् । उनका निबन्धको मूल प्रवृत्ति समाजका विकृतिमाथि तीखो व्यङ्ग्य प्रहार गर्नु हो ।[५६]

## (२१) देवीप्रसाद वनवासी

देवीप्रसाद वनवासीको जन्म वि. सं. १९९६ सालमा स्याङ्जा जिल्लामा भएको हो । उनी महालेखा निरीक्षण विभागका कर्मचारी हुन् । उनको वास्तविक नाम देवीप्रसाद रेग्मी हो । उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध आदिको सृजना गरेका छन् ।[५७] उनका प्रकाशित निबन्ध कृति यसप्रकार छन् :

(१) **मुलुकभित्र भौतारिँदा** (२०४०)

(२) **मोती निबन्धावली** (२०४८)

(३) **देवीप्रसाद वनवासीका निबन्धहरू** (? )

(४) **ऐरेनीतिर सैरिँदा** (२०६४)

देवीप्रसाद वनवासी वस्तुपरक एवम् परात्मक निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा वस्तुगत वर्णन प्रस्तुत गरिएको पाइन्छ । उनका निबन्धमा भाषाको सजीवता, प्रस्तुतिको सरलता र विचारको सीधापनजस्ता विशेषता पाइन्छन् ।[५८] उनका निबन्धमा हास्यव्यङ्ग्यको तीव्र अभिव्यक्ति पनि पाइन्छ ।

## (२२) रविलाल अधिकारी

रविलाल अधिकारीको जन्म वि. सं. २००७ सालमा कास्कीमा भएको हो । उनी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले गोरला, लमजुङे अधिकारीजस्ता आदि उपनाममा समेत साहित्य सृजना गरेका छन् । उनले नेपाली साहित्यमा कविता, काव्य, निबन्ध आदिको सृजना गरेका छन् ।[५९] उनले निबन्ध क्षेत्रमा प्रकाशित गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **परदेशीलाई पत्र** (२०४१)

(२) **बिर्सिदिने परम्परा** (२०५७)

(३) **मनोरमा** (२०६०)

रविलाल अधिकारीले आफ्नो जीवन भोगाइलाई निबन्धात्मक रूप दिई प्रकाशित गरेका छन् । उनले जीवनका विभिन्न समयका अनुभूतिलाई समसामयिक सन्दर्भसँग जोडेर निबन्धसृजना गरेका छन् । उनका कतिपय निबन्ध पत्रात्मक ढाँचामा संरचित छन् ।

## (२३) प्रदीप नेपाल

---

[५६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १५५ ।

[५७] ऐजन, पृ. १६१ ।

[५८] ऐजन ।

[५९] रविलाल अधिकारी, **मनोरमा**, (पोखरा : लेकाली प्रकाशन, २०६०) ।

प्रदीप नेपालको जन्म वि. सं. २०१० सालमा भोजपुरको पोखरेमा भएको हो । उनको साहित्यिक नाम सञ्जय थापा हो । उनी राजनैतिक व्यक्तित्व हुन् । उनी एमालेका केन्द्रीय समस्य र सांसद् पनि भइसकेका व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा कथा, उपन्यास, निबन्ध आदिको सृजना गरेका छन् । उनका निबन्ध साहित्यका क्षेत्रमा प्रकाशित कृतिहरू यसप्रकार छन् :

(१) **मुक्त आकाशको खोजी** (भाग १-४)
(२) **अमेरिका बास मातृभूमिको सम्झना** (२०६२)
(३) **प्रदीप नेपालका दुई संस्मरणहरू** (२०६४)

प्रदीप नेपाल संस्मरणलाई निबन्धको स्वरूप प्रदान गर्ने निबन्धकार हुन् । उनका निबन्धमा प्रगतिशील चेतना र राष्ट्रवादी भावना पाइन्छ । उनले निबन्धमा यात्रासंस्मरण र जीवनका अनुभूतिलाई इमानदारीसाथ प्रस्तुत गरेका छन् । उनका निबन्धमा आफ्नो पार्टीभित्रको भूमिका र अवस्थाका बारेमा पनि उल्लेख गरिएको हुन्छ । उनका निबन्धमा जनआन्दोलनको समेत चर्चा पाइन्छ ।

## (२४) राममणि रिसाल

राममणि रिसालको जन्म वि. सं. २००० सालमा ललितपुरको सैँबुमा भएको हो । उनले नेपाली साहित्यमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । यिनी प्राध्यापन कार्यबाट प्रशासनतिर उन्मुख भएका व्यक्तित्व हुन् । यिनी नेपाली साहित्यको समालोचना र निबन्धलेखनमा क्रियाशील स्रष्टा हुन् ।[६०] यिनले समालोचना र निबन्धक्षेत्रमा थुप्रै कृति प्रकाशित गरेका छन् । उनले फुटकर रूपमा लेखेका निबन्धहरू **गोरखापत्र**, **रूपरेखा**, **गरिमा** आदि पत्रिकामा प्रकाशित छन् । यिनले रचना गरेका फुटकर निबन्धहरूलाई सङ्ग्रहका रूपमा समेत प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **अक्षरपछि अक्षर** (२०४१)
(२) **भिजेका पलपल** (२०४५)
(३) **पत्र पुष्पम्** (२०४६)
(४) **मेरो चेतनाको अन्तर्यात्रा** (२०५२)
(५) **अन्यथा** (२०५९)
(६) **कताकताको कथा** (२०५९)
(७) **म एक म अनेक** (२०६०)
(८) **क्षण-प्रतिक्षण** (२०६१)
(९) **भूमिका** (२०६१)
(१०) **माटोभित्रैको कथा** (२०६२)

राममणि रिसाल निजात्मक निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्ध संस्मरण, यात्रा र निजी अनुभूतिलाई विषय बनाएर रचना गरिएका हुन्छन् । यिनको समालोचकीय व्यक्तित्वले निबन्धलाई विश्लेषणात्मक पनि बनाएको छ । यिनका निबन्धमा छोटा वाक्यको चयन, बोलचालको भाषाप्रयोग, प्रवाहमय भावसञ्चारजस्ता विशेषता पाइन्छन् । यिनका निबन्धमा जीवनको भौतिक यथार्थका साथै आध्यात्मिक मोहसमेत पाइन्छ । यिनका निबन्ध सरल, सहज र संवेद्य तथा मार्मिक छन् । यिनले आफ्ना अनुभूतिलाई अत्यन्त सजीव र प्रत्यक्षीकृत बनाउन सकेकाले यिनले उत्तरवर्ती चरणमा प्रतिनिधि निबन्धकारको हैसियत प्राप्त गरेका छन् ।[६१] यिनका निबन्ध पाठकका निम्ति प्रिय छन् । यिनका निबन्धमा वर्तमान समाजका विषय सन्दर्भलाई सरल रूपमा प्रस्तुत गरिएको हुन्छ । यसकारण उनी यस पुस्ताका प्रतिनिधि निबन्धकार बन्न पुगेका छन् ।

---

[६०] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४०९ ।

[६१] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १३८ ।

## (२५) नगेन्द्र शर्मा

नगेन्द्र शर्माको जन्म वि. सं. १९८७ सालमा दार्जिलिङको खरसाङमा भएको हो । उनी ढुङ्गाना परिवारमा जन्मिएका हुन् । उनले कलकत्ताबाट कानुन र कला विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी दार्जिलिङमा छँदा **पश्चिम बङ्गाल** पत्रिका सम्पादन गर्थे जसका कारण उनको लेखनप्रक्रिया विकसित हुँदै आएको पाइन्छ । उनी विद्यार्थी अवस्थादेखि नै लेखन क्षेत्रमा लागेका व्यक्तित्व हुन् । नेपाल प्रवेशपछि यिनी वायुसेवा निगमका उच्च पदस्थ कर्मचारी, सूचना विभागका निर्देशक, **गोरखापत्र** संस्थानका महाप्रबन्धक बनेका थिए ।[६२] यिनले आफ्नो साहित्यिक यात्रा कविता विधाबाट थालेका भए तापनि निबन्ध विधामा यिनको योगदान महत्त्वपूर्ण रहेको छ । यिनले आफ्ना निबन्धहरूलाई सङ्ग्रहका रूपमा २०२६ सालमा **नगेन्द्रका निबन्ध** सङ्ग्रहमा प्रस्तुत गरेका छन् । यसपछि यिनका निबन्धहरू २०३६ पछाडि प्रकाशित सङ्ग्रहमा समेटिएका छन् । यिनका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रहहरू निम्नानुसार रहेका छन् :

(१) **अन्डादेखि भ्यागुतोसम्म** (२०४१)

(२) **बनारसमा बेचिएकी बहिनी** (२०४७)

नगेन्द्र शर्माका निबन्धमा सांस्कृतिक, आर्थिक, भाषिक तथा धर्म र रूढिका बीचका विवादास्पद धारणाहरू केलाइएको हुन्छ । उनका निबन्धमा प्रचलित संस्कार र मान्यतालाई वैज्ञानिक ढङ्गले विवेचना गरी समाजमा वास्तविक मूल्य र मान्यता स्थापना गर्नुपर्ने कुरा औँल्याइएको पाइन्छ । उनले आफ्ना निबन्धमा व्यक्तिगत घटना र अनुभवलाई स्वादिलो पाराले प्रस्तुत गरेका हुन्छन् । उनले आफ्ना निबन्धमा समकालीन समाजमा देखापरेका प्रवृत्तिलाई समेटेका छन् । उनका निबन्धमा प्रतिदिन विकसित हाम्रो बौद्धिकताका बारेमा विवेचना गरिएको छ । उनमा व्यङ्ग्य शिल्प प्रभावकारी रहेको पाइन्छ ।[६३] उनी पनि समसामयिक पुस्ताका प्रतिभाशाली निबन्धकार हुन् ।

## (२६) मोदनाथ प्रश्रित

नेपाली साहित्यमा मोदनाथ प्रश्रित नामबाट परिचित मोदनाथ पौडेलको जन्म वि. सं. १९९९ सालमा अर्घाखाँचीमा भएको हो । उनले साहित्य र आयुर्वेदमा आचार्य र नेपाली विषयमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । उनी राजनीति, साहित्य र पत्रकारिता पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१५ सालतिरबाट थालिएको हो ।[६४] उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध, लेख, समालोचना आदि विधामा कलम चलाएका छन् । उनले नेपाली साहित्यमा **मानव** महाकाव्यका लागि मदन पुरस्कारसमेत प्राप्त गरेका थिए । उनले २०३६ अगाडि प्रकाशित गरेका निबन्धसङ्ग्रह **नारी बन्धन र मुक्ति** (२०३१), **जीवाणुदेखि मानवसम्म** (२०३१) हुन् । उनका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **भूतप्रेतको कथा** (२०४१)
(२) **आस्था र प्रथा एक विवेचना** (२०४७)
(३) **केही सांस्कृतिक निबन्धहरू** (२०४७)
(४) **केही ठट्टा केही मार्का** (२०४७)

---

[६२] जयदेव भट्टराई, पूर्ववत्, पृ. १२८ ।

[६३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १२८ ।

[६४] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३६८ ।

(५) **मानसपटलका तस्वीरहरू** (२०४८)   (६) **विचार र अन्तर्सम्बन्ध** (२०६२)

मोदनाथ प्रश्रित प्रगतिवादी विचारधारामा निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्ध चिन्तनप्रधान रहेका छन् । उनले आफ्ना निबन्धमा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण, द्वन्द्वात्मक सामाजिक स्थिति र समाजका परम्परागत विकृतिको विवेचना गरेका छन् । उनका निबन्धमा कतै निजात्मक र कतै परात्मक गुण पाइन्छ । यिनका निबन्धमा तर्कपूर्ण वर्णन र दार्शनिक व्याख्यासमेत पाइन्छ । यिनका निबन्धमा आत्माको उन्मुक्त सोचाइ र जनपक्षीय सुधारका सन्देशहरू पाइन्छन् ।[६५] यिनले आफ्ना निबन्धमा शोषण, अन्याय र थिचोमिचोको विरोध गर्दै समाजसुधार, सांस्कृतिक उत्थान र नारीजागरणका अभिव्यक्ति प्रस्तुत गरेका छन् । यिनै विविध प्रवृत्तिका कारण उनी उत्कृष्ट समकालीन युगका निबन्ध स्रष्टाका रूपमा परिचित छन् ।

## (२७) नरेन्द्रराज पौडेल

नरेन्द्रराज पौडेलको जन्म वि. सं. २००६ सालमा सिन्धुपाल्चोकमा भएको हो । उनले संस्कृतमा आचार्य र नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी सरकारी सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२४/०२५ तिर **गोरखापत्र**मा कविता प्रकाशित गरेर भएको हो ।[६६] उनले नेपाली निबन्धका क्षेत्रमा निकै रचना प्रकाशित गरेका छन् । आफ्ना फुटकर निबन्धलाई समेटेर उनले प्रकाशित गरेका निबन्धकृतिहरू यसप्रकार छन् :

(१) **घरभित्रको गाईजात्रा** (२०४१)   (२) **बिहेको निम्तो** (२०४४)

(३) **छङ्कुको जेलमा हराउँदा** (२०४७)  (४) **मङ्की स्टेट याने वानर राज्य** (२०५१)

(५) **प्रमुख अतिथि हुनुको आतङ्क** (२०६४)

नरेन्द्रराज पौडेल हास्यव्यङ्ग्यमूलक र यात्रामूलक निबन्धरचना गर्ने निबन्धकार हुन् । उनका निबन्धको विषयवस्तु सामाजिक, राजनीतिक, प्रशासनिक एवम् वैयक्तिक विसङ्गतिहरू रहेका छन् । यिनले आफू सरकारी सेवामा उच्च ओदामा रहँदा नजिकैबाट नियालेका विसङ्गतिहरूलाई यथार्थ ढङ्गबाट हास्यव्यङ्ग्य शैलीमा व्यक्त गरेका छन् । यिनले आफ्ना निबन्धमा प्रशासनको ढिलोपनप्रति असन्तुष्टिसमेत व्यक्त गरेका छन् । उनका निबन्धमा सरल भाषाको प्रयोग पाइन्छ भने कतैकतै संवादात्मक र कथात्मक गुण पनि पाइन्छ ।[६७] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण यिनी समसामयिक पुस्ताका सफल निबन्धकार मानिन्छन् ।

## (२८) तारानाथ शर्मा

नेपाली साहित्यमा तानासर्मा/तारानाथ शर्मा नामबाट परिचित तारानाथ उपाध्याय भण्डारीको जन्म १९९१ सालमा इलामको बरबोटेमा भएको हो । उनले अङ्ग्रेजी विषयमा स्नातकोत्तर र भाषा विज्ञानमा विद्यावारिधि गरेका छन् । उनको साहित्यिक यात्रा २००८ सालतिरको 'साथी' साप्ताहिक पत्रिकामा 'इलाम' शीर्षकको लेख प्रकाशित भएपछि भएको हो ।[६८] उनले नेपाली साहित्यमा कथा, निबन्ध, उपन्यास, समालोचना आदिको रचना गरेका छन् । उनी नेपाली भाषा तथा साहित्यमा साधनारत व्यक्तित्व हुन् । उनले २०२६ सालमा

---

[६५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७३ ।

[६६] जयदेव भट्टराई, पूर्ववत्, पृ. २३९ ।

[६७] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २२ ।

[६८] जयदेव भट्टराई, पूर्ववत्, पृ. १८० ।

**बेलायततिर बरालिँदा** कृतिका लागि मदन पुरस्कारसमेत प्रदान गरिएको पाइन्छ । उनले आफ्ना निबन्धलाई समेटेर सङ्ग्रहका रूपमा प्रकाशित गरेका छन् । उनका २०३६ पूर्व प्रकाशित निबन्धसङ्ग्रहहरू **नमस्ते** (२०१८), **जमर्काहरू** (२०२५), **बेलाइततिर बरालिँदा** (२०२६), **जीवनका छाल** (२०३०) हुन् भने २०३६ पछाडि प्रकाशित निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **पाताल प्रवास** (२०४२)　　(२) **श्रद्धाका सुमन** (२०४४)

(३) **आँसु छचल्किँदै जान्छ** (२०५६)　　(४) **नसुनिएका ध्वनि** (२०६१)

तारानाथ शर्माले नेपाली निबन्धक्षेत्रमा नियात्रा लेखनमा सक्रियता देखाएका छन् । उनका निबन्धमा मीठो भाषा र कवितात्मक शैलीको प्रयोग पाइन्छ । उनका निबन्धमा समसामयिक विषयप्रतिको चासो, खरो प्रतिक्रिया, सामाजिक निरीक्षणको व्यापकता र कोमल अनुभूतिको सङ्गम पाइन्छ ।[६९] उनका नियात्रामा पाठक पनि सँगै यात्रा गर्न पुग्छन् । उनले निबन्धमा नेपाली समाजमा बढ्दै गएको आर्थिक दासताको चित्रण, परनिर्भर प्रवृत्तिप्रति व्यङ्ग्य, आधुनिकताका नाममा भुल्न थालिएको संस्कृति, धर्म, वेशभूषालाई सजीव ढङ्गमा उतारेका छन् । उनका निबन्धको प्रस्तुति व्यङ्ग्यात्मक छ र शैलीमा सजीवता पाइन्छ ।[७०] उनका निबन्धमा समसामयिक विषयमाथि व्यङ्ग्य गर्दै सुधारको चाहना राखिएको पाइन्छ । यिनका निबन्ध गुणात्मक दृष्टिले उत्कृष्ट छन् ।

## (२९) मनुजबाबु मिश्र

मनुजबाबु मिश्रको जन्म वि. सं. १९९६ मा काठमाडौँको महाङ्कालमा भएको हो । उनले त्रिभुवन विश्वविद्यालयबाट प्राचीन इतिहास र संस्कृति विषयमा स्नातकोत्तर उपाधि र ढाका विश्वविद्यालयबाट ललितकलामा स्नातकोपाधि प्राप्त गरेका छन् । उनी त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनी लेखन र चित्रकलामा कुशल छन् । उनको साहित्यिक यात्रा २०१६ मा 'नेपाली कला' शीर्षकको लेखसँगै सुरु भएको हो ।[७१] उनी कलम र कुची एकैसाथ अगाडि बढाउने स्रष्टा हुन् । उनले लेखरचना तयार पार्ने क्रममा थुप्रै निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । उनको लेखनकार्य २०२० को दशकतिर देखापरेको भए पनि उनका पुस्तकाकार निबन्ध कृति भने २०४० को दशकपछि देखापरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **मेरो चित्र मेरो छाया** (२०४९)　　(२) **दुरान्तर** (२०४८)

(३) **अन्तर तरङ्ग** (२०४९)　　(४) **तरङ्ग तरेली** (२०५२)

(५) **अनुहारका पानाहरू** (२०५६)　　(६) **म र मेरो परम्परा** (२०६३)

मनुजबाबु मिश्रका निबन्धहरू कलाविषयक तथा अनुभूतिमूलक रहेका छन् । उनी एक चिन्तनशील निबन्धकार हुन् ।[७२] उनका निबन्धमा सरल र आकर्षक भाषा, व्यङ्ग्यात्मक प्रस्तुति, कलापरक विषयभूमि पाइन्छ । उनका निबन्धमा निजात्मक गुण, स्वाभाविक भाषा, सुगठित शैलीको विन्यास पाइन्छ । उनका निबन्धमा उनको चित्रकार व्यक्तित्वले प्रभाव पारेकाले

---

[६९] नेत्र एटम, पूर्ववत्, पृ. ११९ ।

[७०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१४०-१४१ ।

[७१] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३४७ ।

[७२] घटराज भट्टराई, पूर्ववत्, पृ. ४६९ ।

शब्दचित्रकारिता प्रस्तुत गर्ने कला पाइन्छ ।[७३] यिनै विविध विशेषताले उनी समसामयिक पुस्ताका सफल निबन्धकारका स्थापित छन् ।

## (३०) श्रीकृष्ण गौतम

श्रीकृष्ण गौतमको जन्म वि. सं. १९९९ सालमा लुम्बिनी अञ्चलको गुल्मीमा भएको हो । उनको वास्तविक नाम श्रीकृष्ण शर्मा उपाध्याय गौतम हो । उनले भुक्तभोगी र सुमन उपनामबाट रचना गरेका छन् । उनले संस्कृतमा साहित्यचार्य र अङ्ग्रेजीमा स्नातकोत्तर उपाधि ग्रहण गरेका छन् । उनको साहित्ययात्रा कविता विधाबाट आरम्भ भएको हो ।[७४] उनले नेपाली साहित्यका विविध फाँटमा कलम चलाएका छन् । उनी निबन्धसाहित्यको पछिल्लो चरणका खाइलाग्दा स्रष्टा हुन् । उनले रचना गरेका निबन्धहरू सङ्ग्रहका रूपमा पनि प्रकाशित भएका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **अल्छीका पाइला** (२०४२)

(२) **तस्मात् चरैवेति** (२०४५)

श्रीकृष्ण गौतम निजात्मक निबन्ध लेख्ने प्रतिभा हुन् । उनका निबन्धमा अनुभूतिको आवश्यक अभिव्यञ्जना पाइन्छ । उनका निबन्ध स्थानीय संस्कृति र सामाजिक रङ्ग भरेर रमाइलो पाराले प्रस्तुत गरिएको पाइन्छ । उनका निबन्धमा सरल भाषा, छोटो आकार र गभ्मीर भाव पाइन्छ ।[७५] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी समकालीन पुस्ताका सबल र सशक्त प्रतिभा हुन् ।

## (३१) मुकुन्द आचार्य

मुकुन्द आचार्यको जन्म वि. सं. २००१ मा मकवानपुर गढीमा भएको हो । उनले नेपाली र राजनीतिशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनले विद्यालयदेखि विश्वविद्यालयसम्म अध्यापन कार्य गरेका छन् ।[७६] उनी लघु कथा र लघु निबन्ध रचनाका स्रष्टा हुन् । उनले **समीक्षा** पत्रिकामा नियमित स्तम्भ लेख्ने कामसमेत गरेको पाइन्छ । उनले फुटकर कविता, मुक्तक, लघुकथा लेख्ने क्रममा निबन्धको पनि रचना गरेका छन् । उनले आफ्ना निबन्धहरूलाई सङ्ग्रहको रूपमा समेत प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धकृति यसप्रकार छन् :

(१) **नेताको रूपलाई चुरोटको धूप** (२०४२)

(२) **पट्ठो बन्ने रहरमा** (२०४६)

(३) **प्रश्न सोभ्का उत्तर बाउँठा** (२०६३)

मुकुन्द आचार्य मुख्य रूपमा हास्यव्यङ्ग्य निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनले आफ्ना निबन्धमा सामाजिक विकृति र विसङ्गतिलाई चित्रण गरेका छन् । उनका निबन्ध छोटो आकारका हुन्छन् भने अभिव्यक्ति तीखो हुन्छ । उनी व्यङ्ग्यका धनी देखिन्छन् । उनका निबन्धमा समसामयिक राजनीति, अर्थ र संस्कृतिका विकृत पुञ्जमाथि व्यङ्ग्य प्रहार गरिएको

---

[७३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४४ ।

[७४] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५१० ।

[७५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १६९ ।

[७६] घटराज भट्टराई, पूर्ववत्, पृ. ४८६ ।

पाइन्छ ।[७७] उनका निबन्ध छोटा छन् तर तिनमा सटीक टिप्पणी प्रतिपादन भएको पाइन्छ । उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी समसामयिक निबन्धक्षेत्रका एक महत्त्वपूर्ण साधक मानिन्छन् ।

## (३२) कृष्णचन्द्रसिंह प्रधान

कृष्णचन्द्रसिंह प्रधानको जन्म वि. सं. १९८२ मा काठमाडौँको तुन्छेगल्लीमा भएको हो । उनको वास्तविक नाम गोविन्द प्रधान हो । उनको शिक्षादीक्षा काठमाडौँकै परिवेशमा भएको हो । उनी विभिन्न साहित्यिक संस्थाका संस्थापक, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ र साझा प्रकाशनका महाप्रबन्धकसमेत बनेका थिए । उनको साहित्यिक यात्रा वि. सं. २००२ मा **उदय** पत्रिकामा प्रकाशित 'अश्रुधार' शीर्षकको कविताबाट भएको हो ।[७८] उनले विभिन्न साहित्यिक पत्रिकाको सम्पादन पनि गरेका छन् । उनले २०३६ सालमा **सालिक** निबन्धसङ्ग्रह प्रकाशित गरेको पाइन्छ । उनी नेपाली साहित्यमा अनवरत सृजनामा सक्रिय स्रष्टा हुन् । उनले २०३६ र तत्पश्चात्का समयमा गहकिला साहित्यिक र समालोचनात्मक ग्रन्थ प्रकाशन गरेका छन् । उनले २०३६ पछाडि प्रकाशित गरेका निबन्ध कृतिहरू चाहिँ यसप्रकार छन् :

(१) **अनाम सत्य** (२०४३) (२) **पाइला आगतमा टेकेर** (२०४७)
(३) **बाग्मीको हरक** (२०५७) (४) **नफर्कने ती दिनहरू** (२०६०)
(५) **समय सुनामी** (२०६२) (६) **जिन्दगीका टिपोटहरू** (२०६३)

कृष्णचन्द्रसिंह प्रधान निजात्मक निबन्धकार हुन् । उनका निबन्धमा उनको समालोचकीय व्यक्तित्वको प्रभावका कारण विश्लेषणको छनक पाइन्छ । उनका निबन्धमा ओजपूर्ण भाषा र बौद्धिक प्रस्तुति पाइन्छ । यिनले निबन्धमा विवेचनाको कसीमा चिन्तनलाई खारेर चमत्कारपूर्ण प्रस्तुति गरेका छन् ।[७९] उनका निबन्धमा समको वस्तुवादिता, देवकोटाको भावमूलक कवितात्मक शङ्कर लामिछानेको प्रयोगशीलतासमेतको त्रिकोणात्मक समन्वय पाइन्छ । उनी यस कारणले पनि यस अवधिका सफल निबन्धकार बन्न पुगेका छन् ।[८०] उनका निबन्ध संस्मरणात्मक, नियात्रात्मक साथै दार्शनिक मूल्यसँग सम्बन्धित छन् । उनी यस्ता विविध प्रवृत्तिले गर्दा उनी यस पुस्ताका उत्कृष्ट निबन्धकार बन्न पुगेका छन् ।

## (३३) होम सुवेदी

पूरा नाम होमनाथ भएका होम सुवेदीको जन्म वि. सं. २००७ मा पाँचथरको अमरपुरमा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनले नेपालीमा निबन्ध, हास्यव्यङ्ग्य र समालोचना लेखेका छन् । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने कार्यसमेत गरेको पाइन्छ ।[८१] उनले रचना गरेका कविता, निबन्ध, कथा तथा समालोचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनका

---

[७७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८३ ।
[७८] जयदेव भट्टराई, पूर्ववत्, पृ. १३० ।
[७९] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ५५ ।
[८०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १०७ ।
[८१] घटराज भट्टराई, पूर्ववत्, पृ. ७२१ ।

विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धहरूको सङ्ग्रह **कालीपोके** २०४२ सालमा प्रकाशित भएको छ ।

होम सुवेदी मूल रूपमा हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा समसामयिक राजनीतिक, आर्थिक, सामाजिक पक्षमा व्यङ्ग्य गरिएको हुन्छ ।[८२] उनका निबन्ध सरल छन् र भाव पनि सहज किसिमको रहेको देखिन्छ ।

## (३४) घनश्याम ढकाल

घनश्याम ढकालको जन्म वि. सं. २०१० सालमा गण्डकी अञ्चलको स्याङ्जामा भएको हो । उनले तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् ।[८३] उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । उनले आफ्ना निबन्धहरूलाई सङ्ग्रहका रूपमा समेत प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **नाम कमाउने रहरमा** (२०४२)

(२) **दरिद्रताबाट मुक्ति** (२०४५)

घनश्याम ढकालका निबन्धमा समाजका विभिन्न पाटालाई प्रस्तुत गरिएको हुन्छ । उनका निबन्धमा सामाजिक विकृतिको चित्रण गरिएको हुन्छ । उनका निबन्ध प्रगतिवादी चेतनाबाट प्रभावित छन् ।[८४] उनका निबन्धको भाषा सरल छ र भाव सम्प्रेष्य रहेको छ । उनी समसामयिक पुस्तामा प्रगतिवादी निबन्धकारका रूपमा परिचित छन् ।

## (३५) चोलेश्वर शर्मा

नेपाली निबन्ध साहित्यमा चोलेश्वर शर्मा नामबाट परिचित चोलेश्वर खनालको जन्म वि. सं. २००२ सालमा पाल्पा जिल्लाको धोबीघाटमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेर त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् ।[८५] उनले **गोरखापत्र**, **मधुपर्क** आदि पत्रिकामा आफ्ना रचना प्रकाशित गरेका छन् । उनले विभिन्न पत्रपत्रिकामा प्रकाशित रचनालाई समेत समेटेर २०४३ मा **म त अप्रिलफुल भएछु** निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् ।

चोलेश्वर शर्माका निबन्धमा हास्य र व्यङ्ग्यको मिश्रण पाइन्छ । उनका निबन्धमा सरल र छरितो भाषा र भनाइको चुट्किलोपन पाइन्छ । उनका निबन्धको शैलीमा आत्मपरकता, चिन्तनमा वैयक्तिकता, प्रस्तुतिमा हास्यमूलकताजस्ता प्रवृत्ति पाइन्छन् ।[८६] उनका निबन्धमा सामाजिक जीवनका विकृति र विसङ्गतिप्रति हाँसो उडाउदै व्यङ्ग्य गरिएको हुन्छ । उनले यस समयावधिमा देखापरेका विकसित सामाजिक प्रवृत्तिलाई हास्यव्यङ्ग्यमार्फत प्रस्तुत गरेको पाइन्छ । उनका निबन्धमा सामान्य दैनिक जीवनका घटनालाई टिपी तिनका माध्यमबाट

---

[८२] ऐजन ।

[८३] घटराज भट्टराई, पूर्ववत्, पृ. २०९ ।

[८४] ऐजन ।

[८५] ऐजन, पृ. २२८ ।

[८६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७५ ।

समाजका बेथितिप्रति व्यङ्ग्य गरिएको हुन्छ ।[८७] वर्तमान समाजका बेथितिमाथि व्यङ्ग्य प्रहार गर्न उनका निबन्धले आख्यानात्मकताको सहारा पनि लिएका छन् ।

## (३६) भूपहरि पौडेल

भूपहरि पौडेलको जन्म वि. सं. २०११ सालमा रामेछापमा भएको भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरी विद्यावारिधि पनि गरेका छन् ।[८८] उनी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा अनुसन्धानात्मक लेख र यात्रा-निबन्धको सृजना गरेका छन् । उनले विभिन्न पत्रपत्रिकामा कथा, कविता, लेख, निबन्ध प्रकाशित गरेका छन् । उनले आफ्ना प्रकाशित निबन्धलाई समेटेर **थलैथलाका पाटाहरू** निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । उनको यो निबन्धसङ्ग्रह २०४३ सालमा प्रकाशित भएको हो ।

भूपहरि पौडेल यात्रासंस्मरण लेख्ने निबन्धकार हुन् । उनका निबन्धमा अतीतका संस्मरण प्रस्तुत गरिएको छ । उनले यात्राका क्रममा अनुभव गरेका कुरालाई रोचक ढङ्गले प्रस्तुत गरेका छन् । उनी पनि समसामयिक पुस्ताका निबन्धकार हुन् ।

## (३७) मोहन सिटौला

मोहन सिटौलाको जन्म वि. सं. २००३ सालमा कोसी अञ्चलको तेह्रथुम जिल्लामा भएको हो । उनी अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा स्कुले अवस्थामा लेखिएको हस्तलिखित बालकविताबाट सुरु भएको हो । उनले निबन्ध र समालोचना सृजना गरेका छन् । उनी प्रारम्भिक चरणमा रोमान्टिक धाराबाट प्रभावित भए पनि समसामयिक मूल्य बोध भएका स्रष्टा मानिन्छन् ।[८९] उनले विभिन्न पत्रपत्रिकामा लेखरचना लेख्ने र छपाउने क्रममा निबन्ध पनि सृजना गरेका छन् । उनले सृजना गरेका निबन्ध सङ्ग्रहका रूपमा पनि प्रकाशित भएका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **गोठालाहरू** (२०४३)

(२) **परिभ्रमण** (२०४४)

मोहन सिटौला निजात्मक र आत्मपरक निबन्ध लेख्ने स्रष्टा हुन् । उनका निबन्ध मझौला आकारका हुन्छन् । अभिव्यक्तिमा कल्पनाशीलता, संरचनामा स्वाभाविकता उनका निबन्धका विशेषता हुन् ।[९०] उनका निबन्धमा ग्रामीणदेखि सहरसम्मको, स्वदेशदेखि विदेशसम्मको दृश्य, परिस्थिति र प्रकृतिको चित्रण गरिएको हुन्छ । उनका निबन्धमा पाश्चात्य विकृतिले नेपाली जीवनपद्धतिमा ल्याएका विकृतिमाथि व्यङ्ग्य गर्दै सुधारको सन्देश दिइएको हुन्छ।[९१] उनका निबन्धमा कतैकतै आदर्शका उपदेश र नैतिक सूचना पनि पाइन्छन् ।

## (३८) वासुदेव लुइटेल

---

[८७] रमेश भट्टराई, पूर्ववत्, पृ. १२१ ।

[८८] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५५१ ।

[८९] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३७३ ।

[९०] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७७ ।

[९१] ऐजन ।

वासुदेव लुइटेलको जन्म वि. सं. १९७४ सालमा भएको हो । उनले लम्फू भूतको भिनाजु, अनाथ, बाउँटे बाजे, काका, बतासे आदि थुप्रै उपनामबाट साहित्य सृजना गरेको पाइन्छ । उनको साहित्यिक यात्रा १९९९ तिर **शारदा** पत्रिकाबाट सुरु भएको हो ।[९२] उनले नेपाली साहित्यको हास्यव्यङ्ग्य क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले रचना गरेको **भूत छैन** निबन्धसङ्ग्रह २००६ सालमा प्रकाशित भएको थियो । उनका यसपछि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१)....**बाट** (२०४३)

(२)......**बाटको बाँकी** (२०४६)

वासुदेव शर्मा लुइटेलका निबन्धमा हास्यव्यङ्ग्य प्रवाहित भएको हुन्छ । उनका निबन्धमा आत्मसंस्मरणसमेत समेटिएको पाइन्छ । उनका निबन्धमा रूढि र अन्धविश्वासका कुराहरूलाई केलाइएको हुन्छ । उनका निबन्धले नेपाली समाज र संस्कारमा देखिने विसङ्गतिलाई प्रस्तुत गरेका छन् ।[९३] उनी नेपाली व्यङ्ग्यसाहित्यका एक उत्कृष्ट प्रतिभा हुन् ।

## (३९) मदनमणि दीक्षित

मदनमणि दीक्षितको जन्म वि. सं. १९७९ मा काठमाडौँको गैह्रीधारामा भएको हो । उनले पर्सामा प्रारम्भिक शिक्षा आर्जन काशी हिन्दू विश्वविद्यालयबाट दर्शन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् ।[९४] उनी जीवनमा प्रधान अध्यापक हुँदै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति समेत बनेका थिए । उनले २००७ पछि पत्रकारिता पेसा पनि अँगालेको पाइन्छ । यस क्रममा उनले विभिन्न पत्रपत्रिकाको सम्पादनसमेत गरेको पाइन्छ । उनको सार्वजनिक साहित्यिक यात्रा २०१९ को **रूपरेखा** पत्रिकामा 'कसले जित्यो कसले हाऱ्यो ?' कथा प्रकाशित भएपछि सुरु भएको हो ।[९५] उनले नेपाली साहित्यमा कथा, उपन्यासका साथै निबन्ध एवम् चिन्तनप्रधान र सामयिक लेखसमेत लेखेको पाइन्छ । उनी साहित्यको सृजनामा अनवरत साधना गर्ने स्रष्टा हुन् । उनको **माधवी** उपन्यासले मदन पुरस्कारसमेत प्राप्त गरेको छ । उनले साहित्यका विविध विधामा कलम चलाउने क्रममा निबन्धको पनि रचना गरेका छन् । उनले लेखेका र २०३६ अघि प्रकाशित निबन्धसङ्ग्रह **हाम्रा ती दिन** (२०२७), **म रुँदै बिर्सन्छु** (२०२७) रहेका छन् । उनले प्रकाशित गरेका २०३६ पछाडिका निबन्धसङ्ग्रह चाहिँ यसप्रकार छन् :

(१) **चरैवेति** (२०४४)

(२) **त्यो युग** (२०४७)

(३) **द्रौपदी र सीता** (२०४९)

मदनमणि दीक्षितका निबन्ध संस्मरण तथा ऐतिहासिक विषयवस्तुमा आधारित हुनाका साथै निजात्मक एवम् सौन्दर्ययुक्त छन् । उनले आफ्ना निबन्धमा पूर्वीय वैदिक र औपनिषदिक आख्यानका लघुबिम्बलाई समेटेका छन् । वैदिक र औपनिषदिक संसारको गतिशीलतालाई प्रतिपादन गर्दै जीवन र जगत्का मूल्यलाई स्थापित गर्नमा उनी सक्षम छन् । उनका निबन्धमा ऐतिहासिक र पुरातात्त्विक वस्तु र तिनका मूल्यहरूको संस्मरणात्मक प्रस्तुति जीवन्त बनेर

---

[९२] ऐजन, पृ. ९३ ।

[९३] ऐजन ।

[९४] ऐजन, पृ. ९८ ।

[९५] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३४२ ।

आएको हुन्छ ।[९६] उनका निबन्ध केही लघु र केही बृहद् आकृतिमा रचिएका छन् । उनी पूर्वीय मिथकको पुनः सृजना गर्ने अग्रणी स्रष्टा हुन् । मिथकका माध्यमबाट सामयिक युगका विकृतिलाई औँल्याउने मदनमणि २०३६ पछिका यस पुस्ताका अग्रणी निबन्धकार हुन् ।

## (४०) गङ्गाप्रसाद उप्रेती

गङ्गाप्रसाद उप्रेतीको जन्म वि. सं. २००४ मा तेह्रथुममा भएको हो । उनले परिमल उपनामबाट पनि साहित्यसृजना गरेका छन् । उनले नेपाली विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२१ मा **रूपरेखा** पत्रिकामा प्रकाशित कविताबाट सुरु भएको हो ।[९७] उनले आफ्नो साहित्यिक यात्रामा समालोचना र निबन्ध सृजना गरेका छन् । उनी समसामयिक पुस्ताका निबन्ध स्रष्टा हुन् । उनले रचना गरेका निबन्ध पुस्तकाकार रूपमा पनि प्रकाशित छन् । ती हुन् :

(१) **स्मृतिको छालमा इटाली** (२०४४)
(२) **नामको खोल** (२०६४)

गङ्गाप्रसाद उप्रेती यात्रानिबन्धका सफल स्रष्टा हुन् । उनी समसामयिक पुस्ताका सेचत र तीव्र सर्जक मानिन्छन् । उनका निबन्धमा समाजवादी चिन्तनको स्वर मुखरित भएको हुन्छ । उनका निबन्धमा समाजलाई यथास्थितिबाट मुक्ति दिनुपर्छ भन्ने भाव व्यक्त भएको हुन्छ । उनका निबन्धमा समाजका विकृति र विसङ्गतिलाई निराकरण गर्न जोड दिइएको हुन्छ ।[९८] यसबाट उनी समसामयिक युगका सचेत निबन्धकार साबित भएका छन् ।

## (४१) कृष्णप्रसाद पराजुली

कृष्णप्रसाद पराजुलीको जन्म वि. सं. १९९२ मा काभ्रे जिल्लाको भ्रमरकोटमा भएको हो । उनले साहित्यरत्नसम्मको अध्ययन गरेका छन् । उनी प्राध्यापनकार्यमा संलग्न व्यक्तित्व हुन् । उनले नेपाली भाषा र साहित्यको अनवरत सेवा र साधना गरेका छन् । उनले कथा, कविता, गीत, इतिहास, इतिहास, प्रबन्ध र निबन्धसमेत लेखका छन् । उनले बालसाहित्यसमेत सृजना गरेको पाइन्छ ।[९९] उनले सृजना गरेका निबन्धहरूको पहिलो सङ्ग्रह **मेरो लुम्बिनी यात्रा** २०२० मा प्रकाशित भएको हो । उनले यसपछि सृजना गरेका रचनाको सङ्ग्रह २०३६ सालपछि मात्रै प्रकाशित भएको पाइन्छ । उनका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **फूलपतात** (२००४)
(२) **सम्झनाका क्षितिजमा** (२०५९)
(३) **यो खोलाको सङ्लो पानी** (२०६३)

कृष्णप्रसाद पराजुली निजात्मक निबन्धसृजना गर्ने स्रष्टा हुन् । उनी निबन्धमा कवितात्मक भाषाको प्रयोग गर्दछन् । उनले निबन्धमा राष्ट्रियताको भाव व्यक्त गरेका हुन्छन् ।

---

[९६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ९९ ।
[९७] जयदेव भट्टराई, पूर्ववत्, पृ. १०५ ।
[९८] ऐजन ।
[९९] जयदेव भट्टराई, पूर्ववत्, पृ.१४३ ।

उनका निबन्धको भाव गहन हुन्छ । उनका निबन्ध कवितात्मक हुन्छन् ।[१००] उनी नेपाली भाषा तथा साहित्यका अध्येता हुन् । उनले नेपाली लोकसाहित्यको गहन अध्ययन गरेका छन् । यसबाट उनको निबन्धकार व्यक्तित्व ओझेल परेको भए पनि निजात्मक मूल्य, कवितात्मक प्रस्तुति र आत्मपरक गुणका कारण उनका निबन्ध सशक्त रहेका छन् ।

## (४२) नारायणबहादुर सिंह

नारायणबहादुर सिंहको जन्म वि. सं. १९८७ सालमा काठमाडौँमा भएको हो । उनले धनञ्जय उपनामबाट समेत साहित्य सृजना गरेको पाइन्छ । उनले स्नातक तहको अध्ययन पूरा गरेका छन् ।[१०१] उनले पत्रकारिताका माध्यमबाट पनि सृजनात्मक सक्रियता देखाएको पाइन्छ । यिनले गोरखापत्र संस्थानमा निकै वर्ष सेवा गरेका थिए । यिनले **मधुपर्क** पत्रिकाको पनि सम्पादन गरेका थिए । विभिन्न पत्रपत्रिकामा यिनका लेख, निबन्ध प्रकाशित भएका छन् । यिनले आफूले रचना गरेका निबन्धलाई पुस्तकाकार रूपमा पनि प्रकाशित गरेका छन् । यिनको निबन्धसङ्ग्रह **शृङ्खलाहीन शृङ्खलाहरू** (२०४४) सालमा प्रकाशित भएको हो । यिनको निधन २०४५ सालमा भएको थियो ।

## (४३) गणेशबहादुर प्रसाईं

गणेशबहादुर प्रसाईंको जन्म वि. सं. १९८७ सालमा ताप्लेजुङको निधुरादिनमा भएको हो । उनले श्रीप्रसाद प्रसाईं उपनामबाट समेत साहित्य सृजना गरेका छन् । उनले दार्जिलिङबाट स्नातक उपाधि प्राप्त गरेका छन् ।[१०२] उनी शिक्षण, राजनीति र लेखनमा सक्रिय व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०११ सालतिर कविता विधाबाट सुरु भएको हो । उनले नेपाली साहित्यमा समालोचना र निबन्ध विधामा विशेष योगदान पुऱ्याएका छन् । उनले रचना गरेका निबन्धहरूको पुस्तकाकार कृति हो :

(१) **दीर्घप्रतीक्षा** (२०४४)

गणेशबहादुर प्रसाईं परात्मक गुण भएका निबन्ध सृजना गर्ने स्रष्टा हुन् । यिनका निबन्धमा नयाँनयाँ चिन्तन र मूल्यको अन्वेषण गरिएको हुन्छ ।[१०३] उनका निबन्धमा प्रगतिशील दृष्टिकोणले प्रस्तुत भएको हुन्छ । उनका निबन्धमा समसामयिक यथार्थ व्यक्त भएको हुन्छ । उनी यथार्थवादी मूल्यहरू स्थापित गर्न क्रियाशील देखिन्छन् । उनी समसामयिक पुस्तामा सचेत रूपमा समाजका यथार्थ निबन्धमा प्रस्तुत गर्ने स्रष्टा हुन् ।

## (४४) भद्रकुमारी घले

भद्रकुमारी घलेको जन्म वि. सं. २००१ सालमा काठमाडौँको डिल्लीबजारमा भएको हो । उनले संस्कृतमा शास्त्रीसम्मको अध्ययन पूरा गरेकी छिन् ।[१०४] उनी राजनीति, समाज र साहित्यका साथै कृषि क्षेत्रलाई माया गर्ने व्यक्ति हुन् । उनी राजनीतिमा लागेर मन्त्री पनि भएकी थिइन् । उनले थुप्रै कविता रचना गरेकी छिन् । उनले रचना गरेका कथा र निबन्ध पनि प्रशस्तै छन् । उनले रचना गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

---

[१००] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४३ ।

[१०१] जयदेव भट्टराई, पूर्ववत्, पृ. २४४ ।

[१०२] ऐजन, पृ. १०७ ।

[१०३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २०१ ।

[१०४] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३१० ।

(१) **राष्ट्रिय चिन्तन** (२०४५)

(२) **सृष्टिका धरोहर नारी** (२०६१)

भद्रकुमारी घलेका निबन्धमा नारीहृदयका कोमल अनुभूति व्यक्त भएको पाइन्छ । उनका निबन्ध सरल छन् र समसामयिक चिन्तनमा आधारित छन् ।[१०५] उनका निबन्ध नारीहरूको उत्थान हुनुपर्ने विचारमा केन्द्रित छन् । उनी सरल भाषामा सहज निबन्ध रचना गर्ने लेखिका हुन् ।

## (४५) विमल निभा

नेपाली साहित्यमा विमल निभा नामबाट परिचित विमलकृष्ण श्रेष्ठको जन्म वि. सं. २००९ सालमा नेपालगन्जमा भएको हो । उनी स्नातक तहको अध्ययन पूरा गरी निजी व्यवसायमा लागेका व्यक्तित्व हुन् । उनी साझा प्रकाशनको सञ्चालक, महाप्रबन्धक, प्रगतिशील लेखक सङ्घको केन्द्रीय सदस्यसमेत रहेका थिए ।[१०६] उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्नुका साथै आफ्ना रचनासमेत प्रकाशित गरेका छन् । उनी समसामयिक पुस्ताका खाइलाग्दा स्रष्टा हुन् । उनले कविता र निबन्ध विधामा सङ्ग्रह पनि प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **चौथो कलम** (२०४५)

(२) **छेउको बधशाला** (२०६१)

विमल निभा मूल रूपमा व्यङ्ग्यात्मक निबन्ध लेख्ने स्रष्टा हुन् । उनका निबन्ध छोटा आयामका हुन्छन् । उनका निबन्धमा मीठो गद्यको सफल प्रयोग पाइनाका साथै विषयवस्तुको प्रतिपादनमा सजीवता भेटिन्छ । उनका निबन्धमा हास्यको माध्यमबाट व्यङ्ग्यको तीक्ष्णता प्रस्तुत गरिएको हुन्छ ।[१०७] उनका निबन्ध वर्तमान सन्दर्भहरूप्रति बढी केन्द्रित देखिन्छन् । उनका निबन्धमा पत्रकारिताको ठाडो भाषा भए पनि प्रतीकात्मकताका कारण ती बौद्धिक र व्यञ्जनात्मक बनेका हुन्छन् ।[१०८] उनमा पाइने यिनै विशेषताले गर्दा उनी २०३६ पछिका सशक्त निबन्धकार सिद्ध भएका छन् ।

## (४६) सुनील

नेपाली साहित्यमा सुनील नामबाट परिचित सुनील पौड्यालको जन्म वि. सं. २०१० मा काठमाडौँको डिल्लीबजारमा भएको हो । उनले स्नातकोत्तर तह पूरा गरेका छन् । उनले नोकरी गर्दै लेखनलाई पनि अगि बढाएका छन् ।[१०९] उनले कथा, कविता, निबन्ध क्षेत्रमा आफ्नो कलम चलाएका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **स्वास्नीमान्छे** (२०४५)

(२) **ऐनामा हेर्दा** (?)

(३) **बेलायतको यात्रा : कल्पना र यथार्थ** (२०४८)

---

[१०५] घटराज भट्टराई, पूर्ववत्, पृ. ४२९ ।

[१०६] ऐजन, पृ. ६०७ ।

[१०७] रमेश भट्टराई, 'समसामयिक नेपाली निबन्ध : परम्परा र प्रवृत्तिको सङ्क्षिप्त रेखाङ्कन', **मधुपर्क** (वर्ष ३१, अङ्क ४, २०५५ भदौ), पृ. १२१ ।

[१०८] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।

[१०९] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५२९ ।

सुनील पौड्याल वस्तुपरक निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा वस्तुको सबल र ठोस रूपमा वर्णन गर्नुका साथै भावनाको तरलता (बगाइ) कम र जडता बढी मुखरित भएको पाइन्छ ।[११०] उनका यात्रानिबन्ध विदेश यात्रामा केन्द्रित रहेका छन् । उनी समसामयिक पुस्ताका प्रभावशाली वस्तुपरक निबन्धकार हुन् ।

उपर्युक्त निबन्धकारहरूका निबन्धहरू फुटकर रूपमा समेत विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । यीबाहेक २०३६ पछिका अवधिमा धेरै निबन्धकारहरू सृजनामा क्रियाशील रहेका छन् तर स्नातकोत्तर स्तरको शोधकार्यका सीमाभित्र रहनुपर्दा यहाँ तिनलाई समेट्न सकिएको छैन । २०३६ पछि निबन्धसङ्ग्रह लिएर देखापरेका उपर्युक्त निबन्धकारहरूका कृतिहरूलाई हेर्दा अधिकांश लेखकले देशभित्र व्याप्त हरेक पक्षभित्रका सङ्गतिहीनताका साथै अन्तर्राष्ट्रिय क्षेत्रका विसङ्गतिलाई प्रस्तुत गरी तिनमाथि व्यङ्ग्य गरेका छन् । यस समयावधिका निबन्धमा समाजमा विद्यमान बेथिति, मानवका सङ्कीर्ण सोचाइहरू, वर्गीय विषमताबाट उत्पन्न शोषण, अत्याचार, परम्परित मान्यताले ल्याएको नकारात्मक असर, धर्मसंस्कृतिमा रहेका कुसंस्कार, राजनीतिका क्षेत्रमा देखापरेको पदलोलुपता र प्रजातान्त्रिक मूल्यको विघटन, शैक्षिक क्षेत्रका विकार, न्यायप्रणालीमा व्याप्त विरोधाभास, व्यापारिक क्षेत्रका मनोमानीजस्ता विसङ्गतिहरूको चित्रण गरिएको पाइन्छ । यस अवधिका कतिपय निबन्धमा युद्ध र त्यसका प्रभावका साथै युद्धका विविध पक्षको संस्मरणसमेत गरएको छ । यसै गरी २०३६ पछिका निबन्धमा दैनिकी, चिठी, अन्तर्वार्ता, नाटकीयताजस्ता गुणको सम्मिश्रण पाइन्छ ।

# चौथो : परिच्छेद

## २०४६ देखि २०६५ सम्मका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण

आधुनिक नेपाली निबन्ध साहित्यको सम्बर्धनमा प्रशस्त निबन्धकारहरूको सक्रियता रहेको छ । नेपाली निबन्धको पाँचौं चरणको थालनी २०४६ सालपछि भएको हो । २०३६ सालको जनमतसङ्ग्रहको घोषणापछि सक्रिय भएको राजनैतिक वातावरणको फलस्वरूप २०४६ सालमा जनआन्दोलन भयो । यसले नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो । यसपछिको स्वतन्त्र वातावरणमा विविध विकृति, विसङ्गति देखा पर्न थाले । यस पृष्ठभूमिमा तत्कालीन राज्यसत्ता सञ्चालनप्रति असन्तुष्ट पक्षले २०५२ सालदेखि जनयुद्धको नाममा भूमिगत विद्रोह आरम्भ गऱ्यो । यसै पृष्ठभूमिमा साहित्यकारहरूले जनयुद्धको समर्थन र विरोधका साथै तटस्थ रहेर पनि साहित्य सिर्जना गर्न थाले । यसबाट पनि नेपाली सृजनापरम्परा अछुतो रहन सकेन ।

२०४६ सालपछि २०६५ सालसम्म निबन्ध रचना गर्ने निबन्धकार र तिनका निबन्धसङ्ग्रहको सर्वेक्षण यसप्रकार प्रस्तुत गरिएको छ :

### (१) मातृकाप्रसाद कोइराला

मातृकाप्रसाद कोइरालाको जन्म वि. सं. १९६८ मा विराटनगरमा भएको हो । उनले स्नातक तथा विद्यालङ्कारको उपाधि प्राप्त गरेका छन् । उनी साहित्यकार एवम् राजनीतिक व्यक्तित्व हुन् । उनी राजनीतिमा लागेर नेपालको प्रधानमन्त्रीसमेत बनेका थिए ।[१११] उनको

---

११० राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८८ ।

१११ घटराज भट्टराई, पूर्ववत्, पृ. ४७६ ।

साहित्यिक यात्रा १९८३ सालतिरबाट आरम्भ भएको हो । उनले कथा, कविता र निबन्ध सृजना गरेका छन् । उनले यात्राको वर्णन गरेर २०२५ सालमा **मेरो आसाम यात्रा** प्रकाशित गरेका छन् । यसपछि रचना गरिएका उनका निबन्ध २०४६ सालमा **कोशीको कथा** सङ्ग्रहमा प्रकाशित छन् ।

मातृकाप्रसाद कोइराला नियात्रा निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्ध सरल भाषामा लेखिएका हुन्छन् । उनका निबन्धमा राष्ट्रिय सन्दर्भका साथै भावको सहज सन्तुलन जस्ता विशेषता पाइन्छन् ।[११२] उनी राजनेता भएर पनि साहित्यका विविध विधामा कलम चलाउने व्यक्ति हुन् । उनको निधन २०५४ सालमा भएको थियो ।

## (२) रत्नाकर देवकोटा

रत्नाकर देवकोटाको जन्म वि. सं. १९९९ सालमा कर्णाली अञ्चलको जुम्ला जिल्लामा भएको हो । उनले संस्कृतमा शास्त्री गरी नेपालीमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका छन् । यिनले जुम्लाको साहित्यिक तथा सांस्कृतिक गतिविधिमा सक्रिय भूमिका निर्वाह गरेको पाइन्छ ।[११३] विभिन्न पत्रपत्रिकामा उनका कर्णाली अञ्चलसँग सम्बन्धित लेखरचना प्रकाशित भएको पाइन्छ । उनले कर्णाली अञ्चलको खोज अनुसन्धानसँग सम्बन्धित कृति पनि प्रकाशित गरेका छन् । उनले यस क्रममा निबन्ध पनि सृजना गरेको पाइन्छ । उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह **कर्णालीको अथ इति** २०४६ मा प्रकाशित भएको छ ।

रत्नाकर देवकोटा अन्वेषणमूलक निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा कर्णाली अञ्चलसँग सम्बन्धित रीतिथिति, चालचलन, भाषा, साहित्य, संस्कृतिलाई विषय बनाइएको हुन्छ । उनका निबन्धमा कर्णाली अञ्चल दुर्गम भए पनि यहाँको संस्कृति, सभ्यता प्राचीन रहेको तथ्य उनका निबन्धमा व्यक्त भएको पाइन्छ । उनी क्षेत्रीय रूपमा आञ्चलिक निबन्ध सृजना गर्ने निबन्धकार हुन् ।

## (३) कृष्णप्रसाद भट्टराई

कृष्णप्रसाद भट्टराईको जन्म वि. सं. १९७४ मा कोसी अञ्चलको इनरुवामा भएको हो । उनी शिक्षण पेसामा संलग्न भएका थिए ।[११४] उनले निबन्ध साहित्यका क्षेत्रमा एउटा पुस्तकाकार कृति प्रकाशित गरेका छन् । उनको निबन्धसङ्ग्रह २०४६ सालमा **विचारको ओइरो** शीर्षकमा प्रकाशित छ ।

कृष्णप्रसाद भट्टराई स्थानीय तहमा नै बसेर निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा विचारको प्रवाह पाइन्छ । उनका निबन्धमा व्यक्त विचारले पाठकको मस्तिष्कलाई झक्झक्याउने काम गर्दछन् ।[११५]

## (४) हरि बन्दी

[११२] ऐजन ।

[११३] ऐजन, पृ. ५१८ ।

[११४] ऐजन, पृ. १३९ ।

[११५] ऐजन ।

नेपाली साहित्यमा हरि बन्दी नामले परिचित खड्गबहादुर खड्काको जन्म वि. सं. २००१ सालमा डडेलधुरामा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर र पत्रिकारितामा स्नातक तहको अध्ययन गरेका छन् ।[११६] यिनी निजामती सेवामा संलग्न व्यक्तित्व हुन् । यिनले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने कामसमेत गरेको पाइन्छ । यिनले निकै हास्यव्यङ्ग्य निबन्धको सृजना गरेका छन् । यिनले सृजना गरेका निबन्धको पहिलो सङ्ग्रह २०३५ सालमा **आ-आफ्नो महाभारत** शीर्षकमा प्रकाशित छ । यसपछि उनको एउटा निबन्धसङ्ग्रह प्रकाशित छ :

(१) **उल्टोपट्टि** (२०४६)

हरि बन्दी हास्यव्यङ्ग्य मिश्रित निबन्धको सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा नेपालको सामाजिक, प्रशासनिकलगायत अन्य क्षेत्रमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका निबन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विसङ्गतिका साथै सामाजिक, व्यक्तिगत जीवनदेखि वर्तमान मानवजगत्मा देखिएका विसङ्गति र विकृति चर्को रूपमा व्यक्त भएको पाइन्छ । उनी निजात्मक शिल्प र हास्यव्यङ्ग्यमूलक प्रस्तुतिमा निबन्ध सृजना गर्दछन् । उनका निबन्ध छरिता छन् भने विषयवस्तुको चयनमा हल्कापन भेटिन्छ ।[११७] उनी समकालीन हास्यव्यङ्ग्य निबन्धकारहरूका पङ्क्तिमा चर्चित एवम् प्रतिभाशाली स्रष्टाका रूपमा परिचित छन् ।

## (५) निर्मोही व्यास

निर्मोही व्यासको जन्म वि. सं. २००९ सालमा बाराको कलैयामा भएको हो । उनको वास्तविक नाम वेदव्यास उपाध्याय न्यौपाने हो । उनले नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । उनी प्राध्यापन कार्यमा संलग्न छन् । उनको साहित्यिक यात्रा २०२७ सालतिरबाट **सगरमाथा** पत्रिकामा 'सम्झना' शीर्षकको यात्रानिबन्ध प्रकाशित गरेर सुरु भएको हो ।[११८] यिनले कथा, कविता, निबन्ध, उपन्यास सृजना गरेका छन् । यिनले निबन्धका क्षेत्रमा पुस्तकाकार कृति पनि प्रकाशित गरेका छन् । यिनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **नौ पाइला** (२०४६)
(२) **ठोरीको एलबम** (२०४८)
(३) **झलझली आँखामा** (२०५१)
(४) **सम्भवाभी युगेयुगे** (२०५३)
(५) **सेरोफेरो सबै मेरो** (२०६१)

निर्मोही व्यास यात्रा निबन्ध लेख्ने निबन्धकार हुन् । उनी निजात्मक गुण भएका निबन्ध सृजना गर्ने स्रष्टा हुन् । यिनका निबन्धमा यात्रा र वस्तुका विसङ्गतिमूलक तत्त्वलाई समेटिएको हुन्छ । उनी समसामयिक अवधिका सचेत लेखक हुन् । उनका निबन्ध भावनाप्रधान छन् र ती हार्दिक संवेदना जगाउन सक्षम छन् । उनका निबन्धमा वस्तुगत यथार्थको आकर्षक चित्रण गरिएको हुन्छ । उनी यस अवधिका सफल यात्रा निबन्धकार हुन् । उनका निबन्धमा वैचारिक दृष्टिले स्पष्टता, अभिव्यक्तिगत निक्खरता, भाषिक सहजता र प्रवाहशीलता तथा संरचनागत

---

[११६] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५४३ ।
[११७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृप. १७४ ।
[११८] जयदेव भट्टराई, पूर्ववत्, पृ. २४७ ।

विस्तृताजस्ता प्रवृत्ति पाइन्छन् ।[११९] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण यिनी सफल यात्रा निबन्धकारका रूपमा परिचित छन् ।

## (६) भीष्म उप्रेती

भीष्म उप्रेतीको जन्म वि. सं. २०२४ सालमा झापा जिल्लामा भएको हो । उनी स्नातकोत्तर तहको अध्ययन पूरा गरी बैङ्किङ सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा 'मातृभूमि' शीर्षकको कविताबाट भएको हो ।[१२०] उनले नेपाली निबन्धका क्षेत्रमा पुस्तकाकार कृति पनि प्रकाशित गरेका छन् । ती यसप्रकार छन् :

(१) **यात्राका पाँच थुँगा फूल** (२०४६)

(२) **नीलो पानी र नीला भावनाहरू** (२०५४)

(३) **लहरलहरका अक्षरहरू** (२०५८)

(४) **हिँड्दै गर्दा** (२०६१)

भीष्म उप्रेतीका निबन्धमा यात्रा, घटना र वस्तुका इतिवृत्तलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको हुन्छ । आफ्ना निबन्धमा आफूले यात्राका क्रममा भोगेका क्षण, वस्तु, दृश्य, घटना र स्थितिलाई उनले वस्तुपरक ढङ्गले प्रस्तुत गरेका छन् । उनका निबन्धमा कवितात्मक शैलीमा यात्राको वर्णन गरिएको हुन्छ । उनका निबन्धमा सरस भाषामा नेपाली समाज, संस्कृति र प्रकृतिको चित्रण गरिएको पाइन्छ ।[१२१] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी आफ्नै पहिचानसहित निबन्धसृजनामा क्रियाशील रहेका छन् ।

## (७) कृष्णप्रसाद काफ्ले

कृष्णप्रसाद काफ्लेको जन्म वि. सं. २००० सालमा विराटनगरमा भएको हो । उनी स्नातकोत्तर तहसम्मको अध्ययन गरी निजी व्यवसायमा लागेका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१६ सालतिर कविता विधाबाट भएको हो ।[१२२] उनले नेपाली साहित्यमा कविता, निबन्ध, लेख लेखेका छन् । उनले लेखेका निबन्धहरूलाई समेटेर २०४७ मा 'मेरो तपस्या : मेरो उडान' शीर्षकमा एउटा सङ्ग्रह प्रकाशित गरेको पाइन्छ ।

कृष्णप्रसाद काफ्ले निजात्मक निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा वर्तमान चाकरी प्रथाको चित्रण पाइन्छ । उनले निबन्धमा कतैकतै आध्यात्मिक विचार पनि व्यक्त गरेका छन् । उनी आफ्नै सिद्धान्तमा अडिने व्यक्ति भएको हुँदा यस कुराको प्रभाव उनका निबन्धमा पनि पाइन्छ ।[१२३] उनका निबन्धमा उनले भोगेको जीवन र वर्तमानको यथार्थ चित्र पनि पाइन्छ ।

## (८) रामबाबु घिमिरे

---

[११९] रमेश भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[१२०] घटराज भट्टराई, पूर्ववत्, पृ. ४४७ ।

[१२१] रमेश भट्टराई, पूर्ववत्, पृ. १२४ ।

[१२२] जयदेव भट्टराई, पूर्ववत्, पृ. ७५ ।

[१२३] घटराज भट्टराई, पूर्ववत्, पृ. १२२ ।

रामबाबु घिमिरेको जन्म वि. सं. २०११ सालमा चितवनमा भएको हो । उनको साहित्यिक यात्रा २०३० सालतिरदेखि आरम्भ भएको हो ।[१२४] उनले विभिन्न पत्रपत्रिकामा निबन्ध प्रकाशित गरेको पाइन्छ । उनको एक मात्र निबन्धसङ्ग्रह प्रकाशित छ । उनको उक्त निबन्धसङ्ग्रह **म हरेस खान थालेको छु** २०४७ सालमा प्रकाशित भएको हो ।

रामबाबु घिमिरे निजात्मक निबन्ध सृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा वैयक्तिक चिन्तनलाई प्रस्तुत गरिएको पाइन्छ ।[१२५] उनका निबन्धमा वर्तमान सामाजिक, राजनैतिक तथा राष्ट्रिय गतिविधिप्रति वितृष्णाको भाव पनि व्यक्त भएको पाइन्छ ।

## (९) केदार शर्मा ढकाल

केदार शर्मा ढकालको जन्म वि. सं. १९८६ सालमा स्याङ्जामा भएको हो । उनले स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् ।[१२६] उनले नेपाली साहित्यमा काव्य, कविता, निबन्धको रचना गरी प्रकाशनसमेत गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **बाँच्न गाह्रो भो** (२०४७)

(२) **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८)

केदार शर्मा ढकालका निबन्धमा कवि व्यक्तित्वको प्रभाव पाइन्छ । उनका निबन्धमा वर्तमान अवधिका विकृति-विसङ्गतिले जीवन सरल ढङ्गबाट चल्न नसकेको कुरा व्यक्त भएको हुन्छ । उनका निबन्धको भाषा सरल छ र भाव सहज रहेको छ ।

## (१०) जगदीशचन्द्र भण्डारी

जगदीशचन्द्र भण्डारीको जन्म वि. सं. २०१९ मा स्याङ्जामा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर तथा विद्यावारिधि उपाधिसमेत प्राप्त गरेका छन् । उनी प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् ।[१२७] उनले कविता, कथा, निबन्ध र समालोचनाको सृजना गरेका छन् । उनका निबन्ध कृति यसप्रकार छन् :

(१) **अँध्यारोमा चलबलाएका शब्दहरू** (२०४७)

जगदीशचन्द्र भण्डारी प्रगतिशील निबन्धको सृजना गर्दछन् । उनका निबन्धमा समाजका विकृतिप्रति आक्रोश पोखिएको पाइन्छ । उनले निबन्धमा समाजमा परिवर्तन हुनुपर्ने भाव व्यक्त गरेका छन् । उनका निबन्धमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । उनका निबन्धमा समाजसुधारको चाहना पनि व्यक्त भएको पाइन्छ ।

## (११) राधाकृष्ण मैनाली

राधाकृष्ण मैनालीको जन्म २००३ सालमा मेची अञ्चलको ताप्लेजुङ जिल्लामा भएको हो । उनी उच्च शिक्षा लिने क्रममा नै राजनीतिमा सक्रिय भएका थिए । यिनले पञ्चायत कालमा लामो जेलजीवन पनि बिताएको पाइन्छ । यिनले नेपालको राजनीतिमा सक्रिय भएकै

---

[१२४] ऐजन, ५५२ ।

[१२५] ऐजन ।

[१२६] ऐजन, पृ. १५३ ।

[१२७] घटराज भट्टराई, पूर्ववत्, पृ. २३३ ।

कारण विभिन्न समयमा मन्त्रीपद समालेका थिए ।[१२८] उनी राजनीतिमा सक्रिय रहेको अवस्थामा पनि साहित्य सृजना गरेको पाइन्छ । उनले नेपाली साहित्यको निबन्धक्षेत्रमा योगदान गरेका छन् । उनका दुईवटा निबन्धसङ्ग्रह प्रकाशित छन् । उनका निबन्धसङ्ग्रह हुन् :

(१) **लुटिएका दुई थुँगा फूल** (२०४७)
(२) **बन्दी रहर** (२०५५)

राधाकृष्ण मैनालीका निबन्धमा संस्मरणको मिश्रण भएको पाइन्छ । उनले आफ्ना सम्झनामा रहेका अनुभूतिलाई निबन्धको स्वरूपमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा व्यक्त भएका जेल जीवनका संस्मरणहरू मार्मिक रहेका छन् । उनले जेलजीवनका क्रममा भोगेका कठोर अनुभूतिलाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।[१२९] उनी राजनीतिमा सक्रिय रहेर राजनीतिकै कारण भोग्नुपरेको जेलजीवनका अनुभूतिलाई व्यक्त गर्न सक्षम छन् ।

## (१२) रविकिरण निर्जीव

रविकिरण निर्जीवको जन्म वि. सं. २००३ सालमा लमजुङमा भएको हो । उनले स्नातक तहको अध्ययन पूरा गरेका छन् । उनी हाल चितवनमा बस्छन् र शिक्षण पेसामा संलग्न छ ।[१३०] उनको साहित्यिक यात्रा २०२० को दशकबाट आरम्भ भएको हो । उनले नेपाली साहित्यमा कविता, काव्य, उपन्यास सृजना गरेका छन् । उनले प्रकाशित गरेका निबन्धसङ्ग्रह चाहिँ यसप्रकार रहेका छन् :

(१) **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७)

रविकिरण निर्जीवका निबन्धमा सामाजिक यथार्थ प्रस्तुत गरिएको हुन्छ । उनका निबन्ध नेपाली समाजमा देखापरेका विसङ्गतिलाई व्यङ्ग्य गरेर सृजना भएका छन् । उनका निबन्धमा पाइने सरल शैली, गहन विचार र रोचक प्रस्तुतिले निबन्धलाई उत्कृष्टता प्रदान गर्नुका साथै उनलाई नेपाली साहित्यमा परिचित तुल्याएका छन् । उनले यथार्थवादी ढाँचामा समाजका विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् ।[१३१] उनका यी विविध प्रवृत्तिले उनी समसामयिक अवधिका चर्चित निबन्धकार बन्न पुगेका छन् ।

## (१३) खगेन्द्र सङ्ग्रौला

नेपाली साहित्यमा खगेन्द्र सङ्ग्रौला नामबाट परिचित खगेन्द्रराज सङ्ग्रौलाको जन्म वि. सं. २००३ सालमा पाँचथरमा भएको हो । उनले स्नातक तहको अध्ययन पूरा गरेका छन् । यिनको साहित्यिक यात्रा २०२४ सालको **बिहानी** पत्रिकामा प्रकाशित 'अधुरो प्रेम भिजेको रुमाल' शीर्षकको लेख प्रकाशित भएपछि सुरु भएको हो ।[१३२] यिनले नेपालीमा कथा, उपन्यास, हास्यव्यङ्ग्य सृजना गर्नुका साथै अन्य भाषाका कृतिलाई नेपालीमा अनुवादसमेत गरेका छन् । यिनका विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रशस्त निबन्धहरू प्रकाशित भएका छन् । यिनले आफ्ना निबन्धलाई सङ्ग्रहका रूपमा पनि प्रकाशित गरेका छन् । यिनका क्षेत्रमा प्रकाशित निबन्ध कृतिहरू यसप्रकार छन् :

---

[१२८] ऐजन, पृ. ५३८ ।
[१२९] ऐजन ।
[१३०] ऐजन, पृ. ५२७ ।
[१३१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८१ ।
[१३२] जयदेव भट्टराई, पूर्ववत्, पृ. ९९ ।

(१) **आन्दोलनका छर्राहरू** (२०४७)

(२) **जामा र यमदूतहरू** (२०५९)

(३) **ईश्वर, घोडा र मेरा बा** (२०६०)

(४) **सम्झनाका ऐनाका तस्वीरहरू** (२०६२)

(५) **सम्झनाका कुइनेटाहरू** (२०६४)

खगेन्द्र सङ्गौलाका निबन्धमा सामाजिक विकृति र राजनीतिक बिडम्बनाका कुरूप पक्षलाई व्यक्त गरिएको हुन्छ । उनका निबन्ध यथार्थमा आधारित छन् । उनका निबन्धमा समकालीन प्रवृत्तिलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । उनको यस प्रवृत्तिले निबन्धलाई जीवन्तता प्रदान गरेको छ । यथार्थवादी दृष्टि, वस्तुपरक चिन्तनपद्धतिको प्रस्तुतीकरणका दृष्टिले उनका निबन्ध सशक्त छन् ।[१३३] उनका निबन्धमा चिन्तनको प्रस्तुति हुन्छ । उनले निबन्धमा आफूलाई लागेका कुरा सोझै प्रस्तुत पनि गरेका छन् ।

## (१४) चन्द्रमणि प्रसाईं

चन्द्रमणि प्रसाईंको जन्म वि. सं. २०१३ मा झापा जिल्लामा भएको हो । उनी माध्यमिक तहको अध्ययन गरी पत्रकारिता पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३० सालतिर कविता विधाबाट सुरु भएको हो ।[१३४] उनले नेपालीमा कविता, काव्य, निबन्धको सृजना गरेका छन् । उनले सृजना गरेका र प्रकाशित गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **चन्द्रमणिका निबन्धहरू** (२०४७)

(२) **सूक्ष्मतरङ्ग** (२०४८)

चन्द्रमणि प्रसाईं वस्तुपरक चेतना र परात्मक मूल्य भएका निबन्ध सृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा आदर्शका स्वरहरू पाइन्छ । उनका निबन्धमा समसामयिक विसङ्गतिप्रति व्यङ्ग्य कमै पाइन्छ । उनका निबन्धमा सरल भाषा र सरल चिन्तन व्यक्त भएको हुन्छ ।[१३५] उनले आफ्ना निबन्धमा सरल भाषाशैलीमा सरल भाव व्यक्त गरेर परात्मक मूल्य भएका निबन्ध सृजना गरेका छन् ।

## (१५) श्यामप्रसाद शर्मा

श्यामप्रसाद शर्माको जन्म वि. सं. १९८६ मा मकवानपुरमा भएको हो । उनको वास्तविक नाम श्यामप्रसाद लामिछाने हो र उनले विमर्श, दर्शन, बेनामी, हरि शर्मा, राम, कृष्ण अर्याल, ज्योतिकान्त आदि उपनामबाट पनि साहित्य सृजना गरेका छन् । उनले माध्यमिक तहको शिक्षा आर्जन गरेका छन् । उनले राजनीति मार्फत समाजको सेवा पनि गरेका छन् । उनको साहित्यिक यात्रा २००२ सालतिर **उदय** पत्रिकामा 'सन्देश' शीर्षकको कविता प्रकाशित भएपछि सुरु भएको हो ।[१३६] उनले निबन्ध क्षेत्रमा पनि प्रशस्त कृतिहरू प्रकाशित गरेका छन् । उनका २०३६ पूर्व प्रकाशित निबन्धकृति **बहिनीलाई चिठी** (२००८), **लेखक कसरी बन्ने ?** (

---

[१३३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८० ।

[१३४] जयदेव भट्टराई, पूर्ववत्, पृ. १३८ ।

[१३५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९० ।

[१३६] ऐजन, पृ. ५०७ ।

२०१०), **तँ तिमी तपाई हजुर** (२०१४) आदि रहेका छन् । उनका २०३६ पछाडि प्रकाशित निबन्धसङ्ग्रह चाहिँ यसप्रकार छन् :

(१) **प्रगतिका निम्ति** (२०४७)
(२) **हाम्रा बालबालिकाहरू र हाम्रो नयाँ पुस्ता** (२०४७)
(३) **धनीको पनि जोड लिने** (२०४८)
(४) **सबैका लागि घर** (२०४९)
(५) **प्रेम र विवाह** (२०४९)
(६) **साहित्यको सापेक्षतामा** (२०५०)
(७) **तन्नेरी साथीसित दुईचार कुरा** (२०५४)
(८) **मेरा डायरीका पाना** (२०५७)
(९) **मेरा डायरीका पाना १९९६** (२०६२)
(१०) **श्यामप्रसादका निबन्धहरू** (२०६२)
(११) **जुत्ता बेच्ने पसलमा** (२०६३)

श्यामप्रसाद शर्मा प्रगतिवादी चिन्तन पद्धति र व्यङ्ग्यलाई प्रस्तुतीकरणको माध्यम बनाउने निबन्धकार हुन् । उनका निबन्धमा प्रायः निजात्मक गुण पाइन्छ । उनका निबन्धमा सामाजिक रूढिहरूको निराकरण हुनुपर्ने भाव व्यक्त भएको हुन्छ । उनका निबन्धमा समाजमा व्याप्त वर्गीय विषमता निर्मूल हुनुपर्ने भाव व्यक्त भएको पाइन्छ । उनका निबन्धमा शिल्प र विचारको संयोजन पाइन्छ । उनका निबन्धमा सौन्दर्य र व्यङ्ग्य व्यवस्थित रूपमा प्रदर्शित भएको छ ।[१३७] उनका यी विशेषताले गर्दा उनी नेपाली निबन्ध साहित्यमा सफल, सक्षम, उच्च प्रतिभा भएका स्रष्टाका रूपमा स्थापित छन् ।

## (१६) देवकुमारी थापा

देवकुमारी थापाको जन्म वि. सं. १९९५ सालमा दार्जिलिङको खर्साङमा भएको हो । उनी साधारण शिक्षा पाई गृहिणीका रूपमा क्रियाशील रहेको पाइन्छ । उनले कथा विधाबाट साहित्य यात्रा आरम्भ गरेकी हुन् ।[१३८] उनले नेपाली साहित्यमा कथा, कविता र बालसाहित्यका क्षेत्रमा विभिन्न सृजनामार्फत उल्लेख्य योगदान गरेकी छिन् । उनले नेपाली निबन्धतर्फ एउटा सङ्ग्रह प्रकाशित गरेकी छिन् । उनको निबन्धसङ्ग्रह यसप्रकार छ :

(१) **क्षण, विचार र स्मृतिहरू** (२०४७)

देवकुमारी थापा नेपाली निबन्ध साहित्यमा संस्मरण लेख्ने स्रष्टा हुन् । उनले आफ्ना अनुभूतिलाई संस्मरणका रूपमा निबन्धन गरेकी छिन् ।[१३९] उनका निबन्धहरू सरल भाषाशैलीमा सृजना भएका छन् र भाव पनि सहज र सम्प्रेष्य रहेको देखिन्छ ।

## (१७) मञ्जुल

नेपाली साहित्यमा मञ्जुल नामबाट परिचित मेघराज शर्मा नेपालको जन्म वि. सं. २००३ सालमा भोजपुरको गोगनेमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेर प्राध्यापन कार्यमा संलग्न छन् । उनको साहित्यिक यात्रा २०१७/०१८सालतिर कविता

---

[१३७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १२५ ।
[१३८] जयदेव भट्टराई, पूर्ववत्, पृ. २०८ ।
[१३९] नेत्र एटम, पूर्ववत्, पृ. १२२ ।

विधाबाट भएको हो । उनी नेपाली साहित्यमा राल्फा आन्दोलनमा पनि सक्रिय रहेको पाइन्छ ।[१४०] उनले कविता, उपन्यास, निबन्ध तथा गीतको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनले आफ्ना निबन्धलाई सङ्ग्रहका रूपमा समेत प्रकाशित गराएका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **जाने होइन दाइ आलापोट** (२०४७)

(२) **सम्झनाका पाइलाहरू** (?)

मञ्जुल नेपाली निबन्धका क्षेत्रमा यात्रानिबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा यथार्थवादी चिन्तन व्यक्त भएको पाइन्छ । उनका निबन्धमा निजात्मक अनुभूति र प्रगतिवादी दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । उनका निबन्ध स्वदेश भ्रमणमा आधारित छन् । उनका निबन्धमा प्रयोग भएको भाषा कवितात्मक छ । उनले नेपालका पहाडी क्षेत्रलाई निबन्धको परिवेश बनाएका छन् ।[१४१] उनका निबन्ध सरल र सरस छन् । उनका निबन्धमा प्रस्तुत भएका यिनै विशेषताले उनी समसामयिक पुस्ताका प्रतिभाशाली स्रष्टा मानिन्छन् ।

## (१८) हृदयप्रसाद मिश्र

हृदयप्रसाद मिश्रको जन्म वि. सं. २०१९ मा काठमाडौँमा भएको हा; उनले नेपाली र नेवारी दुवै भाषामा निबन्धको सृजना गरेका छन् । उनले निबन्ध विधामा सङ्ग्रहसमेत प्रकाशित गरेका छन् ।[१४२] उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **उद्घाटन** (२०४७)

(२) **च्वाँक** (२०५१)

हृदयप्रसाद मिश्र मूल रूपमा हास्यव्यङ्ग्य निबन्धको सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा प्रजातन्त्रको पुनर्स्थापनापछि समाजमा देखिएका विसङ्गतिलाई विषय बनाइएको हुन्छ । उनका निबन्धमा आनुप्रासिक शब्दहरूको कलात्मक संयोजन पाइन्छ, जसका कारण निबन्ध कवितात्मक बन्न पुगेका छन् ।[१४३] उनका निबन्धको आयाम लघु र शिल्प कलात्मक रहेको पाइन्छ ।

## (१९) कृष्ण धरावासी

नेपाली साहित्यमा कृष्ण धरावासी नामबाट परिचित कृष्णप्रसाद भट्टराईको जन्म वि. सं. २०१७ सालमा पाँचथर जिल्लाको अमरपुरमा भएको हो । उनी स्नातक तहको अध्ययन पूरा गरी बैकिङ्ग सेवामा संलग्न व्यक्तित्व हुन् । उनले नेपालीमा कविता, निबन्ध, कथा र उपन्यास सृजना गरेका छन् ।[१४४] आफ्नो **राधा** उपन्यासका लागि उनले मदन पुरस्कार पनि प्रदान प्राप्त गरेका छन् । उनका निबन्धकृति यसप्रकार छन् :

(१) **बालक हराएको सूचना** (२०४८)

---

[१४०] ऐजन, पृ. ३३८ ।

[१४१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७८ ।

[१४२] माणिकरत्न शाक्य, (सम्पा.), **हास्यव्यङ्ग्यकार नालीबेली**, (काठमाडौँ : सिस्नोपानी नेपाल, २०५६), पृ. ७६ ।

[१४३] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २८ ।

[१४४] जयदेव भट्टराई, पूर्ववत्, पृ. ७० ।

(२) **नारीभित्र त्यस्तो के छ हजुर ?** (२०५३)

(३) **उत्तमजङ्ग सिजापतिको आलु** (२०५६)

कृष्ण धरावासीका निबन्धमा सामान्य विषयलाई पनि कुशल ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । उनका निबन्धमा समाजको यथार्थका साथै मानवीय जीवनको संवेदना पनि व्यक्त भएको पाइन्छ । उनले आफ्ना निबन्धमा नेपाली समाजका विवशतालाई सरल र स्वाभाविक रूपमा प्रस्तुत गरेका छन् । उनले निबन्धमा हार्दिकताका साथै मनको अभिव्यक्तिलाई पाठकसामु छर्लङ्ग राखेको पाइन्छ ।[१४५] उनका निबन्धमा सामाजिक विकृति र विसङ्गतिको चित्रण पनि पाइन्छ तापनि देखाउने काम भए पनि त्यसको विरोधमा आवाज उठाएको भने पाइँदैन ।

## (२०) पारिजात

नेपाली साहित्यमा पारिजातका नामबाट परिचित विष्णुकुमारी बाइबाको जन्म वि. सं. १९९४ मा दार्जिलिङको लिङ्गिया चियाबगानमा भएको हो । उनी स्नातक तहको अध्ययन गरेर साहित्य सेवामा समर्पित व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१३ सालतिरबाट कविता विधाबाट आरम्भ भएको हो ।[१४६] उनले नेपाली साहित्यमा कथा, कविता, उपन्यास, निबन्ध, संस्मरण लेखेकी छिन् । उनले लेखेको **शिरीषको फूल** उपन्यासलाई मदन पुरस्कारसमेत प्राप्त भएको थियो । उनले निबन्ध विधामा एउटा कृति प्रकाशित गरेकी छन् । उनको निबन्धसङ्ग्रह **आधी आकाश** (२०४८) सालमा प्रकाशित भएको हो ।

पारिजातका निबन्ध चिन्तनपरक छन् । उनका निबन्धमा आत्मसंस्मरणात्मक तत्त्वको प्रधानता पाइन्छ । उनले आफ्ना निबन्धमा कवितात्मक भाषाशैलीको प्रयोग गरेकी छन् । उनका निबन्धमा सामाजिक रूढिको तीव्र विरोध गरिएको छ । उनका निजात्मक निबन्धले पाठकलाई निकै आकर्षित गर्छन् ।[१४७] उनका निबन्धमा भाषिक मिठास, शिल्पगत संयोजन र कलात्मक उच्चता पाइन्छ ।

## (२१) आनन्ददेव भट्ट

आनन्ददेव भट्टको जन्म वि. सं. १९९३ सालमा जुम्लाको खलङ्गामा भएको हो । उनी अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेर त्रि. वि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न भएका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१३ सालतिर कविता विधाबाट आरम्भ भएको हो ।[१४८] उनले नेपाली साहित्यमा कविता, निबन्ध, समालोचना आदिको सृजना गरेका छन् । उनले निबन्ध साहित्यमा पुस्तकाकार कृति पनि प्रकाशित गरेका छन् । उनका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **दृष्टिबिन्दु** (२०४८)

(२) **केही आत्मपरक निबन्धहरू** (२०४९)

(३) **सिर्जनात्मक निबन्धहरू** (२०५४)

(४) **जगत्को सृष्टि र सञ्चालन प्रक्रिया** (२०५२)

---

[१४५] रमेश भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[१४६] जयदेव भट्टराई, पूर्ववत्, पृ. २६० ।

[१४७] रमेश भट्टराई, पूर्ववत्, पृ. १२१ ।

[१४८] जयदेव भट्टराई, पूर्ववत्, पृ. १९ ।

आनन्ददेव भट्टका निबन्धमा निजात्मक गुणको प्रधानता रहेको पाइन्छ । उनका निबन्ध व्यङ्ग्यात्मकता र बौद्धिकताले भरिएका छन् । उनका निबन्धमा प्रगतिमूलक यथार्थको सार्थक प्रयोग गरिनुका साथै सामाजिक विकृति र विसङ्गतिको निराकरण हुनुपर्नेमा जोड दिइएको हुन्छ । यिनका कतिपय रचनामा प्रबन्धात्मक गुणसमेत पाइन्छ । यिनको 'जगत्को सृष्टि र सञ्चालन प्रक्रिया' शीर्षक निबन्धमा दार्शनिक तत्त्व पाइन्छ ।[१४९] यिनका निबन्धमा पाइने उपर्युक्त गुणका कारण उनी सफल र सक्षम निबन्धकारका रूपमा परिचित छन् ।

## (२२) तुलसीराम शर्मा 'कश्यप'

नेपाली साहित्यमा तुलसीराम शर्मा 'कश्यप' नामबाट परिचित तुलसीराम शर्मा अधिकारीको जन्म वि. सं. १९९५ मा पूर्व सिक्किममा भएको हो । उनी स्नातक तहको अध्ययन गरी राजनीतिमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१९ सालतिर **उदय** पत्रिकामा 'कल्पना' शीर्षकको निबन्ध प्रकाशित भएपछि आरम्भ भएको हो ।[१५०] उनले नेपाली साहित्यमा महाकाव्य, कविता, निबन्ध र कथाको सृजना गरेका छन् । आफ्ना फुटकर निबन्धलाई समेटेर उनले **कल्पना** शीर्षकमा २०४८ सालमा निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । उनको निधन २०५४ सालमा भएको हो ।

तुलसीराम शर्माका निबन्धमा राष्ट्रियताको भाव व्यक्त भएको पाइन्छ । यिनले नेपालबाहिरको नेपाली समाजमा विविध पक्षलाई पनि आफ्ना निबन्धमा समेटेका छन् । यिनका निबन्धमा कवितात्मक भाषाशैलीको प्रयोग भएको हुन्छ ।[१५१] यिनका निबन्धमा शैलीगत सरलता र भावगत सहजता पाइन्छ ।

## (२३) नरेन्द्रराज प्रसाईं

नरेन्द्रराज प्रसाईंको जन्म वि. सं. २०१२ सालमा ताप्लेजुङको हाङपाङमा भएको हो । यिनले स्नातक तहको अध्ययन पूरा गरेका छन् । उनी साहित्यसृजना र सङ्गठनमा विशेष रुचि राख्ने व्यक्तित्व हुन् । यिनको साहित्यिक यात्रा २०२९ सालतिर कविता विधाबाट थालिएको हो ।[१५२] यिनले नेपाली साहित्यमा गीत, कविता, निबन्ध, जीवनी र समीक्षा लेखेका छन् । यिनका निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **मेरो प्यारो कञ्चनजङ्घा** (२०४९)

(२) **मेरो मोती पुरस्कार** (२०४९)

(३) **जनप्रियताको नाम** (२०५३)

(४) **अक्षरको प्रदर्शनी** (२०५५)

(५) **एउटा महारथिको जबाफ** (२०५७)

नरेन्द्रराज प्रसाईं आत्मपरक निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा जीवनका विभिन्न क्षणमा आएका प्रसङ्गलाई सूक्ष्म रूपले केलाइएको हुन्छ । उनका निबन्धको भाषामा

---

[१४९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४५ ।

[१५०] जयदेव भट्टराई, पूर्ववत्, पृ. १९१ ।

[१५१] घटराज भट्टराई, पूर्ववत्, पृ. २८५ ।

[१५२] जयदेव भट्टराई, पूर्ववत्, पृ. २३८ ।

स्पष्टता, अभिव्यक्तिमा तीव्रता एवम् दृष्टिकोणमा व्यङ्ग्यात्मकता पाइन्छ ।[153] उनका निबन्धमा व्यक्तिविशेषप्रति कठोर प्रहार पनि पाइन्छ । यस क्रममा उनले निबन्धमा व्यक्तिगत आक्षेप, आरोप-प्रत्यारोप समेत गरेको पाइन्छ । उनमा भएको तिक्खर र निडरपन निबन्धमा पनि देखिन्छ । उनका निबन्ध सरल छन् र सहज पनि छन् । उनका यस्ता विविध प्रवृत्तिले उनी समसामयिक पुस्ताका चर्चित निबन्धकार बनेको पाइन्छ ।

## (२४) तेजप्रकाश श्रेष्ठ

तेजप्रकाश श्रेष्ठको जन्म वि. सं. २००३ सालमा थानकोट चुनिखेलमा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनी निजामती सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१८ सालतिरै आरम्भ भएको हो ।[154] उनले कथा, निबन्ध, कविता विधामा कलम चलाएका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **पाइलाका डोबहरू** (२०४८)

(२) **दौडाहा घुमाउरा बाटाहरूमा** (२०५७)

तेजप्रकाश श्रेष्ठले आफ्ना निबन्धमा यात्राको वर्णन गरेका छन् । उनका निबन्धमा यात्राका अनुभवलाई प्रस्तुत गरिएको हुन्छ । उनका निबन्धमा यात्रावर्णन, स्थानवर्णन तथा संस्कृति र पर्वहरूको उद्घाटन भएको पाइन्छ ।[155] उनका निबन्ध मझौला आयामका छन् । आफू जागिरका क्रममा घुमेका, पुगेका र अनुभव गरेका सन्दर्भलाई श्रेष्ठले निबन्धमा अभिव्यक्त गरेका छन् ।

## (२५) मोहन दुवाल

मोहन दुवालको जन्म २००६ सालमा काभ्रेको बनेपामा भएको हो । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा मुक्तक, कविता, लेख, निबन्ध आदिको सृजना गरेका छन् ।[156] उनले सृजना गरेका निबन्धका सङ्ग्रह यसप्रकार छन् :

(१) **गर्भका रहस्यहरू** (२०४८)

(२) **वैचारिक अनुभूति** (२०६४)

मोहन दुवालका निबन्ध विभिन्न सन्दर्भ र अनुशासनसँग सम्बद्ध छन् र निजात्मक प्रकृतिका छन् । उनका निबन्धमा राजनीति, अर्थतन्त्र र संस्कृतिका विसङ्गतिलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको हुन्छ । उनका निबन्ध लघु आयाममा संरचित छन् ।[157] उनका निबन्धमा वस्तुस्थितिको सटीक टिप्पणी गरिएको पाइन्छ ।

## (२६) रुद्र खरेल

---

[153] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९० ।

[154] घटराज भट्टराई, पूर्ववत्, पृ.२८८ ।

[155] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८९ ।

[156] घटराज भट्टराई, पूर्ववत्, पृ. ४९८ ।

[157] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८५ ।

रुद्र खरेलको जन्म वि. सं. २००४ सालमा पाँचथरमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी प्राध्यापन कार्यमा संलग्न भएका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो ।[१५८] उनले कविता, निबन्ध, समीक्षा र भाषाव्याकरणमा समेत कलम चलाएको पाइन्छ । उनले निबन्ध साहित्यमा २०४० को दशकबाट सक्रियता देखाउँदै आएका हुन् । उनको मृत्यु २०६५ सालमा भएको हो । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **तपाईंको नाम के हो** (२०५९)

(२) **तोरी लाहुरे चोकमा एक छिन्** (२०५२)

(३) **बिर्सिस्यो कि ?** (२०५७)

(४) **आषाढस्य प्रथम दिवसे** (२०५९)

(५) **तेस्रो आँखा** (२०६१)

(६) **शब्दको भ्वाङ** (२०६३)

रुद्र खरेलले आफ्ना निबन्धमा समाजमा बढ्दै गएको विकृति तथा क्षीण हुँदै गएका मानवीय आदर्शलाई एवम् जीवन तथा परिवेशका विसङ्गतिलाई यथार्थ ढङ्गले प्रस्तुत गरेका छन् । उनको शिल्प व्यङ्ग्यात्मक रहेको छ । उनका निबन्धमा मान्छेले आदर्शका आवरणले नाङ्गो यथार्थलाई छोपे पनि त्यो नटिक्ने भाव व्यक्त भएको पाइन्छ । उनको प्रस्तुति कवितात्मक रहेको छ । उनका निबन्धले बहुदल आएपछि थपिएका विकृतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । उनका निबन्धमा सानोतिनो विषयवस्तुलाई लिए पनि चोटिलो व्यङ्ग्य गरिएको हुन्छ ।[१५९] उनका निबन्धमा पाइने यिनै विशेषताले गर्दा उनी समसामयिक पुस्ताका सफल व्यङ्ग्यकारका रूपमा स्थापित छन् ।

## (२७) राजेन्द्र सुवेदी

राजेन्द्र सुवेदीको जन्म वि. सं. २००२ सालमा पाँचथरको अमरपुरमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न छन् । उनको साहित्ययात्रा कविता विधाबाट आरम्भ भएको हो ।[१६०] उनले नेपाली साहित्यमा निबन्ध र समालोचनाको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धहरूका सङ्ग्रहसमेत प्रकाशित भएका छन् । उनका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **खाली सिसी पुरानो कागज** (२०४९)

(२) **मेरो यात्रा मेरो परिवेश** (२०५४)

(३) **अब मेरो क्यासेट बन्द हुन्छ** (२०५६)

(४) **म हुँ औंला नकाटिएको एकलब्य** (२०६५)

(५) **गुडबाइ ! छोडिजानेहरूलाई** (२०६५)

राजेन्द्र सुवेदी समसामयिक युगका सशक्त निबन्धकार हुन् । उनका निबन्धमा सामान्य विषयवस्तुलाई लिएर पनि जीवनको यथार्थ प्रस्तुत गरिएको हुन्छ । उनका निबन्धमा समाजका

---

[१५८] घटराज भट्टराई, पूर्ववत्, पृ. ५६१ ।

[१५९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.

[१६०] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३९७ ।

नराम्रा पक्षमाथि तीव्र व्यङ्ग्य प्रहार गरिएको हुन्छ । उनका निबन्धका शिल्पमा चेतनप्रवाह, चिन्तनमा यथार्थता र वस्तुमा स्वैरकल्पनात्मक तत्त्वको मिश्रण गरिएको हुन्छ । समाजमा देखापरेका विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्नु, पतनमुखी चरित्र र समाजका कुरूप पक्षलाई चोटिलो प्रहार गर्नुजस्ता प्रवृत्ति पाइन्छन् । उनले यात्रानिबन्धको पनि सृजना गरेका छन् । उनका यात्रानिबन्धमा प्राकृतिक, भौगोलिक पक्षका साथै गरिबी, पीडा र दु:खमा पिरोलिएको नेपाली समाजको चित्रण गरिएको हुन्छ ।[१६१] नेपाली समाजको यथार्थ चित्रण गर्ने उनी यस पुस्ताका अग्रणी निबन्धकार हुन् ।

## (२८) प्रेमकुमार खत्री

प्रेमकुमार खत्रीको जन्म वि. सं. २००२ मा भएको हो । उनले त्रि. वि. बाट संस्कृति विषयमा सञ्चालित स्नातकोत्तर तहको परीक्षामा सबभन्दा बढी अङ्क ल्याई चान्सलर पदक पाएका हुन् । उनले विद्यावारिधि उपाधि पनि हासिल गरेका उनले मानविकी सङ्कायका डीन, केन्द्रीय शिक्षण विभागका प्रमुखजस्ता पदमा रही कार्य गरेका थिए ।[१६२] उनले विभिन्न पत्रपत्रिकामा लेख निबन्ध प्रकाशित गरेको पाइन्छ । उनको निबन्ध सङ्ग्रहसमेत प्रकाशित छ । उनको प्रकाशित निबन्धसङ्ग्रह **केही चिन्तन : केही संस्मरण** (२०४९) हो ।

प्रेमकुमार खत्रीका निबन्ध संस्मरणात्मक शैलीका रहेका छन् । उनका निबन्धमा समाज र संस्कृतिको वर्णन गरिएको हुन्छ । उनका निबन्धमा मानवीय भावलाई वैयक्तिक पाराले अभिव्यक्त गरेको पाइन्छ ।[१६३] उनले आफ्ना निबन्धमा पुरातत्त्वसँग सम्बन्धित पक्षलाई समेत प्रस्तुत गरेका छन् ।

## (२९) भरत जङ्गम

नेपाली साहित्यमा भरत जङ्गम नामबाट परिचित भरतमणि जङ्गमको जन्म वि. सं. २००४ सालमा भक्तपुरमा भएको हो । उनी स्नातक उपाधि प्राप्त गरी कृषि सेवामा संलग्न भएका थिए ।[१६४] उनले कथा, कविता, निबन्ध, उपन्यास आदि विधामा कलम चलाएका छन् । उनले रचना गरेका उपन्यास अन्य विभिन्न भाषामा पनि अनुवाद भएको पाइन्छ । उनले रचना गरेका निबन्धहरूको सङ्ग्रह **पचास प्रसङ्ग** (२०४९) सालमा प्रकाशित भएको छ ।

भरत जङ्गमका निबन्धमा राजनीतिक चिन्तन पाइन्छ । उनका निबन्धमा सामाजिक विकृतिलाई उदाङ्गो पारेर देखाइएको छ । उनी राजनीतिक चिन्तनपूर्ण लेख लेख्ने लेखक भएकाले उनका निबन्धमा राजनीतिक विषयको प्रवेश भएको पाइन्छ ।[१६५] उनका निबन्धले समाजमा राजनीतिका कारणले विकृतिले पैदा भएको कुरा उद्घाटन गरेका छन् ।

## (३०) सुधा त्रिपाठी

---

[१६१] रमेश भट्टराई, पूर्ववत्, पृ. १२० ।

[१६२] घटराज भट्टराई, पूर्ववत्, पृ. ३९७ ।

[१६३] ऐजन ।

[१६४] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३११ ।

[१६५] घटराज भट्टराई, पूर्ववत्, पृ. ४३० ।

सुधा त्रिपाठीको जन्म वि. सं. २०१५ सालमा दोलखाको सुनखानीमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेर त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३४ सालमा रेडियो नेपालबाट प्रसारित 'नेपाली भाषा आजको परिप्रेक्ष्यमा' शीर्षकको लेखबाट भएको हो ।[१६६] उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध, नाटक र समालोचना लेखेकी छन् । उनले लेखेका निबन्धहरू सङ्ग्रहका रूपमा प्रकाशित छन् र ती सङ्ग्रहहरू यसप्रकार छन् :

(१) **बादल, धर्ती र आस्थाहरू** (२०५०)

(२) **जीवनसूत्र र स्वप्नाभास** (२०५३)

(३) **सुट, टाई र सुगुर** (२०५९)

(४) **अमर सिर्जनाहरू** (२०६५)

सुधा त्रिपाठीका निबन्धमा निजात्मक गुण पाइन्छ । उनले यात्रामूलक निबन्ध पनि सृजना गरेकी छन् । उनका निबन्धमा कवितात्मक भाषाको प्रयोग, बौद्धिकता र हार्दिकताको संयोजन, युगीन विसङ्गति र मूल्यहीनताप्रति वैचारिक विद्रोहजस्ता प्रवृत्ति पाइन्छन् । उनका निबन्धले सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा देखापरेका विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । उनका निबन्ध संवेदनहीन बन्दै गएको मानवमूल्यका ह्रासोन्मुख पक्षमा केन्द्रित छन् ।[१६७] उनले सरल, सहज भाषाको प्रयोग गरेकी छन् । उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी समसामयिक पुस्ताकी प्रतिभाशाली नारी स्रष्टा ठहर्छिन् ।

## (३१) जयराम शर्मा 'विरक्ति'

जयराम शर्मा 'विरक्ति' को जन्म वि. सं. २००२ सालमा काठमाडौँ ढुङ्गा अड्डामा भएको हो । उनको वास्तविक नाम जयराम लुइटेल हो । उनले प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन् ।[१६८] उनको साहित्यसृजना मिहिनेत, प्रतिभा र साधनाका कारण अगाडि बढिरहेको छ । उनले कविता र निबन्ध विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **तँलाई हरियो बाँस** (२०५०)

(२) **टिम्मुर** (२०५२)

(३) **चौसी भैलो** (२०५५)

जयराम शर्मा 'विरक्ति'का निबन्ध मूल रूपमा हास्यव्यङ्ग्यप्रधान रहेका छन् । उनका निबन्धमा सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेका विकृतिमाथि व्यङ्ग्य गरेको पाइन्छ ।[१६९] उनका निबन्धमा सरल भाषाको माध्यमबाट सहज भाव व्यक्त गरिएको पाइन्छ । उनका निबन्धमा हास्यव्यङ्ग्यात्मक शैली पाइन्छ ।

## (३२) रमेश विकल

नेपाली साहित्यमा रमेश विकलका नामबाट परिचित रामेश्वर चालिसेको जन्म वि. सं. १९८५ मा काठमाडौँको गोकर्णमा भएको हो । उनी स्नातक तहको अध्ययन गरी सरकारी

[१६६] ऐजन, पृ. ५२८ ।

[१६७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९१ ।

[१६८] घटराज भट्टराई, पूर्ववत्, पृ. २४५ ।

[१६९] ऐजन ।

सेवामा संलग्न भएका थिए । उनको साहित्यिक यात्रा २००६ सालतिर **शारदा** पत्रिकामा 'गरीब' शीर्षकको कथा प्रकाशित गरेर भएको हो ।[१७०] उनले नेपाली साहित्यका कथा, कविता, निबन्ध, उपन्यास आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धको पहिलो सङ्ग्रह **सात सूर्य एक फन्को** (२०३४) सालमा प्रकाशित भएको पाइन्छ । उनले यसपछि सृजना गरेका निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **नीलगिरीको छायामा** (२०५०)

(२) **मेरो अविरल जीवन गीत** (२०६०)

रमेश विकलका निबन्धमा निजात्मक गुण पाइन्छ । उनले यात्रानिबन्धको सृजना गरेका छन् । उनका यात्रानिबन्धमा प्रकृतिको मात्र नभएर समाज र जीवनको यथार्थ प्रस्तुति पाइन्छ । सामाजिक जीवन र विसङ्गतिलाई लिई त्यसैलाई यात्राको सेरोफेरोभित्र समेटेर निबन्धन गर्ने कौशल उनमा छ । उनका निबन्धमा नेपाली जनजीवन, भूगोल र यथार्थको चित्रण पाइन्छ र उनका निबन्धको भाषा रोचक र मनमोहक रहेको छ ।[१७१] उनले आत्मसंस्मरणात्मक निबन्ध पनि सृजना गरेका छन् ।

## (३३) गोविन्द गिरी 'प्रेरणा'

नेपाली साहित्यमा गोविन्द गिरी 'प्रेरणा' र सुदामा नामबाट साहित्य सृजना गर्ने गोविन्द गिरीको जन्म वि. सं. २०१५ सालमा काठमाडौँको फर्पिङमा भएको हो । उनी वाणिज्यशास्त्रमा स्नातकसम्मको अध्ययन पूरा गरी त्रि. वि. प्रशासन सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३५ सालतिर **किनारा** शीर्षकको कथाबाट प्रकाशित गरेर सुरु भएको हो ।[१७२] उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध, उपन्यास, नाटक आदिको सृजना गरेका छन् । उनले रचना गरेका निबन्धहरूका सङ्ग्रह यसप्रकार छन् :

(१) **फेरो** (२०५०)

(२) **टिस्टाको किनारै किनार** (२०५५)

(३) **पाउली बुलु** (२०६०)

गोविन्द गिरी यात्रासंस्मरणको सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा नेपाल र नेपालबाहिरको नेपाली परिवेशको चित्रण गरिएको पाइन्छ । उनका निबन्धमा काव्यिक गुण पाइनुका साथै यात्राका अनुभूतिको चित्रण गरिएको पाइन्छ ।[१७३] यात्राका अनुभवलाई रोचक ढङ्गले प्रस्तुत गर्ने कला उनमा देखिन्छ ।

## (३४) बेन्जु शर्मा

बेन्जु शर्माको जन्म वि. सं. २००४ सालमा काठमाडौँको डिल्लीबजारमा भएको हो । उनी नेपाली तथा संस्कृत विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१७ सालतिर **रूपरेखा** पत्रिकामा 'नेपाल' शीर्षकको कविता प्रकाशित भएपछि सुरु भएको हो ।[१७४] उनले नेपाली साहित्यमा कथा, एकाङ्की, कविता र निबन्धको सृजना गरेकी छन् । उनले रचना गरेका

---

[१७०] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३९० ।

[१७१] रमेश भट्टराई, पूर्ववत्, पृ. १२२ ।

[१७२] जयदेव भट्टराई, पूर्ववत्, पृ. १२७ ।

[१७३] नेत्र एटम, पूर्ववत्, पृ. १२० ।

[१७४] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३०६ ।

निबन्धहरूको सङ्ग्रह **हाम्रो सवाल दाइभाइको जवाफ** शीर्षकमा २०५० सालमा प्रकाशित भएको छ ।

बेन्जु शर्माका निबन्धमा नाटकीय गुणको प्रधानता पाइन्छ । उनका निबन्धमा वस्तुताको मात्रा ज्यादा रहेको देखिन्छ ।[१७५] उनका निबन्धमा संवादात्मक गुण र अभिव्यक्तिगत मिठास पाइन्छ ।

## (३५) प्रकाश प्रेमी

नेपाली साहित्यमा प्रकाश प्रेमी नामबाट परिचित प्रकाशमान श्रेष्ठको जन्म वि. सं. २००६ सालमा काठमाडौँमा भएको हो । उनी नेपाली निबन्धका क्षेत्रमा २०४६ पछि देखापरेका प्रतिभा हुन् । उनको निधन २०५१ सालमा भएको हो ।[१७६] उनले सृजना गरेका रचनालाई **पर जा तन्त्र** शीर्षकमा २०५० सालमा सङ्ग्रहका रूपमा प्रकाशित गरेका छन् ।

प्रकाश प्रेमीका निबन्धमा समसामयिक समाजका विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य गरिएको हुन्छ । उनका निबन्धमा प्रजातान्त्रिक कालका स्वार्थी नेताका चरित्र, प्रशासनिक क्षेत्रभित्रका कमजोरी, अस्तव्यस्त सामाजिक संरचनालाई विषयवस्तु बनाइएको हुन्छ ।[१७७] उनका निबन्ध सरल र कलात्मक भाषामा सृजना भएका छन् ।

## (३६) ध्रुवचन्द्र गौतम

ध्रुवचन्द्र गौतमको जन्म वि. सं. २००१ सालमा वीरगन्जमा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर र विद्यावारिधिको उपाधि प्राप्त गरेका छन् । उनको साहित्यिक यात्रा २०१३/०१४ सालतिर कविता विधाबाट भएको हो ।[१७८] उनले नेपाली साहित्यमा कथा, कविता, लेख, नाटक, उपन्यास आदिको सृजना गरेका छन् । उनले रचना गरेका निबन्धात्मक कृतिहरू यसप्रकार छन् :

(१) **बाल्यकाल** (२०५०)

(२) **घडीहरूको देशमा समय खोज्दै** (२०६३)

ध्रुवचन्द्र गौतमका निबन्धमा आख्यानात्मक गुण पाइन्छ । उनले निबन्धमा संस्मरणलाई प्रस्तुत गरेका छन् ।[१७९] उनका निबन्धमा जीवनका पूर्वार्द्ध समयका अनुभवलाई संस्मरणका रूपमा रोचक ढङ्गले प्रस्तुत गरिएको हुन्छ ।

## (३७) कुलचन्द्र कोइराला

कुलचन्द्र कोइरालाको जन्म वि. सं. १९८६ मा सिन्धुलीमा भएको हो । उनी साहित्यमा शास्त्री र साहित्यरत्नसम्मको अध्ययन गरी साहित्य र संस्कृतिको सेवा गर्ने व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २००९ सालतिर **परोपकार** पत्रिकामा 'एक पैसा' शीर्षकको कथा प्रकाशित गरेर आरम्भ भएको हो । उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध, लघुकथा, लेख आदिको रचना गरेका छन् । उनका निबन्धसङ्ग्रहका रूपमा पनि प्रकाशित छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

---

[१७५] नेत्र एटम, पूर्ववत्, पृ १२० ।

[१७६] घटराज भट्टराई, पूर्ववत्, पृ. ३८९ ।

[१७७] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २९ ।

[१७८] जयदेव भट्टराई, पूर्ववत्, पृ. २३५ ।

[१७९] नेत्र एटम, पूर्ववत्, पृ. १२३ ।

(१) **यात्रा लामबगरको** (२०५०)

(२) **नबिर्सने क्षणहरू** (२०५०)

(३) **बाजे पुराण** (२०४९)

कुलचन्द्र कोइरालाले यात्रानिबन्धको सृजना गरेका छन् । उनका यात्रानिबन्धमा यात्राका संस्मरण प्रस्तुत भएको देखिन्छ ।[१८०] उनले आफ्ना निबन्धमा यात्राका क्रममा अनुभव गरेका घटना, अवस्था आदिलाई संस्मरणका रूपमा प्रस्तुत गरिएको हुन्छ । उनको निधन २०५० सालमा भएको हो ।

## (३८) विष्णु प्रभात

नेपाली साहित्यका क्षेत्रमा विष्णु प्रभातका नामबाट परिचित विष्णुप्रसाद अर्यालको जन्म वि. सं. २००९ मा पाल्पाको मदन पोखरामा भएको हो । उनले दर्शन तथा शिक्षाशास्त्रमा स्नातक गरी नेपालीमा स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । उनका विभिन्न पत्रपत्रिकामा प्रशस्तै लेखरचनाहरू प्रकाशित छन् । उनका प्रकाशित लेखरचना सङ्ग्रहका रूपमा पनि प्रकाशनमा आइसकेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह हुन् :

(१) **खुर्सानी पुराण** (२०५१)

(२) **खुच्चिङ** (२०५३)

(३) **खुल्दुली** (२०५८)

(४) **खुराक** (२०५८)

(५) **खुसखुस कम्पनी** (२०६०)

विष्णु प्रभातले आफ्ना निबन्धमा व्यङ्ग्य शिल्पका माध्यमले समाजका विकृति र विसङ्गतिलाई प्रहार गरेका छन् । उनका निबन्धले मानिसभित्रको आडम्बरलाई केलाउनुका साथै वैयक्तिक कमजोरीलाई पनि खोतल्ने काम गरेका छन् । उनका निबन्धमा ईश्वरीय चिन्तनमा देखिने अन्धविश्वासप्रति चोटिलो व्यङ्ग्य गरिएको हुन्छ । उनको भाषा सरल र संवेद्य रहेको हुन्छ । उनका कतिपय निबन्धमा कथात्मकता, स्वैरकल्पनात्मकता तथा संवादात्मकता जस्ता विशेषता पनि पाइन्छन् ।[१८१] उनका सबै निबन्धसङ्ग्रहका नाम 'ख' वर्णबाट सुरु भएका छन् ।

## (३९) नरनाथ लुइटेल

नरनाथ लुइटेलको जन्म वि. सं. २०१६ सालमा भोजपुरमा भएको हो । उनी जुँगे काजी नामबाट पनि परिचित छन् । उनी नेपाली विषयमा स्नातकोत्तर गरी पत्रकारिता पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३३ सालतिरबाट आरम्भ भएको हो ।[१८२] उनले नेपाली साहित्यमा कविता, काव्य, नाटक, निबन्ध आदिको सृजना गरेका छन् । उनका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **छेपन** (२०५१)

(२) **सिङ न पुच्छर** (२०५३)

(३) **चम्चा चिन्तन** (२०५५)

---

[१८०] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।

[१८१] योगन्द्र दाहाल, पूर्ववत्, पृ. २३ ।

[१८२] घटराज भट्टराई, पूर्ववत्, पृ. ३३७ ।

(४) **बाँदरका हातमा नरिवल** (२०६०)

नरनाथ लुइटेल हास्यव्यङ्ग्य गुण प्रबल भएका निबन्धकार हुन् । उनका निबन्धले वर्तमान समाज, राजनीति, प्रशासन आदिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । उनका निबन्धमा प्रजातन्त्रको प्राप्तिअघि र पछिको नेपाली समाज र यसमा हुर्कँदै गएका दुराचार, दुष्ट प्रवृत्तिजस्ता कुरामाथि व्यङ्ग्य गरिएको हुन्छ । उनका निबन्धमा दासमनोवृत्ति, अमानवीयता, कालोबजारी, नातावाद, पत्रकारको चुरीफुरीलगायतका पक्षमाथि व्यङ्ग्य गरिएको हुन्छ । उनका निबन्ध सरल भाषामा लेखिएका छन् र उनका निबन्धको शैली सहज छ । उनका निबन्धको विषयवस्तुमा तिक्खरता भेटिन्छ ।[१८३] उनका निबन्धमा मानवीय दुर्बलतामाथि पनि व्यङ्ग्य गरिएको हुन्छ । उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी समसामयिक पुस्ताका प्रखर व्यङ्ग्यकार मानिन्छन् ।

## (४०) लीलासिंह कर्मा

लीलासिंह कर्माको जन्म वि. सं. १९९३ मा जनकपुरको सिन्धुलीमा भएको हो । उनले बनारसबाट साहित्यमा विशारद गरेका छन् । उनी पत्रकारिताका फाँटमा रुचि भएका व्यक्तित्व हुन् । उनका लेख, रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।[१८४] उनले कथा, गीत, निबन्ध, संस्मरण आदिको रचना गरेका छन् । उनले प्रकाशित गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **अतीतका डोबहरू** (२०५१)

(२) **मान्छे बन्न सकिएन** (२०६०)

लीलासिंह कर्मा संस्मरणलाई निबन्धन गर्ने स्रष्टा हुन् । उनका निबन्धमा वर्तमानबाट अतीतलाई नियाल्ने काम गरिएको पाइन्छ । उनका निबन्धमा निजात्मक राग पाइन्छ ।[१८५] यिनका निबन्धमा राष्ट्रिय भावना व्यक्त भएको पाइन्छ । यिनका निबन्ध सरल छन् ।

## (४१) परशु प्रधान

नेपाली साहित्यमा परशु प्रधान र पी. आर्. प्रधानका नामबाट साहित्य सिर्जना गर्ने परशुराम प्रधानको जन्म वि. सं. २००० मा भोजपुरमा भएको हो । उनी नेपाली र राजनीतिशास्त्रमा स्नातकोत्तर पूरा गरी सरकारी सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१६ सालतिर **छहारी** पत्रिकामा 'हाँसेकी ती चन्द्रमा' शीर्षकको रचना प्रकाशित भएपछि सुरु भएको हो ।[१८६] उनले कथा, कविता, उपन्यास र निबन्धको सृजना गरेका छन् । उनको प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छ :

(१) **केही अनुहार केही क्षण** (२०५१)

परशु प्रधान नाटकीय गुण प्रबल भएका निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा संस्मरण र वार्तालाई प्रयोग गरी प्रस्तुत गरिएको हुन्छ ।[१८७] उनका निबन्धमा संवादको प्रयोग अत्यधिक मात्रामा गरिएको छ ।

---

[१८३] रमेश भट्टराई, पूर्ववत्, पृ. १२४ ।

[१८४] घटराज भट्टराई, पूर्ववत्, पृ. ५८२ ।

[१८५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १९५ ।

[१८६] जयदेव भट्टराई, पूर्ववत्, पृ. २५४ ।

[१८७] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।

## (४२) नारायण ढकाल

नारायण ढकालको जन्म वि. सं. २०१०९ मा काठमाडौँको मूलपानीमा भएको हो । उनले विक्रम नेपाली, बाबुकाजी नेपाली, बालकृष्ण थापा, मगर श्रेष्ठ, रजनी थापा आदि उपनामबाट समेत साहित्य सृजना गरेको पाइन्छ । उनी अर्थशास्त्र विषयमा स्नातकोत्तर गरेर पत्रकारिता र राजनीतिमा लागेका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२७ सालतिर कविता विधाबाट सुरु भएको हो । उनले कथा, कविता, निबन्ध आदिको सृजना गरेका छन् । उनले निबन्ध साहित्यमा सङ्ग्रहसमेत प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **तीन संवत्सर** (२०५२)

(२) **शोकमग्न यात्रीहरू** (२०५५)

नारायण ढकालका निबन्धमा निजात्मक गुण पाइन्छ । उनका निबन्धमा समकालीन समाजको जीवन र समकालीन राजनीतिक परिस्थितिलाई मूल विषयवस्तु बनाइएको हुन्छ । उनका निबन्धले वर्तमान युगका विषम स्थितिलाई प्रस्तुत गरेका छन् ।[१८८] उनी यात्रा र संस्मरणलाई अभिव्यक्त गर्ने स्रष्टा हुन् । उनका निबन्ध सरल भाषामा ललित ढङ्गले रचिएका हुन्छन् । उनका निबन्धमा पाइने यिनै विविध प्रवृत्तिका कारण उनी समसामयिक अवधिका उल्लेखनीय प्रतिभा मानिन्छन् ।

## (४३) जय छाङ्छा

जय छाङ्छाको जन्म वि. सं. २०१२ सालमा कोसी अञ्चलको भोजपुरमा भएको हो । उनी विभिन्न साहित्यिक तथा सांस्कृतिक समाज र प्रतिष्ठानसँग सम्बद्ध व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३५ सालातिरबाट सुरु भएको हो ।[१८९] उनका लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनले आफ्ना निबन्धलाई समेटेर सङ्ग्रह तयार पारेका छन् । उनका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **कङ्गारुको देशदेखि आइफेल टावरसम्म** (२०५२)

(२) **चाँप फुल्ने पहाडमुन्तिर** (२०५४)

(३) **बादल रुँदाको जुरिच** (२०५९)

(४) **बिब्ल्याँटो आकाशको धरातलतिर** (२०६४)

जय छाङ्छा यात्राको वर्णन गरेर निबन्धको सृजना गर्दछन् । उनका निबन्धमा नेपालको तराई र भारतीय भूमिको परिवेशको वर्णन पाइन्छ । उनका निबन्धमा स्थानीयतालाई जीवन्तता पूर्वक अभिव्यक्त गरिएको हुन्छ । उनका निबन्धमा प्रस्तुत यात्रानुभूति रोचक, आकर्षक र रमणीय रहेको छ । उनका निबन्ध वर्णनात्मक रहेका छन् ।[१९०] उनका निबन्धले यात्राका अनुभवका यथार्थलाई प्रस्तुत गरेका छन् ।

## (४४) कोमलप्रसाद पोखेल

---

[१८८] रमेश भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[१८९] घटराज भट्टराई, पूर्ववत्, पृ. २४१ ।

[१९०] रमेश भट्टराई, पूर्ववत्, पृ. १२४ ।

कोमलप्रसाद पोखेलको जन्म वि. सं. १९९९ सालमा इलामको तोरीबारीमा भएको हो । उनी स्नातकोत्तर उपाधि प्राप्त गरी शिक्षण पेसामा आबद्ध भएका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो ।[१९१] उनले कविता, निबन्ध आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह **हाउडी पुराण** (२०५२) सालमा प्रकाशित भएको थियो ।

कोमलप्रसाद पोखेलका निबन्धमा मूल रूपमा हास्यव्यङ्ग्यको प्रधानता रहेको पाइन्छ । उनका निबन्धमा समाजका विकृति र विरोधाभासप्रति तीखो व्यङ्ग्य गरिएको हुन्छ । यिनका निबन्धमा धर्मका नाममा देखिने विकृति, धूम्रपानले निम्त्याउने अस्वस्थता, नेताहरूका भ्रष्ट प्रवृत्तिजस्ता कुरालाई विषय बनाइएको हुन्छ ।[१९२] उनले आफ्ना निबन्धमा मानक भाषाको प्रयोगका साथै बिम्बात्मक र आलङ्कारिक अभिव्यक्तिमा जोड दिएका छन् ।

## (४५) माधवप्रसाद पोखरेल

माधवप्रसाद पोखरेलको जन्म वि. सं. २००५ सालमा सुनसरीको धरानमा भएको हो । उनले नेपाली विषयमा स्नातकोत्तर गरी भाषा-विज्ञानमा विद्यावारिधिको उपाधि प्राप्त गरेका छन् । उनको साहित्यिक यात्रा २०३४ सालतिरबाट आरम्भ भएको हो ।[१९३] उनले नेपाली साहित्यमा भाषासम्बन्धी लेख र निबन्धको सृजना गरेका छन् । यिनले रचना गरी प्रकाशित गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **मेरो मान्छे** (२०५२)
(२) **आफ्नो मान्छे** (२०५५)
(३) **नागदहको स्थिति** (२०५९)
(४) **गार्गीको गाँठो** (२०६२)

माधवप्रसाद पोखरेल निजात्मक गुणले युक्त निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्धले समाजको भोगाइमा पाइने तीतो अनुभूतिलाई निजात्मक लेखनशिल्प र व्यङ्ग्यात्मक प्रवृत्तिका साथ प्रस्तुत गरेका छन् । उनका निबन्धमा नेपाली समाजका विसङ्गतिप्रति गम्भीर टिप्पणी पाउनुका साथै समाजले भोगेको यथार्थ र सिकेको आदर्श जीवन्त बनेर आएको पाइन्छ ।[१९४] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनका निबन्ध मौलिक र जीवन्त छन् । त्यसैले उनी समसामयिक पुस्ताका अग्रणी प्रतिभा मानिन्छन् ।

## (४६) श्यामबहादुर लामा

श्यामबहादुर लामाको जन्म वि. सं. २००७ सालमा काठमाडौँमा भएको हो । उनले नेपाली निबन्धको हास्यव्यङ्ग्य क्षेत्रमा कलम चलाएका छन् । उनको निबन्धात्मक कृति **मेरो गोरु** शीर्षकमा २०५२ सालमा प्रकाशित भएको हो ।

श्यामबहादुर लामा हास्यव्यङ्ग्यात्मक गुण भएका निबन्ध सृजना गर्ने लेखक हुन् । उनका निबन्धमा सामाजिक र पारिवारिक विखण्डनले उत्पन्न मानवीय विसङ्गतिलाई प्रस्तुत गरिएको पाइन्छ । उनले निबन्धमा भाषाको कथ्य स्वरूपको प्रयोग गरिनुका साथै सरल शब्दको

---

[१९१] घटराज भट्टराई, पूर्ववत्, पृ. १६१ ।
[१९२] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २० ।
[१९३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८४ ।
[१९४] ऐजन ।

चयन गरिएको हुन्छ ।[१९५] उनको मुख्य निबन्धात्मक प्रवृत्ति नै सरल एवम् सहज कथ्य लोकभाषाको प्रयोग गरी सामाजिक विसङ्गतिलाई अभिव्यक्त गर्नु हो ।

## (४७) बी. बी. लकान्द्री

बी. बी. लकान्द्री भारतको दार्जिलिङमा जन्मिएका व्यक्तित्व हुन् । उनी सरकारी अधिकृत स्तरको पेसामा संलग्न छन् । उनले कथा, कविता, निबन्ध आदिको सृजना गरेका छन् । उनले निबन्धका क्षेत्रमा एउटा सङ्ग्रह **आत्महत्या गर्ने युगल प्रेमीको लासलाई हेर्दा** २०५२ सालमा प्रकाशित गरेका छन् ।[१९६]

बी. बी. लकान्द्री वस्तुपरक तथा यथार्थवादी निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धले विश्वप्रकृति र समाजका विविध विसङ्गतिलाई प्रस्तुत गरेका छन् । उनका कतिपय निबन्ध सांस्कृतिक र दार्शनिक धरातल अन्वेषण गर्न प्रयत्नशील देखिन्छन् । उनका निबन्धमा शिक्षा, संस्कृति, धर्म र परम्पराका मूल्यहरू संरक्षण गरिनुपर्ने कुरा व्यक्त भएको हुन्छ । उनका निबन्धमा जीवनचर्या र मानवीय मूल्यलाई प्रतिपादन गर्ने प्रयत्न गरिएको पाइन्छ ।[१९७] उनका निबन्धमा पाइने यिनै विशेषताले गर्दा उनी चर्चित छन् ।

## (४८) चूडामणि खनाल

चूडामणि खनालको जन्म वि. सं. २००९ सालमा तनहुँको मानहुँमा भएको हो । उनी नेपाली संस्कृततर्फ मीमांसा र नेपाली विषयमा स्नातकोत्तर पूरा गरी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् ।[१९८] उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो । उनले नेपाली निबन्धमा विशेष योगदान गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **पोखराज** (२०५२)
(२) **अन्तर्राष्ट्रिय पुड्के सम्मलेन** (२०५३)
(३) **खिनौरी सहर पसेपछि** (२०६४)
(४) **प्रमुख अतिथि** (२०६५)

चूडामणि खनालका निबन्धमा हास्यव्यङ्ग्यको प्रधानता पाइन्छ । उनका निबन्धले पशुस्वभावका मानिसहरूप्रति तीव्र व्यङ्ग्य गरेका छन् । उनका निबन्धमा चेलीबेटी बेचबिखन, पैसा कमाउन विदेशीहरूको दास बन्नुपर्ने दुःखद् अवस्था, ठूलठूला आयोजनाको असफलता, सहरिया परिवेशबाट उत्पन्न विकृतिजस्ता विषयवस्तु पाइन्छन् ।[१९९] उनले कथ्यभाषाको प्रयोग गरेका छन् । उनका निबन्ध सरल, सफल र व्यङ्ग्यले भरिपूर्ण छन् ।

## (४९) केशवप्रसाद उपाध्याय

नेपाली साहित्यमा केशवप्रसाद उपाध्याय नामबाट परिचित केशवप्रसाद घिमिरेको जन्म वि. सं. १९९० सालमा मकवानपुरमा भएको हो । उनी संस्कृतमा साहित्याचार्य, नेपालीमा स्नातकोत्तर एवम् विद्यावारिधिको उपाधि प्राप्त गरेका र प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व

---

[१९५] माणिकरत्न शाक्य, पूर्ववत्, पृ. ६५ ।
[१९६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७३ ।
[१९७] ऐजन ।
[१९८] घटराज भट्टराई, पूर्ववत्, पृ. २२३ ।
[१९९] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३३ ।

हुन् । उनको साहित्यिक यात्रा २०१९ सालमा 'तरुण तपसी : एक अध्ययन' शीर्षकको लेख प्रकाशित भएपछि सुरु भएको हो ।[२००] उनले समालोचना, निबन्ध, कथा सृजना गरेका छन् । उनी मूलतः समालोचक हुन् र उनका प्रकाशित निबन्धसङ्ग्रह चाहिँ यसप्रकार छन् :

(१) **बकैयाका तीरमा तीन मूर्ति** (२०५२)

(२) **प्रशान्ति निलयमका तीन दिन** (२०५४)

केशवप्रसाद उपाध्याय मुख्य गरेर संस्मरणलाई निबन्धन गर्ने निबन्धकार हुन् । उनले संस्मरणात्मक निबन्ध लेखेका छन् । उनका निबन्धमा निजात्मक गुण पनि पाइन्छ ।[२०१] उनी निबन्धभन्दा समालोचनाका क्षेत्रमा अग्रणी प्रतिभा मानिन्छन् ।

## (५०) सिद्धिचरण श्रेष्ठ

सिद्धिचरण श्रेष्ठको जन्म वि. सं. १९६९ सालमा ओखलढुङ्गामा भएको हो । उनले साधारण शिक्षा पाई आजीवन साहित्यको सेवा गरेको पाइन्छ । उनको साहित्यिक यात्राको आरम्भ १९९० सालको **गोरखापत्र**मा 'भुइँचालो' शीर्षकको कविता प्रकाशित गरेर भएको हो । उनले नेपाली साहित्यमा कविता, काव्य, संस्मरण आदिको सृजना गरेका छन् । उनले सृजना गरेको संस्मरण उनको मृत्युपछाडि मात्रै प्रकाशित भएका छ । उनको मृत्यु २०४९ सालमा काठमाडौँमा भएको हो ।[२०२] उनको **कारागारको सम्झना** शीर्षकको संस्मरणको प्रकाशन २०५२ सालमा भएको हो ।

सिद्धिचरण श्रेष्ठ नेपाली साहित्यका प्रतिभाशाली कवि हुन् । उनले आफ्नो कठोर जेलजीवनका विभिन्न घटनालाई चित्रण गरी उक्त संस्मरण प्रस्तुत गरेका छन् । यसबाट त्याग र सङ्घर्षप्रति महत् भाव उत्पन्न गराइएको छ ।[२०३] यसबाट उनी नेपाली निबन्धको संस्मरण क्षेत्रमा पनि चर्चित हुन पुगेका छन् ।

## (५१) देवीप्रसाद ओझा

देवीप्रसाद ओझाको जन्म वि. सं. १९९६ मा बैतडीमा भएको हो । उनी राजनीति शास्त्रमा विद्यावारिधि उपाधि प्राप्त गरेका सरकारी सेवामा संलग्न भएका व्यक्तित्व हुन् । उनले अनुसन्धानप्रधान लेखरचना निकै लेखेका छन् । साथै उनले जीवनी, कविता, कथा आदिको सृजना पनि गरेका छन् । उनले रचना गरेका निबन्धको सङ्ग्रह **कैलाश मानसरोवरको तीर्थयात्रा** २०५३ मा प्रकाशित भएको कृति हो ।

देवीप्रसाद ओझाले यात्रानिबन्धको सृजना गरेका छन् । उनका निबन्ध अनुसन्धानप्रधान देखिन्छन् । उनका निबन्धमा विभिन्न भौगोलिक तथा प्राकृतिक र धार्मिक स्थलको वर्णन आकर्षक ढङ्गमा गरिएको हुन्छ ।

## (५२) जयदेव भट्टराई

जयदेव भट्टराईको जन्म वि. सं. २०२२ मा ललितपुरमा भएको हो । उनले स्नातक तहसम्मको अध्ययन गरी नेपाली भाषासाहित्य सेवीहरूको विवरण सङ्कलन गर्ने काम गरेका

---

[२००] जयदेव भट्टराई, पूर्ववत्, पृ. ९३ ।

[२०१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १३४ ।

[२०२] घटराज भट्टराई, पूर्ववत्, पृ. ५२४ ।

[२०३] नेत्र एटम, पूर्ववत्, पृ. १२३ ।

छन् । उनको साहित्यिक यात्राको थालनी २०४५ सालको **रचना** पत्रिकामा संस्मरण प्रकाशित गरेर भएको हो ।[२०४] उनको निबन्धात्मक कृति **व्यक्तित्व र शब्दचित्र** २०५३ सालमा प्रकाशित भएको छ ।

जयदेव भट्टराईका निबन्धमा नाटकीय गुणको प्रधानता पाइन्छ । उनले स्रष्टाप्रतिका अनुभव र वार्ताको रोचक समायोजन गरेका छन् । उनले आफ्ना निबन्धमा स्रष्टासँगका वार्तालाई आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् ।[२०५]

## (५३) धनुषचन्द्र गौतम

धनुषचन्द्र गौतमको जन्म वि. सं. १९८९ सालमा महोत्तरीमा भएको हो । उनले ध. च. गोतामे र चेतचन्द्र उपनामबाट पनि साहित्य सृजना गरेका छन् । उनी स्नातकोत्तर तहको अध्ययन गरी सरकारी सेवा हुँदै प्रज्ञाप्रतिष्ठानका सदस्यसचिवसमेत बनेका व्यक्तित्व हुन् ।[२०६] उनले नेपली साहित्यमा उपन्यास, निबन्ध, समालोचना आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धहरूका सङ्कलित कृति यसप्रकार छन् :

(१) **कालान्तर** (२०५३)
(२) **संज्ञा सर्वनाम** (२०५४)
(३) **सम्झनाका गल्छेडाहरूमा** (२०५५)
(४) **तीन वास** (२०५८)
(५) **उत्तरोत्तर** (२०५८)
(६) **आरोह-अवरोह** (२०६१)

धनुषचन्द्र गौतमले हास्यव्यङ्ग्य तथा संस्मरणात्मक निबन्धको सृजना गरेका छन् । उनका निबन्धमा कोमल हास्य र तीव्र व्यङ्ग्य पाइन्छ । उनका निबन्धको अभिव्यक्ति पक्ष आकर्षक ढङ्गको छ र उनका अनुभूतिमा मानव जीवनका बहुपक्षहरू प्रकट भएका हुन्छन् ।[२०७] उनका निबन्धको शिल्प रोचक छ । उनका निबन्धमा पाइने यिनै विशेषताले उनी सफल निबन्ध स्रष्टा बनेका छन् ।

## (५४) राजव

नेपाली साहित्यमा राजव नामबाट परिचित जनार्दन पुडासैनीको जन्म वि. सं. २०११ सालमा काठमाडौँमा भएको हो । उनी स्नातकोत्तर तहको अध्ययन गरी बैङ्किङ सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविताविधाबाट आरम्भ भएको हो । उनले कथा, कविता, लेख-निबन्ध, नाटक आदिको सृजना गरेका छन् ।[२०८] उनले रचना गरेका निबन्धहरू सङ्ग्रहका रूपमा पनि प्रकाशित छन् र ती सङ्ग्रह चाहिँ यसप्रकार छन् :

(१) **मानवीय बनोट** (२०५३)
(२) **यात्रा र अन्य संस्मरण** (?)

---

[२०४] जयदेव भट्टराई, पूर्ववत्, (बाहिरी गातामा उल्लेख भएको परिचयबाट) ।
[२०५] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।
[२०६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १२७ ।
[२०७] ऐजन ।
[२०८] ऐजन, पृ. ३९४ ।

राजवका निबन्धमा चिन्तनशीलता र प्रयोगधर्मिता पाइन्छ । उनले समसामयिक समाजका यथार्थलाई टिप्ने र विसङ्गतिलाई खोतल्ने काम आफ्ना निबन्धमा गरेका छन् । उनका निबन्धमा व्यङ्ग्यचेत पाइन्छ । उनले आफ्ना निबन्धमा शिल्प, कथ्य र प्रस्तुतिको समन्वय स्वाभाविक ढङ्गले गरेका छन् ।[२०९] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी समसामयिक अवधिका सशक्त निबन्धकार मानिन्छन् ।

## (५५) अनिल पौडेल

अनिल पौडेलको जन्म वि. सं. २०१६ सालमा सङ्खुवासभामा भएको हो । उनी स्नातकोत्तर तहको अध्ययन गरी बैङ्किङ सेवामा संलग्न व्यक्तित्व हुन् । उनले २०३४ सालदेखि आफ्नो साहित्यिक यात्रा अगाडि बढाएका हुन् । उनका कविता, गीत, मुक्तक, कथा, यात्रा संस्मरण आदि प्रकाशित भएका छन् ।[२१०] उनका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **काठमाडौँदेखि सिक्किमसम्म** (२०५३)

(२) **सिक्किमदेखि कर्फोकसम्म** (२०५८)

अनिल पौडेलले आफ्ना निबन्धमा यात्रासंस्मरणलाई व्यक्त गरेका छन् । उनका निबन्धमा नेपालको काठमाडौँदेखि भारतीय भूमिको परिवेश समेटिएको हुन्छ । उनका निबन्धमा प्राकृतिक, भौगोलिक वर्णनका साथै यात्राका क्रममा देखेका, भोगेका अनुभवलाई रोचक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । उनका निबन्धमा विषयलाई कलात्मक र कवितात्मक पाराले व्यक्त गरिएको पनि पाइन्छ ।

## (५६) मोमिला

मोमिलाको जन्म वि. सं. २०२४ मा धनकुटामा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरी शिक्षण कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध आदिको सृजना गरेकी छन् ।[२११] उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **नीलो नीलो आकाश र दुई थोपा आँसु** (२०५३)

(२) **ईश्वरको अदालतमा आउट साइडरको बयान** (२०६३) ।

मोमिलाका निबन्धमा भावनात्मक अभिव्यञ्जनाको कलात्मक प्रकटीकरण पाइन्छ । उनका निबन्ध रोचक हुन्छन् । उनका निबन्ध पाठकलाई अनुभूतिको व्यापकतामा पुऱ्याउन सक्षम छन् ।[२१२] उनका निबन्धमा पाइने कलात्मक र रोचक प्रस्तुतिले उनी सफल निबन्धकार बन्न सक्षम भएकी छन् ।

## (५७) श्रीओम श्रेष्ठ 'रोदन'

श्रीओम श्रेष्ठ 'रोदन'को जन्म वि. सं. २०१९ सालमा ललितपुरको झम्सीखेलमा भएको हो । उनी नेपालीमा स्नातकोत्तर गरी **गोरखापत्र** संस्थानमा संलग्न व्यक्तित्व हुन् । उनको

---

[२०९] ऐजन ।

[२१०] घटराज भट्टराई, पूर्ववत्, पृ. ५४ ।

[२११] मोमिला, **ईश्वरको अदालतमा आउटसाइडरको बयान,** (काठमाडौं : माउन्ट डिजिटल पब्लिकेसन, २०६३), (बाहिरी गातामा भएको परिचयबाट) ।

[२१२] नेत्र एटम, पूर्ववत्, पृ. १२० ।

साहित्यिक यात्रा २०३७ तिरको **प्राञ्जल** पत्रिकामा 'किन भयो' शीर्षकको कविताबाट प्रारम्भ भएको हो । उनले कविता, कथा, लेख, समीक्षा, व्यङ्ग्य र निबन्धहरू प्रकाशित गरेका छन् ।[२१३] उनका निबन्ध क्षेत्रमा प्रकाशित कृति यसप्रकार छन् :

(१) **अर्थहीन अर्थहरू** (२०५४)

(२) **समयका सम्भावनाहरू** (२०५९)

(३) **समुद्रवारि समुद्रपारि** (२०६०)

श्रीओम् श्रेष्ठका निबन्धमा अनुभूतिको तीव्रता पाइन्छ । उनले आफ्ना निबन्धमा व्यक्त गर्ने विषयलाई अनुभूतिमय बनाई प्रस्तुत गरेका हुन्छन् । उनका निबन्धमा आत्मपरक गुण पाइन्छ । उनले निबन्धमा विषयवस्तुलाई कथात्मकताका साथ प्रस्तुत गरेका छन् । उनले निबन्धमा जीवन र समाजमा व्याप्त विसङ्गतिलाई व्यङ्ग्य पनि गरेका छन् ।[२१४] उनका निबन्ध विचारात्मक छन् । उनका निबन्धमा पाइने यिनै गुणका कारण उनी समसामयिक अवधिका उल्लेखनीय निबन्ध स्रष्टा मानिन्छन् ।

## (५८) रमेश तुफान

नेपाली साहित्यमा रमेश तुफान नामबाट परिचित रमेश क्षेत्रीको जन्म वि. सं. २०११ मा विराटनगरमा भएको हो । उनी राजनीतिशास्त्रमा स्नातकोत्तर गरी रा. स. स. मा कार्य गर्ने व्यक्तित्व हुन् ।[२१५] उनले नेपाली साहित्यमा कथा, कविता, निबन्धको सृजना गरेका छन् । उनले निबन्धका क्षेत्रमा **संवाद र संवाद** शीर्षकको निबन्धसङ्ग्रह २०५४ सालमा प्रकाशन गरेका छन् ।

रमेश तुफानका निबन्धमा नाटकीय गुणको प्रधानता पाइन्छ । संवादको रोचकता सहित विषयवस्तुको प्रस्तुति उनका निबन्धको विशेषता हो । उनका निबन्धमा आत्मपरकताभन्दा वस्तुगतताको मात्रा ज्यादा रहेको हुन्छ ।[२१६]

## (५९) तेजेश्वर बाबु ग्वँग

तेजेश्वर बाबु ग्वँगको जन्म वि. सं. १९९३ मा भक्तपुरको वज्रखालमा भएको हो । उनी स्नातकोत्तर तहको अध्ययन पूरा गरी सरकारी सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २००९/१० सालतिरको **परोपकार** पत्रिकामा 'प्रेम' शीर्षकको निबन्ध प्रकाशित भएपछि सुरु भएको हो ।[२१७] उनका विभिन्न पत्रपत्रिकामा थुप्रै लेख तथा निबन्धहरू प्रकाशित भएका छन् । उनको प्रकाशित निबन्धसङ्ग्रह **संस्कृतिका आयाम** (२०५४) हो ।

तेजेश्वर बाबु ग्वँगले निबन्धमा संवेदनशील भावना व्यक्त गरेका हुन्छन् । यिनका निबन्ध हास्यव्यङ्ग्यमूलक हुन्छन् । यिनका निबन्धमा समाज र संस्कारका विकारग्रस्त पक्षलाई उद्घाटन गरिएको हुन्छ । उनले निबन्धमार्फत आफ्ना मनका भावना व्यक्त गरेका हुन्छन् ।[२१८] उनका निबन्धमा नेवारी संस्कृतिका विभिन्न पक्षको विश्लेषण पनि गरिएको हुन्छ ।

---

[२१३] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५०९ ।

[२१४] रमेश भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[२१५] घटराज भट्टराई, पूर्ववत्, पृ. ५२३ ।

[२१६] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।

[२१७] घटराज भट्टराई, पूर्ववत्, पृ. १९३ ।

[२१८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४२ ।

## (६०) भूपालमानसिंह कार्की

भूपालमानसिंह कार्कीको जन्म वि. सं. १९६६ मा भएको हो । उनी नेपाली राजनीतिका महत्त्वपूर्ण व्यक्तित्व पनि हुन् । उनले नेपाली साहित्यका स्रष्टालाई प्रोत्साहन गर्न आफ्ना पूर्वज र परिवारका नामबाट अक्षयकोषको स्थापना गरी पुरस्कारको प्रबन्ध पनि मिलाएका छन् ।[२१९] उनी साहित्यप्रेमी व्यक्तित्व हुन् । उनले निबन्ध विधामा **मेरो जीवनयात्रा** (२०५४) नामक संस्मरणात्मक कृति प्रकाशित गरेका छन् ।

भूपालमानसिंह कार्कीले आफ्ना संस्मरणात्मक निबन्धमा जीवनका विविध अनुभवलाई सिलसिला मिलाएर प्रस्तुत गरेको पाइन्छ । उनका निबन्ध आख्यान गुणयुक्त छन् तापनि अनुभूति पक्ष भने कम पाइन्छ ।[२२०] उनका निबन्धमा संस्मरणलाई कथात्मकताका साथ प्रस्तुत गरिएको हुन्छ ।

## (६१) कुमार ज्ञवाली

कुमार ज्ञवालीको जन्म वि. सं. १९९३ मा काठमाडौँमा भएको हो । उनी स्नातकोत्तर तहको उच्च शिक्षा प्राप्त गरी नेपालको परराष्ट्र सेवा हुँदै राजदूतसमेत बनेका व्यक्तित्व हुन् । उनले नेपालीमा कथा, उपन्यास, निबन्ध आदिको सृजना गरेका छन् ।[२२१] उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह **देश परदेश** २०५४ मा प्रकाशित भएको पाइन्छ ।

कुमार ज्ञवालीका निबन्धमा विभिन्न मानवीय अनुभूतिलाई मर्मस्पर्शी ढङ्गमा व्यक्त गरिएको हुन्छ । परदेशी भूमिमा रहँदाका उनका भावना निकै हृदयस्पर्शी छन् ।[२२२] उनका निबन्धमा नेपालभित्र र बाहिरको समाजको पनि चित्रण पाइन्छ ।

## (६२) कुलप्रसाद खनाल

कुलप्रसाद खनालको जन्म वि. सं. २००४ मा तनहुँमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनका लेखरचनाहरू **गोरखापत्र**, **माछापुच्छ्रे** आदि पत्रिकामा पनि प्रकाशित भएको पाइन्छ । उनको पहिलो निबन्धसङ्ग्रह **पाँचलाखको चिट्ठा** (२०२८) सालमा प्रकाशित भएको हो ।[२२३] उनको यसपछि प्रकाशित निबन्धसङ्ग्रह **सडक र संस्कृति** (२०५४) हो ।

कुलप्रसाद खनालका निबन्ध भावात्मक किसिमका छन् । उनका निबन्धमा व्यङ्ग्यात्मक गुण पनि पाइन्छ । उनका निबन्ध सरल भाषाशैलीमा संरचित एवम् रोचक र स्तरीय छन् ।[२२४] उनले सानो विषयलाई पनि रोचक ढङ्गले चाखलाग्दो बनाई प्रस्तुत गर्दछन् ।

## (६३) सृजन लम्साल (२००३)

सृजन लम्सालको जन्म वि. सं. २००३ मा तनहुँको किहुँमा भएको हो । उनले कला र शिक्षाशास्त्रमा स्नातक तहको अध्ययन गरेका छन् ।[२२५] उनले साहित्यका विभिन्न विधामा कलम

---

[२१९] घटराज भट्टराई, पूर्ववत्, पृ. ४५१ ।

[२२०] नेत्र एटम, पूर्ववत्, पृ. १२२ ।

[२२१] घटराज भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[२२२] ऐजन ।

[२२३] ऐजन, पृ. १२६ ।

[२२४] ऐजन ।

[२२५] ऐजन, पृ. ६९० ।

चलाउँदै आएका छन् । पत्रपत्रिकामा उनका विभिन्न साहित्यिक लेखरचना प्रकाशित भएको पाइन्छ । उनको प्रकाशित निबन्धसङ्ग्रह **नैतिकता हराएको सूचना** (२०५४) हो ।

सृजन लम्सालका निबन्धमा व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । उनका निबन्धले समसामयिक समाजमा देखिएका सामाजिक, सांस्कृतिक र राजनैतिक क्षेत्रका विसङ्गतिलाई प्रस्तुत गरेका छन् । उनले निबन्धमा हाम्रो समाज अनैतिक र भ्रष्ट बन्दै गइरहेकोतर्फ पनि सङ्केत गरेका छन् । उनका निबन्धमा जीवनका अनुभव, हास्यव्यङ्ग्य र सामाजिक चापबाट पैदा भएको व्यथा पोखिएको पाइन्छ ।

## (६४) उत्तमकृष्ण मजगैयाँ

उत्तमकृष्ण मजगैयाँको जन्म वि. सं. २००९ मा दाङमा भएको हो । उनको साहित्यिक यात्राको आरम्भ २०३५ मा 'डाक्टरीको चक्करमा' निबन्ध प्रकाशित गरेपछि भएको हो । उनी शिक्षण पेसामा आबद्ध रहँदै आएका छन् र दाङका विभिन्न साहित्यिक सङ्घसंस्थामा पनि काम गर्दै आएका छन् ।[२२६] उनका निबन्धहरू सङ्ग्रहका रूपमा समेत प्रकाशित छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **गृहलक्ष्मी भित्र्याएपछि** (२०५४)
(२) **धरोधर्म हजुर** (२०५४)
(३) **सुनको फूल पार्ने पोथी** (२०५४)

उत्तमकृष्ण मजगैयाँ लघु आकृतिका निजात्मक गुणयुक्त निबन्धको सृजना गर्दछन् । उनका निबन्धमा समाजका कुरूप पक्षलाई सजीवता साथ उतारिएको हुन्छ । उनको भाषा कवितात्मक छ र प्रस्तुति व्यङ्ग्यात्मक रहेको छ । उनका निबन्धमा गरिबी, अशिक्षा, अभाव, बेरोजगारी, महँगी आदिलाई समेटिएको पाइन्छ ।[२२७] उनका निबन्धले भ्रष्ट आचरणले आक्रान्त मानवीय दुर्बलतामाथि व्यङ्ग्य गरेका छन् ।

## (६५) पुष्पनाथ शर्मा (१९९५)

पुष्पनाथ शर्माको जन्म वि. सं. १९९५ मा इलाममा भएको हो । उनको थर भण्डारी हो । उनी उनले एम्. ए. तहको अध्ययन गरी विद्युत् सेवामा संलग्न छन् । उनी साहित्यप्रेमी व्यक्ति हुन् । उनले काव्य, कविता, उपन्यास, कथा र निबन्धको सृजना गरेका छन् ।[२२८] उनको निबन्धसङ्ग्रह **स्वतन्त्रता** (२०५५) मा प्रकाशित भएको हो ।

पुष्पनाथ शर्माका निबन्धमा सरल र सहज भाव व्यक्त भएको पाइन्छ । उनका निबन्धमा कथ्य/लोकभाषाको प्रयोग गरिएको हुन्छ । उनका निबन्धले समाजलाई विषयका रूपमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा समाजको यथार्थ चित्रण गरिएको पाइन्छ ।

## (६६) भुवन ढुङ्गाना

भुवन ढुङ्गानाको जन्म वि. सं. २००५ मा विराटनगरमा भएको हो । उनले अङ्ग्रेजी विषयमा स्नातकोत्तर तथा शास्त्रीय नृत्यमा स्नातक उपाधि प्राप्त गरेकी छन् । उनी पनि प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनले २०२५ सालतिरबाट साहित्यिक यात्रा आरम्भ

---

[२२६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १८७ ।
[२२७] ऐजन ।
[२२८] घटराज भट्टराई, पूर्ववत्, पृ. ३८१ ।

गरेकी हुन् ।[२२९] उनले कथा र कविताका साथै निबन्धको पनि सृजना गरेकी छन् । उनको निबन्धसङ्ग्रह **म र शताब्दी** (२०५५) मा प्रकाशित भएको हो ।

भुवन ढुङ्गाना युगलाई विषय बनाई निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा नारी मानसिकता र सम्पूर्ण मानव साझा विशेषतालाई पनि प्रस्तुत गरिएको छ ।[२३०] उनका निबन्ध सरल भाषामा रचिएका छन् । उनका निबन्धमा समाजका विविध पक्षको चित्रण गरिएको हुन्छ । उनले आफ्ना निबन्धमा आफूलाई लागेको कुरा उनले प्रस्ट रूपमा उतारेकी छन् ।

## (६७) हरिप्रसाद सिलवाल

हरिप्रसाद सिलवालको जन्म वि. सं. २०३० मा धादिङमा भएको हो । उनी स्नातक तहको अध्ययन गरी लेखनमा समर्पित व्यक्तित्व हुन् । उनले विभिन्न पत्रपत्रिकामा लेखरचना प्रकाशित गरेका छन् । उनका निबन्धहरूको सङ्ग्रह **नव आकाश** २०५५ मा प्रकाशित भएको छ ।[२३१]

हरिप्रसाद सिलवालका निबन्ध आकर्षक छन् । उनका निबन्ध जति पढे पनि पढूँपढूँ लाग्ने किसिमका छन् । उनका निबन्ध सरल र रोचक शैलीमा संरचित छन् । उनका निबन्धको अभिव्यक्ति पाठकलाई आकर्षित गर्ने किसिमको छ । उनका निबन्ध सरल र सरस भाषा, भाव र शैलीमा रचना गरिएका छन् ।

## (६८) युवराज नयाँघरे

युवराज नयाँघरेको जन्म वि. सं. २०२६ मा भारतको आसाममा भएको हो । उनी सुवेदी परिवारमा जन्मिएका हुन् । उनको कर्मथलो नेपाल हो । उनी स्नातक तहको अध्ययन गरी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् ।[२३२] उनले सानै उमेरदेखि साहित्य सृजना गरेको पाइन्छ । उनले नेपाली निबन्धका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका छन् जसको कदरस्वरूप उनको **एक हातको ताली** निबन्धसङ्ग्रहले मदन पुरस्कार प्राप्त गरेको छ । उनका सङ्ग्रहका रूपमा प्रकाशित पुस्तकहरू यसप्रकार छन् :

(१) **मुहूर्तको वरिपरि** (२०५५)
(२) **मुखुन्डाको मन** (२०५५)
(३) **काठमाडौँलाई कोर्रा** (२०५८
(४) **नीलडाम** (२०६१)
(५) **अनाम पहाडमा फनफनी** (२०६२)
(६) **एक हातको ताली** (२०६५)

युवराज नयाँघरेका निबन्धमा प्रयोगधर्मिता पाइन्छ । उनका निबन्धमा कहीँ चिन्तन र कहीँ समसामयिकताको प्रतिबिम्ब पाइन्छ, कही भाव छताछुल्ल छ त कहीँ यथार्थ मात्र, कतै स्वैरकल्पनाको बाँन्की छ त कतै मिथकको उपयोग पाइन्छ । उनले जीवनमा अनुभव गरेका घटना, यात्रा, पात्र र समस्यालाई ललित ढङ्गले व्यक्त गरेका छन् । उनका निबन्ध पाठकलाई

---

[२२९] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३३१ ।
[२३०] घटराज भट्टराई, पूर्ववत्, पृ. ४४८ ।
[२३१] ऐजन, पृ. ७०० ।
[२३२] ऐजन, पृ. ५११ ।

सँगै हिँडाउन सक्षम छन् । उनका निबन्धमा भाषिक अनुप्रास र विचलन पाइन्छ ।[२३३] उनका निबन्धमा दण्डहीनताका कारण समाज भ्रष्ट बनेको कुरा उद्घाटन गरिएको हुन्छ । उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी समसामयिक युगमा एक सक्षम र अग्रणी निबन्धकार मानिन्छन् ।

## (६९) ज्ञानेन्द्र विवश

ज्ञानेन्द्र विवशको जन्म वि. सं. २०२७ मा खोटाङको चिसापानीमा भएको हो । उनी स्नातकसम्मको अध्ययन गरी साहित्य सेवामा समर्पित व्यक्तित्व हुन् । उनले सानै उमेरदेखि साहित्यसृजना गर्न थालेको पाइन्छ । उनले कविता तथा निबन्धको सृजना गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **क्यानभासका तरङ्गहरू** (२०५५)   (२) **राराकी अप्सरा** (२०५८)
(२) **मृत्यु-उत्सव** (२०६०)   (४) **प्रणय र पाइला** (२०६१)
(५) **आकृतिको आवाज** (२०६१)

ज्ञानेन्द्र विवशका निबन्ध चेतनप्रवाह शैली र प्रयोगात्मकताले भरिएका छन् । उनका निबन्धमा समाज र संस्कारका विकृतिप्रति वितृष्णा र विसङ्गतिप्रति विरोध पाइन्छ । उनका निबन्धमा झर्झराउँदो हुन्छ । उनका निबन्धमा देखिने सृजनशीलता र कल्पनाशीलताले उनी विशिष्ट सर्जक मानिन्छन् ।[२३४] उनी पनि समसामयिक पुस्ताका चर्चित निबन्धकार हुन् ।

## (७०) रामप्रसाद उप्रेती

रामप्रसाद उप्रेतीको जन्म वि. सं. २०१४ मा तेह्रथुम जिल्लामा भएको हो । उनी स्वास्थ्य विज्ञानमा उच्च शिक्षा पूरा गरी स्वास्थ्यसेवामा संलग्न व्यक्तित्व हुन् । उनले सानै उमेरदेखि साहित्यसृजना गर्न थालेका थिए । यिनले नेपाली साहित्यमा लेख, निबन्ध र कविताको रचना गरेका छन् । यिनका निबन्धहरू **थोत्रो कलमहरू** शीर्षकमा २०५५ सालमा प्रकाशित भएका छन् ।

रामप्रसाद उप्रेतीका निबन्धमा आख्यानात्मक गुण पाइन्छ । यिनले रचना गरेका निबन्ध संस्मरणात्मक शैलीका रहेका छन् । यिनका निबन्धमा घटनाहरू सिलसिला मिलेर आएका हुन्छन् ।[२३५] यिनका निबन्ध सरल र बोधगम्य रहेका छन् ।

## (७१) भाउपन्थी

नेपाली साहित्यमा भाउपन्थी नामबाट परिचित तिलकप्रसाद शर्मा (खनाल)को जन्म वि. सं. २००१ सालमा गुल्मीमा भएको हो । उनी स्नातकको अध्ययन पूरा गरी निजी व्यवसायमा लागेका व्यक्तित्व हुन् । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेका छन् । उनले कथा, कविता, लेख, निबन्ध आदिको सृजना गरेका छन् ।[२३६] उनले नेपाली निबन्धमा **चोरचोर** शीर्षकको निबन्धसङ्ग्रह २०५५ सालमा प्रकाशित गरेका छन् ।

भाउपन्थीका निबन्धमा व्यङ्ग्य प्रबल रूपमा देखिन्छ । उनले आफ्ना निबन्धमा समाज, राजनीति, संस्कृति तथा व्यक्तिका सत् पक्षको उद्घाटन गरेका छन् । उनका निबन्धमा

---

[२३३] रमेश भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[२३४] रमेश भट्टराई, पूर्ववत्, पृ. १२३ ।

[२३५] नेत्र एटम, पूर्ववत्, पृ. १२३ ।

[२३६] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३१७ ।

सत्तालिप्त एवम् देशघाती चरित्रबाट निम्तिएका विकृतिलाई केलाइएको हुन्छ । उनका निबन्धमा सङ्क्षिप्तताभित्र पूर्णताको अनुभूति पाइन्छ ।[२३७] उनले समाजका विकृतिप्रति सुधारको भाव व्यक्त गरेका छन् ।

## (७२) सूर्यबहादुर पिवा

नेपाली साहित्यमा सूर्यबहादुर पिबा नामबाट परिचित सूर्यबहादुर प्रधानाङ्ग 'पिबा'को जन्म वि. सं. १९९४ सालमा भक्तपुरमा भएको हो । उनी स्नातकसम्मको अध्ययन गरी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २००२ सालबाट आरम्भ भएको हो । उनले नेवारी भाषामा पनि साहित्य सृजना गरेका छन् । उनको प्रथम प्रकाशित निबन्धसङ्ग्रह **मास्टर साहेब** (२०३५) हो । उनका २०३६ पछि प्रकाशित निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **घुएँत्रो** (२०५५)
(२) **झटारो** (२०५५)
(३) **जिउँदो मान्छेको फेला** (२०६१)

सूर्यबहादुर 'पिबा' हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा आख्यानात्मक गुणको प्रधानता पाइन्छ । उनले सरल ढङ्गमा संवादात्मक अभिव्यक्तिमा विषयवस्तुलाई प्रस्तुत गर्दै समसामयिक विकृतिप्रति व्यङ्ग्य गरेका छन् । उनका कतिपय निबन्धमा स्वैरकल्पनात्मक गुण पनि पाइन्छ ।[२३८] उनले सामाजिक तथा व्यक्तिगत अराजकताप्रति खुलेर अभिव्यक्ति दिएका छन् ।

## (७३) मुन पौडल

मुन पौडेलको जन्म वि. सं. २०१२ मा काठमाडौँमा भएको हो । उनले व्यवस्थापन र कानुनमा स्नातक गरी जागिरे जीवन बिताइरहेका छन् । मुन पौडेलले गीत, गजल, निबन्ध आदिको सृजना गरेका छन् ।[२३९] उनले नेपाली निबन्धका क्षेत्रमा सङ्ग्रहसमेत प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **मन्त्र** (२०५५)
(२) **बुद्धिजीवी र पुच्छर** (२०५८)

मुन पौडेलका निबन्धमा बौद्धिक व्यक्तिका नकारात्मक आचरणका बारेमा चर्चा गरिएको हुन्छ । उनले आफ्ना निबन्धमा मुलुकको राजनीतिक, सामाजिक, संरचनामा देखिएका भेदभावपूर्ण परिस्थितिलाई विषयवस्तु बनाएका छन् ।[२४०] उनी हास्यव्यङ्ग्य गुणयुक्त निबन्ध सृजना गर्ने स्रष्टा हुन् ।

## (७४) गोपीन्द्र पौडेल

गोपीन्द्र पौडेलको जन्म वि. सं. २०१४ सालमा प्युठान जिल्लाको लुङमा भएको हो । उनी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो । उनले कविता, निबन्ध तथा समालोचनाको सृजना गरेका छन् । उनले रचना गरेको निबन्धसङ्ग्रह **कामरेडमा नाउँ दरिएन** २०५६ सालमा प्रकाशित भएको छ ।

---

[२३७] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३५ ।
[२३८] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २५ ।
[२३९] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४९१ ।
[२४०] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३५ ।

गोपीन्द्र पौडेलका निबन्धमा हास्यव्यङ्ग्य गुणको प्रधानता रहेको हुन्छ । उनका निबन्धमा सामन्तवादी राज्यसत्ताले थोपरेको उत्पीडन, भेदभावमूलक व्यवस्था आदिलाई विषयवस्तु बनाइएको हुन्छ । उनका निबन्धमा प्रजातन्त्रको पुनः प्राप्तिपछि समाज र युगजीवनमा देखिएका विसङ्गतिको आलोचना गरी परिवर्तनको चेतना सम्प्रेषण गरिएको हुन्छ । उनका निबन्धमा सरल र सहज शैलीको प्रयोग भएको पाइन्छ ।[२४१] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिका कारण उनी सफल निबन्धकार मानिन्छन् ।

## (७५) विनयकुमार शर्मा 'चिन्तित'

विनयकुमार शर्मा 'चिन्तित' को जन्म वि. सं. १९९५ मा भएको हो । उनी ढुङ्गाना परिवारमा जन्मिएका हुन् र उनी हाल चाबहिलमा बस्छन् । उनले उपन्यास, कविता, कथा, निबन्ध आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह २०५६ सालमा **बत्ती र पुतली** शीर्षकमा प्रकाशित छ ।

विनयकुमार शर्मा 'चिन्तित' चिन्तनपूर्ण निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा आध्यात्मिक चिन्तन र हिन्दू संस्कृतिको प्रभाव पाइन्छ ।[२४२] उनले रचना गरेका निबन्धमा अध्यात्म र हिन्दू संस्कृतिप्रति आस्था विश्वाससमेत प्रकट भएको हुन्छ ।

## (७६) अभि सुवेदी

नेपाली साहित्यमा अभि सुवेदी नामबाट परिचित अभिनारायण सुवेदीको जन्म वि. सं. २००२ सालमा तेह्रथुममा भएको हो । उनी अङ्ग्रेजी विषयमा स्नातकोत्तर र विद्यावारिधि उपाधि प्राप्त गरी प्राध्यापन कार्यमा संलग्न भएका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०१३ सालतिरको **नौलो पाइलो** पत्रिकामा 'नानी रोयो' शीर्षकको कविताबाट सुरु भएको हो ।[२४३] उनले नेपाली कविता, नाटक, निबन्ध, समालोचना आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **कार्पेट टाँगिएको जिन्दगी** (२०५६)

अभि सुवेदीका निबन्धमा निजात्मकभन्दा परात्मक प्रवृत्ति बढी देखिन्छ । उनका निबन्धमा हार्दिक संवेदना, अनुभव र सङ्घर्षका क्षणहरूको मीठो अभिव्यक्ति पाइन्छ ।[२४४] उनले निबन्धका माध्यमबाट जीवनप्रति आस्थासमेत प्रकट गरेका छन् ।

## (७७) चूडामणि रेग्मी

चूडामणि रेग्मीको जन्म वि. सं. १९९३ सालमा सङ्खुवासभामा भएको हो । उनी साहित्याचार्यसम्मको अध्ययन गरी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ । उनले कथा, कविता, निबन्ध आदिको सृजना गरेका छन् ।[२४५] उनले रचना गरेका निबन्धको पहिलो सङ्ग्रह **साधना** २०३० सालमा प्रकाशित भएको

---

[२४१] ऐजन, पृ. ३२ ।

[२४२] घटराज भट्टराई, पूर्ववत्, पृ. ६०३ ।

[२४३] जयदेव भट्टराई, पूर्ववत, पृ ८ ।

[२४४] नेत्र एटम, पूर्ववत, पृ. १२० ।

[२४५] जयदेव भट्टराई, पूर्ववत, पृ. १४७ ।

हो । उनी २०३६ पूर्वदेखि नै लेखनमा सक्रिय स्रष्टा हुन् । उनका २०३६ पछाडि प्रकाशित कृति निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **घुमेका कुरा** (२०५६) (२) **गफाडीका गफ** (२०६३)

(३) **आखिर र मनका पाइलाहरू** (२०६३) (४) **एउटा छाता दिनु होला है** (२०६४)

चूडामणि रेग्मीका निबन्ध तर्कप्रधान छन् । उनका निबन्धमा निजात्मक गुण बढी पाइन्छ । उनका निबन्धमा सामान्य विषयवस्तु, भाव र भाषाको गहिराइजस्ता विशेषता पाइन्छन् । उनका निबन्धमा मान्छेका आन्तरिक कमजोरीलाई पनि प्रस्तुत गरिएको हुन्छ । उनका निबन्धले समाजका विसङ्गत पक्षमाथि व्यङ्ग्य गरेका छन् । उनका निबन्धमा व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ ।[२४६] उनका निबन्धमा पाइने यिनै विशेषताका कारण उनी प्रतिष्ठित निबन्धकार बन्न पुगेका छन् ।

## (७८) सीता पाण्डे

सीता पाण्डेको जन्म वि. सं. २०१६ सालमा झापाको गौरादहमा भएको हो । उनी स्नातक तहको अध्ययन गरी राष्ट्रिय खेलकुद परिषद्मा काम गर्ने व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२३ तिरको **सृजना** पत्रिकामा प्रकाशित 'लाहुरे दाइलाई चिट्ठी' शीर्षकको कविताबाट आरम्भ भएको हो । उनले कथा, कविता, निबन्ध, उपन्यास आदिको सृजना गरेकी छन् ।[२४७] उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **यौन र अनुभूति** (२०५६)

सीता पाण्डेका निबन्धमा आख्यानात्मक गुण पाइन्छ । उनका निबन्धमा नारीवादी विचारलाई आफ्नै जीवनका घटनाको सन्दर्भबाट पुष्टि गरिएको हुन्छ । उनले आफ्ना निबन्धमा सामाजिक सन्दर्भमा यौनजीवनका गोप्य ठहरिने पक्षलाई खुलस्त पारिएको हुन्छ । उनको यस्तो लेखन कार्यबाट रूढ संस्कारमाथि ठाडो प्रहार भएको पाइन्छ । उनका निबन्धमा पुरुषप्रधान समाजमा महिलाको दोस्रो दर्जाको उपस्थिति रहेको देखाइएको छ ।[२४८] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिले उनी नारीवादी, साहसी लेखक ठहर्छिन् ।

## (७९) रोचक घिमिरे (१९९८)

रोचक घिमिरेको जन्म वि. सं. १९९८ सालमा रामेछापको मन्थलीमा भएको हो । उनी उच्चशिक्षा हासिल गरेपश्चात् साहित्यसिर्जनामा लागेका स्रष्टा हुन् । उनले विभिन्न पत्रपत्रिकाको समेत सम्पादन गरेका छन् । उनका प्रशस्तै सम्पादकीय तथा अन्य लेखरचना प्रकाशित भएका छन् ।[२४९] उनले रचना गरेका निबन्धसङ्ग्रहहरू यसप्रकार छन् :

(१) **सम्झनामा फक्रिएका थुँगाहरू** (२०५६)

रोचक घिमिरेले आफ्ना निबन्धमा विविध विषयवस्तुको प्रयोग गरेका छन् । उनका निबन्धको शैलीमा सहजता, भाषामा सरलता, विषयवस्तुमा विविधताजस्ता विशेषता पाइन्छन् । उनका निबन्धले सामाजिक र आर्थिक विसङ्गतिमाथि पनि व्यङ्ग्य गरेका छन् । उनका निबन्ध

---

[२४६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४७ ।

[२४७] जयदेव भट्टराई, पूर्ववत्, पृ. ५२७ ।

[२४८] नेत्र एटम, पूर्ववत्, पृ. १२३ ।

[२४९] घटराज भट्टराई, पूर्ववत्, ५६५ ।

सरस, सरल भएकै कारण पाठकीय अभिरुचिका दृष्टिबाट सफल, परिपक्व र मार्मिक रहेका छन् ।[२५०] उनका निबन्धमा पाइने यिनै प्रवृत्तिले गर्दा उनी सफल निबन्धकार मानिन्छन् ।

## (८०) महेश्वर शर्मा

महेश्वर शर्माको जन्म वि. सं. १९८८ मा स्याङ्जामा भएको हो । उनी नव्य व्याकरणाचार्य, आयुर्वेदाचार्य तथा विद्यावारिधि गरी सरकारी सेवामा प्रवेश गरेका थिए । उनले कथा, कविता, निबन्ध, उपन्यास आदि विधामा कलम चलाएका छन् ।[२५१] उनले सृजना गरेका निबन्धका सङ्ग्रह यसप्रकार छन् :

(१) **तर ....तापनि** (२०५६)

महेश्वर शर्माका निबन्ध चिन्तनपूर्ण छन् । उनका निबन्धमा प्रशासनिक अस्तव्यस्तता र अन्योलको वातावरणलाई व्यक्त गरिएको हुन्छ । उनका कतिपय निबन्ध सांस्कृतिक दृष्टिले अध्ययनपूर्ण छन् र तिनले शिक्षा पनि प्रदान गरेका छन् ।[२५२] उनका निबन्धमा प्रशासनिक पक्षको यथार्थ ढङ्गले चित्रण गरिएको पाइन्छ ।

## (८१) रामचन्द्र गौतम

रामचन्द्र गौतमको जन्म वि. सं. २००४ सालमा भएको हो र उनको मृत्यु २०५५ सालमा भएको हो ।[२५३] उनले संस्कृतमा आचार्य तथा नेपाली र पत्रकारितामा स्नातकोत्तर तहको अध्ययन गरेका छन् । उनी गोरखापत्रको प्रधान सम्पादकसमेत बनेका थिए उनले कौटिल्य, सञ्जय, गौरोचन उपनामबाट समेत साहित्यसृजना गरेका छन् ।[२५४] उनले नेपाली निबन्धका क्षेत्रमा **मुटुको घाउ** (२०५६) मा प्रकाशित गरेका छन् ।

रामचन्द्र गौतमका निबन्ध निजात्मक छन् र यात्रावर्णन गरिएका छन् । उनका निबन्ध प्रतीकात्मक छन् । उनी राष्ट्रियताका प्रबल समर्थक देखिन्छन् । उनका निबन्धले सामाजिक विसङ्गतिमाथि व्यङ्ग्य गरेका छन् । उनका निबन्धमा विषयगत विविधता भेटिनुका साथै यात्राका क्रममा घटित घटनाका अनुभूतिलाई कलात्मक रूपमा निबन्धन गरिएको हुन्छ ।[२५५] उनका निबन्धमा कवितात्मकता, घटनाको कलात्मक प्रस्तुति र विसङ्गतिमाथि व्यङ्ग्य गरिएको पाइन्छ ।

## (८२) रमेशजङ्ग सिजापति (२०२२)

रमेशजङ्ग सिजापतिको जन्म वि. सं. २०२२ मा भक्तपुरको सानोठिमीमा भएको हो । उनको सार्वजनिक साहित्यिक यात्रा २०३९ मा रेडियो नेपालको 'हाम्रो सांस्कृतिक कार्यक्रममा बिस्केट जात्रा' नामको लेख प्रसारणसँगै सुरु हो ।[२५६] उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह **ओझेलभित्रका कलासाधक** २०५६ सालमा प्रकाशित भएको हो ।

---

[२५०] रमेश भट्टराई, पूर्ववत्, पृ. १२४ ।

[२५१] घटराज भट्टराई, पूर्ववत्, पृ. ४७५ ।

[२५२] ऐजन ।

[२५३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ६७ ।

[२५४] रामचन्द्र गौतम, **मुटुको घाउ**, (काठमाडौँ : इन्दु गौतम, २०५६) ।

[२५५] रमेश भट्टराई, पूर्ववत्, पृ. १२४ ।

[२५६] रमेजजङ्ग सिजापति, **ओझेलभित्रका कलासाधक**, (काठमाडौँ : श्रीरामजङ्ग सिजापति, २०५६) ।

रमेशजङ्ग सिजापतिको यस निबन्धसङ्ग्रहमा चर्चामा नआएका विभिन्न बीसजना सङ्गीत रचना, वाद्यवादन, नृत्य साधना, चित्रकला आदिका क्षेत्रमा साधना गर्ने व्यक्तिको जीवनी समेटिएको हुन्छ । यो उनको जीवनीपरक निबन्धसङ्ग्रह हो ।

## (८३) चन्द्रप्रसाद न्यौपाने

चन्द्रप्रसाद न्यौपानेको जन्म वि. सं. २०२४ सालमा सिन्धुपलान्चोकमा भएको हो । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा सानै उमेरदेखि आरम्भ भए पनि २०४७ देखि उनका पुस्तकाकार कृतिहरू प्रकाशित हुन थालेका हुन् ।[२५७] उनले सृजना गरेका निबन्धको सङ्ग्रह यसप्रकार छ :

(१) **उज्यालोको खोजीमा** (२०५७)

चन्द्रप्रसाद न्यौपानेका निबन्ध तर्कपूर्ण छन् । उनका निबन्धमा कवितात्मक शैली पाइन्छ । उनले आफ्नै दृष्टिले समाजलाई आफ्ना निबन्धमार्फत हेरेका छन् । उनले सहज शैलीमा सम्प्रेषणीय भाव आफ्ना निबन्धमा व्यक्त गरेका छन् ।

## (८४) ईश्वरवल्लभ (१९९४)

ईश्वरवल्लभको जन्म वि. सं. १९९४ सालमा काठमाडौँमा भएको हो । उनी भट्टराई परिवारमा जन्मिएका हुन् । उनको साहित्यिक यात्रा २००७ सालपछि आरम्भ भएको हो । उनी नेपाली साहित्य क्षेत्रका विभिन्न आन्दोलनमा सक्रिय नेतृत्व दिँदै आएका व्यक्तित्व हुन् । उनले कथा, नाटक, कविता, गीत, निबन्ध आदिको सृजना गरेका छन् ।[२५८] उनले रचना गरेका निबन्धको पहिलो सङ्ग्रह **केही भूमिका** (२०३१) सालमा प्रकाशित भएको हो । उनका यसपछि प्रकाशित निबन्धकृति यसप्रकार छन् :

(१) **सोचको मायामठ** (२०५७)

ईश्वरवल्लभका निबन्धमा निजात्मक गुण पाइन्छ । उनका निबन्धमा जीवनको अस्तित्व र यथार्थको छाप पाइन्छ । उनका निबन्धको शैली जटिल किसिमको छ र निबन्ध पनि सहज बोध्य हुँदैनन् । उनका निबन्धमा अमूर्त शिल्पको प्रयोग पाइन्छ ।[२५९] उनका निबन्धमा पाइने चिन्तन र शिल्पका कारण उनी सफल निबन्धकार मानिन्छन् ।

## (८५) दुर्गाप्रसाद भण्डारी

दुर्गाप्रसाद भण्डारीको जन्म सन् १९३६ मा डोटीको निरौला गाउँमा भएको हो । उनले अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर तथा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् । उनी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् ।[२६०] उनले प्रकाशित गरेका निबन्धकृति यसप्रकार छन् :

(१) **मृगस्थली** (२०५७)

(२) **नीरो बाँसुरी बजाइरहेछ** (२०६०)

(२) **रोटी र फूलहरू** (२०६३)

---

[२५७] ऐजन, पृ. २१५ ।

[२५८] जयदेव भट्टराई, पूर्ववत्, पृ. २७ ।

[२५९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १४९ ।

[२६०] घटराज भट्टराई, पूर्ववत्, पृ. ३०७ ।

दुर्गाप्रसाद भण्डारीका निबन्धमा इतिहास, साहित्य र दर्शनको सम्मिश्रण पाइन्छ । उनले इतिहास, दर्शन र साहित्यमा आफ्ना विचार मिसाएर सुललित निबन्ध सृजना गरेका छन् । उनले आफ्ना निबन्धमा सम्बोधनात्मक शैलीमा रोमाञ्चक प्रस्तुति गरेका छन् । उनका कतिपय निबन्ध सोझो आक्षेप र आफ्नै बढाइचढाइमा केन्द्रित छन् ।[२६१] उनका निबन्ध सरल, संवेद्य र रोचक छन् । उनका निबन्ध तार्किक हुन्छन् ।

## (८६) महेश प्रसाई

महेश प्रसाईको जन्म वि. सं. २०१३ सालमा भारतको मणिपुरमा भएको हो । उनी स्नातकोत्तर तहको अध्ययन गरी शिक्षासेवामा संलग्न व्यक्तित्व हुन् । उनले विभिन्न पत्रपत्रिकाको सम्पादन गर्ने कामसमेत गरेका छन् । उनले मुक्तक, कविता, कथा, नाटक र निबन्धको सृजना गरेका छन् ।[२६२] उनले रचना गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **शब्द-सारथी** (२०५७)

महेश प्रसाईका निबन्ध नाटकीय छन् । उनका निबन्धमा अभिव्यक्तिगत क्लिष्टता पाइन्छ । उनले आफ्ना निबन्धमा लेखकीय अनुभूति र वार्तालाई रोचक ढङ्गले समायोजन गरी प्रस्तुत गरेका हुन्छन् ।[२६३] उनले निबन्धमा आफ्ना विचारलाई पनि सूक्ष्म रूपले व्यक्त गरेका छन् ।

## (८७) आर्. सी. रिजाल (२००९)

नेपाली साहित्यमा आर्. सी. रिजालका नामबाट परिचित रामचन्द्र रिजालको जन्म वि. सं. २००९ सालमा मकवानपुरगढीमा भएको हो । उनको साहित्यिक यात्रा गद्यलेखनबाट आरम्भ भएको हो । उनी विभिन्न सङ्घसंस्था, पुस्तकालयसँग आबद्ध व्यक्तित्व हुन् ।[२६४] उनले नेपाली निबन्धका क्षेत्रमा प्रकाशित गरेका कृति यसप्रकार छन् :

(१) **कुकरको पुच्छर** (२०५७)

(२) **कण्ठलँगौटी** (२०५८)

(३) **हाकिमको खप्पर** (२०६३)

आर्. सी. रिजाल मूल रूपमा हास्यव्यङ्ग्य मिश्रित निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा ग्रामीण परिवेश र जनजीवनको चित्रण गरिएको हुन्छ । उनका निबन्धले समाजभित्रका असामान्य अवस्थादेखि राजनीतिक, शैक्षिक एवम् प्रशासनिक क्षेत्रमा देखिएका विसङ्गतिलाई चित्रण गरेका छन् । उनका निबन्धको भाषा सरल हुनाका साथै उखानटुक्काको समेत आंशिक प्रयोग पाइन्छ ।[२६५] उनका निबन्ध संस्कृत र हिन्दी भाषाका पदावलीको प्रयोगका साथै ग्रामीण कथ्य भाषाको प्रयोगले सफल बनेका छन् ।

## (८८) डिल्लीराम अर्याल

---

[२६१] नेत्र एटम, पूर्ववत्, पृ. ११८ ।

[२६२] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३५१ ।

[२६३] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।

[२६४] यागेन्द्र दाहाल, पूर्ववत् २१ ।

[२६५] ऐजन, पृ. २२ ।

डिल्लीराम अर्यालको जन्म वि. सं. २००९ मा पाल्पाको मदनपोखरामा भएको हो । उनले बनारसबाट संस्कृतमा शास्त्रीसम्मको अध्ययन पूरा गरी नेपालीमा पनि स्नातकोत्तर अध्ययन गरेका छन् । उनी शिक्षण कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले नेपालीमा काव्य, कविता, कथा, निबन्ध आदिको सृजना गरेका छन् ।[२६६] उनको निबन्धसङ्ग्रह **रातमा सूर्य दिनमा तारा** २०५७ सालमा प्रकाशित भएको छ ।

डिल्लीराम अर्यालका निबन्धमा हास्यव्यङ्ग्य प्रवृत्तिको प्रधानता पाइन्छ । उनका निबन्धले समाजमा देखिने विकृति, राजनैतिक क्षेत्रमा देखिएका बेथिति र विसङ्गतिलाई प्रस्तुत गरेका छन् । उनले आत्मपरक शैलीको प्रयोग गरी निबन्ध सृजना गरेका छन् ।[२६७] उनका निबन्धको आयतन लघु रूपको हुन्छ ।

## (८९) प्रकाश ए. राज

प्रकाश ए. राजको जन्म वि. सं. २००० सालमा भएको हो । उनले स्नातकोत्तर तहको अध्ययन गरेका छन् र फ्रेन्च र जर्मन भाषा पनि पढेका छन् । उनले नेपाली र अङ्ग्रेजी भाषामा समेत पुस्तक लेख्ने काम गरेका छन् । उनले नेपाली साहित्यमा कथा, उपन्यास, जीवनी, निबन्ध आदिको सृजना गरेका छन् ।[२६८] उनको प्रकाशित निबन्धसङ्ग्रह **केही खोजेको केही देखेको** २०५८ सालमा प्रकाशित भएको हो ।

प्रकाश ए. राजका निबन्धमा सामाजिक परिवेशको चित्रण पाइन्छ । उनले निबन्धमा आफ्ना अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनका निबन्धमा तत्सम, तद्भव, आगन्तुक तीनै थरी स्रोतका शब्दको कलात्मक संयोजन पाइन्छ ।

## (९०) मनोज गजुरेल

मनोज गजुरेलको जन्म वि. सं. २०३० सालमा ताप्लेजुङको मामांखेमा भएको हो । उनी हाल भक्तपुरको बालकोटमा बस्दै आएका छन् ।[२६९] उनी विभिन्न सञ्चारमाध्यममा हास्यव्यङ्ग्य कार्यक्रम सञ्चालन गर्दै आएका व्यक्तित्व हुन् । उनले नेपालीमा हास्यव्यङ्ग्य निबन्धको सृजना गरेका छन् । उनका हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **लुखास्त** (२०५८)

(२) **हनुम्यान** (२०५९)

मनोज गजुरेलका निबन्धमा हास्यव्यङ्ग्य गुणको प्रधानता पाइन्छ । उनका निबन्ध समसामयिक राजनीतिमा केन्द्रित छन् । उनका निबन्धमा संस्कृति र सभ्यताबाट पलायन हुँदै गएको जनजीवन, युद्धजन्य अवस्थाको नेपालको स्थिति, सङ्कटकालीन समयको सङ्कटपूर्ण अवस्था तथा व्यवस्थालाई विषयवस्तु बनाइएको हुन्छ ।[२७०] उनका निबन्ध सरल छन् र स्वैरकल्पनात्मक, संवादात्मक तथा कथात्मक शिल्पमा आबद्ध छन् ।

## (९१) डा. तुलसीप्रसाद भट्टराई

---

[२६६] घटराज भट्टराई, पूर्ववत्, पृ. ३६९ ।

[२६७] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २६० ।

[२६८] घटराज भट्टराई, पूर्ववत्, पृ. ३८८ ।

[२६९] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३७ ।

[२७०] ऐजन ।

डा. तुलसीप्रसाद भट्टराईको जन्म वि. सं. २००९ सालमा ताप्लेजुङको सिकैचामा भएको हो । उनी राजनीतिशास्त्रमा स्नातकोत्तर र भाषाविज्ञानमा विद्यावारिधि गरी राजनीतिमा लागेका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२५ सालतिरको **समर्पण** पत्रिकामा प्रकाशित 'केही रहेछ' शीर्षकको कथा प्रकाशित भएपछि सुरु भएको हो ।[२७१] उनले नेपालीमा उपन्यास, कविता, कथा आदिको सृजना गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **म किन लेख्छु** (२०५८)

(२) **सबै उस्तै छ तर** (२०६३)

तुलसीप्रसाद भट्टराई तार्किक निबन्ध लेख्ने स्रष्टा हुन् । उनका निबन्धमा तर्कद्वारा विषयवस्तुलाई पुष्टि गर्ने प्रयत्न गरिएको हुन्छ । उनका निबन्धमा आफ्ना अनुभवलाई प्राथमिकता दिइएको पाइन्छ । उनका निबन्धमा भाषालाई कलात्मक ढङगले प्रस्तुत गरिएको हुन्छ ।[२७२] उनका निबन्ध विचारात्मक छन् ।

## (९२) माधवप्रसाद घिमिरे

माधवप्रसाद घिमिरेको जन्म वि. सं. १९७६ मा लमजुङको पुस्तुनमा भएको हो । उनी शास्त्रीसम्मको अध्ययन गरी साहित्य सृजनामा समर्पित व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा वि. सं. १९९० तिरको गोरखापत्रमा कविता प्रकाशित भएपछि सुरु भएको हो । उनले नेपाली साहित्यमा कविता, काव्य, नाटक, निबन्ध आदिको सृजना गरेका छन् ।[२७३] उनले साहित्य सृजनामार्फत नेपाली भाषा तथा साहित्यको आजीवन योगदान गरेबापत् उनलाई राष्ट्रकविको उपाधिसमेत प्रदान गरिएको छ । उनले प्रकाशित गरेको पहिलो निबन्धसङ्ग्रह **आफ्नै बाँसुरी आफ्नै धुन** २०३० सालमा प्रकाशित भएको हो । उनको यसपछि प्रकाशित निबन्धसङ्ग्रह **चारू चर्चा** २०५८ सालमा प्रकाशित भएको हो ।

माधवप्रसाद घिमिरे निजात्मक गुणयुक्त निबन्ध सृजना गर्दछन् । उनका कवितात्मक हुन्छन् । उनका निबन्धमा स्वच्छन्दतावादी तथा मानवतावादी साहित्यिक मूल्यको मिश्रण पाइन्छ । उनका निबन्धमा भावनात्मकता, निजात्मक मूल्य प्रदर्शन भएको पाइन्छ । उनका निबन्धमा आत्मचिन्तन र सौन्दर्यको विपुल भण्डार पाइन्छ ।[२७४] उनी निबन्धकारभन्दा कविका रूपमा बढी परिचित व्यक्तित्व हुन् ।

## (९३) रघु घिमिरे

रघु घिमिरेको जन्म वि. सं. २००५ सालमा काठमाडौंको टङ्गालमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनले २०३२ देखि विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशित गराउँदै आएका छन् ।[२७५] उनको निबन्ध क्षेत्रको पहिलो कृति **राम्रो म** २०५८ सालमा प्रकाशित भएको थियो ।

---

[२७१] जयदेव भट्टराई, पूर्ववत्, पृ. १८९ ।

[२७२] नेत्र एटम, पूर्ववत्, पृ. ११८ ।

[२७३] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३५४ ।

[२७४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ९३ ।

[२७५] घटराज भट्टराई, पूर्ववत्, पृ. ५१४ ।

रघु घिमिरेका निबन्धमा काव्यात्मक विशेषता पाइन्छ । उनले आफ्ना निबन्धमा अनुभूतिका माध्यमबाट आत्मउत्खनन गरेका छन् । उनका निबन्धमा कवितामा जस्तै आफैँसँग वार्ता गरिएको हुन्छ । उनका निबन्धमा भाषिक विचलन पाइन्छ ।[२७६] उनका निबन्धले पाठकलाई आफ्नो विचारमा हिँडाउन खोजेको पाइँदैन ।

## (९४) देवेन्द्रप्रताप शाह

देवेन्द्रप्रताप शाहको जन्म २००९ सालमा धादिङमा भएको हो । उनी व्यवस्थापनमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैङ्किङ सेवामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो । उनले नेपाली साहित्यमा कथा, उपन्यास, निबन्ध आदि सिर्जना गरेको पाइन्छ ।[२७७] उनले सृजना गरेको निबन्धसङ्ग्रह **केही साहित्यकारहरूसित** (२०५८) हो ।

देवेन्द्रप्रताप शाहका निबन्धमा नाटकीय गुणको प्रधानता रहेको पाइन्छ । उनले निबन्धमा साहित्यकारहरूसँगको अन्तर्वार्तालाई निबन्धात्मक रूपमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा विषयको वस्तुगतताको मात्रा ज्यादा रहेको पाइन्छ ।[२७८] उनका निबन्धमा समालोचकीय चेत पनि प्रकट भएको पाइन्छ ।

## (९५) रामप्रसाद पन्त (२०१०)

रामप्रसाद पन्तको जन्म वि. सं. २०१० मा गुल्मीमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी सरकारी सेवामा संलग्न व्यक्तित्व हुन् । उनले कविता, कथा, उपन्यास आदिको सृजना गरेका छन् ।[२७९] उनले निबन्धका क्षेत्रमा प्रकाशित गरेका कृति यसप्रकार छन् :

(१) **जापान भ्रमणका केही सम्झनाहरू** (२०५८)

(२) **यात्रा र अनुभूति** (२०६०)

रामप्रसाद पन्त नियात्रा सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा देशपरदेशको परिवेशलाई अभिव्यक्त गरिएको हुन्छ । उनका कतिपय निबन्धमा संस्मरणका रूपमा यात्राको वर्णन गरिएको हुन्छ ।[२८०] उनका निबन्धमा यात्राका अनुभूतिलाई जीवन्त रूपमा वर्णन गरिएको छ । उनका निबन्धमा लेखकसँगै पाठकले पनि यात्रा गर्न थाल्ने खालको आकर्षण शैली पाइन्छ । नियात्रालेखनका यी विविध विशेषताले उनी चर्चित छन् ।

## (९६) विश्वम्भर चञ्चल

विश्वम्भर चञ्चलको जन्म वि. सं. १९९८ सालमा काठमाडौँको महाङ्कालमा भएको हो । उनको वास्तविक नाम विश्वम्भर घिमिरे हो । उनी अर्थशास्त्रमा स्नातकोत्तर गरी सरकारी सेवामा संलग्न व्यक्तित्व हुन् । उनले कथा, कविता, लेख, निबन्ध आदिको सृजना गरेका छन् ।[२८१] उनका प्रकाशित निबन्ध कृति यसप्रकार छन् :

---

[२७६] नेत्र एटम, पूर्ववत्, पृ. १२० ।
[२७७] जयदेव भट्टराई, पूर्ववत्, पृ. २१३ ।
[२७८] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।
[२७९] घटराज भट्टराई, पूर्ववत्, पृ. ५४९ ।
[२८०] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।
[२८१] जयदेव भट्टराई, पूर्ववत्, पृ. ४६५ ।

(१) **क्षितिजदेखि क्षितिजसम्म** (२०५८)

(२) **वारिदेखि पारिसम्म** (२०६२)

विश्वम्भर चञ्चल यात्राका अनुभूतिलाई अभिव्यक्त गर्ने स्रष्टा हुन् । उनका निबन्धमा यात्राका क्रममा अनुभव गरेका, देखेका, प्राकृतिक तथा भौगोलिक स्थितिको सजीव चित्रण गरिएको पाइन्छ । उनका निबन्धमा यात्रानुभूतिसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भको चर्चा पाइन्छ ।[२८२] उनका निबन्धको शैली आकर्षक र रोचक छ । उनका निबन्धमा विषयवस्तुको सहज प्रस्तुति पाइन्छ ।

## (९७) कृष्णप्रसाद घिमिरे 'मैदेली'

कृष्णप्रसाद घिमिरेको जन्म वि. सं. २०१० मा धादिङको मैदी गाविसमा भएको हो । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३१ सालतिर आरम्भ भएको हो । उनले **अरुणोदय** पत्रिकामा व्यङ्ग्य लेख प्रकाशित गरेका छन् ।[२८३] उनले प्रकाशित गरेका निबन्धकृति यसप्रकार छन् :

(१) **ट्याब्लेटको मान्छे** (२०५८)

(२) **मैदेलीको मादल** (२०५९)

कृष्णप्रसाद घिमिरे 'मैदेली' नेपाली हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा कलम चलाउने स्रष्टा हुन् । उनका निबन्धमा समसामयिक विसङ्गति, भ्रष्टाचारपूर्ण कार्यशैली, गिर्दो शैक्षिक अवस्था, जातीय विभेद, संस्कृतिमा देखापरेको आधुनिक प्रभाव, प्रदूषित वातावरण आदिजस्ता विषयवस्तुको प्रयोग पाइन्छ । उनका निबन्धमा उखान र टुक्काको संयोजनका साथै अङ्ग्रेजी र हिन्दी शब्दावलीको समेत प्रयोग भएको भाषाशैली पाइन्छ ।[२८४] उनका निबन्ध व्यङ्ग्यात्मक र रसिला रहेका छन् ।

## (९८) नरमेन्द्र लामा (२०१०)

नरमेन्द्र लामाको जन्म वि. सं. २०१० सालमा भएको हो । उनी निबन्धकार भैरव अर्यालबाट प्रेरित भई हास्यव्यङ्ग्य निबन्धलेखनमा लागेका व्यक्तित्व हुन् । उनका साहित्यिक रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।[२८५] उनले नेपालीमा प्रकाशित गरेका कृति यसप्रकार छन् :

(१) **सांसदको पाडो** (२०२८)

(२) **कुखुरीको दूध** (२०६०)

नरमेन्द्र लामा हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा संसदीय व्यवस्थामा देखिने अप्रभावकारी कार्यशैली, घुसप्रथा, राजनैतिक व्यभिचारजस्ता नकारात्मक प्रवृत्तिको चित्रण गरिएको पाइन्छ ।[२८६] उनले निबन्धमा सरल भाषाको प्रयोग गरेका छन् ।

## (९९) कर्ण शाक्य

---

[२८२] घटराज भट्टराई, पूर्ववत्, पृ. ६१६ ।

[२८३] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २३ ।

[२८४] ऐजन ।

[२८५] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २८ ।

[२८६] ऐजन ।

कर्ण शाक्यको जन्म सन् १९४३ मार्चमा काठमाडौँमा भएको हो । उनी वन विज्ञानको शिक्षा हासिल गरेर पर्यटन व्यवसायमा लागेका व्यक्तित्व हुन् । उनी विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेका छन् ।[२८७] उनले २०५८ सालमा **सोच** प्रकाशित गरेर निबन्ध यात्रा सुरु गरेका हुन् । त्यसपछि उनको अर्को निबन्धकृति **खोज** (?) पनि आइसकेको छ ।

कर्ण शाक्यको **सोच** सकारात्मक परिवर्तनको उद्देश्य राखेर सृजना गरिएको छ । यसमा हरेक पक्षमा सकारात्मक सोच राख्नुपर्ने भाव व्यक्त भएको छ । उनका निबन्धमा घटनाहरूको वर्णन र विवेचना गरी मौलिक दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । उनका निबन्ध समकालीन घटनाहरूको विश्लेषणमा ज्यादा केन्द्रित छन् ।[२८८] उनका निबन्धमा जीवनका सकारात्मक सकारात्मक पक्षको सन्देश दिइएको छ ।

## (१००) चट्याङ मास्टर

चट्याङ मास्टरको जन्म वि. सं. २०१० सालमा भक्तपुरमा भएको हो । उनको वास्तविक नाम कृष्णमुरारी गौतम हो । उनी अर्थशास्त्रमा स्नातकोत्तर तह पूरा गरी ग्रामीण विकाससम्बन्धी सल्लाहकारमा सेवारत छन् । उनको साहित्यिक यात्रा हास्यव्यङ्ग्य रचनाबाट आरम्भ भएको हो ।[२८९] उनले रचना गरेका निबन्धको सङ्ग्रह **चट्याङ गीता भाग १** २०५८ सालमा प्रकाशित भएको थियो ।

चट्याङ मास्टरका निबन्धमा हास्यव्यङ्ग्य गुणको प्रधानता पाइन्छ । उनका निबन्धमा राजनीतिक रडाको, सामाजिक समस्या, प्रशासनका प्रदूषण, शिक्षाक्षेत्रका सङ्कट, व्यापारका व्यवधान, धर्ममा देखिएको धमिलोपनका साथै स्वास्थ्य क्षेत्रप्रति कडा व्यङ्ग्य प्रहार गरिएको हुन्छ ।[२९०] उनका निबन्ध व्यङ्ग्यात्मक हुन्छन् र त्यत्तिकै सरल पनि हुन्छन् ।

## (१०१) रोहिणीविलास लुइटेल

रोहिणीविलास लुइटेलको जन्म वि. सं. १९९८ मा तेह्रथुमको सोल्मामा भएको हो । उनी संस्कृतमा आचार्य गरी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो । उनले नेपाली साहित्यमा निबन्ध, गजल, कथा, लेख, निबन्ध लेखेका छन् ।[२९१] उनको प्रकाशित निबन्धसङ्ग्रह **अपराजेय कटाक्ष** २०५८ सालमा प्रकाशित भएको पाइन्छ ।

रोहिणीविलास लुइटेल नेपाली हास्यव्यङ्ग्य निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा राजनीतिक क्षेत्रमा अराजकता, शैक्षिक क्षेत्रका अस्तव्यस्तता, साहित्यिक क्षेत्रका असङ्गति, सांस्कृतिक क्षेत्रमा व्याप्त अन्धविश्वास एवम् नैतिक जिम्मेवारी ग्रहण गर्न नसक्ने मानिसका विसङ्गतिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।[२९२] आफ्ना निबन्धमा उनले सरल भाषाका माध्यमबाट आफ्ना अभिव्यक्ति प्रस्तुत गरेका छन् । उनका निबन्धको आयाम लघु देखिन्छ ।

---

[२८७] कर्ण शाक्य, 'सोच',

[२८८] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।

[२८९] घटराज भट्टराई, पूर्ववत्, पृ. २१२ ।

[२९०] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३६ ।

[२९१] घटराज भट्टराई, पूर्ववत्, पृ. ५६६ ।

[२९२] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २६ ।

## (१०२) पोषरमण चापागाईं

पोषरमण चापागाईंको जन्म वि. सं. २००८ सालमा भोजपुरको मूलपानीमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् ।[२९३] उनले नेपालीमा **पश्चिम अस्ट्रेलियाको यात्रा संस्मरण : सेरोफेरो पर्थको** निबन्ध कृति २०५८ सालमा प्रकाशित गरेका छन् ।

पोषरमण चापागाईंले संस्मरणलेखनमा कलम चलाएका छन् । उनका उक्त सङ्ग्रहमा पच्चीसवटा निबन्ध रहेका छन् । उनका निबन्धमा उनी पाठ्यक्रम निर्माणसम्बन्धी तालिम लिन पश्चिम अस्ट्रेलियाको पर्थ टेक्निकल कलेजमा गएका बेलाका घटनाहरूको निबन्धन गरिएको पाइन्छ । उनले यसमा काठमाडौँको विमानस्थलदेखि पर्थको सेरोफेरोमा देखे, सुनेका, भोगेका र अनुभव गरेका प्रसङ्गलाई सरल र रोचक शैलीमा व्यक्त गरेका छन् । उनका निबन्धमा अस्ट्रेलियाको जनजीवन, संस्कृति र धार्मिक क्रियाकलापको जानकारी प्रस्तुत गरिएको हुन्छ र उनका निबन्ध सूचनामूलक र ज्ञानवर्द्धक हुन्छन् ।

## (१०३) विनोद मन्जन

नेपाली साहित्यमा विनोद मन्जन नामबाट परिचित विनोद कार्कीको जन्म वि. सं. २०२७ सालमा भएको हो । उनले नेपालीमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका छन् । उनले कविता, निबन्ध, समालोचना आदिको सृजना गरेका छन् ।[२९४] उनका प्रकाशित निबन्ध कृतिहरू यसप्रकार छन् :

(१) **आस्थाको फूल** (२०५९)

(२) **विचारको स्वर** (२०६१)

विनोद मन्जन विचारात्मक निबन्धसृजना गर्ने स्रष्टा हुन् । उनका निबन्ध मानवीय इतिहास र दर्शनको विश्लेषणमा केन्द्रित रहेको पाइन्छ । उनका निबन्धमा भाषिक अनुप्रासको कृत्रिमता पाइन्छ ।[२९५] उनका निबन्ध सहज एवम् स्वस्फूर्त नभए पनि दर्शन र इतिहासका दृष्टिले महत्त्वपूर्ण छन् ।

## (१०४) लेखप्रसाद निरौला

लेखप्रसाद निरौलाको जन्म वि. सं. २०३० सालमा सङ्खुवासभामा भएको हो । उनी हाल काठमाडौँमा नै बस्तै आएका छन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो ।[२९६] उनले साहित्यमा कविता र निबन्धको सृजना गरेका छन् । उनको हालसम्म प्रकाशित एक मात्र निबन्धसङ्ग्रह **घाँटी हेरी हाड निल्नू** (२०५९) हो ।

लेखप्रसाद निरौला हास्यव्यङ्ग्य गुणयुक्त निबन्धसृजना गर्ने लेखक हुन् । उनका निबन्धले समाजभित्र रहेका विविध संस्कार, वैयक्तिक मनोरोग, रूढिगत मान्यता, पुरुषकेन्द्री

---

[२९३] पोषरमण चापागाई, **पश्चिम अस्ट्रेलियाको यात्रा संस्मरण : सेरोफेरो पर्थको**, (काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५८) ।

[२९४] घटराज भट्टराई, पूर्ववत्, पृ. ६०५ ।

[२९५] नेत्र एटम, पूर्ववत्, पृ. ११८ ।

[२९६] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३७ ।

सत्ताबाट सिर्जित सामाजिक परिवेश, धार्मिक क्षेत्रका अन्धविश्वास र विसङ्गतिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा आख्यान र नाटकीय गुणका मिश्रणका साथै तार्किक गुण पनि रहेको पाइन्छ ।[२९७] उनका निबन्धमा पाइने यस्ता विशेषताले गर्दा उनी सक्षम र सफल निबन्धकार मानिन्छन् ।

## (१०५) दामोदर पुडासैनी 'किशोर'

दामोदर पुडासैनी 'किशोर' को जन्म वि. सं. २०१९ सालमा काठमाडौँमा भएको हो । उनले व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका छन् । उनले कविता, निबन्ध आदिको सृजना गरेका छन् ।[२९८] उनको प्रकाशित निबन्ध कृति यसप्रकार छ :

(१) **यात्राका प्रेमिल तरङ्गहरू** (२०५९)

दामोदर पुडासैनी 'किशोर' ले यात्रानिबन्धको सृजना गरेका छन् । उनका नियात्राले उत्पन्न गरेको गतिमयता र जीवन्तताले पाठकलाई आकर्षित गर्छन् र आफूसँगै यात्रा गराउन सक्षम छन् । उनका निबन्ध सरल छन् र निबन्धको भाषा आकर्षक तथा सुन्दर रहेको छ ।[२९९] उनका निबन्धमा देशपरदेशको परिवेशको चित्रण पाइन्छ ।

## (१०६) तेराख

नेपाली साहित्यमा तेराख नामबाट परिचित तेजराज खतिवडाको जन्म वि. सं. २००१ सालमा इलामको देवानछापमा भएको हो । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् । उनले नेपालीमा काव्य, उपन्यास, नाटक, कथा, निबन्ध आदिको सृजना गरेका छन् ।[३००] उनले सृजना गरेका निबन्धका सङ्ग्रह यसप्रकार छन् :

(१) **म आगो र पानीहरू** (२०५९)

(२) **ढाडेका नाकमा घिउ** (२०६१)

तेराखका निबन्ध स्वतःस्फूर्त र आत्मपरक किसिमका रहेका छन् । उनका निबन्ध निजी जीवनका अनुभवका विषयमा रचिएका छन् र कलात्मक एवम् कवितात्मक ढाँचामा प्रस्तुत भएका छन् । उनका निबन्धमा वर्णनात्मक, विवरणात्मक एवम् विचारात्मक गुण पाइए पनि हार्दिक पक्ष पनि त्यत्तिकै प्रबल देखिन्छ । उनको **ढाडेका नाकमा घिउ** (२०६१) मा लघु निबन्धहरू समेटिएका छन् ।

## (१०७) कविता पौडेल

कविता पौडेलको जन्म वि. सं. २००२ सालमा अर्घाखाँचीको खिदिममा भएको हो । उनले नेपाली साहित्यमा गीत, उपन्यास, निबन्ध आदिको सृजना गरेकी छन् ।[३०१] उनले २०५९ सालमा **काँडेघारीको यात्रा** निबन्धसङ्ग्रह पनि प्रकाशित गरेकी छन् ।

कविता पौडेलको **काँडेघारीको यात्रा** आत्मकथा हो । यसमा उनका जीवनका सङ्घर्षमय दिनहरूको वर्णन गरिएको पाइन्छ । उनले यस कृतिमा सरल भाषाको प्रयोग गरेर विषयको रोचक ढङ्गले वर्णन गरेकी छन् ।

---

[२९७] ऐजन ।

[२९८] दामोदर पुडासैनी 'किशोर', **यात्राका प्रेमिल तरङ्गहरू** (काठमाडौँ : मोडर्न बुक्स, २०५९)

[२९९] ऐजन, (गोविन्दराज भट्टराईको भूमिकाबाट)

[३००] तेराख, **म आगो र पानीहरू**, (तेराख, २०५९) ।

[३०१] कविता पौडेल, **हीरा**, (काठमाडौँ : पसिना प्रकाशन, २०६३) ।

## (१०८) पुष्करराज भट्ट

पुस्कर राज भट्टको जन्म २०३० सालमा बैतडी जिल्लामा भएको हो । उनी हाल कैलालीको हसनपुरमा रहेका छन् । उनी पत्रकारिता र साहित्यसृजनामा साधनारत व्यक्तित्व हुन् ।[३०२] उनले नेपाली सृजना गरेका निबन्धहरूको सङ्ग्रह **युगधारा** २०५९ सालमा प्रकाशित भएको छ ।

पुष्करराज भट्टको प्रस्तुत **युगधारा** निबन्धसङ्ग्रहमा जम्मा सत्रवटा निबन्धहरू रहेका छन् । उनका यी निबन्धमा समाजमा व्याप्त भ्रष्टाचार, शोषण तथा कुकृत्यको विरोध गरिएको छ र जीवनप्रति आस्था र भविष्यमाथि विश्वास प्रकट गरिएको छ ।

## (१०९) सुकुम शर्मा

सुकुम शर्माको जन्म वि. सं. २०२७ सालमा स्याङ्जामा भएको हो । उनको वास्तविक नाम गोविन्दप्रसाद शर्मा हो । उनी नेपाली विषयमा स्नातकोत्तर पूरा गरी त्रि. वि. अन्तर्गत प्राध्यापन पेसामा संलग्न छन् । उनले काव्य, उपन्यास, समालोचना, निबन्ध र भाषा-व्याकरणका कृति पनि लेखेका छन् ।[३०३] उनले रचना गरेका निबन्धहरूको सङ्ग्रह २०५९ सालमा **कोभ्राङखोला बाँचे भेट होला** शीर्षकमा प्रकाशित छ ।

सुकुम शर्माका निबन्धले वर्तमान बेथितिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । उनका निबन्धले ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि क्षेत्रमा देखिएका विकृतिमाथि प्रहार गरेका छन् ।[३०४] उनका निबन्धमा नवीन चिन्तन र चेतनाको स्पर्श पाइन्छ ।[३०५] उनका कतिपय निबन्ध संस्मरणका रूपमा रहेका छन् । उनका थुप्रै गहकिला निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

## (११०) पुण्य खरेल

पुण्य खरेलको जन्म वि. सं. २००७ सालमा ताप्लेजुङको थेचम्बुमा भएको हो र उनको कर्मथलो झापा जिल्ला हो । उनको साहित्यिक यात्रा २०३१ सालमा **अपर्णा** पत्रिकाबाट 'अभाग्य होइन' कविताबाट भएको हो ।[३०६] उनले कविता, कथा, नाटक, निबन्ध आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह **घुमिफिरी रुम्जैटार** २०५९ सालमा प्रकाशित भएको हो ।

पुण्य खरेलका निबन्धमा समाजमा देखिएका विकृति, बेथिति, गरिबी, अशिक्षा, अज्ञानता, शोषण, अन्याय, अत्याचार, बेरोजगारी समस्या आदिलाई प्रमुख विषयका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

## (१११) गोविन्दराज भट्टराई

---

[३०२] पुष्करराज भट्ट, **युगधारा**, (काभ्रे : जनमत प्रकाशन, २०५९) ।

[३०३] प्रेमराज लुइटेल, **नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ २०६३) ।

[३०४] ऐजन, पृ. ६६ ।

[३०५] डा. लक्ष्मणप्रसाद गौतम, **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, (काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस प्रा. लि., २०६६), पृ. १२४ ।

[३०६] कृष्णप्रसाद तिम्सिना, **नेपाली साहित्यमा झापा जिल्लाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०५५), पृ. ६१ ।

गोविन्दराज भट्टराईको जन्म वि. सं. २०१० सालमा ताप्लेजुङमा भएको हो । उनी अङ्ग्रेजी विषयमा स्नातकोत्तर तथा भाषाविज्ञानमा विद्यावारिधि गरी त्रि. वि.अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०३१ सालमा **गोरखापत्र**मा कथा प्रकाशित भएपछि सुरु भएको हो ।[307] उनले नेपालीमा कथा, उपन्यास, निबन्ध, समीक्षा सृजना गरेका छन् । उनका प्रकाशित निबन्धकृतिहरू यसप्रकार छन् :

(१) **एक्लै एक्लै एक्लै** (२०६०)

(२) **विश्वविद्यालयमा अग्निपूजा** (२०६२)

(३) **सँगै बसौं यो रात** (२०६४)

(४) **गोधूलीमा दस पाइला** (२०६६)

गोविन्दराज भट्टराई तार्किक निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा यात्रा र अनुभवको रोचक अभिव्यक्ति पाइन्छ । उनले आफ्ना निबन्धमा तर्क व्यङ्ग्य र आक्षेपको सम्मिश्रण गरेका हुन्छन् । उनका निबन्धमा आग्रहको मात्रा ज्यादा रहेको छ ।[308] उनी यथार्थ पाराले निबन्ध सृजना गर्दछन् । उनका निबन्धका यिनै विशेषताका कारण उनी चर्चित बन्न पुगेका हुन् ।

## (११२) पुण्य कार्की

पुण्य कार्कीको जन्म वि. सं. २०२७ सालमा उदयपुरको ताम्लिछामा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर, शिक्षाशास्त्रमा स्नातक र कानुनमा स्नातक गरी शिक्षण पेसामा संलग्न भएका व्यक्तित्व हुन् । उनले कथा, कविता, उपन्यास र समालोचनाका साथै निबन्धको सृजना गरेका छन् । उनले हालसम्म प्रकाशित गरेका निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **कविको छैटौं इन्द्रिय** (२०६०)

(२) **एउटा हर्कुलसको खोजी** (२०६३)

पुण्य कार्कीका निबन्धमा पूर्वीय तथा पश्चिमेली मिथकीय बिम्बलाई नयाँ परिवेश र स्पर्शसहित प्रस्तुत गरिएको पाइन्छ । उनले निबन्धमा आफ्नै वरिपरिका पात्र, घटना र अनुभवलाई व्यक्त गरेका हुन्छन् । उनका निबन्ध कवितात्मक छन् । उनका निबन्ध आत्मपरक र भावुक प्रकृतिका छन् । उनका निबन्धमा विचारको प्रधानता पाइन्छ । उनका निबन्धमा भ्रष्टाचारको विरोध, नेपाली अस्मिता र संस्कृतिको महिमालाई विषयका रूपमा प्रस्तुत समटिएको छ ।

## (११३) प्रेम सिलवाल

प्रेम सिलवालको जन्म वि. सं. २०२८ सालमा नुवाकोटमा भएको हो । उनी व्यापार र स्वतन्त्र पत्रकारिता सेवा अँगाल्दै आएका व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो ।[309] उनले कविता र हास्यव्यङ्ग्य निबन्ध सृजना गरेका छन् । उनले निबन्ध साहित्यका क्षेत्रमा **बुख्याँचा** शीर्षकको सङ्ग्रह २०६० सालमा प्रकाशित गरेका छन् ।

---

[307] जयदेव भट्टराई, पूर्ववत्, पृ. १३१ ।

[308] नेत्र एटम, पूर्ववत्, पृ. ११८ ।

[309] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३८ ।

प्रेम सिलवाल हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा राजनीतिका क्षेत्रमा देखिने सत्तापक्ष र प्रतिपक्षका बीचको अस्वस्थ विवाद, जनतालाई नेताले दिने खोक्रो आश्वासन, प्रजातान्त्रिक आदर्शको अवहेलनाका साथै शैक्षिक क्षेत्रको व्यापारीकरण र सञ्चार क्षेत्रको अप्रभावकारी भूमिकाजस्ता विषयमा व्यङ्ग्य गरेका छन् ।[३१०] उनका निबन्ध सरल छन् र निबन्धको आयाम लघु रहेको पाइन्छ ।

## (११४) धनबहादुर मगर (२०२६)

धनबहादुर मगरको जन्म वि. सं. २०२६ सालमा तनहुँको आबुखैरेनीमा भएको हो । उनका विभिन्न पत्रपत्रिकामा लेखरचना प्रकाशित भएका छन् ।[३११] उनको प्रकाशित पहिलो कृति भने **मेरो हजुर बा** हो । उनको यस निबन्धसङ्ग्रहको प्रकाशन २०६० सालमा भएको हो ।

धनबहादुर मगर घरपरिवार भित्रका मौलिक विषयवस्तुलाई निबन्धमा प्रस्तुत गर्दछन् । उनका निबन्धमा घरपरिवार, प्राकृतिक सौन्दर्य, सामाजिक, सांस्कृतिक पक्ष व्यक्त भएको हुन्छ । उनको **मेरो हजुर बा** कृतिमा दुईवटा लामा आयामका निबन्ध रहेका छन् ।

## (११५) नवीन विभास

नवीन विभासको जन्म वि. सं. २०२६ सालमा रोल्पाको राङ्केसमा भएको हो । उनी स्नातकोत्तर तहको अध्ययन गरी विभिन्न पत्रपत्रिकाको सम्पादनसम्बन्धी कार्य गर्दै आएका व्यक्तित्व हुन् । उनले कथा, कविता र निबन्धको सृजना गरेका छन् ।[३१२] उनले २०६० सालमा **रात पनि ऐठन परेको रातमा** निबन्ध कृति प्रकाशित गरेका छन् ।

नवीन विभासको **रात पनि ऐठन परेको रातमा** निबन्धसङ्ग्रहमा सोह्रवटा निबन्धहरू रहेका छन् । उनका निबन्धमा देशको चिन्ता, परिवेशको चेतना व्यक्त भएको पाइन्छ । उनका निबन्धमा समकालीन देश-परदेशको परिवेश र त्यसबाट सृजना भएका अवस्थालाई प्रस्तुत गरिएको हुन्छ ।

उनका निबन्ध मार्मिक र आकर्षक रहेका छन् । उनका निबन्धमा सङ्कटकालका अवधिमा नेपालीहरूले भोगेका कठिनाइ र राज्यका तर्फबाट भएका ज्यादतीपूर्ण घटनाहरूको चित्रण पाइन्छ । उनका निबन्धमा प्रगतिशील चिन्तनका साथै चरित्रको खास पक्षलाई उतार्ने काम भएको छ ।[३१३] उनका निबन्धले सङ्कटकाल एउटा कालो अध्याय, कुरूप तसवीर र एउटा युगीन पीडा भएको भाव व्यक्त गरेका छन् ।

## (११६) प्रकाश ज्ञवाली

प्रकाश ज्ञवालीको जन्म वि. सं. २०३५ सालमा दाङमा भएको हो । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो । उनले कविता, निबन्ध आदिको सृजना गरेका छन् । उनको हालसम्म एक मात्र निबन्धसङ्ग्रह **उपाय बहिष्कार** २०६० मा प्रकाशित भएको छ ।[३१४]

प्रकाश ज्ञवाली हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा दिनप्रतिदिन हुने बन्दबाट जनजीवनमा परेको प्रभाव, राष्ट्रिय राजनीतिभित्रका गुट र उपगुटको

---

[३१०] ऐजन ।

[३११] धनबहादुर मगर **मेरो हजुर बा**, (काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, प्रा. लि., २०६०) ।

[३१२] नवीन विभास, **रात पनि ऐठन परेको रातमा**, (काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, प्रा. लि., २०६०) ।

[३१३] नेत्र एटम, पूर्ववत्, पृ. २४ ।

[३१४] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३९ ।

आ-आफ्नै कार्यशैली, आडम्बरी समाजका क्रियाकलापजस्ता विषय समेटेर तिनमाथि व्यङ्ग्य गरिएको छ । उनका निबन्धको आयाम लघु आकारको रहेको छ ।[३१५] उनी निबन्धसृजनामा साधनारत व्यक्तित्व हुन् । उनका निबन्धमा सरल भाषाको प्रयोग पाइन्छ ।

## (११७) प्रेम सुधा (२०३०)

नेपालीमा प्रेम सुधा नामबाट परिचित लेखनाथ न्यौपानेको जन्म वि. सं. २०३० सालमा गोरखामा भएको हो । उनी स्नातकसम्मको अध्ययन गरी राजनीतिमा संलग्न व्यक्तित्व हुन् ।[३१६] उनले निबन्ध क्षेत्रमा **प्रतिबन्धित कलम** २०६० मा प्रकाशित गरी योगदान दिएका छन् ।

प्रेम सुधाको **प्रतिबन्धित कलम** निबन्धसङ्ग्रहमा उन्नाइसवटा निबन्ध सङ्कलित छन् । उनका निबन्ध संस्मरणात्मक प्रकृतिका रहेका छन् । उनका निबन्धमा विचार र दर्शन व्यक्त भएको पाइन्छ ।[३१७] उनका निबन्धमा रोचकता र विविधता पाइनुका साथै आवेग र प्रवाह पनि पाइन्छ । उनका निबन्ध बढी विस्तार भएका र व्यङ्ग्यात्मक प्रकृतिका छन् ।

## (११८) प्रतीक ढकाल

प्रतीक ढकालको जन्म वि. सं. २०१६ सालमा झापामा भएको हो । उनको वास्तविक नाम खडानन्द ढकाल हो । उनी राजनीतशास्त्रमा स्नातकोत्तर र कानुन तथा शिक्षाशास्त्रमा स्नातक गरी सरकारी सेवामा संलग्न व्यक्तित्व हुन् ।[३१८] उनले नेपाली साहित्यमा काव्य, निबन्ध, आदिको सृजना गरेका छन् । उनले रचना गरेका निबन्धहरूका सङ्ग्रह यसप्रकार छन् :

(१) **हिमालपारि पुगेपछि** (२०६१)
(२) **सेती पनि काली पनि** (२०६३)

प्रतीक ढकाल नेपाली निबन्धमा यात्रा निबन्ध सृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा स्वदेश यात्राको रोमाञ्चक अनुभूतिलाई प्रस्तुत गरिएको हुन्छ । उनले यात्राका अनुभूतिलाई आकर्षक तथा मोहक शैलीमा प्रस्तुत गरेका छन् ।[३१९] उनले सृजना गरेका निबन्धमा नेपाली परिवेश, भूगोल, प्रकृतिको वर्णन गरिएको हुन्छ ।

## (११९) लक्ष्मण गाम्नागे

लक्ष्मण गाम्नागेको जन्म वि. सं. २०२३ सालमा भुटानमा भएको हो । उनी झापा हुँदै काठमाडौँमा आए बसेका व्यक्तित्व हुन् । उनको वास्तविक नाम लक्ष्मीप्रसाद भट्टराई हो । उनले जम्बुमन्त्री, साँल्दाइ, चरिमुखे आदि उपनामबाट समेत साहित्य सृजना गरेका छन् ।[३२०] उनको प्रकाशित निबन्धसङ्ग्रह **लाठीचार्ज** २०६१ मा प्रकाशित भएको हो ।

लक्ष्मण गाम्नागे हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धहरू सङ्क्षिप्त प्रकृतिका देखिए पनि गहकिला र खँदिला छन् । उनका निबन्धमा समसामयिक विसङ्गतिलाई सरल भाषाशैलीमा अभिव्यक्त गरिएको हुन्छ ।[३२१] उनले सङ्क्षिप्त आयाममा समसामयिक विसङ्गतिप्रति व्यङ्ग्य गरी निबन्ध रचेका छन् ।

## (१२०) प्रकाश सिलवाल

---

[३१५] ऐजन ।

[३१६] प्रेम सुधा, **प्रतिबन्धित कलम**, (काठमाडौँ : अनेरास्ववियु क्रान्तिकारी, केन्द्रीय प्रकाशन विभाग, २०६०) ।

[३१७] ऐजन ।

[३१८] घटराज भट्टराई, पूर्ववत्, पृ. ३९० ।

[३१९] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।

[३२०] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३१ ।

[३२१] ऐजन ।

प्रकाश सिलवालको जन्म वि. सं. २०२६ सालमा नुवाकोटको थानापतिमा भएको हो । उनले कविता र निबन्धको सृजना गरेका छन् ।[३२२] उनको **पूर्णिमाको रात** निबन्धसङ्ग्रह २०६१ सालमा प्रकाशित भएको छ ।

प्रकाश सिलवालको **पूर्णिमाको रात** निबन्धसङ्ग्रहमा विभिन्न शीर्षकका दसवटा निबन्ध रहेका छन् । उनका निबन्धमा प्रकृतिलाई नजिकबाट नियाल्ने काम भएको पाइन्छ । उनले निबन्धमा प्राकृतिक प्रतीक र बिम्बलाई मानवीकरण गरेर विकृति, विसङ्गति, बेथिति माथि व्यङ्ग्य गरेका छन् । उनका निबन्ध आत्मपरक छन् र तिनले तिनले जीवन व्यवस्थित पार्नुपर्ने कुरामा जोड दिएका छन् ।

## (१२१) नारायणप्रसाद खनाल

नारायणप्रसाद खनालको जन्म वि. सं. २००९ सालमा भएको हो । उनले नेपाली साहित्यमा निबन्ध, भाषिक लेख, कविता र समालोचना आदिको सृजना गरेका छन् ।[३२३] उनले निबन्धतर्फ **नारायणीका लहरलहरमा** निबन्धसङ्ग्रह २०६१ मा प्रकाशित गरेका छन् ।

नारायणप्रसाद खनाल निबन्ध काव्यिक गुणले युक्त छन् । उनका निबन्धमा कवितामा जस्तै आफैँले वार्ता गरेको पाइन्छ । उनका निबन्धमा आत्माको उद्घाटन गरिएको पाइन्छ ।[३२४] त्यसैले उनका निबन्ध रोचक छन् ।

## (१२२) चूडामणि वशिष्ठ

चूडामणि वशिष्ठको जन्म वि. सं. २०१४ सालमा झापाको शान्तिनगरमा भएको हो । उनी भट्टराई परिवारमा जन्मिएका हुन् । उनी विभिन्न सङ्घसंस्थामा आबद्ध व्यक्तित्व हुन् । उनको **कुरा यिनै हुन् कसो पो गर्ने र !** २०६१ सालमा प्रकाशित निबन्ध भएको हो ।[३२५]

चूडामणि वशिष्ठ हास्यव्यङ्ग्य निबन्धसृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा राष्ट्रिय राजनीतिभित्रका फोहोरी चरित्र, आर्थिक, शैक्षिक, सामाजिक, साहित्यिक क्षेत्रका अस्तव्यस्तता एवम् मानवीय असङ्गतिलाई विषय बनाई तिनमाथि व्यङ्ग्य गरिएको हुन्छ ।[३२६] उनले निबन्धमा आफ्नै विशेष कथ्यशैली र व्यङ्ग्यात्मक विशेषता देखाएका छन् ।

## (१२३) गायत्री लम्साल 'परिरोशनी'

गायत्री लम्साल 'परिरोशनी' को जन्म वि. सं. २०३६ मा स्याङ्जा जिल्लाको चिन्नेबासमा भएको हो । उनी विभिन्न सङ्घसंस्थामा संलग्न छिन् । उनको साहित्यिक यात्रा निबन्ध विधाबाट सुरु भएको हो ।[३२७] उनको प्रकाशित निबन्ध कृति **बोकापालन** २०६२ सालमा प्रकाशित भएको हो ।

गायत्री लम्साल नेपालीमा हास्यव्यङ्ग्य निबन्ध रचना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा नारीमाथि हुने भेदभाव र असमानता, महिला महिलाबीचका असमझदारी, विद्यार्थी वर्गमा

---

[३२२] प्रकाश सिलवाल, **पूर्णिमाको रात**, (काठमाडौँ : विवेकशील सिर्जनशील प्रकाशन प्रा. लि., २०६१) ।

[३२३] घटराज भट्टराई, पूर्ववत्, पृ. ३५४ ।

[३२४] नेत्र एटम, पूर्ववत्, पृ. १२० ।

[३२५] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. २९ ।

[३२६] ऐजन ।

[३२७] ऐजन, पृ. ३८ ।

देखिएको निष्क्रियता, अङ्ग्रेजी शिक्षाको प्रभाव र सम्पत्तिमोहजस्ता विषयवस्तुलाई प्रस्तुत गरेकी छन् । उनका निबन्धमा उखान, टुक्का, गीत तथा कविताका अंशहरू भेटिन्छन् ।[३२८] उनका निबन्ध सरल छन् र उनका निबन्धमा कथा विधाको प्रभाव पाइन्छ ।

## (१२४) दयानन्द बज्राचार्य

दयानन्द बज्राचार्यको जन्म वि. सं. २००२ सालमा काठमाडौँको मरुटोलमा भएको हो । उनी गोरखपुर विश्वविद्यालयबाट विज्ञान विषयमा स्नातकोत्तर तथा विदेशबाट विद्यावारिधि पूरा गरी त्रि. वि. अन्तर्गत प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् ।[३२९] उनले निबन्धक्षेत्रमा २०६२ सालमा **वैज्ञानिक गोरेटोमा** कृति प्रकाशित गरेका छन् ।

दयानन्द बज्राचार्यको यो कृति उनकै जीवनकथामा आधारित छ । उनले निबन्धमा आफ्नो यात्रामा वैज्ञानिकहरूसँग भएको भेटघाट र विचार आदानप्रदानका प्रसङ्गलाई प्रस्तुत गरेका हुन्छन् । उनले आफ्ना निबन्धमा प्रतिभा प्रस्फुटनमा व्यक्तिले भोग्नुपर्ने सङ्घर्षको कथा र व्यथा जीवन्त रूपमा प्रस्तुत गरेका छन् ।[३३०] उनका निबन्धमा देशविदेशका विभिन्न प्रसङ्गको रोचक र मार्मिक वर्णन गरिएको पाइन्छ ।

## (१२५) राजकृष्ण कँडेल

राजकृष्ण कँडेलको जन्म वि. सं. २००२ सालमा धादिङको रिचोक्टारमा भएको हो । उनी कला विषयमा स्नातकोत्तर गरी प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनी विभिन्न सङ्घसंस्थामा पनि आबद्ध छन् । उनले नेपाली साहित्यमा कविता-काव्य, निबन्ध आदिको सृजना गरेका छन् ।[३३१] उनले सृजना गरेका निबन्धहरू २०६२ सालमा **संवेदनाका स्वरहरू** नामबाट प्रकाशित गरेका छन् ।

राजकृष्ण कँडेलका निबन्ध निजात्मक रहेका छन् । उनका प्रस्तुत **संवेदनाका स्वरहरू** सङ्ग्रहमा बीसवटा निबन्ध रहेका छन् । उनका निबन्धको आयाम मझौला प्रकृतिको हुन्छ । उनका 'म किन जन्में', 'असल कि ठूलो' जस्ता निबन्ध गम्भीर र दार्शनिक छन् । उनका निबन्ध भावुक प्रकृतिका छन् र संवेद्य भाषामा रचिएका छन् ।

## (१२६) अविराम

अविराम नामबाट परिचित रामप्रसाद अर्यालको जन्म वि. सं. २०१४ सालमा पाल्पामा भएको हो । उनी शिक्षण पेसामा संलग्न व्यक्तित्व हुन् ।[३३२] उनले **के छ हजुर ?** नामको निबन्धकृति २०६२ सालमा प्रकाशित गरेका छन् ।

अविरामका निबन्धमा राजनीतिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक विचलनले ल्याएका सङ्गतिहीनतालाई उठाइएको छ । उनका निबन्धमा व्यक्तिगत भन्दा राष्ट्रिय स्वार्थलाई ध्यान दिई क्रियाशील रहनुपर्छ भन्ने धारणा व्यक्त भएको पाइन्छ । उनका निबन्ध लघु

---

[३२८] ऐजन ।

[३२९] दयानन्द बज्राचार्य, **वैज्ञानिक गोरेटोमा**, चौ. सं., (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६५) ।

[३३०] नेत्र एटम, पूर्ववत्, पृ. १२२ ।

[३३१] राजकृष्ण पौडेल, **संवेदनाका स्वरहरू**, (चितवन : चितवन साहित्य परिषद्, २०६२) ।

[३३२] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३३ ।

आयाममा संरचित छन् ।[३३३] उनले सरल प्रकृतिका निबन्ध सृजना गरेका छन् । उनी मूलतः हास्यव्यङ्ग्य निबन्धकार हुन् ।

## (१२७) डिल्लीरमण शर्मा अर्ज्याल

डिल्लीरमण शर्मा अर्ज्यालको जन्म वि. सं. १९८८ सालमा धादिङमा भएको हो । उनले साहित्यमा शास्त्री तथा शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण गरेका छन् । उनले कविता, कथा, गीत, निबन्ध आदिको रचना गरेका छन् ।[३३४] उनले **विद्यार्थीको कर्तव्य** शीर्षकको निबन्धसङ्ग्रह २०६२ सालमा प्रकाशित गरेका छन् ।

डिल्लीरमण शर्मा अर्ज्यालका प्रस्तुत निबन्धसङ्ग्रहमा जम्मा सोह्रवटा निबन्ध सङ्कलित छन् । उनका निबन्ध उनले आफ्ना विभिन्न समयका अनुभव सँगाली लेखेका छन् । उनका निबन्धबाट काठमाडौँमा थुप्रिएको फोहोर, कहिल्यै नरोकिने समय र आफ्नै बसाइको जानकारी पाइन्छ । उनका निबन्धमा भ्रष्टाचारीलाई नेताले नै लुकाएर बचाएको यथार्थ चित्रण पनि पाइन्छ ।

## (१२८) हरिकला उप्रेती

हरिकला उप्रेतीको जन्म वि. सं. २०३० सालमा तेह्रथुममा भएको हो । उनको साहित्यिक यात्रा कविता विधाबाट आरम्भ भएको हो । उनी सिस्नोपानी नेपाल नामक साहित्यिक संस्थामा पनि आबद्ध छिन् ।[३३५] उनले कविता र निबन्ध क्षेत्रमा कलम चलाएकी छन् । उनको **गोर्खेलौरी** नामक निबन्धसङ्ग्रह २०६२ मा प्रकाशित भएको छ ।

हरिकला उप्रेतीका निबन्धमा पितृसत्तात्मक समाजमा देखिएका विकृति, द्वन्द्वग्रस्त समयको गाउँले जीवन, दाइजो प्रथाबाट उत्पन्न असमझदारी, चलचित्र क्षेत्रका असङ्गतिलाई प्रस्तुत गर्दै तिनमाथि व्यङ्ग्य गरिएको छ उनका निबन्धमा पत्रात्मक, संवादात्मक, कथात्मक शैलीको प्रयोग गरिएको हुन्छ ।[३३६] उनका निबन्धमा हास्यव्यङ्ग्यात्मक गुण प्रवाहित भएको हुन्छ ।

## (१२९) नेत्र एटम

नेपाली साहित्यमा नेत्र एटम नामबाट परिचित नेत्रमणि सुवेदीको जन्म वि. सं. २०२६ सालमा दाङको मानपुरमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर तथा शिक्षाशास्त्र र कानुनमा स्नातक गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् ।[३३७] उनले सृजना गरेका निबन्धहरूको सङ्ग्रह **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** २०६२ सालमा प्रकाशित भएको छ ।

नेत्र एटमका अन्तर्वार्तामूलक निबन्धमा नाटकीय गुणको प्रबलता पाइन्छ । यसैगरी उनका निबन्धमा संस्मरण, समालोचना, यात्रा, अनुभूति र वार्ताको सम्मिश्रण पाइन्छ । उनका

---

[३३३] ऐजन, पृ. ३४ ।

[३३४] डिल्लीरमण शर्मा अर्ज्याल, **विद्यार्थीहरूको कर्तव्य**, (धादिङ : सरस्वती छापाखाना, २०६२) ।

[३३५] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३५ ।

[३३६] ऐजन, पृ. ३६ ।

[३३७] घटराज भट्टराई, पूर्ववत्, पृ. ३६२ ।

निबन्धमा निबन्धकार र वार्तानायकको वैचारिकताको सम्प्रेषण गरिएको हुन्छ ।[३३८] उनका निबन्धमा पाइने यिनै गुणका कारण उनका निबन्ध भिन्न स्वरूपमा निर्माण भएका छन् ।

## (१३०) दिनेश के. सी.

दिनेश के. सी. को जन्म वि. सं. २०३२ सालमा दोलखा जिल्लाको खोपाचागुमा भएको हो । उनी शिक्षण पेसाका साथसाथै पत्रकारिता पेसामा समेत संलग्न व्यक्तित्व हुन् । उनले प्रकाशित गरेको निबन्ध कृति **टिलटिले घैँटो** २०६२ सालमा प्रकाशित भएको छ ।[३३९]

दिनेश के. सी. हास्यव्यङ्ग्य निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा राजनीतिक, सामाजिक, सांस्कृतिक तथा नैतिक विसङ्गतिका विविध सन्दर्भलाई उठाइएको छ ।[३४०] उनले वर्तमानमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरेर निबन्ध रचना गरेका छन् ।

## (१३१) रमा शर्मा

रमा शर्माको जन्म वि. सं. १९९९ मा काठमाडौँमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी त्रि. वि. अन्तर्गत प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले नेपाली साहित्यमा संस्मरणग्रन्थ, कविता, समालोचना, लेख, निबन्ध आदिको सृजना गरेकी छन् ।[३४१] उनको प्रकाशित निबन्धसङ्ग्रह **भावनाका थुँगाहरू** (२०६२) हो ।

रमा शर्माका निबन्धमा काव्यिक गुण पाइन्छ । उनका निबन्धमा आत्माको अन्वेषण गरिएको हुन्छ । उनका निबन्धले आत्मउत्खनन गरेका छन् ।[३४२] उनी काव्यिक गुणयुक्त निबन्ध सृजना गर्ने निबन्धकार हुन् ।

## (१३२) देवेन्द्र भट्टराई

देवेन्द्र भट्टराईको जन्म वि. सं. २०३३ सालमा झापाको दमकमा भएको हो । उनले अङ्ग्रेजी विषयमा स्नातक तहको अध्ययन र बुद्धिजमको अध्ययन पनि गरेका छन् । उनी पत्रकारिता पेसामा संलग्न व्यक्तित्व हुन् ।[३४३] उनले **स्रष्टा र समय** नामक कृति २०६३ सालमा प्रकाशित गरेका छन् ।

देवेन्द्र भट्टराई नाटकीय निबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनका निबन्धमा स्रष्टाहरूको जीवनीमूलक टिप्पणी र अनुभूतिको रोमाञ्चक प्रस्तुति पाइन्छ । उनका निबन्धको प्रस्तुतिमा पत्रकारितामा प्रचलित रूपक (विचार) लेखनको प्रभावकारिता रहेको छ ।[३४४] उनका निबन्धमा नेपाली स्रष्टाहरूको व्यक्तित्व र कृतित्वको परिचय रोचक शैलीमा प्रस्तुत गरिएको छ । उनले स्रष्टाहरूको व्यक्तित्वको वर्णनका क्रममा उसका जीवनका मार्मिक प्रसङ्ग र रमाइला आनीबानीको पनि उल्लेख गरेका छन् ।

---

[३३८] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।

[३३९] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३९ ।

[३४०] ऐजन ।

[३४१] घटराज भट्टराई, पूर्ववत्, पृ. ५२० ।

[३४२] नेत्र एटम, पूर्ववत्, पृ. १२० ।

[३४३] देवेन्द्रराज भट्टराई, 'चिन्तनमग्न एउटा मूर्तिवत् व्यक्ति', **समकालीन साहित्य** (वर्ष १२, अङ्क ३, २०४५) ।

[३४४] नेत्र एटम, पूर्ववत्, पृ. १२१ ।

## (१३३) लीला उदासी

लीला उदासीको जन्म वि. सं. २००६ सालमा मेची अञ्चलको इलाममा भएको हो । उनी खनाल परिवारमा जन्मिएका व्यक्ति हुन् ।[३४५] उनी नेपाली र राजनीतिशास्त्रमा स्नातक पूरा गरेर विभिन्न ठाउँमा शिक्षण पेसा अँगाल्दै अधिवक्ताका रूपमा कार्यरत व्यक्तित्व हुन् ।[३४६] उनको साहित्यिक यात्रा २०२२ सालदेखि सुरु भएको हो । उनले रचना गरेका निबन्धको सङ्ग्रह २०६३ सालमा प्रकाशित **यो बालक कहिले जन्मन्छ** हो ।

लीला उदासीका निबन्धमा ग्रामीण जनजीवनका विकृति, विसङ्गति, अन्याय, अत्याचारमाथि तीव्र व्यङ्ग्य गर्दै भ्रष्टाचारको विरोध गरिएको पाइन्छ । उनका निबन्धमा देशमा व्याप्त भ्रष्टाचार, गिरोह तस्करी र सर्वसाधारण जनताप्रति भएका अन्याय, अत्याचारप्रति असन्तुष्टि व्यक्त गरिएको पाइन्छ ।[३४७] उनका निबन्ध सरल पनि छन् ।

## (१३४) नारायणप्रसाद शर्मा

नारायणप्रसाद शर्माको जन्म वि. सं. १९८८ सालमा दाङमा भएको हो । उनको प्रतलित नाम नारायण गुरु हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी पत्रकारिता सेवामा संलग्न भएका व्यक्तित्व हुन् ।[३४८] उनले नेपाली साहित्यमा काव्य, कविता, निबन्ध आदिको सृजना गरेका छन् । उनले सृजना गरेको निबन्धहरूको सङ्ग्रह चाहिँ **फर्केर हेर्दा** (२०६३) हो ।

नारायणप्रसाद शर्मा अत्यन्त सरल भाषाको प्रयोग गरी सृजना गर्ने निबन्धकार हुन् । उनका निबन्धमा समाजमा विद्यमान विसङ्गति र विकृतिलाई खोतल्दै तिनलाई यथार्थवादी र प्रभावकारी रूपमा प्रस्तुत गर्दा कतैकतै व्यङ्ग्य शैलीको पनि प्रयोग गरिएको पाइन्छ ।[३४९]

## (१३५) राजेन्द्रप्रसाद चापागाईं 'आहत'

राजेन्द्र चापागाईंको जन्म (?) स्याङ्जाको आरुचौरमा भएको हो । उनी अङ्ग्रेजी विषयमा स्नातकोत्तर र कानुनमा स्नातक गरी प्राध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनले नेपालीका साथै अङ्ग्रेजी भाषामा पनि कविता सृजना गरेका छन् ।[३५०] उनले सिर्जना गरेका निबन्धहरूको सङ्ग्रह **आवरण** २०६३ मा प्रकाशित भएको हो ।

राजेन्द्रप्रसाद चापागाईं 'आहत'का निबन्धमा निजत्वभित्र अनुभूतिलाई गाँसेर प्रस्तुत गरिएको पाइन्छ । उनका निबन्धमा देश र जनताको जीवनशैलीमा गुणात्मक सुधार ल्याउनु पर्ने र सत्य र इमानदारीको बाटो हिँड्नुपर्ने सन्देश व्यक्त भएको पाइन्छ । उनको यस सङ्ग्रहमा पच्चीसवटा निबन्धहरू सङ्कलित छन् ।

## (१३६) शारदा शर्मा

---

[३४५] मुकुन्द पुरी, **लीला उदासीको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५५), पृ. ६ ।

[३४६] ऐजन, पृ. १३ ।

[३४७] ऐजन, पृ. ८३ ।

[३४८] दिवाकर शर्मा, **नारायण शर्माको जीवनी, व्यक्तित्व र कृतित्व,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५३), पृ. ६ ।

[३४९] ऐजन, पृ. ९४ ।

[३५०] राजेन्द्रप्रसाद चापागाई 'आहत', **आवरण**, (पोखरा : लेखनाथ साहित्य प्रतिष्ठान, २०६३) ।

शारदा शर्माको जन्म वि. सं. २०१५ सालमा स्याङ्जा जिल्लाको भ्भारखोलामा भएको हो । उनले प्राणीशास्त्र र नेपाली विषयमा स्नातकोत्तर उपाधि हासिल गरेकी छन् । उनी शिक्षण कार्यमा संलग्न हुँदै परिवार नियोजन सङ्घमा सेवारत व्यक्तित्व हुन् ।[३५१] उनको साहित्यिक यात्रा २०३९ सालको **पूजा** पत्रिकामा प्रकाशित 'नहार्ने योद्धालाई बधाई' शीर्षकको कविताबाट सुरु भएको हो ।[३५२] उनले नेपालीमा कविता, कथा र निबन्धको सृजना गरेकी छन् । उनको प्रकाशित निबन्धसङ्ग्रह **अग्निस्पर्श** (२०६३) हो ।

शारदा शर्माको प्रस्तुत निबन्धकृति समसामयिक प्रसङ्गको अनुभवयुक्त वैचारिक मन्थन भएको कृति हो । उनले यस कृतिमा नारीसाहित्य, धर्म, दर्शन आदिको सूक्ष्म समीक्षा गरेर स्वतन्त्रतायुक्त मानवीय मूल्यको गरिमाको प्रतिपादन गरेकी छन् । उनले यस कृतिमा लेखनमा अनुभवको इमानदारी, सामान्य घटनामा गम्भीर रहस्य भेट्ने क्षमता तथा सामाजिक सरोकारमाथि वैचारिक अन्तर्क्रियाप्रति रुचि व्यक्त गरेकी छन् । उनले आफ्ना निबन्धलाई प्रायः अध्यात्ममा लगेर टुङ्ग्याइएको पाइन्छ ।[३५३] उनले विभिन्न विषयमा छरिएर रहेका अनुभवलाई निजी स्पर्शसहित निबन्धमा समेटेकी छन् ।

## (१३७) उमेशप्रसाद गौतम

उमेशप्रसाद गौतमको जन्म वि. सं. २०१६ सालम काठमाडौँको हाँडीगाउँमा भएको हो ।[३५४] उनले विभिन्न पत्रपत्रिकामा लेखरचना प्रकाशित गर्ने क्रममा निबन्ध सृजना गरेको पाइन्छ । उनले आफ्ना फुटकर निबन्धलाई समेटेर २०६३ सालमा **कहीँ न भा जात्रा हाँडीगाउँमा** शीर्षकको निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् ।

उमेशप्रसाद गौतमका निबन्धमा सामाजिक क्षेत्रका विसङ्गति, स्वास्थ्य क्षेत्रका अस्तव्यस्तता, सांस्कृतिक क्षेत्रप्रति गरिने बेबास्ता, अर्काको कुरा काट्ने मानवीय स्वभाव, पारिवारिक असमझदारी, न्यायक्षेत्रको अदूरदर्शिता आदि विषयलाई प्रस्तुत गर्दै तिनमाथि व्यङ्ग्य गरिएको पाइन्छ । उनका निबन्धमा उखान-टुक्काको प्रयोग पनि पाइन्छ ।[३५५] उनी हास्यव्यङ्ग्य क्षेत्रका निबन्ध सृजना गर्ने स्रष्टा हुन् ।

## (१३८) वनमाली निराकार

वनमाली निराकारको जन्म वि. सं. २००६ सालमा लुम्बिनी अञ्चलको पाल्पामा भएको हो । उनी अध्यापन पेसामा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा २०२४ तिर आरम्भ भएको हो ।[३५६] उनले **पत्र सञ्चयन** नामक निबन्धकृति २०६३ सालमा प्रकाशित गरेका छन् ।

---

[३५१] घटराज भट्टराई, पूर्ववत्, पृ. ६३७ ।

[३५२] शारदा शर्मा, **अग्निस्पर्श**, (काठमाडौँ : एकता प्रकाशन, २०६३) ।

[३५३] नेत्र एटम, पूर्ववत्, पृ. १८८ ।

[३५४] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३० ।

[३५५] ऐजन, पृ. ३१ ।

[३५६] घटराज भट्टराई, पूर्ववत्, पृ. १२४ ।

वनमाली निराकारका निबन्धमा व्याख्यानात्मक गुण पाइन्छ । उनले साहित्यिक पत्रहरूको सङ्कलन गरी तिनको निबन्धन गरेका छन् । उनका निबन्ध चिठी वा पत्रका रूपमा रहेका छन् ।[३५७] साहित्यिक पत्रलाई निबन्धात्मक स्वरूप दिनमा उनी सिपालु छन् ।

## (१३९) लक्ष्मण सिटौला

लक्ष्मण सिटौलाको जन्म वि. सं. २०२३ सालमा नुवाकोटको समुन्द्रादेवीमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरी नेपाल वायुसेवा निगममा कार्यरत व्यक्तित्व हुन् । उनले कविता, उपन्यास, जीवनी, गीत, काव्य आदिको सृजना गरेका छन् ।[३५८] उनले सृजना गरेका निबन्धहरू २०६३ सालमा प्रकाशित **घाइते बुद्ध** शीर्षकमा सङ्कलित छन् ।

सिटौलाको **घाइते बुद्ध** नामको निबन्धसङ्ग्रहमा चौबीसवटा निबन्धहरू रहेका छन् । उनका निबन्धमा भारत बसाइँका कारण जन्मभूमिबाट टाढा रहनु पर्दा मनमा लागेका भाव व्यक्त भएका छन् । उनका निबन्धमा जीवनका सुख, दुःख, आँसु, हाँसो, प्रेम, पीडा, युद्ध, शान्ति आदिका विषयमा वैयक्तिक भाव भएको पाइन्छ । उनका निबन्धमा वर्तमान समयको युद्ध र पीडाबाट नेपाली आमालाई मुक्ति दिलाउने अठोटसमेत व्यक्त भएको पाइन्छ । उनका निबन्ध अत्यन्त रोचक रहेका छन् ।

## (१४०) ऋषिराज बराल

ऋषिराज बरालको जन्म वि. सं. २००९ सालमा सिन्धुलीको घोक्सिलामा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर तथा विद्यावारिधि गरी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनको साहित्यिक यात्रा **जागृति** साप्ताहिकमा प्रकाशित 'आत्माको अन्तरालबाट' सुरु भएको हो ।[३५९] उनले नेपालीमा कथा, कविता, समालोचना, लेख आदिको सृजना गरेका छन् । उनले रचना गरेका निबन्धको सङ्ग्रह पनि प्रकाशित छ; त्यो हो **फेरि लाल भन्ज्याङमा उभिएर** (२०६३) ।

ऋषिराज बरालका निबन्धमा माओवादी विद्रोहमा संलग्न हुँदा देखिएको विध्वंश र सिर्जनाको अवस्थाको व्याख्या गरिएको छ । उनका निबन्धमा वैचारिक आस्थालाई आग्रहपूर्वक र कतैकतै आक्षेपयुक्त ढङ्गले हेरिएको पाइन्छ । उनका निबन्धमा व्यक्त अनुभूति रोमाञ्चक छन् र तिनका प्रस्तुति अत्यन्त कलात्मक छन् ।[३६०]

## (१४१) अनिल कोइराला

अनिल कोइरालाको जन्म वि. सं. २०३५ सालमा पाल्पामा भएको हो । उनको साहित्यिक यात्रा कथा विधाबाट आरम्भ भएको हो । उनले कथा, निबन्ध आदिको सृजना गरेका छन् ।[३६१] उनले **चड्कनच्युरा** निबन्धकृति २०६४ मा प्रकाशित गरेका छन् ।

---

[३५७] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।

[३५८] लक्ष्मण सिटौला, **घाइते बुद्ध**, (काठमाडौँ : नागार्जुन प्रकाशन, २०६३) ।

[३५९] जयदेव भट्टराई, पूर्ववत्, पृ. ३६ ।

[३६०] नेत्र एटम, पूर्ववत्, पृ. १२५ ।

[३६१] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३८ ।

अनिल कोइरालाका निबन्धमा मानवभित्रको अहम्, नेता र कर्मचारी वर्गको भ्रष्ट व्यवहार, शिक्षाक्षेत्रमा व्याप्त अन्योल, साहित्य तथा गायन क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई विषयवस्तु बनाइएको हुन्छ । उनका निबन्ध सहज शैलीमा निर्माण भएका छन् र ती कसिलो व्यङ्ग्य गर्न सफल छन् ।[३६२] उनी हास्यव्यङ्ग्य निबन्ध क्षेत्रका स्रष्टा हुन् ।

## (१४२) अम्मर नेबाङ लिम्बू (१९४४)

अम्मर नेम्बाङ लिम्बूको जन्म सन् १९४४ सालमा पाँचथरको पौवासारतापमा भएको हो । उनले राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका छन् ।[३६३] उनले रचना गरेका निबन्धलाई सङ्ग्रहका रूपमा समेत प्रकाशित गरेका छन् । उनका प्रकाशित निबन्धसङ्ग्रह यसप्रकार छन् :

(१) **सम्झनाका तरेलीहरू** (२०६४)

(२) **अमेरिका भ्रमणका केही सम्झनाहरू** (?)

अम्मर नेम्बाङ लिम्बूले आफ्ना निबन्धमा संस्मरण र यात्रा संस्मरणलाई समेटेका छन् । उनका निबन्धमा सबैले बिर्सेको सामान्य विषयलाई टिपेर नौलो विषयवस्तुको प्रयोग गरिएको छ । उनका निबन्धमा लोकधारणा, विश्वास, मत, सम्झना र अभिप्रायहरूको आकर्षक ढङ्गले प्रयोग गरिएको हुन्छ ।[३६४] उनका निबन्धमा जातीय जीवनका कुराहरूलाई पनि प्रयोग गरिएको पाइन्छ ।

## (१४३) शारदा अधिकारी

शारदा अधिकारीको जन्म काठमाडौँको बत्तीसपुतलीमा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी प्राध्यापन कार्यमा संलग्न भएकी व्यक्तित्व हुन् ।[३६५] उनले लेख, समीक्षा, बालसाहित्य, निबन्ध आदि क्षेत्रमा कलम चलाएकी छन् । उनले रचना गरेका निबन्धहरूको सङ्ग्रह २०६४ सालमा प्रकाशित 'जीवन जे-जसरी पनि बग्दो रहेछ' हो ।

शारदा अधिकारीका निबन्धमा आख्यानात्मक गुण पाइन्छ । उनका निबन्धमा यात्राका विविध पक्षलाई संस्मरणका रूपमा प्रस्तुत गरिएको हुन्छ ।[३६६] उनका निबन्ध सरल र मर्मस्पर्शी हुन्छन् ।

## (१४४) विमल भौकाजी

विमल भौकाजीको जन्म वि. सं. २०२० सालमा रामेछाप जिल्लाको साधुटारमा भएको हो । उनको साहित्यिक यात्रा कथा विधाबाट आरम्भ भएको हो ।[३६७] उनले कविता, कथा, निबन्ध आदिको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धको एउटा मात्र सङ्ग्रह **जसको जोत, उसको पोत** शीर्षकमा २०६४ सालमा प्रकाशित भएको हो ।

---

[३६२] ऐजन, पृ. ३९ ।

[३६३] अम्बर नेम्बाङ लिम्बू, **सम्झनाका तरेलीहरू**, (काठमाडौँ : मोडर्न बुक्स, २०६४) ।

[३६४] ऐजन, भूमिकाबाट ।

[३६५] घटराज भट्टराई, पूर्ववत्, पृ. ६३६ ।

[३६६] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।

[३६७] योगेन्द्र दाहाल, पूर्ववत्, पृ. ३४ ।

विमल भौकाजीका निबन्धमा हास्यव्यङ्ग्यात्मक गुण पाइन्छ । उनले निबन्धमा राजनीतिक, शैक्षिक, साहित्यिक, प्रशासनिक आदि क्षेत्रका बेथितिलाई उठाएका छन् र प्रभावकारी ढङ्गमा तीखो व्यङ्ग्य प्रहार गरेका छन् । उनका निबन्ध तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको उचित संयोजन गरी संवादात्मक शैलीमा सृजना गरिएका हुन्छन् ।[३६८] उनले प्रतीकात्मक अभिव्यक्तिबाट व्यङ्ग्यलाई अझ सशक्त बनाएका छन् । उनका निबन्ध आकर्षक तथा रोचक रहेका छन् ।

## (१४५) विन्दु कोइराला

विन्दु कोइरालाको जन्म वि. सं. २००० सालमा जनकपुर अञ्चलको सिन्धुली जिल्लामा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी प्राध्यापन कार्यमा संलग्न व्यक्तित्व हुन् । उनले कविता, निबन्ध, समालोचना आदिको सृजना गरेकी छिन् ।[३६९] उनको निबन्धसङ्ग्रह **उक्ली भञ्ज्याङमा पुग्दा** २०६४ सालमा प्रकाशित भएको छ ।

विन्दु कोइराला यात्रानिबन्ध सृजना गर्ने स्रष्टा हुन् । उनको यस कृतिमा जम्मा सोह्रवटा निबन्ध रहेका छन् । उनका निबन्धमा भारतको दिल्लीमा उपचारको लागि जाँदा सँगालिएका अनुभवलाई हार्दिक तथा मार्मिक रूपमा व्यक्त गरिएको छ । यसै गरी मुक्तिनाथ, देवघाट आदिको यात्राका संस्मरणलाई पनि निबन्धमा व्यक्त गरिएको छ । उनका निबन्धमा घटना, परिवेश आदिको सुललित वर्णन पाइन्छ । उनका निबन्ध सरल, सहज र प्रभावकारी छन् ।

## (१४६) बुलु मुकारुङ (२०१६)

बुलु मुकारुङको जन्म वि. सं. २०१६ सालमा भोजपुरको छिल्पामा भएको हो । उनी सङ्गीतमा स्नातक गरेर सङ्गीत क्षेत्रमा कार्यरत व्यक्तित्व हुन् ।[३७०] उनले नेपाली सङ्गीत र साहित्यका क्षेत्रमा योगदान गरेका छन् । उनले निबन्ध विधामा **जापानको चक्कर** कृति २०६४ मा प्रकाशित गरेका छन् ।

बुलु मुकारूङका निबन्धमा यात्राको रोचक वर्णन पाइन्छ । यस क्रममा उनले जापानको परिवेशको चित्रण गरेका छन् ।[३७१] उनले यात्रानिबन्ध लेखनका रूपमा यो सङ्ग्रह प्रस्तुत छ ।

## (१४७) अम्मर गुरुङ

अम्मर गुरुङको जन्म वि. सं १९८४ मा दार्जिलिङमा भएको हो । उनी स्वाध्ययनबाट योग्यता बढाउँदै सङ्गीत क्षेत्रमा लागेका व्यक्तित्व हुन् । उनी गीतकार, गायक, सङ्गीतकारका साथै लेखक पनि हुन् ।[३७२] उनले गीत, कविता र निबन्धको सृजना गरेका छन् । उनले सृजना गरेका निबन्धको सङ्ग्रह वि. सं. २०६४ सालमा **कहाँ गए ती दिनहरू** शीर्षकमा प्रकाशित छ ।

अम्मर गुरुङका **कहाँ गए ती दिनहरू** निबन्धसङ्ग्रहमा छब्बीसबटा निबन्धहरू रहेका छन् । उनका निबन्धमा साङ्गीतिक क्षेत्रका बाजा तथा साङ्गीतिक ज्ञानको सेरोफेरोको चर्चा

---

[३६८] ऐजन ।

[३६९] विन्दु कोइराला, **उक्ली भञ्ज्याङमा पुग्दा**, (काठमाडौँ : नरेन्द्र कोइराला, २०६४) ।

[३७०] घटराज भट्टराई, पूर्ववत्, पृ. ४२३ ।

[३७१] नेत्र एटम, पूर्ववत्, पृ. १२४ ।

[३७२] घटराज भट्टराई, पूर्ववत्, पृ. ६० ।

गरिएको पाइन्छ । उनका निबन्ध संस्मरणशैलीमा रचिएका छन् । उनका निबन्धमा भावपरकता र सहज किसिमका छन् र तिनमा भोगाइका रमाइला प्रसङ्गहरू व्यक्त भएका छन् ।

## (१४८) रजनी ढकाल

रजनी ढकालको जन्म वि. सं. २०२९ सालमा स्याङ्जामा भएको हो । उनी नेपाली विषयमा स्नातकोत्तर गरी हाल एम्. फिल्.मा अध्ययनरत छिन् । उनले गीत, कविता, निबन्ध, समालोचना आदिको सृजना गरेकी छिन् ।[३७३] निबन्धका क्षेत्रमा २०६४ सालमा **हत्केलामा असार उमारेर** नामको कृति प्रकाशित गरेकी छन् ।

रजनी ढकालले संस्मरणात्मक निबन्धको सृजना गरेकी छन् । उनका निबन्ध ललित छन् । उनका निबन्धमा काव्यिक गुण पाइन्छ । उनका निबन्धमा अनुभूतिका माध्यमबाट आत्मउत्खनन भएको पाइन्छ ।[३७४] उनका निबन्ध सरल, संवेद्य रहेका छन् । उनले संस्मरणात्मक निबन्धको क्षेत्रमा योगदान दिएकी छन् ।

## (१४९) श्यामकुमार बुढा मगर

श्यामकुमार बुढा मगरको जन्म वि. सं. २०३१ सालमा भएको हो । उनले चिन्तन उपनामबाट समेत साहित्य सिर्जना गरेका छन् । उनी राजनीतिमा सक्रिय व्यक्तित्व हुन् ।[३७५] उनले २०६४ सालमा **ती आँधीमय दिनहरू** नामक निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् ।

श्यामकुमार बुढा मगरका निबन्धहरू संस्मरणात्मक शैलीमा सृजना भएका छन् । उनले यस सङ्ग्रहलाई तीन खण्डमा विभाजन गरेका छन् र प्रत्येक खण्डको बेग्लाबेग्लै नामकरण गरेका छन् । यस सङ्ग्रहमा उनका एकतीसवटा संस्मरणहरू रहेका छन् । उनको यस कृतिमा जनयुद्धका विभिन्न सन्दर्भलाई प्रस्तुत गरिएको पाइन्छ । यस कृतिमा नेपालका विभिन्न ठाउँको भूगोल र युद्धप्रसङ्गहरूको वर्णन गरिएको छ ।

## (१५०) एटम (निर्मल महरा)

एटम (निर्मल महरा) को जन्म वि. सं. २०४० सालको वैशाखमा भएको हो । उनी राजनीतिमा सक्रिय व्यक्तित्व हुन् । हाल उनी जनमुक्ति सेनाका बटालियन कमान्डर छन् ।[३७६] उनले राजनीतिसँगै साहित्य क्षेत्रमा **गौरवशाली इतिहास र युद्धमोर्चाका अनुभूतिहरू** २०६४ मा प्रकाशित गरेका छन् ।

एटमका यस निबन्धसङ्ग्रहमा अठारवटा निबन्धहरू रहेका छन् । उनका यी निबन्धमा जनयुद्धका विभिन्न स्थिति, अवस्था र समयको वर्णन गरिएको छ । उनका निबन्धले द्वन्द्वरत नेपाली जनजीवनको राम्रो वर्णन गरेका छन् । उनका निबन्धमा युद्धका समयका घटनालाई संस्मरणात्मक रूपमा निबन्धन गरिएको छ ।

२०४६ सालमा जनआन्दोलन भई बहुदलीय प्रजातन्त्रको स्थापना भयो । यस राजनीतिक परिवर्तनका कारण स्रष्टाहरूले समाजमा विद्यमान विकृति र विसङ्गतिप्रति तीखो

---

[३७३] रजनी ढकाल, **हत्केलामा असार उमारेर**, (काठमाडौँ : समीर ढकाल, २०६४) ।

[३७४] नेत्र एटम, पूर्ववत्, पृ. १२० ।

[३७५] श्यामकुमार बुढा मगर 'चिन्तन', **ती आँधीमय दिनहरू**, (भीमकुमार बाँडा, २०६४) ।

[३७६] एटम, **गौरवशाली इतिहास र युद्धमोर्चाका अनुभूतिहरू**, (काठमाडौँ : रक्तिम प्रकाशन, २०६४) ।

व्यङ्ग्य गर्दै निबन्धको सृजना गर्न थाले । यस अवधिका निबन्धमा राजनैतिक दलका नेतामा देखापरेको भ्रष्ट प्रवृत्ति, सत्तामोह, बढ्दो दण्डहीनता, समाजमा फैलँदै गएको अन्याय, शोषण, बेरोजगारी आदिजस्ता समस्याहरूलाई विषयका रूपमा प्रस्तुत गर्दै निराश बन्दै गएको नेपालीको समाजको यथार्थ चित्रण गरिएको पाइन्छ ।

## पाचौं परिच्छेद

# २०३६ पछिका निबन्धगत प्रवृत्तिहरू

### ४.१ २०३६ पछिका निबन्धका प्रवृत्तिहरू

नेपाली निबन्धको आधुनिक कालपछि हालसम्म यसले सात दशकको यात्रा पूरा गरिसकेको छ । वि. सं. १९९३ सालमा लक्ष्मीप्रसाद देवकोटाको आगमनपछि नेपाली निबन्धमा स्वच्छन्दतावादी प्रवृत्तिको प्रवेश भयो । यसैगरी २००७ सालमा प्रजातन्त्रको प्राप्तिपछि लक्ष्मीप्रसाद देवकाटाका साथै श्यामप्रसाद शर्मा, हृदयचन्द्रसिंह प्रधान आदिको निबन्धलेखनमा सक्रियता रह्यो । यस अवधिका निबन्धमा आत्मकथनात्मक प्रवृत्ति र प्रगतिवादी प्रवृत्तिको प्रवेश भएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाको अवसान तथा २०१७ सालको परिवर्तन पश्चात् नेपाली निबन्धमा शङ्कर लामिछानेको प्रवेश भयो । २०१७ सालको परिवर्तनले लेखकीय स्वतन्त्रतामा नियन्त्रण गर्‍यो । जसकारण साहित्य बिम्बात्मक, प्रतीकात्मक र अन्तर्मुखी बन्दै गयो । यस समयमा निबन्ध सृजना गर्ने स्रष्टाहरूले नेपाली निबन्धमा नवीन शिल्प र प्रविधिका साथै प्रयोगधर्मी र अन्तर्मुखी प्रवृत्ति भित्र्याए ।

२०३६ सालमा भएका विद्यार्थी आन्दोलन र राजनैतिक चेतनाको विस्तारका कारण जनमत सङ्ग्रहको घोषणा भयो । यसले सुधारिएको पञ्चायती व्यवस्थाको थालनी गर्‍यो भने सापेक्ष रूपमा मौलिक स्वतन्त्रताको अभ्यास बढ्दै जान थाल्यो । २०३६ सालको जनमत सङ्ग्रहको घोषणाले राजनैतिक जागरण र शिक्षाक्षेत्रमा समेत चेतनाको विस्तार हुँदै आयो । जसका कारण २०४६ सालमा जनआन्दोलन भई बहुदलीय प्रजातन्त्रको स्थापना भयो । यस परिवर्तनपछि सर्वसाधारण जनता स्वतन्त्र भए र उन्मुक्त रूपमा समाजमा विद्यमान विकृति, विसङ्गति, अभाव, बेरोजगारी, अन्याय आदिका विरोधमा साहित्य सृजना हुन थाल्यो । त्यसैले २०४६ पछिका निबन्धमा यथार्थवादी प्रवृत्ति बढी विस्तार भएको पाइन्छ भने निबन्ध स्रष्टाहरू अन्तर्मुखी प्रवृत्तिबाट मुक्त हुँदै बहिर्मुखी प्रवृत्तितर्फ अग्रसर भएको पाइन्छ । यसै बीचमा २०५२ सालदेखि माओवादी जनयुद्धको थालनी, विशाल जन आन्दोलन (२०६३) जस्ता राजनैतिक

घटनाहरू क्रमिक रूपमा घट्दै गए र ती घटनाको समर्थन र विरोधमा समेत साहित्य सृजनाको गतिविधि बढ्दै आए । यसरी २०३६ पछिको अवधिमा नेपालको राजनैतिक परिवर्तन तीव्र गतिमा भएको र यस्तो परिवर्तनबाट साहित्य अछुतो नरहेको पुष्टि हुन्छ । २०३६ साल पछाडि नेपाली निबन्धमा सङ्ख्यात्मक विकास हुनाका साथै प्रवृत्तिगत विविधता समेत देखापर्दै आएको छ । यस अवधिमा देखापरेका निबन्धकार तथा तिनका समग्र प्रवृत्तिहरू यसप्रकार रहेका छन् :

### ४.१.१ सङ्ख्यात्मक अभिवृद्धि

आधुनिक नेपाली निबन्धको थालनीपश्चात् विभिन्न निबन्धकारहरूले आफ्ना निबन्ध प्रकाशित गराउन थालेको पाइन्छ । आधुनिक नेपाली निबन्धको आरम्भका अवधिमा निकै पछिसम्म पत्रपत्रिकाको प्रकाशनमा कमी हुनाका साथै काठमाडौं बाहिर अन्य ठाउँहरूमा साहित्यिक गतिविधिहरू भएका उदाहरणहरू बिरलै भेटिन्छन् । २०३६ पछिको अवधिमा जनचेतनाको अभिवृद्धि राजनैतिक जागरणका कारण साहित्यले पनि विस्तार हुने अवसर प्राप्त गर्दै गयो । फलतः यस अवधिमा साहित्यिक गतिविधिहरू जिल्लाका साथै गाउँगाउँमा हुँदै आएका छन् । यस अवधिमा पत्रपत्रिकाको प्रकाशनमा पनि विस्तार भई विभिन्न ठाउँहरूबाट पत्रपत्रिकाहरू प्रकाशित हुँदै आएका छन् । यसरी प्रकाशित हुने पत्रपत्रिकामा सम्बन्धित क्षेत्रका साहित्यकारहरूले आफ्ना रचनाहरू प्रकाशित गराउँदै आएका छन् साथै ती प्रकाशनहरूबाट साहित्यिक कृतिहरू पनि प्रकाशित हुँदै आएको पाइन्छ । यसरी यस अवधिमा उपर्युक्त पृष्ठभूमिमा सृजनामासङ्ख्यात्मक अभिवृद्धि भएको पाइन्छ ।

२०३६ पछिको अवधिमा साहित्यिक सङ्घसंस्थाहरूको स्थापनाका गतिविधिहरू पनि विभिन्न ठाउँहरूमा बढ्दै आएका छन् । त्यस्ता सङ्घसंस्थाको सक्रियतामा विविध कार्यक्रमहरूको आयोजना गरी साहित्य सृजनातर्फ उत्प्रेरणा जगाउने कार्य हुनाका साथै प्रकाशनको अभावले पाण्डुलिपिमा नै सीमित कृतिलाई प्रकाशित गर्ने-गराउने अवसर र हौसला दिँदै आएको पाइन्छ । यस अवधिमा साहित्यमा संलग्न हुन र रचना प्रकाशित गर्न काठमाडौं नै आउनुपर्ने बाध्यता क्रमशः कम हुँदै गएको पाइन्छ । यसरी उपर्युक्त सन्दर्भका कारण साहित्यसृजनामा सक्रिय स्रष्टाहरूको सङ्ख्यात्मक वृद्धि हुँदै गएको पाइन्छ । यस अवधिमा काठमाडौंमा पनि प्रशस्त मात्रामा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक पत्रपत्रिकाहरू प्रकाशित हुँदै आएका छन् र ती पत्रपत्रिकामा लेखरचना प्रकाशित गराउनेहरूको सङ्ख्यामा पनि वृद्धि हुँदै आएको पाइन्छ ।

२०३६ पछिको अवधिमा नेपाली निबन्धका क्षेत्रमा प्रशस्त लेखकहरू क्रियाशील रहेका छन् । यस अवधिमा आफ्ना निबन्धहरूलाई सङ्ग्रहको रूपमा प्रकाशित गराउने स्रष्टाहरूको सङ्ख्या मात्रै करिब दुई सयभन्दा बढी रहेको छ भने ती स्रष्टाहरूले करिब सवा चारसय भन्दा बढी निबन्धसङ्ग्रह प्रकाशित गराएका छन् । यसरी हेर्दा २०३६ पछिको अवधिमा निबन्धसङ्ग्रह प्रकाशित गर्ने लहर नै चलेको पाइन्छ । यसरी यस अवधिमा २०३६ अघिको तुलनामा निबन्धलेखनमा सक्रिय निबन्धकारहरूको सङ्ख्यात्मक उपस्थितिमा वृद्धि हुनाका साथै सङ्ग्रहहरूको प्रकाशनमा समेत सङ्ख्यात्मक अभिवृद्धि भएको पाइन्छ ।

### ४.१.२ पूर्वस्थापित तथा उदीयमान पुस्ताका निबन्धकारहरूको उपस्थिति

नेपाली निबन्धलेखनको थालनी उन्नाइसौँ शताब्दीको पूर्वार्द्धबाट भएको मानिन्छ । समयको गतिसँगै निबन्धलेखनमा विभिन्न समयमा विभिन्न निबन्धकारहरूले नेपाली निबन्धको विकासमा योगदान दिँदै आएका छन् । २०३६ पछिको अवधिमा २०३६ अघिदेखि नै निबन्धसृजना गर्दै आएका र २०३६ पछिको अवधिमा निबन्धलेखनमा सक्रिय रहेका दुवैथरी निबन्धकारहरूको उपस्थिति देखिन्छ । तीमध्ये २०३६ अघिदेखि नै निबन्धलेखनमा सक्रिय रहेका र २०३६ पछि पनि लेखनमा क्रियाशील निबन्धकारहरू हुन् : श्यामप्रसाद शर्मा, वासुदेव लुइटेल, जनकलाल शर्मा, रामलाल अधिकारी, रामकुमार पाँडे, कमल दीक्षित, कञ्चन पुडासैनी, खेमराज केशवशरण, पुष्कर लोहनी, मदनमणि दीक्षित, देवीचन्द्र श्रेष्ठ, रामकृष्ण शर्मा, पूर्णप्रकाश नेपाल 'यात्री', गोविन्दप्रसाद भट्टराई, कृष्णचन्द्रसिंह प्रधान, मोदनाथ प्रश्रित, तारानाथ शर्मा, बालकृष्ण पोखरेल, देवीप्रसाद वनवासी, मोहनराज शर्मा, रविलाल अधिकारी, नगेन्द्र शर्मा, किशोर नेपाल कृष्णप्रसाद पराजुली, मनुजबाबु मिश्र, रमेश विकल, गणेशबहादुर प्रसाई, मातृकाप्रसाद कोइराला, उत्तम कुँवर, राजनारायण प्रधान, हरि बन्दी, परशु प्रधान, कुलचन्द्र कोइराला, पारिजात, आनन्ददेव भट्ट, देवकुमारी थापा आदि । २०३६ सालपछि निबन्धलेखनमा प्रवेश गरेका निबन्धकारहरू राममणि रिसाल, विश्व शाक्य घनश्याम राजकर्णिकार, घनुषचन्द्र गोतामे, दुर्गाप्रसाद भण्डारी, मोहन दुवाल, श्रीकृष्ण गौतम, नरेन्द्रराज पौडेल, मुकुन्द आचार्य, होम सुवेदी, घनश्याम ढकाल, चोलेश्वर शर्मा, श्रीओम श्रेष्ठ 'रोदन', भूपहरि पौडेल, मोहन सिटौला, भीष्म उप्रेती, निर्मोही व्यास, गङ्गाप्रसाद उप्रेती, विमल निभा, सुनील, रत्नाकर देवकोटा, जगदीशचन्द्र भण्डारी, रुद्र खरेल, राजेन्द्र सुवेदी, कृष्ण धरावासी, तेजप्रकाश श्रेष्ठ, सुधा त्रिपाठी, नरनाथ लुइटेल, विष्णु प्रभात, नारायण ढकाल, गोविन्दराज भट्टराई, अभि सुवेदी, ज्ञानेन्द्र विवश, उत्तमकृष्ण मजगैयाँ, मोमिला, महेश प्रसाई, विश्वम्भर चञ्चल, विनोद मञ्जन, कर्ण शाक्य, प्रतीक ढकाल, नेत्र एटम, देवेन्द्र भट्टराई, सुदर्शन श्रेष्ठ, शारदा शर्मा, अनिल कोइराला, अम्मर नेवाङ लिम्बू आदि हुन् । यसरी २०३६ अगिदेखि निरन्तर क्रियाशील निबन्धकारहरूका साथै २०३६ पछाडि नै लेखन आरम्भ गरी स्थापित बनेका निबन्धकारहरूको सृजनात्मक क्रियाशीलता यस अवधिमा पाइन्छ । यसै अवधिमा पूर्वस्थापित निबन्धकारहरूका कतिपय गहकिला कृतिसमेत प्रकाशित भएको देखिन्छ ।

## ४.१.३ विषयवस्तुगत प्रवृत्ति

निबन्धले अति विशाल र व्यापक क्षेत्रका विषयवस्तुलाई समेट्न सक्छ । निबन्धको विषयवस्तु यही समाज, विज्ञान, राजनीति, संस्कृतिलगायत सृष्टिजगत्का हरेक वस्तुहरू हुन सक्छन् । नेपाली निबन्धले थालनीदेखि नै समाजका विविध पक्षलाई विषयका रूपमा प्रस्तुत गरेको पाइन्छ । आधुनिक नेपाली निबन्धको विषयवस्तुको क्षेत्र अतिव्यापक बनिसकेको पाइन्छ । २०३६ पछिका अवधिमा खास गरेर समाजमा विद्यमान सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, प्रशासनिक, व्यापारिक क्षेत्रका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका विविध घटनालाई समेत विषयवस्तु बनाई निबन्धसृजना गरिएको पाइन्छ ।

२०३६ पछिको अवधिका निबन्धमा वर्तमान मानव जीवनका विकृतिपूर्ण स्थितिहरू, व्यक्तिले गुमाउँदै गएका आचरणहरू, प्रशासनिक क्षेत्रमा विकसित हुँदै गएको भ्रष्टाचार, स्वेच्छाचार, कमिसनतन्त्र, राजनैतिक क्षेत्रमा देखापरेको हत्या, हिंसा र सत्तामोह, समाजमा रहेका वर्गीय, जातीय लैङ्गिक विषमताका स्थितिहरू, विज्ञान र प्रविधिका क्षेत्रमा देखापरेका उन्नतिका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विविध घटना-सन्दर्भलाई विषयका रूपमा

प्रस्तुत गरिएको पाइन्छ । व्यक्तिदेखि समाजसम्म र राजनीतिदेखि प्रशासनिक क्षेत्रसम्मका विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएर नरेन्द्रराज पौडेल, राजेन्द्र सुवेदी, दिनेश सत्याल आदिले निबन्धको सृजना गरेका छन् । वर्तमान मानज जीवनका विकृति, प्रशासनिक क्षेत्रमा देखापरेको भ्रष्टाचार, राजनीति क्षेत्रका हत्या, हिंसा साथै सत्तासङ्घर्षलगायतका विषयवस्तुको प्रयोग गरेर विमल निभा, खगेन्द्र सङ्ग्रौला, रुद्र खरेल आदिले निबन्ध सृजना गरेका छन् । सामाजिक क्षेत्रका विकृति र विसङ्गतिप्रति सुधारको अपेक्षा राख्दै मानवीय मूल्य र मान्यता कायम हुनुपर्ने विचार कृष्ण धरावासी, माधव पोखरेल, ज्ञानेन्द्र विवश आदिका निबन्धमा पाइन्छ । समाजको यथार्थ चित्रण गर्दै समाजका धर्म, संस्कृति, अर्थतन्त्र, राजनीति, प्रशासन आदि विविध क्षेत्रलाई विषय बनाएर रविकिरण निर्जीव, विष्णु नवीन, नरनाथ लुइटेल आदिले निबन्धको सृजना गरेका छन् । समाजमा विद्यमान सामन्ती सोच, अन्याय, थिचोमिचो, महिलामाथिको शोषण तथा सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक क्षेत्रका विकृतिलाई विषयवस्तु बनाएर श्यामप्रसाद शर्मा, गोविन्द भट्ट, मोदनाथ प्रश्रित आदिले निबन्धको सृजना गरेका छन् । सामाजिक अन्धविश्वास, रुढिवादी संस्कार, अन्याय, अत्याचार र शोषणका साथै सांस्कृतिक, धार्मिक, राजनैतिक, प्रशासनिक आदि क्षेत्रका विषम स्थितिलाई विषयवस्तु बनाई मोदनाथ प्रश्रित, राममणि रिसमाल, ईश्वरवल्लभ, राजेन्द्र सुवेदी, उत्तम कुँवर, कुलप्रसाद खनाल आदिले निबन्धको सृजना गरेका छन् । संस्कृतिलाई विषयवस्तु बनाएर मदनमणि दीक्षित, मोदनाथ प्रश्रित, देवीचन्द्र श्रेष्ठ, जनकलाल शर्मा, तारानाथ शर्मा, मनुजबाबु मिश्र, तेजेश्वर बाबु ग्वँग, गङ्गा उप्रेती, अभि सुवेदी, माधव पोखेरल, निर्मोही व्यास, कृष्ण धरावासी, रघु घिमिरे आदिले निबन्धको सृजना गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना र परिवर्तनलाई विषय बनाई युवराज नयाँघरे, राजेन्द्र सुवेदी, ज्ञानेन्द्र विवश आदिले निबन्धको सृजना गरेका छन् । क्षीण बन्दै गएको मानवीय मूल्य, मृत्यु र हत्यालाई सामान्य मान्न थालिएको विषयवस्तु युवराज नयाँघरेका निबन्धमा पाइन्छ । विभिन्न स्रष्टासँग अन्तर्वार्ता लिएर उनीहरूको जीवनीलाई विषयका रूपमा समेटी जयदेव भट्टराई, देवेन्द्र भट्टराई, सुदर्शन श्रेष्ठ, नेत्र एटम आदिले निबन्धलेखनको प्रयोग गरेका छन् ।

२०३६ पछिको अवधिमा मूलतः राष्ट्रिय जीवनका सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, प्रशासनिक, राजनैतिक, शैक्षिक प्रसङ्गहरू र अन्तर्राष्ट्रिय घटनाहरू, विज्ञानले देखाएका परिवर्तनहरू एवम् संस्कृतिका विविध पक्षहरूलाई विषयवस्तु बनाई निबन्धसृजना गरिएको पाइन्छ ।

## ४.१.४ शिल्पगत प्रवृत्ति

निबन्ध सृजनाको प्रारम्भिक अवधिदेखि नै स्रष्टाहरूले यसलाई विभिन्न तरिका वा ढाँचाले प्रस्तुत गर्दै आएको पाइन्छ । आधुनिक नेपाली निबन्धकारहरूले विविध ढाँचा वा शिल्पलाई अवलम्बन गरेर निबन्धको सृजना गरेका पाइन्छन् । २०३६ पछिका निबन्धमा स्रष्टाहरूले विविध शिल्प वा ढाँचाको अवलम्बन गरेर निबन्ध सृजना गरेका छन् । यस अवधिका निबन्धमा अँगालिएका मूलभूत शिल्पहरूको चर्चा यसप्रकार गर्न सकिन्छ :

### (क) हास्यव्यङ्ग्यात्मकता

समाजमा देखापरेका खराब पक्षमाथि सुधारको अपेक्षा राख्दै ठट्यौलो पाराले विषयवस्तुलाई प्रस्तुत गर्ने कला नै हास्यव्यङ्ग्यात्मक शिल्प हो । यस किसिमको शिल्पको प्रयोग प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । आधुनिक नेपाली निबन्धको थालनीपछि पनि

यसको प्रयोग हुँदै आएको छ । २०३६ पछिका अवधिमा समाज, संस्कृति, धर्म, राजनीति आदिका क्षेत्रमा देखिएका विसङ्गति र विकृतिमा सुधारको अपेक्षा राख्दै प्रशस्त निबन्ध रचना गरिएका छन् । २०३६ पछिको अवधिमा हास्यव्यङ्ग्य शिल्पको अवलम्बन गरी निबन्ध रचना गर्ने निबन्धकारहरू रामकुमार पाँडे, मोहनराज शर्मा, जयराम शर्मा, सूर्यबहादुर पिवा, भाउपन्थी, नरनाथ लुइटेल, उत्तमकृष्ण मजगैयाँ, प्रकाश प्रेमी, चोलेश्वर शर्मा, हृदयप्रसाद मिश्र, चूडामणि खनाल आदि हुन् ।

**(ख) नियात्रात्मकता**

यात्रा गरिएका स्थान, वस्तु र घटनाका तीतामीठा अनुभूतिलाई स्रष्टाले संस्मरणका रूपमा व्यक्त गर्ने शिल्प वा ढाँचा नियात्रात्मक ढाँचा हो । नेपाली निबन्धको आरम्भसँगै यस किसिमको प्रवृत्ति देखापरेको हो । आधुनिक नेपाली निबन्धमा यस प्रवृत्तिको निकै प्रयोग भएको पाइन्छ । २०३६ पछिका अवधिमा यात्राका विविध पक्षलाई निबन्धन गर्ने निबन्धकारहरू तारानाथ शर्मा, मोदनाथ प्रश्रित, रमेश विकल, केशवप्रसाद उपाध्याय, मञ्जुल, राजेन्द्र सुवेदी, जय छाङ्छा, घनश्याम राजकर्णिकार, सुधा त्रिपाठी, निर्मोही व्यास, विश्वम्भर चञ्चल, सुनील पौडेल, विजय चालिसे, गोविन्द गिरी 'प्रेरणा' आदि हुन् ।

**(ख) संस्मरणात्मकता**

जीवनका बितेका प्रसङ्गलाई वर्तमानमा स्मरण गरेर निबन्ध सृजना गरिने शिल्प वा ढाँचा संस्मरणात्मक ढाँचा हो । यसमा व्यक्ति, विषय, घटना, स्थान आदिका स्मृति वा सन्दर्भलाई प्रस्तुत गरिन्छ । आधुनिक नेपाली निबन्धलेखनमा संस्मरणात्मक शिल्पले ठूलो भाग ओगटेको छ । २०३६ पछिको यस अवधिमा यस शिल्पको प्रयोग गर्दै निबन्धसृजना गर्ने निबन्धकारहरू सिद्धिचरण श्रेष्ठ, देवकुमारी थापा, ध. च. गोतामे, जनकलाल शर्मा, ध्रुवचन्द्र गौतम, प्रदीप नेपाल, खगेन्द्र सङ्ग्रौला, सीता पाण्डे, राधाकृष्ण मैनाली, नारायण ढकाल, रामप्रसाद उप्रेती, शशी भण्डारी, अम्बर गुरुङ आदि रहेका छन् ।

**(घ) जीवनीपरकता**

जीवनका वैयक्तिक घटनालाई सार्वजनिक बनाउने उद्देश्यले वा कुनै व्यक्तिका जीवन अनुभूति र घटनालाई सिलसिला मिलाएर प्रस्तुत गरिनेलाई नै जीवनीपरक भनिन्छ । नेपाली निबन्ध साहित्यमा यस्तो शैलीको प्रयोग निकै अगाडिदेखि भए पनि २०३६ पछिका अवधिमा यसको अझ विस्तारित प्रयोग भएको पाइन्छ । जीवनका विविध पक्षलाई सार्वजनिक बनाउने उद्देश्यले अवलम्बन गरिएको यस शिल्पको उपयोग गर्दै २०३६ पछिका अवधिमा विश्वेश्वरप्रसाद कोइराला, पारिजात, भूपालमानसिंह कार्की, कृष्णचन्द्रसिंह प्रधान, रमेश विकल, दयानन्द बज्राचार्य आदिको उपस्थिति देखिन्छ ।

**(ङ) पत्रात्मकता**

स्रष्टा आफू कतै टाढा पुगेको अवस्थाको परिकल्पना गरी आफ्ना अनुभूति वा संवेगलाई प्रेषण गर्ने उद्देश्यले सम्बोधनात्मक शिल्पमा निबन्धको सृजना गर्ने ढाँचालाई पत्रात्मक शिल्प भनिन्छ । यस्तो पद्धतिको उपयोग गरिएका निबन्धको पठन गर्दा चिठी पढेको अनुभव गर्न सकिन्छ । नेपाली निबन्ध साहित्यमा यस्तो शिल्पको प्रयोग कमै भएको देखिन्छ तापनि

श्यामप्रसाद शर्माको **आएका चिठी** (२०५१) र वनमाली निराकारको **पत्र सञ्चयन** (२०६३) यसका उदारहणहरू हुन् ।

**(च) दैनिकीपरकता**

जीवनका दिनदिनैका क्रियाकलापलाई निजात्मक पाराले प्रस्तुत गर्ने शिल्पलाई दैनिकीपरक मान्न सकिन्छ । नेपाली निबन्ध साहित्यका क्षेत्रमा यस शिल्पको प्रयोग न्यून रूपमा मात्र भएको देखिन्छ । नेपाली निबन्धका क्षेत्रमा दैनिकीपरक शिल्पको प्रयोग गरी निबन्ध सृजना गर्ने निबन्धकार र निबन्धकृतिहरू श्यामप्रसाद शर्माको **मेरा डायरीका पाना** (१९९६), विश्वेश्वरप्रसाद कोइरालाको **जेलजर्नल, फेरि सुन्दरीजल** तथा कृष्णप्रसाद पराजुलीका **सम्झनाका क्षितिजमा** भित्रका केही निबन्धहरू रहेका छन् ।

**(छ) वार्तापरकता**

दुई पक्षका बीचमा भएका कुराकानीलाई प्रस्तुत गर्ने शिल्पलाई संवादात्मक वा वार्तापरक मान्न सकिनछ । यस्तो पद्धति वा शिल्पको उपयोग गर्दा प्रश्न र उत्तरको प्रविधि अँगालिन्छ र जुनसुकै विषयमा यस्तो संवाद गर्न सकिन्छ । २०३६ पछिका अवधिमा यस किसिमको शिल्प उपयोग गर्दै निबन्ध सृजना गर्ने निबन्धकारहरू परशु प्रधान, जयदेव भट्टराई, महेश प्रसाई, इन्द्रकुमार श्रेष्ठ 'सरित्', देवेन्द्र भट्टराई, नेत्र एटम, बेन्जु शर्मा, देवेन्द्रप्रताप शाह, सुदर्शन श्रेष्ठ, मोहन दुवाल, गोविन्द टन्डन आदि हुन् ।

## ४.२ समकालीनता

आधुनिक नेपाली निबन्धपरम्परामा २०३६ पछिको अवधिलाई समकालीन युग मानिएको छ । यस अवधिमा तीव्र राजनैतिक परिवर्तनहरू हुँदै आएका छन् । त्यसैले यस अवधिलाई राजनीतिक दृष्टिले सङ्क्रमणकालीन अवधि पनि भन्ने गरिएको पाइन्छ । यस अवधिमा शिक्षा, साहित्य र राजनीतिका क्षेत्रमा चेतनाको विस्तार हुँदै आएकाले साहित्यिक गतिविधि काठमाडौँ बाहिरका विभिन्न क्षेत्र, अञ्चल, जिल्ला साथै गाउँस्तरमा पनि विस्तारित हुँदै आएका छन् । साथै शिक्षाक्षेत्रमा नारीहरूको उपस्थिति पनि बढ्दै आइरहेको छ । यस अवधिमा थुप्रै पत्रपत्रिकाको प्रकाशन हुँदै आएको छ । केन्द्रीय तह वा राजधानीमा मात्र सञ्चालित साहित्यिक गतिविधिहरू स्थानीय तहमा पनि हुँदै आएका छन् साथै स्थानीय स्तरमै पत्रपत्रिकाका प्रकाशनका गतिविधिहरू पनि बढ्दै आइरहेका छन् । यस पृष्ठभूमिमा स्थानीय तहका राजनीतिक, सामाजिक, गतिविधिदेखि केन्द्रीय तहका गतिविधिलाई समेत विश्लेषण गरेर विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू लेख्ने प्रवृत्ति उत्तरोत्तर विस्तारित हुँदै आएको छ । २०३६ सालपछिको अवधिमा राजनीतिक विषयवस्तुलाई गहन रूपमा विश्लेषण गरिएका लेखरचनाहरू विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, पत्रपत्रिकामा प्रकाशित हुँदै आएका छन् । ती रचनाहरू विषयका दृष्टिले राजनीतिको विश्लेषणमा केन्द्रित भए पनि तिनमा निबन्धात्मक गुणसमेत पाइन्छ ।

२०३६ सालपछिको अवधिमा शिक्षाक्षेत्रमा निकै विस्तार हुँदै आएको छ । गाउँघर नजिकै विद्यालयहरू र क्याम्पसहरू स्थापना हुँदै आएका छन् । त्यसले गर्दा नारीहरूले पनि शिक्षाको अवसर प्राप्त गर्दै आएका छन् । शिक्षाको चेतनाले समाजमा रहेका अन्धविश्वास, रूढ मान्यता, कुसंस्कारहरू क्रमशः कम हुँदै आएका छन् । शैक्षिक चेतनाका कारण नारीहरू साहित्यिक, राजनीतिक साथै रोजगारीका क्षेत्रमा समेत उपस्थित हुँदै आएका छन् । उता समाजमा विद्यमान

नारीप्रतिका भेदभावलाई अन्त्य गरिनुपर्ने धारणा राखेर साहित्यसृजना गर्ने प्रवृत्ति पनि बढ्दै आएको पाइन्छ । यस अवधिमा महिला, बालबालिका, अपाङ्ग, पिछडिएको क्षेत्र र जनजातिका अधिकारहरू सुनिश्चित गरिनुपर्ने धारणा राख्दै अनेक लेखरचनाहरू प्रकाशित हुँदै आएका छन् र तिनमा पनि निबन्धात्मक गुण फेला पार्न सकिन्छ ।

२०३६ पछिका अवधिमा समाज, विज्ञान र प्रविधिका उन्नतिहरूसँग पनि नेपाली समाजको परिचय बढ्दै गयो । यस अवधिमा विज्ञान र प्रविधिलाई सम्मिश्रण गरेर पनि निबन्ध सृजना गरिँदै आएको पाइन्छ । यस अवधिमा विज्ञानका आश्चर्यलाग्दा घटना र प्रविधिहरूलाई साहित्यमा प्रस्तुत गर्ने कलाको पनि विकास हुँदै आएको छ । विज्ञान र प्रविधिका उन्नतिसँग परिचित बन्दै जाने क्रममा नेपाली समाज, अन्य राष्ट्रका समाज र संस्कृतिसँग पनि परिचित बन्दै आइरहेको छ । फलतः यस अवधिका कतिपय निबन्धमा पाश्चात्य समाज र संस्कृतिका मूल्य र मान्यतालाई विषय बनाएर समेत निबन्धहरूको सृजना हुँदै आएको छ ।

२०३६ पछिको यस अवधिमा राजनैतिक परिवर्तनका घटनाहरूले अन्य गतिविधिहरूलाई गौण तुल्याइदिएका छन् । त्यसैले यस अवधिका निबन्धमा राजनैतिक विषयवस्तुलाई प्रस्तुत गर्दै त्यसमा देखापरेका सबल पक्षको समर्थन गर्ने र खराब पक्षमाथि सुधारको अपेक्षासहित व्यङ्ग्य गर्ने प्रवृत्ति पनि देखिन्छ । यस अवधिका कतिपय निबन्धकारहरूले राजनैतिक परिवर्तनका सुन्दर पक्षलाई समर्थन गरेका छन् भने कतिपयले राजनैतिक परिवर्तनका कुरूप पक्षमाथि व्यङ्ग्य गरेका छन् । विशेष गरी यस अवधिका निबन्धमा उपर्युक्त प्रवृत्ति ज्यादा रहेको भए तापनि धर्म र संस्कृति साथै विज्ञान र प्रविधिका विषयलाई प्रस्तुत गर्ने प्रवृत्ति पनि मूल रूपमा नै रहेको पाइन्छ । २०३६ पछिको अवधि राजनैतिक सङ्क्रमण र समाज रूपान्तरणको अवधि भएकाले पनि यस अवधिका निबन्धमा राजनैतिक पक्षका विभिन्न पाटालाई प्रस्तुत गर्ने, व्यङ्ग्य गर्ने, समर्थन तथा विरोध गर्ने प्रवृत्ति मूल रूपमा प्रवाहित भएको देखिन्छ ।

## ४.३ निष्कर्ष

२०३६ पछिको नेपाली निबन्धपरम्परामा सङ्ख्यात्मक दृष्टिले धेरै निबन्धकारहरूको सक्रियता रहेको छ । यस अवधिको नेपाली निबन्धमा समाजमा विद्यमान धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक क्षेत्रका विषयवस्तुलाई समेटेर ती पक्षहरूमा देखिएका विसङ्गति र विकृतिप्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा राख्ने प्रवृत्तिको विकास भएको पाइन्छ । यस अवधिमा सङ्ख्यात्मक रूपमा मात्र होइन गुणात्मक दृष्टिले पनि थुप्रै निबन्धसङ्ग्रहहरू प्रकाशित हुनाका साथै विभिन्न साहित्यिक तथा समाचारमूलक पत्रपत्रिकामा अनेक फुटकर निबन्ध पनि प्रकाशित हुँदै आएको पाइन्छ । यस अवधिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशका विविध घटनाहरूका साथै वैज्ञानिक चमत्कारलाई विषयवस्तुका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति पनि प्रबल नै छ । यस अवधिमा नेपाली संस्कृतिका विविध पक्षलाई निबन्धन गर्ने प्रवृत्तिका साथै शिल्पगत विविधताका अभिलक्षणहरूसमेत देखिएका छन् ।

# छैंठौ परिच्छेद

# उपसंहार

साहित्यका मुख्य चारविधा नाटक, आख्यान, कविता र निबन्धमध्ये सबैभन्दा पछि विकसित भएको निबन्ध विधा आत्मप्रकाशनको महत्त्वपूर्ण साहित्यिक माध्यम हो । निबन्धमा समाजमा विद्यमान धार्मिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रका विविध सन्दर्भलाई गद्यभाषाका माध्यमबाट व्यक्त गरिन्छ । यसमार्फत स्रष्टाले विषयप्रति स्वतन्त्र विचार वा भाव व्यक्त गर्न सक्ने भएकाले र धेरै शास्त्रीय रूढिमा आबद्ध नहुने भएकाले पनि यो विधा लोकप्रिय बन्दै आएको छ ।

नेपाली साहित्यमा निबन्धलेखनको थालनी उन्नाइसौँ शताब्दीको पूर्वार्द्धतिर पृथ्वीनारायण शाहको **दिव्योपदेश**बाट भएको मानिन्छ । यसपछि थुप्रै गद्यात्मक कृतिहरू देखापरेका भए तापनि निबन्धात्मक गुणयुक्त कृति चाहिँ **जङ्गबहादुरको बेलायतयात्रा** (१९९० तिर) महत्त्वपूर्ण मानिन्छ । यस कृतिलाई नै नेपाली निबन्ध साहित्यका क्षेत्रमा नियात्रालेखनको आरम्भिक कृति मान्न सकिन्छ

नेपाली साहित्यमा माध्यमिक कालको आरम्भपछि पत्रपत्रिकाहरू प्रकाशनको क्रम सुरु हुन थाल्यो । नेपालभित्र र भारतीय भूमिबाट प्रकाशित हुने नेपाली पत्रिकाहरू **गोरखापत्र**, **माधवी**, **गोर्खाली**, **चन्द्रिका** आदिमा विभिन्न गद्यलेखहरू प्रकाशित हुन थाले । उपर्युक्त पत्रपत्रिकामा प्रकाशित शम्भुप्रसाद ढुङ्ग्याल, सूर्यविक्रम ज्ञवाली आदिका गद्यात्मक रचनामा निबन्धात्मक गुण पनि सन्निहित भएको पाइन्छ ।

वि. सं. १९९१ सालमा **शारदा** पत्रिकाको प्रकाशन सुरु भएपछि निबन्ध सृजन-परम्परा सुदृढ हुने अवस्थामा पुग्यो । यस पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' निबन्धमा स्वच्छन्दतावादी प्रवृत्ति एवम् निजात्मक सौन्दर्य चेतनाका साथै नवीन शिल्प पद्धतिसमेत देखापर्छ । यस अवधिमा सिलवाल पण्डित, वासुदेव शर्मा लुइटेल, केशवराज पिँडालीका साथै लक्ष्मीप्रसाद देवकोटाले पनि हास्यव्यङ्ग्य निबन्धको सृजना गरेका छन् भने लक्ष्मीप्रसाद देवकोटाले नै यात्रानिबन्ध लेखन र हृदयचन्द्रसिंह प्रधानले आत्मकथनात्मक निबन्धलेखनको थालनीसमेत गरेका छन् । यसै अवधिमा पाश्चात्य साहित्यको अध्ययन गरेका लक्ष्मीप्रसाद देवकोटाले अङ्ग्रेजीमा रचना गरिएका पाश्चात्य निबन्धकारका उत्कृष्ट निबन्धहरूलाई नेपालीमा अनुवाद गरी सङ्ग्रहका रूपमा प्रकाशित गरेका छन् । यस अवधिदेखि आफ्ना मौलिक फुटकर निबन्धलाई सङ्ग्रहका रूपमा समेत प्रकाशित गर्ने कार्यको थालनी भएको पाइन्छ । यसरी सुरुसुरुमा सङ्ग्रह प्रकाशित गराउने निबन्धकारहरू लक्ष्मीप्रसाद देवकोटा, भेषराज शर्मा, हृदयचन्द्रसिंह प्रधान, वासुदेव शर्मा आदि रहेका छन् ।

२००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि निबन्धकारहरूलाई लेखन स्वतन्त्रता प्राप्त भयो । यसले गर्दा उनीहरूले उन्मुक्त रूपमा सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य गर्दै निबन्धसृजना गर्न थाले । यस अवधिमा प्रकाशित **प्रभात**, **नौलो पाइलो**, **प्रगति**, **साप्ताहिक समाचार**, **समीक्षा** लगायतका पत्रपत्रिकामा निबन्धहरू प्रकाशित हुन थाले । यस समयका मदनमणि दीक्षित, श्यामप्रसाद शर्मा, ईश्वरवल्लभ, कृष्णप्रसाद चापागाईं, लीलाध्वज थापा, कमल दीक्षित, केशवराज पिँडाली, बालचन्द्र शर्मा, रामकृष्ण शर्मा, गङ्गाविक्रम सिजापति आदिका निबन्धले समाजमा विद्यमान विकृति र विसङ्गतिलाई यथार्थवादी ढङ्गले अभिव्यक्त गरेका छन् ।

२०१७ सालमा राजा महेन्द्रका अग्रसरतामा अर्को राजनीतिक परिवर्तन भयो । यस परिवर्तनले जनताका भावना र विचारलाई कुण्ठित बनायो । यसकारण साहित्यकारहरू अन्तर्मुखी प्रवृत्तितर्फ अग्रसर हुँदै गए । यस अवधिमा नेपाली निबन्धका क्षेत्रमा शङ्कर लामिछानेको प्रवेश भएको पाइन्छ । उनले नेपाली निबन्धको सृजनामा चेतनप्रवाह पद्धतिको उपयोग गर्दै विज्ञान र प्रविधिका सन्दर्भलाई निबन्धमा समेटेका छन् । साथै विधा मिश्रणको प्रयोग समेत उनले गरेका छन् । यसै अवधिमा तारानाथ शर्माले नियात्रालेखनका क्षेत्रमा, केशवराज पिँडाली, वासुदेव शर्मा, भैरव अर्याल, रामकुमार पाँडे आदिले हास्यव्यङ्ग्य निबन्ध-सृजनाका क्षेत्रमा उत्कृष्ट सृजना गरेका छन् । यसै अवधिमा रामकृष्ण शर्मा, कमल दीक्षित, रामलाल अधिकारी, माधवलाल कर्माचार्य, नगेन्द्र शर्मा, चूडामणि रेग्मी, विष्णु नवीन, हरि बन्दी आदिका निबन्धले समाजमा विद्यमान विविध पक्षलाई प्रस्तुत गर्दै निबन्ध सृजना गरेका छन् । त्यसैले यस अवधिमा नेपाली निबन्धले गुणात्मक उर्वरता प्राप्त गरेको छ भन्न सकिन्छ ।

२०३६ पछि नेपाली निबन्धको क्षेत्र अझ विस्तार हुँदै गयो । यस अवधिमा जनमतसङ्ग्रह सम्पन्न भई त्यसका परिणामस्वरूप सुधारिएको पञ्चायती व्यवस्थाको स्थापना भयो । समाजमा स्वतन्त्रताका प्रवृत्तिहरू देखापर्न थाले । यसबाट साहित्यकारहरू क्रमशः बहिर्मुखी प्रवृत्तितर्फ अग्रसर हुँदै आएको पाइन्छ । यसै अवधिमा साहित्यिक तथा राजनैतिक गतिविधिहरू गाउँगाउँसम्म विस्तार हुनाका साथै पत्रपत्रिकाको प्रकाशनमा समयानुकूल विस्तार भएको पाइन्छ । यसले गर्दा एकातिर सृजनामा स्रष्टाहरू आकर्षित हुन थाले भने अर्कातिर चेतनाको विस्तार पनि हुँदै आयो । फलतः २०४६ सालमा जनआन्दोलन भई बहुदलीय प्रजातन्त्रको स्थापना भयो । यस राजनैतिक परिवर्तनका कारण स्रष्टाहरूले समाजमा विद्यमान विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्दै निबन्धको सृजना गर्न थाले । यस अवधिका निबन्धमा राजनैतिक दलका नेतामा देखापरेको भ्रष्ट प्रवृत्ति, सत्तामोह, बढ्दो दण्डहीनता, समाजमा फैलँदै गएको अन्याय, शोषण, बेरोजगारी आदिजस्ता समस्यालाई विषयका रूपमा प्रस्तुत गर्दै निराश बन्दै गएको नेपाली समाजको यथार्थ चित्रण गरिएको पाइन्छ ।

२०५२ सालमा माओवादी जनयुद्धको आरम्भ भयो । यसको मौका छोपेर कतिपय व्यक्तिहरूले आफ्नो व्यक्तिगत स्वार्थका लागि समाजमा हिंसा फैलाउने कार्यसमेत गरे । यस अवधिमा मान्छेलाई संवेदनासँग नभई पैसासँग तुलना गरियो । नेपालीहरूका बीचमा नै शत्रुता कायम भयो । छिमेकीहरू राजनैतिक रूपमा भिन्न विचारका भएका कारण बैरी बढे । समाजको अवस्था अत्यन्त भयावह र कहालीलाग्दो बन्दै गयो । समाज निर्जन जङ्गलमा रूपान्तरण हुँदै गएको यस अवस्थामा स्रष्टाहरूले द्वन्द्वरत समाजको यथार्थ चित्रण गर्नुका साथै मानवीय मूल्य, मान्यता कायम हुनुपर्ने, द्वन्द्व समाधान हुनुपर्ने विचार राख्दै निबन्ध सृजना गरेको पाइन्छ । यस अवधिका कतिपय स्रष्टाहरूले जनयुद्धको पक्षमा, कतिपयले विरोधमा त कतिपयले चाहिँ तटस्थ रहेर समाजमा विद्यमान विविध गतिविधिहरूको वर्णन, विश्लेषण गरी निबन्धको सृजना गरेका छन् ।

२०३६ पछिको यस अवधिमा वर्तमान मानव जीवनका विकृतिपूर्ण स्थितिहरू, राजनैतिक क्षेत्रको सत्तासङ्घर्षका साथै विज्ञान र प्रविधिका आश्चर्यलाग्दा उन्नतिलाई समेत विषयका रूपमा प्रस्तुत गरेको पाइन्छ । समाजमा रहेका रूढ संस्कार, सामन्ती सोच, अन्याय, शोषणका साथै सांस्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक, प्रशासनिक क्षेत्रका विषम स्थितिलाई विषय बनाएर श्यामप्रसाद शर्मा, मोदनाथ प्रश्रित, राममणि रिसाल, उत्तम कुँवर, गोविन्द भट्ट, राजेन्द्र सुवेदी, विमल निभा, खगेन्द्र सङ्ग्रौला, रुद्र खरेल, कृष्ण धरावासी, ज्ञानेन्द्र विवश, विष्णु नवीन,

नरनाथ लुइटेल आदिले निबन्धको सृजना गरेका छन् । यात्राका विविध घटनाहरूलाई विषय बनाएर तारानाथ शर्मा, मोदनाथ प्रश्रित, रमेश विकल, मञ्जुल, घनश्याम राजकर्णिकार, जय छाङ्छा आदिले निबन्धको सृजना गरेका छन् । यस अवधिमा विशेष गरी समाजमा विद्यमान विविध पक्षको यथार्थ चित्रण गर्दै विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य गरेका छन् । सुधारको अपेक्षासहित निबन्धको सृजना गरेका पाइन्छन् ।

२०३६ पछिको अवधिमा निबन्धका क्षेत्रमा महिलाहरूको संलग्नता पनि महत्त्वपूर्ण देखिन्छ । नारी स्रष्टाहरूले समाजभित्रका सङ्क्रमण, विकार र अज्ञानता, पितृसत्तात्मक समाजव्यवस्था, नारीशोषण र महिला अधिकार तथा परम्परित रूढ मान्यताप्रति व्यङ्ग्य गर्दै निबन्धको सृजना गरेका छन् ।

२०३६ पछिको अवधिमा नेपाली निबन्धले कलाका अनेक स्वरूपहरू पनि ग्रहण गरेको देखिन्छ । यस अवधिमा आत्मपरक, वस्तुपरक, कथात्मक, स्वैरकल्पनात्मक, पत्रात्मक, सम्बोधनात्मक एवम् व्याख्यात्मक, वर्णनात्मक र विश्लेषणात्मक शिल्प अँगाली निबन्धकारहरूले सम्बद्ध विषयवस्तुलाई अगाडि बढाउने काम गरेका छन् । त्यस्तै सामाजिक, धार्मिक, राजनीतिक तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रका विविध घटना-सन्दर्भलाई बिम्बहरूको आयोजनामार्फत अभिव्यक्त गरेका छन् । यस अवधिका निबन्धमा अनुप्रासमय भाषाप्रयोग गर्नुका साथै विधामिश्रण गरी आख्यानात्मक, नाटकीय, काव्यिक, निबन्ध सृजना गरेको पाइन्छ । यस अवधिका निबन्धकारहरूले यथास्थानमा उखान र टुक्काको उचित संयोजन पनि गरेका छन् । यस अवधिका कतिपय निबन्धकारका निबन्धमा व्यक्तिगत आक्षेप, गालीगलौजसमेत भेटिन्छ । यसले गर्दा निबन्धको कलामूल्यमा क्षय भएको देखिन्छ । त्यसैले कलात्मक संयोजनमा यस अवधिका निबन्धकारहरू सावधान रहनुपर्ने देखिन्छ । समग्रमा सङ्ख्यात्मक रूपमा थोरै निबन्धकारहरूको उपस्थितिपछि उर्वर बनेको समसामयिक नेपाली निबन्ध गुणात्मकताका उचाइतर्फ अग्रसर हुँदै आइरहेको पाइन्छ । नेपाली निबन्धहरू विचारको गहनता र कलात्मकताका दृष्टिले पूर्ण रूपमा सफलता बन्न सकेका छैनन् । निरन्तरको लगनशीलताले निबन्धको गुणात्मक विकासमा सहयोग चाहिँ पुग्ने देखिन्छ । त्यसैले निबन्धलाई अझ बढी गुणात्मक र सफल बनाउन निबन्धकारको निरन्तर क्रियाशीलता आवश्यक रहेको देखिन्छ ।

# सन्दर्भसामग्रीसूची

**(क) सन्दर्भपुस्तकसूची**


अधिकारी, रविलाल, **मनोरमा**, पोखरा : लेकाली प्रकाशन, २०६० ।

अर्याल, डिल्लीराम, **विद्यार्थीहरूको कर्तव्य**, धादिङ : सरस्वती छापाखाना, २०६२ ।

अर्याल, भैरव, **साझा निबन्ध**, आ. सं., काठमाडौँ : साझा प्रकाशन, २०५९ ।

एटम, **गौरवशाली इतिहास र युद्धमोर्चाका अनुभूतिहरू**, काठमाडौँ : रक्तिम प्रकाशन, २०६४ ।

कँडेल, राजकृष्ण, **संवेदनाका स्वरहरू**, चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

कार्की, पुण्य, **एउटा हर्कुलसको खोजी**, बनेपा : जनमत प्रकाशन, २०६३ ।

कोइराला, बिन्दु, **उक्ली भन्ज्याङमा पुग्दा**, काठमाडौँ : नरेन्द्र कोइराला, २०६४ ।

गौतम, लक्ष्मणप्रसाद, **नेपाली साहित्यमा आधुनिक समालोचना**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस प्रा. लि., २०६६ ।

गौतम, रामचन्द्र, **मुटुको घाउ**, काठमाडौँ : इन्दु गौतम, २०५६ ।

चापागाईं, पोषणरमण, **पश्चिम अस्ट्रेलियाको यात्रा संस्मरण सेरोफेरो पर्थको**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५९ ।

चापागाई, राजेन्द्रप्रसाद, **आवरण**, पोखरा : लेखनाथ साहित्य प्रतिष्ठान, २०६३ ।

ढकाल, रजनी, **हत्केलामा असार उमारेर**, काठमाडौँ : समीर ढकाल, २०६४ ।

तेराख, **म आगो र पानीहरू**, स्वयम् : २०५९ ।

पुडासैनी, दामोदर, **यात्राका केमिल तरङ्ग**, काठमाडौँ : मोडर्न बुक्स, २०५९ ।

पौडेल, कविता, **हीरा**, काठमाडौँ : पसिना प्रकाशन, २०६३ ।

बराल, ईश्वर, (सम्पा.), **सयपत्री**, पा. सं., काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

__________, (सम्पा.), **नेपाली साहित्यकोश**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५५ ।

बज्राचार्य, दयानन्द, **वैज्ञानिक गोरेटामा** , चौ. सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६५ ।

बुढामगर, श्यामकुमार, **ती आँधीमय दिनहरू**, काठमाडौँ : भीमकुमारी बाँडा, २०६४ ।

भट्ट, पुष्करराज, **युगधारा**, काभ्रे : जनमत प्रकाशन, २०५९ ।

भट्टराई, घटराज, **नेपाली लेखककोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५४ ।

मगर, धनबहादुर, **मेरो हजुर बा**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, २०६० ।

मोमिला, **ईश्वरको अदालतमा आउट साइडरको बयान**, काठमाडौँ : माउन्ट डिजिटल पब्लिकेसन, २०६३ ।

लिम्बू, अम्बर नेम्बाङ, **सम्झनाका तरेलीहरू**, काठमाडौँ : मोडर्न बुक्स, २)०६४ ।

विभास, नवीन, **रात पनि ऐठन परेको रातमा**, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि., २०६० ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध भाग २**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

__________, **नेपाली निबन्ध परिचय**, चौ. सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०६३ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको ऐतिहासिक परिचय**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०६३ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, दो. सं., काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन, २०६३ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०५५ ।
शर्मा, शारदा, **अग्निस्पर्श**, काठमाडौं : एकता प्रकाशन, २०६३ ।
शाक्य, कर्ण, **सोच**,
शाक्य, माणिकरत्न, (सम्पा.), **हास्यव्यङ्ग्यकारको नालीबेली**, काठमाडौं : सिस्नोपानी नेपाल, २०५६ ।
सिजापति, रमेशजङ्ग, **ओझेलभित्रका कलासाधक**, काठमाडौं : श्रीरामजङ्ग सिजापति, २०५६ ।
सिटौला, लक्ष्मण, **घाइते बुद्ध**, काठमाडौं : नागार्जुन प्रकाशन, २०६३ ।
सिलवाल, प्रकाश, **पूर्णिमाको रात**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि., २०६१ ।
सुधा, प्रेम, **प्रतिबन्धित कलम,** अनेरास्ववियु, (क्रान्तिकारी), केन्द्रीय प्रकाशन विभाग, २०६० ।
सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

**(ख) पत्रपत्रिकाको सूची**

अधिकारी, रविलाल, 'नेपाली निबन्धको विकास', **गरिमा** (वर्ष ९, अङ्क ४, २०४७), पृ. ६२-७० ।
एटम, नेत्र, 'समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण', **मिमिरे**, (वर्ष ३६, अङ्क ११, २०६४ फागुन), पृ. ११३-१२६ ।
ओझा, रामनाथ, 'समकालीन नेपाली निबन्धका प्रवृत्तिहरू', **अवलोकन**, (वर्ष ३, अङ्क १, २०५९ वैशाख), पृ. ५६-६६ ।
गोर्खाली, रमेश, 'दीक्षितको निबन्धकारिता : उत्प्रेरक प्रकरण', **गरिमा**, (वर्ष ७, अङ्क ८, २०४६ साउन), पृ. १९-२३ ।
प्रधान, प्रमोद, 'नेपाली आत्मपरक तथा संस्मरणात्मक निबन्धको तीन चरण : सङ्क्षिप्त अवलोकन', **मिमिरे**, (वर्ष ३६, अङ्क ३, २०६४ असार), पृ. २५०-२६३ ।
प्रसाई, कृष्ण, 'यात्रा निबन्धमा अमूल्य कृति : पाताल प्रवास', **गरिमा**, (वर्ष ३, अङ्क ११, २०४३ कात्तिक), पृ. ४१-४६ ।
पाण्डेय, ताराकान्त, 'समकालीन प्रगतिवादी निबन्धलेखन र त्यसका प्रवृत्तिहरू', **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. २१९-२३५ ।
भट्टराई, देवेन्द्र, 'पुष्कर शमशेर : चिन्तनमनन एउटा मूर्तिवत् व्यक्ति', **समकालीन साहित्य**, (वर्ष १२, अङ्क ३, २०५९ वैशाख-असार), पृ. ९-१२ ।
भट्टराई, रमेश, 'समसामयिक नेपाली निबन्ध : परम्परा र प्रवृत्तिको सङ्क्षिप्त रेखाङ्कन' **मधुपर्क**, (वर्ष ३१, अङ्क ४, २०५५ भदौ), पृ. १८८-१३५ ।
__________, 'वर्तमान प्रगतिशील निबन्ध-लेखन र तिनका प्रवृत्तिहरू', **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, २०५९ फागुन), पृ. २०४-२१८ ।
सुवेदी, राजेन्द्र, 'नेपाली निबन्ध : सङ्क्षिप्त अध्ययन', **गरिमा**, (वर्ष २, अङ्क १, २०४० पुष), पृ. २६-४९ ।
__________, 'नेपाली निबन्धको समसामयिक स्वरूप', **मिमिरे**, (वर्ष ३६, अङ्क ३, २०६४ असार), पृ. २६४-२६८ ।

**(ग) शोधपत्रसूची**


तिम्सिना, कृष्णप्रसाद, **नेपाली साहित्यमा झापा जिल्लाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०५५) ।

दाहाल, योगेन्द्र, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०६५) ।

पुरी, मुकुन्द, **लीला उदासीको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०५५) ।

लुइटेल, प्रेमराज, **नेपाली हास्यव्यङ्ग्यमा स्याङ्जा जिल्लाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०६३) ।

शर्मा, दिवाकर, **नारायण शर्माको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि., नेपाली केन्द्रीय विभाग, २०५३) ।

सुवेदी, राजेन्द्र र सुधा त्रिपाठी, 'नेपाली लोक साहित्य, पूर्व आधुनिक साहित्य तथा आधुनिक निबन्ध', (मूल नेपाली स्नातक तह प्रथम वर्षका लागि अभिमुखीकरण गोष्ठीमा प्रस्तुत अप्रकाशित कार्यपत्र, २०६६) ।